# परिच्छेद एक

## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **घनश्याम कँडेलको समालोचनाप्रवृत्तिहरूको अध्ययन** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्रसङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागमा स्नातकोत्तर तहको दसौँपत्रको परिपूर्तिको प्रयोजनका लागि सम्पन्न गरिएको छ ।

### १.३ विषय-परिचय

घनश्याम कँडेल (२००२) पिता पुष्पराज उपाध्याय कँडेल र माता नन्दकुमारी उपाध्याय कँडेलका जेष्ठ सुपुत्रका रूपमा सन् १९४५ जुन ५ तारिकका दिन बाग्मती अञ्चलअन्तर्गत धादिङ जिल्लाको रिचोक्टार (मलेखु) मा जन्मिएका हुन् । यिनको पारिवारिक पृष्ठभूमि मध्यम खालको देखिन्छ । नेपाली र अङ्ग्रेजी विषयमा स्नातकोत्तर तह उपाधि हासिल गरेका कँडेल नेपाली केन्द्रीय विभाग, त्रि.वि.मा प्राध्यापन पेशामा संलग्न रही हाल अवकाश प्राप्त जीवन बिताइरहेका छन् । नेपाली साहित्य र समालोचनामा कलम चलाउने कँडेल स्रस्टा साहित्यकार एवम् समालोचक हुन् ।

वि.सं. २०२० को दशकबाट समालोचना क्षेत्रमा क्रियाशील कँडेलका हालसम्ममा तीनवटा पुस्तकाकार समालोचनाकृति र तीन दर्जन जति (३५ वटा फुटकर समालोचनाहरू प्रकाशित भइसकेका छन् । कँडेलका तीनवटा पुस्तकाकारकृतिहरूमध्ये 'केही अन्वेषणः केही विश्लेषण' (२०४०) र 'पाश्चात्य यथार्थवादी नाटक' (२०४६) उनका मौलिक कृति हुन् भने 'नेपाली समालोचना' (२०५५) उनको सम्पादित कृति हो । यसैगरी उनले २०४० सालदेखि 'रश्मि' (त्रैमासिक समालोचना प्रधान पत्रिका) को सम्पादन एवम् प्रकाशन गर्दै आएका छन् । उनका 'देवयानी' (२०३९), 'उज्यालोतिर' (२०५५), 'वनको क्रन्दन' (२०५८)

र ‘आँसुका अक्षर’ (२०५९) गरी चारवटा खण्डकाव्य र एउटा कविता सङ्ग्रह ‘जीवनका सन्दर्भहरू’ (२०५५) प्रकाशित भएका छन् । यसैगरी कँडेल भूमिकालेखनमा समेत सक्रिय बनेका छन् ।

साहित्यका विभिन्न विधामा कलम चलाए पनि उनी मूलतः समालोचक हुन् । उनले सैदान्तिक र व्यावहारिक दुवै किसिमका समालोचना लेखेका छन् ।

प्रस्तुत शोधमा घनश्याम कँडेलका लेखनको यही मुख्य पाटो समालोचना सामर्थ्यलाई अध्ययनको विषय बनाई उनका समालोचनाकृतिहरूको विश्लेषण गर्दै उनका प्रवृत्ति र योगदानको निरूपण गर्न खोजिएको छ ।

## १.४ समस्याकथन

प्रस्तुत शोधकार्यका समस्याहरू निम्नानुसार रहेका छन्:

१. नेपाली समालोचना क्षेत्रमा कँडेलको आगमन र यात्रारम्भ कहिले र कसरी भयो ?

२. कँडेलका समालोचना कृति के-कति र के-कस्ता छन् ?

३. कँडेलका समालोचनात्मक प्रवृत्ति र वैशिष्ट्य के-कस्ता छन् ?

४. नेपाली समालोचनामा कँडेलको योगदान के-कस्तो छ ?

## १.५ शोधकार्यका उद्देश्यहरू

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन्:

१. नेपाली समाजोचनामा कँडेलको आगमन र यात्रा आरम्भको अध्ययन गर्नु,

२. कँडेलका समालोचनाकृतिको अध्ययन गर्नु,

३. कँडेलका समालोचनात्मक प्रवृत्ति र वैशिष्ट्य नियाल्नु र

४. नेपाली समालोचनामा कँडेलको योगदानको निक्र्यौल गर्नु ।

## १.६ पूवकार्यको समीक्षा

कवि, समालोचक, सम्पादक एवम् प्रकाशक घनश्याम कँडेल नेपाली भाषा-साहित्यका एक सक्रिय प्रतिभा हुन् । उनको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन भएको

भएता पनि उनका समालोचनाकृतिहरूका बारेमा र उनको समालोचक व्यक्तित्वको बारेमा सूक्ष्म अध्ययन हुन सकेको छैन । केही विद्वानहरूले कँडेल र उनका कृतिको सतही एवम् स्थूलरूपमा मात्र अध्ययन गरेको देखिन्छ ।

प्रस्तुत शोधकार्यको तयारीका क्रममा पूर्व अध्येताहरूले कँडेल र उनका कृतिका बारेमा अध्ययन गरेका सामग्रीहरू जे-जति मात्रामा प्राप्त भएका छन् तिनीहरूलाई यहाँ कालक्रमका आधारमा प्रस्तुत गरिएको छ ।

माधवप्रसाद घिमिरे (२०३९) ले **पच्चीस वर्षका खण्डकाव्य** पुस्तकको सम्पादकीय लेखमा भनेका छन् - "घनश्याम कँडेलका रचनामा कवितात्मकता प्रचुर मात्रामा पाइन्छ । उनी कविताभित्र मानवतावादी विचार सुस्पष्ट शैलीमा बोल्दछन् । उनी नवीन विचारका निम्ति प्राचीन आख्यानलाई आधार बनाउँछन् ।" यस पूवकार्यबाट कँडेलको समालोचना प्रवृत्तिबारे न्यून सङ्केत त पाइन्छ तर प्रस्तुत शोधको मुख्य समस्याको समाधान पाइँदैन ।

दयाराम श्रेष्ठ (२०४०) ले **केही अन्वेषणः केही विश्लेषण** पुस्तकको भूमिका खण्डमा भनेका छन् – "कँडेलज्यूको समालोचना प्रणाली शोधपरक भएको हुनाले त्यसमा इतिहास तथा विषयगत विश्लेषणको प्रयोग भएको पाइन्छ ।" श्रेष्ठले पुस्तकको भूमिकामा यसो भन्नु स्वाभाविकै लाग्छ तर यो भूमिका मात्र भएकोले यसमा प्रस्तुत शोधको सुक्ष्म अध्ययन भएको छैन ।

मोहनराज शर्मा (२०४०) ले **केही अन्वेषणः केही विश्लेषण** पुस्तकको भूमिका खण्डमा यस्तो धारणा राखेका छन् – "श्री कँडेलज्यूको तीव्र समालोचकीय दृष्टि र तार्किक पद्धतिमा साहित्यलाई हेर्ने नयाँ त्वरा छ । त्यस त्वराले साहित्यको अध्ययनमा नयाँ ढोका उघार्न सघाउने छ भन्ने कुरामा म विश्वस्त छु ।" कृतिको भूमिका खण्डमा आएको शर्माको उक्त भनाइ सान्दर्भिक देखिन्छ । यस्ता पूर्वकार्यले प्रस्तुत शोधकार्यमा केही सघाउ पुऱ्याएको छ ।

वासुदेव त्रिपाठी (२०४०)ले **केही अन्वेषणः केही विश्लेषण** कृतिमा मन्तव्य दिँदै भनेका छन्- "२०२८ सालदेखि नै श्री घनश्याम उपाध्यायका कृतिहरू विभिन्न पत्रिकामा प्रकाशित हुँदै आएका हुन् र धौलागिरी अञ्चलका 'झिल्का', 'मुनो', 'निर्झर' तथा

काठमाडौंबाट प्रकाशित हुने 'रूपरेखा' पत्रिकाका माध्यमबाट २०२८-३० सालका अवधिमा नै उदीयमान समालोचकका रूपमा उहाँको आगमन मैले अनुभव गरेका छु ।" यस पूर्वकार्यले प्रस्तुत शोधकार्यका केही समस्याहरूलाई सुल्झाउन सघाउ पुऱ्याएको छ ।

केशव उापध्याय (२०४६)ले **पाश्चात्य यथार्थवादी नाटक** पुस्तकको भूमिकामा कँडेलको शारीरिक एवम् मानसिक र सृजनात्मक एवम् समिक्षात्मक चेतका सन्दर्भमा यसो भनेका छन्– "अस्वस्थ शरीर तर स्वस्थ र सुन्दर मनका धनी घनश्याम कविता र समालोचनाका दुवै फाँटमा सृजन र समीक्षणको सहज प्रतिभा भएका युवा हस्ताक्षरका रूपमा देखिएका छन् ।" उपाध्यायले कँडेलको पुस्तकको भूमिकालेखनका क्रममा उनी र उनका रचनाप्रति यसो भन्नु स्वाभाविकै देखिन्छ । यसले प्रस्तुत शोधको समस्यालाई न्यून मात्रामा सघाएको छ ।

मोहनराज शर्मा र दयाराम श्रेष्ठ (२०४९)ले **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** नामक पुस्तकमा कँडेलमा तार्किक परिपुष्टिका साथ विषयको प्रतिपादन गर्ने प्रवत्ति पाइन्छ भन्दै उनको समालोचकीय सामर्थ्यप्रति सङकेत गरेका छन् । यस पूर्वकार्यले प्रस्तुत शोधकार्यमा सामान्य रूपमा सघाउ पुऱ्याएको छ ।

वासुदेव त्रिपाठी र अन्य (२०५३)ले **नेपाली कविता भाग-४** पुस्तकमा नेपाली कविताको विकासक्रमको चर्चा गर्दा नेपाली कविताको समसामयिक धाराका समयावधिका परिवेशमा पूर्ववर्ती परिष्कारवादी तथा स्वच्छन्दतावादी-प्रगतिवादी धाराका प्रवृत्तिप्रति विशेष उन्मुख रहेका उल्लेख्य कविका रूपमा कँडेलको नाम उल्लेख गरेका छन् । यस पूर्वकार्यले कवि कँडेललाई चिनाएको भए पनि समालोचक कँडेललाई भने चिनाउन सकेको छैन ।

रामहरि शर्मा लम्साल (२०५३)ले **धादिङ जिल्लाका साहित्यकारहरूको परिचय र मूल्याङ्कन** शीर्षकको अप्रकाशित शोधपत्रमा भनेका छन्– "साहित्यकार कँडेलका व्यक्तित्वका तीनवटा पाटा देखिएका छन् । उनको व्यक्तित्वको पहिलो पाटो कवि व्यक्तित्व हो भने दोस्रो चाहिँ समालोचकीय व्यक्तित्व हो । उनको तेस्रो तथा महत्वपूर्ण व्यक्तित्वको पाटोमा सम्पादकीय व्यक्तित्वलाई लिन सकिन्छ ।" यस पूर्वकार्यले कँडेलको व्यक्तित्वको पाटोलाई बुझ्न सघाएको छ तर यही नै आधिकारिक हो भन्न उत्तिकै गाऱ्हो छ ।

ठाकुरप्रसाद पराजुली (२०५५)ले **उज्यालोतिर** गीति काव्यको भूमिकाखण्डमा 'घनश्याम कँडेल आफ्ना काव्यकृतिमा' शीर्षकको लेखमा भनेका छन्ः– "कँडेलज्यूका सुचिन्तित एवम् संयमित समालोचनाले आफ्नो मनस्तर कायम राखिसकेका छन् । अझै मलाई त उहाँको मूल थलो कविता हो भन्न मन लाग्छ ।" यो पूर्वकार्य काव्यको भूमिका खण्डमा भएकाले पराजुलीले यसो भन्नु स्वाभाविकै देखिन्छ । यस पूर्वकार्यले प्रस्तुत शोधकार्यलाई सामान्य सघाउ पुऱ्याएको छ ।

शैलेन्दुप्रकाश नेपाल (२०५६ वर्ष ४, अङ्क १)ले **सगर** पत्रिकाको 'उज्यालोतिरमा एक दृष्टि' नामक लेखमा कँडेललाई यसरी निचाएका छन्ः– "नेपाली वाङ्मयमा एक प्रसिद्ध समीक्षक, एक सशक्त कवि तथा एक कुशल सम्पादकका रूपमा परिचित प्राध्यापक कँडेल (२००२) लेखन र प्राध्यापनलाई मुख्य अभीष्ट बनाएर समग्रमा नेपाली भाषा-साहित्यकै उपासनामा समर्पित उल्लेख्य स्रष्टा व्यक्तित्व हुन् ।" नेपालले कँडेलप्रति गरेको टिप्पणीले प्रस्तुत शोधकार्यमा मार्ग निर्देश गरेको छ ।

विनोद मञ्जन (२०६०)ले <u>खोज अनुसन्धानपरक नेपाली समालोचना</u> पुस्तकमा कँडेलका बारेमा भनेका छन्ः– "सैद्धान्तिक र व्यावहारिक समालोचना लेख्ने कँडेल पूर्वीय र पाश्चात्य साहित्यसिद्धान्तका ज्ञाता हुन् ।" यस पूर्वकार्यले प्रस्तुत शोधकार्यको समस्या कथनमा उठाइएको समस्या समाधानार्थ सघाउ पुऱ्याएको छ ।

राजेन्द्र सुवेदी (२०६१)ले **नेपाली समालोचना : परम्परा र प्रवृत्ति** नामक पुस्तकमा कँडेलको समालोचना लेखनका सन्दर्भमा भनेका छनः– "पछिल्लो चरणका समालोचक कँडेल नेपाली समालोचनाका व्यावहारिक व्यक्तित्व हुन् । भाषिक स्पष्टता र सटीकताका दृष्टिले थोरै समीक्षा लेखेर पनि सफल बनेका कँडेल नेपाली समलोचनाको क्षेत्रमा यथार्थवादी नाट्यसमालोचना सिद्धान्तका प्रणेताका रूपमा परिचित व्यक्तित्व हुन् ।" यस पूवकार्यले समालोचक कँडेल र उनका समालोचनात्मक कृतिहरूका बारेमा धेरै मात्रामा स्पष्ट पारे पनि कँडेलको समालोचना यात्रा उनका फुटकर समालोचनात्मक लेख एवम् समालोचनाकृतिहरूको सुक्ष्म अध्ययन, विश्लेषण साथै मूल्याङ्कन गर्न सकेको छैन । यस शोधकार्यले उपर्युक्त कार्यहरू वस्तुगत एवम् तथ्यात्मक रूपमा पूरा गरेको छ ।

उपर्युक्त पूर्वकार्यहरूमा समालोचक घनश्याम कँडेल र उनका समालोचनात्मक कृतिहरूका बारेमा सम्यक् र सूक्ष्म अध्ययन हुन सकेको छैन । प्रकाशकीय, भूमिका, मन्तव्य आदिका रूपमा चर्चाहरू भएका छन् । राजेन्द्र सुवेदीले कँडेल र उनका कृतिहरूका बारेमा गरेको सङक्षिप्त चर्चा भने केही उल्लखनीय देखिन्छ । यति भएर पनि कँडेलको समालोचनाकारितामै केन्द्रीत रहेर सूक्ष्म अध्ययन भएको पाइन्न । यसै पृष्ठभूमिमा प्रस्तुत शोधकार्यमा घनश्याम कँडेलको समालोचना यात्रा, उनका फुटकर एवम् पुस्तकाकार समालोचनाकृतिहरूको वस्तुगत अध्ययन विश्लेषण गरी उनको समालोचनात्मक प्रवृति र योगदानको निरूपण गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

नेपाली भाषा-साहित्यमा स्थापित सर्जक घनश्याम कँडेलको नेपाली ऐतिहासिक शोधखोज र विधागत समालोचनामा पृथक पहिचान छ । मूलतः समालोचना र कवितालेखन एवम् सम्पादन- प्रकाशन कार्यमा आफ्नो योगदानलाई जीवन्त तुल्याउने कँडेलका बारेमा पूर्व-अध्येताहरूले दिएका सूचना र सङकेतहरू पर्याप्त देखिँदैनन् । साथै उनका समालोचनाकृतिहरूका बारेमा पनि यथोचित व्याख्या - विश्लेषण भएको पाइँदैन । अतः यस शोधकार्य स्वतः औचित्यपूर्ण देखिन्छ । यसरी नै कँडेल र उनका कृतिका बारेमा थप अध्ययन गर्न चाहने इच्छुक पाठकहरूलाई मार्ग निर्देश गर्नमा यो शोधकार्य विशिष्ट सामग्री बनेको छ । प्रस्तुत शोधकार्यबाट घनश्याम कँडेललाई नेपाली साहित्य - समालोचनामा चिनाउँदै उनको समालोचनात्मक योगदानको मूल्याङ्कन समेत गरिएकाले यस शोधकार्यको औचित्य स्वतः स्थापित भएको छ ।

## १.८ अध्ययनको सीमाङ्कन

घनश्याम कँडेल नेपाली साहित्यका बहुआमिक व्यक्तित्व हुन् । यहाँ उनको साहित्य सिर्जनाको सामान्य चर्चा मात्र गरिएको छ र मुख्य अध्ययनको विषय उनको समालोचना प्रवृत्तिहरूको अध्ययनलाई बनाइएको छ । अतः समालोचनाका कसीमा ढालेर समालोचक कँडेलका सामलोचनाका प्रवृत्तिहरू केलाउँदै मूलभूत रूपमा नेपाली समालोचना साहित्यमा कँडेलको योगदानको निरूपण गर्नु नै यस शोधकार्यको क्षेत्र रहेको छ । यसका लागि त्रि.वि.ले तोकेको शोधकार्यको सीमित समयलाई ध्यानमा राखी कँडेलका वि.सं. २०२८ देखि

वि.सं. २०६५ (हाल) सम्म प्रकाशित समालोचनाहरूको मात्र अध्ययनमा यस शोधकार्यलाई सीमाङ्कन गरिएको छ ।

## १.९ शोधविधि

### १.९.१ सामग्री सङ्कलन विधि

घनश्याम कँडेलका प्रकाशित समालोचनात्मक कृतिहरूलाई मुख्य विश्लेष्य प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ । उनका बारेमा भएका शोधकार्य, उनका समालोचनाका बारेमा भएका टिप्पणीहरू पुस्तकालयीय स्रोतको उपयोग गरी द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । यस शोधकार्यका लागि पुस्तकालयीय विधिलाई सामग्री सङकलनको मूल आधार बनाइएको छ ।

### १.९.२ सामग्री विश्लेषण विधि

प्रस्तुत शोधकार्यमा सामग्रीको अर्थापन वर्णनात्मक एवम् विश्लेषणात्मक विधिद्वारा गरिएको छ । साथै समालोनाको सामान्य विधाशास्त्रीय मान्यतालाई निरूपण गरी सामग्रीको विश्लेषण एवम् मूल्याङ्कन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नाका लागि यस अध्ययनलाई निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिएको छ ।

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : घनश्याम कँडेल र उनको साहित्यसिर्जना

परिच्छेद तीन : समालोचनाको विधागत प्रकृति

परिच्छेद चार : नेपाली समालोचना परम्परामा कँडेलको आगमन र उनको समालोचना-यात्रा

परिच्छेद पाँच : घनश्याम कँडेलका समालोचनाकृतिहरूको विश्लेषण

परिच्छेद छ : उपसंहार : सारांश तथा निष्कर्ष

# परिच्छेद दुई

## घनश्याम कँडेल र उनको साहित्य-सिर्जना

### २.१ कँडेलको जीवनीका प्रमुखपक्षहरू

कुनै पनि साहित्यकारको सिर्जनामा उसको जीवनीका प्रमुखपक्षहरूले प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रभाव पारेका हुन्छन् । घनश्याम कँडेलका सिर्जना एवम् समालोचनामा पनि उनका जीवनीका प्रमुख पक्षहरू (पारिवारिक पृष्ठभूमि, शिक्षादीक्षा आदि) ले प्रभाव पारेको देखिन्छ । यिनका जीवनीका यिनै प्रमुख पक्षहरूलाई तलका उपशीर्षकहरूमा चर्चा गरिएको छ ।

### २.१.१ जन्म र पारिवारिक पृष्ठभूमि

घनश्याम कँडेलको जन्म सन् १९४५ जून ५ तारिकमा भएको हो । उनको जन्मस्थान वाग्मती अञ्चलअन्तर्गत धादिङ जिल्ला, बेनीघाट गा.वि.स. वडा नं. १ रिचोक्टार (मलेखु) हो । पुर्ख्यौली थलो भने भारतको उत्तराञ्चल भएको तथ्य कँडेलको मौखिक जानकारीबाट प्राप्त भएको छ । यिनी पिता पुष्पराज र माता नन्दकुमारीका जेठा सन्तान हुन् । यिनका दुई भाइ र दुई बहिनी भएको जानकारी प्राप्त भएको छ । कँडेलको न्वारानको नाम 'डोलेश्वर' र बाल्यकालमा बोलाउने नाम बाबुराम थियो भन्ने जानकारी शोधनायकबाट प्राप्त भएको छ । पछि यिनी घनश्याम नामबाट प्रसिद्ध बन्न पुगेका देखिन्छन् ।

### २.१.२ शिक्षा र अध्ययन

घनश्याम कँडेलका पिता आध्यात्मिक क्षेत्रमा नामी भएकाले पिताले नै यिनलाई अक्षरारम्भ गराएको देखिन्छ (न्यौपाने, २०६०:१०) । पछि यिनले चण्डी, रुद्री, अमरकोश, लघुसिद्धान्त कौमुदी आदिको अध्ययन पिताजीबाटै गरेको देखिन्छ । २०१४ सालमा कँडेलका पिता पुष्पराजले उनलाई रानीपोखरी संस्कृत पाठशालामा भर्ना गराएका थिए । तर साथीको लहलहे र आफ्नो चञ्चलताले गर्दा उनी बनारसको रुया पाठशालामा अध्ययन गर्न पुगेका थिए । यहीँबाट कँडेलको औपचारिक शिक्षाको प्रारम्भ भएको देखिन्छ । कँडेलले संस्कृत विषयका साथै अङ्ग्रेजी, गणित जस्ता आधुनिक विषयहरूको औपचारिक अध्ययन समेत गर्न

थालेको देखिन्छ । यिनले २०१८ सालमा इलाहावाद बोर्डबाट एस.एल.सी. परीक्षा उत्तीर्ण गरेको पाइन्छ भने २०२० सालतिर यसै बोर्डबाट आइ.ए. उत्तीर्ण गरेको देखिन्छ (पृ.१३) । यसै गरी घनश्याम कँडेलले २०२२ सालमा वाराणसेय हिन्दू विश्वविद्यालयबाट बी.ए. उत्तीर्ण गरेको देखिन्छ भने यसै समयमा सम्पूर्णानन्द विश्वविद्यालयमा शास्त्री अध्ययन गर्दै गरेको पाइन्छ । यसरी कँडेलले संस्कृत एवम् अङ्ग्रेजी, गणितजस्ता विषयहरूमा औपचारिक शिक्षा लिएको र सफलता समेत हासिल गर्दै आएको देखिन्छ । २०२६ सालमा त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी विषयमा एम.ए. उत्तीर्ण गरेका कँडेलले २०३० सालमा बी.एल. समेत उत्तीर्ण गरेका देखिन्छन् । यसैगरी उनले २०३१ सालमा प्राइवेट रूपमै नेपाली विषयमा एम.ए. प्रथम श्रेणीको प्रथम स्थान प्राप्त गरेको देखिन्छ । यसरी कँडेलको औपचारिक शिक्षा विभिन्न विषय र क्षेत्रमा बाँडिएको देखिन्छ ।

घनश्याम कँडेलको औपचारिक शिक्षा भारतको बनारसमा प्रारम्भ भएको भए पनि त्यसको पूर्ण प्राप्ति नेपालमा भएको हो । कँडेलले पूर्वीय र पाश्चात्य दुवै खालको सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान लिएको देखिन्छ । कँडेलको औपचारिक एवम् अनौपचारिक शिक्षा अध्ययनको प्रभाव उनका सिर्जना एवम् समालोचनामा पनि परेको देखिन्छ ।

### २.१.३ दाम्पत्य जीवन

धादिङ जिल्लाको जीवनपुर गाउँका मोहनराज र चित्रकुमारी पाण्डेका पाँचवटी छोरीहरूमध्ये कान्छीछोरी सुभद्रासँग घनश्याम कँडेलको २९ वर्षको उमेरमा शुभविवाह भएको देखिन्छ (२०६०: १४) । कँडेल, दम्पत्तीका तीन छोराहरू छन् । दुई छोराहरू नेपालमै भए पनि एक छोरा चाहिँ अमेरिकामा रहेको जानकारी कँडेलबाट प्राप्त भएको छ । कँडेल दम्पत्तीका छोरीहरू भएको उल्लेख कतै पाइन्न तथापि उनीहरूको दाम्पत्य जीवनमा कुनै खलल न आएको तथ्य शोधनायकबाट प्राप्त भएको छ । अतः वि.सं. २०३१ सालदेखि आजसम्मको कँडेलको दाम्पत्य जीवन सुखमय देखिएको छ ।

### २.१.४ आजीविका

पुख्यौँली सम्पत्ती मनग्ये भए पनि धेरै सदस्यहरूको परिवार भएकाले आफ्ना पिताजीले पैतृक सम्पत्ती नलिएको भन्ने शोधनायकको मौखिक जानकारीबाट प्राप्त भएको

छ । मध्यमवर्गका कँडेलले नेपाली र अङ्ग्रेजी विषयमा एम.ए. गरेका छन् । यस्तै उनका कविता-काव्य, समालोचना र अन्य विधाका लेख रचनाहरू प्रशस्त प्रकाशित भएका देखिन्छन् । यिनी एक सफल प्राध्यापक, कवि र सक्रिय समालोचक हुन् । उनका परिवारका अन्य सदस्यहरू पनि प्राध्यापन र लेखन कार्यमा क्रियाशील बनेका देखिन्छन् । घनश्याम कँडेदको आजीविका यिनै कार्यहरूमा चलेको देखिन्छ ।

## २.२ कँडेलको साहित्य सिर्जना

विद्यार्थी कालदेखि नै घनश्याम कँडेलले साहित्यिक रचनाहरू लेख्ने काम गरेको बुझिन्छ । कँडेल स्वयममा भएको प्रतिभालाई पारिवारिक वातावरण, पाठशालाका विभिन्न गुरुहरूको प्रभाव साथै विद्यार्थीहरूको हौसला जस्ता पक्षहरूले प्रस्फुटित एवम् समृद्ध बनाएको देखिन्छ ।

भारतको बनारसका रुया पाठशाला र मारवाडी संस्कृत पाठशालाका प्रधान अध्यापक त्रिनाथ शास्त्री र नेपालका नेपाली साहित्यका चिन्तकहरू भीमसेन थापा, बासुदेव त्रिपाठी, केशबप्रसाद उपाध्याय, माधव घिमिरे आदिबाट विशेष प्रभाव र प्रेरणा ग्रहण गरेको तथ्य शोधनायकसँगको मौखिक जानकारीबाट प्राप्त भएको छ । उनले दिएको जानकारी अनुसार उनको प्रथम प्रकाशित रचना 'साहित्यमा उपयोगिताबाद' हो । कँडेलको यो लेख बनारसबाट प्रकाशित हुने 'नौलो नेपाली' पत्रिकामा वि.सं. २०१८ सालमा प्रकाशित भएको देखिन्छ (२०६०: १६) । तर कँडेलको उक्त प्रथम प्रकाशित भनिएको रचना हाल उपलब्ध भएको छैन । यसैगरी उनका २०२६ सालपूर्वका प्रकाशित भनिएका कुनै पनि रचनाहरू प्राप्त भएका छैनन् । २०२६ साल फागुनको 'हाम्रो संस्कृति : शुभ विवाह विशेषाङ्क' मा प्रकाशित 'विवाहः दुई अन्तर्दृष्टि' शीर्षकको लेखलाई नै घनश्याम कँडेलको प्रथम प्राप्त रचना मानिएको देखिन्छ । २०२६ सालपछिका वर्षहरूमा कँडेलका लेख, रचना र समालोचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् । यसैगरी उनका २०३९ सालदेखि कविता काव्य (खण्डकाव्य) र समालोचना कृतिहरू पुस्तकाकार रूपमा प्रकाशित हुँदै आएका छन् । वि.सं. २०३२ सालदेखि हालसम्ममा कँडेलका आठवटा साहित्यिक एवम् समालोनात्मक पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । कँडेलका यस्ता प्रकाशित

साहित्यक एवम् समालोचनात्मक कृतिहरूको नाम कालक्रमिक आधारमा तल प्रस्तुत गरिएको छ :

१. देवयानी (खण्डकाव्य, २०३९)
२. केही अन्वेषण : केही विश्लेषण (२०४०)
३. पाश्चात्य यथार्थवादी नाटक (२०४६)
४. जीवनका सन्दर्भहरू (कविता सङ्ग्रह, २०५१)
५. उज्यालोतिर (गीतिकाव्य, २०५५)
६. नेपाली समालोचना (२०५५)
७. वनको क्रन्दन -लघुकाव्य, २०५८)
८. आँसुका अक्षर (शोककाव्य, २०६०)

कँडेलका उपर्युक्त आठवटा कृतिहरूमध्ये 'केही अन्वेषण : केही विश्लेषण' (२०४०), 'पाश्चात्य यथार्थवादी नाटक' (२०४६) र 'नेपाली समालोचना' (२०५५) यी तीनवटा कृतिहरू उनका समालोचना कृतिहरू हुन् भने बाँकी पाँचवटा कृतिहरू कँडेलका साहित्यिक कृतिहरू हुन् । उनका यी साहित्यिक कृतिहरू कविता विधासँग सम्बन्धित छन् ।

### २.२.१ विधागत दृष्टिले कँडेलको साहित्यसिर्जना

घनश्याम कँडेलले वि.सं. २०१८ सालदेखि साहित्यिक रचनाहरू प्रकाशन गर्दै आएका हुन् भने पनि २०२६ साल पूर्वका उनका कुनै पनि लेख, रचना प्राप्त नभएकाले २०२६ सालमा प्रकाशित 'विवाह : दुई अन्तर्दृष्टि' शीर्षकको लेखलाई नै कँडेलको पहिलो प्राप्त रचना हो भन्ने कुरा अगाडि (२.२ मा) भनिसकिएको छ । २०२७ सालमा उनका कुनै पनि लेख, रचनाहरू प्रकाशित भएका देखिदैनन् । २०२८ साल माघ महिनाको 'झिल्का' (साहित्य सङ्गालो) (वर्ष १, अङ्क १) मा कँडेलको 'देवकोटामा रोमान्टिकता र उनको लक्ष्मी निबन्ध सङ्ग्रह' शीर्षकको समालोचनालेख प्रकाशित भएको देखिन्छ । यही लेखलाई कँडेलको प्रथम प्राप्त समालोचना मानिएको छ । कँडेलको यो लेख उनको पहिलो समालोचना भए पनि यसमा प्रशस्त समालोचनात्मक विशेषताहरू पाइन्छन् यस लेखले उनको समालोचना पथ उर्वर उज्ज्वल हुने सङ्केत गरेको देखिन्छ । फलतः उनका तीन दर्जन भन्दा बढी फुटकर समालोचनाहरू प्रकाशित भएका देखिन्छन् भने तीनवटा

समालोचनाकृति समेत प्रकाशित भएका छन् । यसैगरी कँडेलको कवितासिर्जना पनि उर्वर देखिएको छ । उनले साहित्यका अन्य विधा- उपविधाहरूमा समेत कलम चलाएको देखिन्छ ।

विधागत दृष्टिले कँडेलले कविता लेखन र प्रकाशन वि.सं. २०२१ देखि (उपाध्याय, २०६०:ञ) र समालोचना लेखन र प्रकाशन वि.सं. २०२८ देखि (त्रिपाठी, २०४०:?) प्रारम्भ गरेका हुन् भनेको पाइन्छ । यस्तै उनले २०२० को दशकबाट निबन्ध र २०३० को दशकबाट कथा लेखन र प्रकाशन प्रारम्भ गरेको देखिन्छ । यस्तै उनी २०४० को दशकमा सम्पादन एवम् प्रकाशन तर्फ सक्रिय बनेका छन् । यसैगरी कँडेल भूमिका लेखनमा समेत क्रियाशील बन्दै आएको पाइन्छ । यस्ता विभिन्न विधा उपविधामा सक्रिय बनेका कँडेलले अन्तर्वार्ता लिने र दिने दुवै काम गरेको देखिन्छ । 'रूपमती' उपन्यासको कमजोर पक्षको अन्तर्वार्ता दिंदा कँडेल (२०५५:१२०) ले भनेका छन् : "'रूपमती' उपन्यासको दोषपक्ष पात्रहरूको चयन र संयोजनमा भएको पाइन्छ ।" यसरी अन्तर्वार्ता दिने र सम्पादन तथा भूमिका लेखन जस्ता कार्यहरूले उनको समालोचना सिर्जनामा समेत सघाउ पुऱ्याएको देखिन्छ । यसैगरी कँडेलले संस्मरणहरू समेत लेखन र प्रकाशन गरेका छन् । उनले केही आत्मसंस्मरणहरू लेखेका छन् भने केही अन्य व्यक्तित्वका संस्मरणहरू लेखेका छन् । उनले लेखेको 'घनश्याम राजकर्णिकारको संस्मरणहरू' २०६२ सालको गरिमामा प्रकाशित भएको देखिन्छ । यसमा कँडेलले राजकर्णिकारका संस्मरणात्मक लेखहरूको समेत स्मरण गरेका छन् । घनश्याम कँडेलको साहित्य सिर्जनाहरूको परिचय विधागत दृष्टिले तल प्रस्तुत गरिएको छ ।

### २.२.१.१ समालोचना सिर्जना

भारतको बनारसबाट प्रकाशित हुने 'नौलो नेपाली' पत्रिकामा २०१८ सालमा 'साहित्यमा उपयोगिताबाद' शीर्षकको समालोचनालेख प्रकाशित गरेर समालोचना क्षेत्रमा प्रवेश गरेका घनश्याम कँडेलले लेखेका झण्डै तीनदर्जन जति फुटकर समालोचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् । उनका यस्ता फुटकर समालोचनाहरू वि.सं. २०२८ साल यताका मात्र प्राप्त भएका छन् । यसैगरी यिनका समालोचनाकृतिहरू वि.सं. २०४० यता प्रकाशित भएका छन् । कँडेलका यस्ता समालोचना कृतिहरू जम्मा ३ वटा प्रकाशित भएका देखिन्छन् । ती तीन कृतिहरूमध्ये-

क)	केही अन्वेषणः केही विश्लेषण (२०४०) र

ख)	पाश्चात्य यथार्थवादी नाटक (२०४६) कँडेलका मौलिक कृति हुन् भने

ग)	नेपाली समालोचना (२०५५) कृति उनको सम्पादित कृति हो । समालोचक घनश्याम कँडेलका यी फुटकर समालोचना र कृतिगत समालोचनाहरूको अध्ययन गर्दा यी समालोचनाहरू सैद्धान्तिक र व्यावहारिक दुवै किसिमका देखिएका छन् । यिनका सुरूसुरूका समालोचनाहरू बढी प्रभावपरक देखिएका भए पनि पछि-पछिका समालोचनाहरू बढी बस्तुपरक, निर्णयात्मक बन्दै गएका छन् । कँडेलका समालोचनालेखहरू र समालोचनाकृतिहरूको अध्ययनले उक्त कुराको पुष्टि गरेको छ ।

समालोचक घनश्याम कँडेलका प्राप्त झण्डै तीन दर्जन जति फुटकर समालोचनालेखहरू र तीनवटा समालोचनाकृतिहरूको विस्तृत अध्ययन एवम् विश्लेषण परिच्छेद पाँचमा गरिएको छ ।

### २.२.१.२ कविता सिर्जना

प्रवासकालदेखि नै कविता सिर्जना गर्दै आएका घनश्याम कँडेल सिर्जनात्मक साहित्यका फाँटमा मूलतः कवि कै रूपमा परिचित भएका देखिन्छन् । कँडेलले फुटकर कवितादेखि मझौलास्तर (खण्डकाव्य) सम्मका कविता लेखनमा आफूलाई क्रियाशील बनाएको देखिन्छ । वि.सं. २०२१ देखि कविता लेखन गर्ने कवि कँडेल भावुक छन् र उनका कविता अनुभूतिमूलक हुनाका कारणले रसमय छन् । ती मनबाट नैसर्गिक रूपमा निःसृत हुनाले सहजै हाम्रा मनमा पस्छन् र हामीलाई भित्रैदेखि अभिभूत पार्छन् (उपाध्याय, २०६०:ञ) । कँडेलका कविता काव्यहरू भावमय, अध्यात्ममय र साँसारिक जीवन-मृत्युमय विविध किसिमका देखिएका छन् । उनका कविताविधासँग सम्बन्धित कृतिहरूको संक्षिप्त चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

**क)	देवयानी (२०३९)**

कवि घनश्याम कँडेलको पहिलो खण्डकाव्य 'देवयानी' (२०३९) हो । यो खण्डकाव्य जम्मा छ सर्गमा आबद्ध रहेको छ । यसको विषयवस्तुको स्रोत महाभारतको ययाति-उपाख्यान रहेको देखिन्छ । प्रस्तुत खण्डकाव्यको कथावस्तु पौराणिक स्रोतको भए पनि कँडेलले यसलाई पर्याप्त मौलिकता प्रदान गरेका छन् । कँडेलको नायिकाप्रधान खण्डकाव्य

‘देवयानी’ मा देवयानी, कच र शुक्राचार्य गरी जम्मा तीनजना पात्रहरू रहेका छन् । देवयानी खण्डकाव्यकी नायिकाका रूपमा उपस्थित भएकी छन् । यिनै देवयानीको सेरोफेरोमा खण्डकाव्य निर्माण भएको देखिन्छ । खण्डकाव्यकार कँडेलले यस काव्यमा घटना विवरणलाई भन्दा अनुभूतिलाई महत्वदिएका छन् र देवयानिप्रति सहानुभूतिशील हुँदै उनको उद्दाम प्रेम र उत्कट घृणालाई कुशलतासाथ सशक्त अभिव्यक्ति दिएकाछन् (उपाध्याय, २०६०:ट) । कँडेलको ‘देवयानी’ खण्डकाव्यले प्रेमलाई नै मुख्य विषयवस्तुका रूपमा उपस्थापन गरेको देखिन्छ । यो प्रेम राष्ट्रियता, स्वतन्त्रता, विश्वबन्धुत्व एवम् विश्वशान्तिका पक्षमा समेत विस्तारित भएको छ । कँडेलको यस खण्डकाव्यले युद्ध, षड्यन्त्र, दमन जस्ता प्रवृत्तिहरूबाट विश्वमानवतावादको स्थापना हुन नसक्ने धारणा अगाडि सारेको छ । कँडेलको प्रस्तुत ‘देवयानी’ खण्डकाव्यको अध्ययनले उक्त तथ्य उद्घाटन गरेको छ ।

**ख) जीवनका सन्दर्भहरू (२०५१)**

कवि घनश्याम कँडेलको कविताविधाको दोस्रो पुस्तकाकार कृति ‘जीवनका सन्दर्भहरू’ (२०५१) हो । यस कृतिमा कँडेलका वि.सं. २०५१ सालपूर्व विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित ३० वटा फुटकर कविताहरू सङ्ग्रहीत भएका छन् । कवि कँडेलले गद्य र पद्य दुवै खालका कविताहरू लेखेको देखिन्छ । यस कवितासङ्ग्रहमा उनका पच्चीस वटा पद्य र पाँचवटा गद्य लयका कविताहरू सङ्ग्रहीत भएका देखिन्छन् । यस सङ्ग्रहभित्रका फुटकर पद्य कविताहरू चार श्लोकदेखि तेन्तीस श्लोक सम्मका लमाइगत आयतनमा विस्तारित छन् । यसैगरी गद्य कविताहरू अट्ठाइसपङ्क्तिदेखि एकासी पङ्क्तिसम्मका आयाममा संरचित भएका देखिन्छन् । कँडेलको प्रस्तुत कवितासङ्ग्रह अठासी पृष्ठको लमाइगत आयाममा विस्तारित भएको देखिन्छ ।

प्रस्तुत कवितासङ्ग्रहका प्रकाशक पुष्पमान श्रेष्ठ (२०५१:?) ले कवि कँडेल र उनका कविताका बारेमा यस्तो मन्तव्य प्रकट गरेका छन् : “विशेष गरेर अनुष्टुप छन्दका माध्यमबाट समसामयिक जीवनका वास्तविकताका साथै मानव हृदयका मूलभूत तथा स्थायी वृत्तिलाई अभिव्यक्त दिने उहाँको प्रयास मलाई ज्यादै मन पर्छ” । उनका प्रायः कवितामा प्रगतिवादी क्रान्तिचेतना, विश्वब्रह्माण्ड सम्बन्धी रहस्यात्मक दृष्टि, अध्यात्मप्रतिको आस्था,

अनुष्टुप छन्दको भावानुसारी नर्तन, परिष्कारपूर्ण भाषा शैली, विम्ब, प्रतीक र अलङ्कारको समुचित एवम् सन्तुलित प्रयोग भएको पाइन्छ ।

### ग) **उज्यालोतिर** (२०५५)

प्रस्तुत खण्डकाव्यलाई खण्डकाव्यकार कँडेलले 'गीतिकाव्य' भनेका छन् । यो खण्डकाव्य प्रकाशनका दृष्टिले कँडेलको दोस्रो खण्डकाव्य हो । प्रस्तुत खण्डकाव्य पाँच सर्गमा आबद्ध भएको पाइन्छ । यस काव्यमा कँडेलले सामाजिक विषयवस्तुलाई महत्व दिएर पात्र पनि सोही- अनुकूल लिएको देखिन्छ । यस खण्डकाव्यमा **प्रेम** र **सानी** दुई जना प्रमुख पात्रका रूपमा देखिएका छन् भने ३ जना सहायक पात्रका रूपमा र एकजना गौण पात्रका रूपमा प्रस्तुत भएका देखिन्छन् । यस खण्डकाव्यमा ब्राह्मण पुत्र प्रेम र कामी पुत्री सानीका बीचमा भएको अन्तर्जातीय प्रेम प्रसङ्गलाई मुख्य विषयवस्तुका रूपमा उपस्थापन गरिएको छ । (न्यौपाने, २०६०:६१) । कँडेलको प्रकाशित पहिलो खण्डकाव्य 'देवयानी' (२०३९) मा देवयानीको कचप्रति एकतर्फी प्रेम भएकाले उक्त खण्डकाव्य वियोगान्त बनेको थियो तर कँडेलको यो दोस्रो खण्डकाव्य 'उज्यालोतिर' (२०५५) मा प्रेम र सानीका बीच दुई तर्फी ( दोहोरो) प्रेम भएकाले प्रस्तुत खण्डकाव्य संयोगान्त बनेको छ भने यस खण्डकाव्यले कँडेललाई सामाजिक खण्डकाव्यकार समेत बनाएको देखिन्छ ।

### घ) **वनको क्रन्दन** (२०५८)

प्रस्तुत खण्डकाव्य प्रकाशनका दृष्टिले कँडेलको तेस्रो खण्डकाव्य हो । यस काव्यलाई कँडेलले खण्डकाव्य नभनेर 'लघुकाव्य' भनेका छन् । प्रस्तुत काव्य ५६ प्रष्ठमा विस्तारित छ भने यस काव्यमा कँडेलले सर्ग विभाजनको कुनै सङ्केत गरेको देखिदैन । यस काव्यमा कथावस्तु क्षीण भएकाले कविले यसलाई लघुकाव्य भनेको पाइन्छ । 'वनको क्रन्दन' मा केवल रोदन मात्र छैन र यो अरण्यरोदन होइन । यो त, कविले आजका मान्छे र प्रकृतिका बीचको सम्बन्ध विग्रेकोमा व्यक्त गरेको वा मनको भित्री तहबाट प्रकट भएको आर्तनाद हो (बन्धु, २०५८:१) । यस काव्यमा कविले दुई खालका दुई पात्रको प्रयोग गरेको देखिन्छ । यस्ता दुईपात्रहरूमा मानवीयपात्र स्वयं कवि र मानवेतर पात्र वन रहेका छन् । तर कवि कँडेलले काव्यमा वनलाई मानवीकरण गरी मानवीय पात्रको रूप दिएका छन् ।

प्रस्तुत 'वनको क्रन्दन' (२०५८) लघुकाव्यमा कवि घनश्याम कँडेलले सृष्टिको सबभन्दा प्रबुद्धवर्ग मानव जातिले गरेको वनको विनास र त्यसबाट वातावरणमा आइपरेका समस्यालाई मुख्य विषयवस्तुका रूपमा उपस्थापन गरेको देखिन्छ ।

**ङ) आँसुका अक्षर (२०६०)**

खण्डकाव्यकार घनश्याम कँडेलका खण्डकाव्यहरूमध्ये प्रकाशनका दृष्टिले प्रस्तुत खण्डकाव्य चौथो खण्डकाव्य हो । उनका हालसम्म प्रकाशित खण्डकाव्यहरूमध्ये यो काव्य अन्तिम काव्य पनि हो । यस काव्यलाई कवि कँडेलले खण्डकाव्य नभनेर 'शोककाव्य' भनेका छन् ।

एकसय सात पद्यमा विस्तारित भएको कँडेलको प्रस्तुत शोककाव्य दश सर्गमा आबद्ध भएको देखिन्छ । कविले यस काव्यको प्रत्येक सर्गको भावलाई स्पष्ट पार्न प्रतिसर्ग भिन्ना भिन्नै शीर्षकहरू दिएका छन् । कवि कँडेलको 'आँसुका अक्षर' उनका मातापिताको शोकमा लेखिएको छ र स्वजनको निधनमा व्यथित भई सहज-स्वाभाविक रूपमा लेखिएका नितान्त थोरै सुन्दर र मार्मिक शोककाव्यहरूमा 'आँसुका अक्षर' को पनि गणना हुनेछ भन्ने विचार समालोचक केशवप्रसाद उपाध्याय (२०६०:ग) को रहेको देखिन्छ । कवि कँडेलले पनि यस काव्यको भूमिका खण्डको 'आफ्ना कुरा' मा आफ्ना जनक-जननीका मृत्युजन्य पीडा र शोकलाई नै विषयजस्तु बनाएर प्रस्तुत काव्य रचना गरिएको तथ्य प्रस्तुत गरेका छन् ।

कवि घनश्याम कँडेलले जुनसुकै विषयवस्तुलाई समातेर प्रस्तुत खण्डकाव्यको रचना गरेका भए पनि यस खण्डकाव्य (शोककाव्य) ले सम्पूर्ण पाठकहरूका आमा-बुबाको मृत्युलाई स्मरण गराएको छ । यही नै यसको उच्चतम उपलब्धि हो ।

कवि घनश्याम कँडेल कविता, काव्य (खण्डकाव्य) सिर्जनामा वा सक्रिय व्यक्तित्व हुन् । कविता विधाअन्तर्गत उनका पाँचवटा पुस्तकाकार कृतिहरू र अन्य फुटकर कविताहरू प्रकाशित भएका देखिन्छन् । उनका पाँच पुस्तकाकार कृतिहरूमध्ये चार कृतिहरू खण्डकाव्य हुन् भने एउटा कृति कविता सङ्ग्रह हो । कविले पौराणिक, सामाजिक, प्राकृतिक विभिन्न किसिमका खण्डकाव्यहरू प्रस्तुत गरेका छन् । विभिन्न क्षेत्रबाट विषयवस्तु लिए पनि र विभिन्न साहित्यकारका कविता-काव्यबाट प्रभावित भएर आफ्ना काव्यकृति लेखेका

भए पनि कवि घनश्याम कँडेलका काव्य कृतिहरू मौलिक छन्, परिष्कृत परिमार्जित छन् र विशेष महत्वका देखिन्छन् ।

### २.२.१.३ निबन्ध लेखन

घनश्याम कँडेल नेपाली निबन्ध क्षेत्रमा २०२३/२४ सालदेखि नै प्रवेश गरेका देखिन्छन् (सुवेदी, २०५८:१७५) । कँडेलका निबन्धहरू 'दौतरी', 'हाम्रो संस्कृति', 'मधुपर्क', 'मुनो', 'गोरखापत्र', 'जूही' आदि जस्ता विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् । २०२४ सालमा चितवनको वीरेन्द्र क्याम्पसमा आयोजना गरिएको जिल्ला व्यापि निबन्ध प्रतियोगितामा दोस्रो स्थान प्राप्त गरेको प्रस्तुत निबन्ध 'दौतरी' पत्रिकामा प्रकाशित भएको देखिन्छ र यो निबन्ध नै घनश्याम कँडेलको प्रथम प्रकाशित निबन्ध हो (न्यौपाने, २०६०:३२) । निबन्धकार कँडेलका प्राप्त भएका प्रकाशित निबन्धहरू हुन्- 'विवाह दुई अन्तर्दृष्टि' (हाम्रो संस्कृति २०२६), 'राष्ट्रियताको स्रोत पृथ्वीनारायण शाह र आजको नेपाल' (हाम्रो संस्कृति ५:१/२०२०) 'नयाँ वर्ष' (गो.प. वैशाख २०२७), 'बुद्धदर्शन र नेपाली संस्कृतिमा बुद्धको प्रभाव' (मधुपर्क ८:१२/२०३४), 'कामठन्डौं' (जूही २०३८) आदि । कँडेलका केही निबन्धहरू संस्कृति र जीवनका विविध पक्षसँग केन्द्रित देखिएका छन् । उनका केही निबन्धहरू संस्मरणात्मक भावनामा व्यक्त भएका छन् त्यस्तै केही निबन्धहरू अनुसन्धानात्मक तथा सिर्जनात्मक मूल्य प्रस्तुत गर्ने किसिमका देखिएका छन् ।

घनश्याम कँडेलका निबन्धमा सहज संवेद्यता र लयात्मकता पर्याप्त देखिन्छ साथै उनका निबन्धमा निजात्मक तत्त्वको संवरण र विषयवस्तुको निजात्मक शैलीमा भावात्मक तत्त्वको प्रतिपादन गराई नवहकिईकन प्रस्तुत भएको पाइन्छ (सुवेदी, २०५८:१७६) । यस्ता विभिन्न विशेषताका निबन्ध लेख्ने कँडेलले निबन्ध लेखनलाई निरन्तरता दिन नसकेकाले उनका यी दुई चार फुटकर निबन्धहरूले निबन्धकार कँडेलको प्रतिनिधित्व गर्न सकेको देखिदैन । जे भए पनि उनका यी प्रकाशित निबन्धहरूले उनलाई नेपाली निबन्धको परम्परामा आत्मपरक निबन्धकार बनाएको देखिन्छ ।

### २.२.१.४ कथा सिर्जना

घनश्याम कँडेलले २०३० को दशकदेखि कथा लेखन र प्रकाशन गर्न थालेको जानकारी स्वयम् शोधनायकबाट प्राप्त भएको छ । वि.सं. २०३९ साल जेष्ठ महिनाको

‘रूपरेखा’ पत्रिकामा प्रकाशित ‘जीवन र मृत्युको सङ्घर्ष’ शीर्षकको कथाको विषयवस्तु र शैलीले पनि २०३० को आसपासबाटै कँडेलले कथा लेख्न प्रारम्भ गरेका हुन् भन्न सहज भएको छ ।

प्रस्तुत कथामा कथाकार कँडेलले समाजको स्वार्थीपनले गर्दा निःसहाय व्यक्तिहरू अनाहकमा मृत्युको मुखमा पर्न बाध्य हुन्छन् भन्ने कुरालाई अगाडि सार्दै सम्पूर्ण जनमानस ( पाठक वर्ग) लाई साहस र सङ्घर्ष गर्न आह्वान गरेका छन् । यस ‘जीवन र मृत्युको सङ्घर्ष’ कथामा कथाकार कँडेलले साहस गरेमा मात्र जीवनलाई गति दिन सकिन्छ र मृत्यु आफैँ पराजित हुन्छ भन्ने तथ्योद्घाटन गरेका छन् (न्यौपाने, २०६०:३२) ।

घनश्याम कँडेलले कथा लेखनलाई निरन्तरता नदिएकाले उनको कथा सिर्जना परिमाणात्मक एवम् गुणात्मक दृष्टिले दुर्वल बनेको देखिन्छ । उनी समालोचना लेखन, भूमिका लेखन एवम् कविता लेखनमा जति सशक्त छन् कथा लेखनमा त्यति छैनन् । अझ भनौँ कथा सिर्जनाले कँडेलको प्रतिनिधित्ज गर्न सक्तैन ।

### २.२.१.५ सम्पादन एवम् प्रकाशन

घनश्याम कँडेलले विभिन्न पत्र-पत्रिका एवम् पुस्तक सम्पादन गरेको देखिन्छ । उनले पत्रिकाको सम्पादन मात्र गरेका छैनन् प्रकाशन समेत गरेका छन् । कँडेल सम्पादन एवम् प्रकाशन कार्यमा क्रियाशील व्यक्तित्व बनेका छन् । उनले विद्यार्थीअवस्थामा नै २०२३ सालतिर ‘विद्यार्थी सन्देश’ पत्रिकाको सम्पादन गरी यस क्षेत्रमा प्रवेश गरेका छन् (न्यौपाने, २०६०:३३) । यस पछि २/४ वटा पत्रिकाहरूको सम्पादन एवम् प्रकाशन गरेको भन्ने जानकारी शोध नायकबाट प्राप्त भएको छ । नेपाली भाषा-साहित्य एवम् समालोचनाको उत्थानमा कटिबद्ध कँडेलले २०४० सालदेखि आफ्नै लगानीमा ‘रश्मि’ साहित्यिक त्रैमासिक पत्रिकाको सम्पादन एवम् प्रकाशन गर्न थालेको देखिन्छ । कँडेल (२०४०:७२) ले यस पत्रिकाको वर्ष १ अङ्क १ मा ‘रश्मि’ पत्रिकालाई यसरी चिनाएका छन् : “नेपाली भाषा र साहित्यका विद्धान् लेखकहरूका अमूल्य रचना, विचार, सुझाव आदि नै यस पत्रिकाको प्राणतत्त्व हो” ।

हालसम्म ‘रश्मि’ पत्रिकाको छ/सात वटा अङ्कहरू प्रकाशित भएका देखिन्छन् । त्रैमासिक पत्रिका भनिए पनि सम्पादकको अस्वस्थता एवम् व्यस्तताका कारणले निर्देशित

समयमा पत्रिकाको प्रकाशन हुन सकेको देखिन्न । यी पत्रिकाहरूमा विशेष गरेर नेपाली भाषा र साहित्य समालोचना सम्बन्धी वैचारिक तथा प्राज्ञिक महत्वका विवेचनात्मक तथा अनुसन्धानात्मक लेखहरू प्रकाशित भएका देखिन्छन् ।

सम्पादक एवम् प्रकाशक कँडेलले यी पत्रिकाहरूमा सम्पादकीय तथा प्रकाशकीय लेख्नुका साथै विभिन्न व्यक्तित्वसँग जिज्ञासा राख्ने, अन्तर्वार्ता लिने काम गरेका छन् यस्ता विभिन्न अन्तर्वार्ताहरूलाई 'रश्मि' पत्रिकाका विभिन्न अङ्कहरूमा प्रकाशन गर्ने काम समेत गरेका छन् । यस्ता कार्यहरूले उनको समालोचना लेखनलाई प्रत्यक्ष-अप्रत्यक्ष सहयोग पुऱ्याएको देखिन्छ ।

'रश्मि' साहित्यिक त्रैमासिक पत्रिकाको प्रथम अङ्कमा नेपाली भाषा साहित्यका विशिष्ट विद्धान, काशी हिन्दु विश्वविद्यालय नेपाली विषयका प्राध्यापक डा. डिल्लीराम तिम्सिनासँग घनश्याम कँडेलले लिएको अन्तर्वार्ता छापिएको छ । जम्मा सात पृष्ठमा विस्तारित यस अन्तर्वार्तामा कँडेलले डा. तिम्सिनासँग नेपाली भाषा-साहित्य, विश्वविद्यालयको योगदान र तिम्सिनाकै साहित्यिक सिर्जनाप्रति जिज्ञासा राखेका छन् र तिम्सिनाले उक्त जिज्ञासाको पूर्ति गरेका छन् । यस्तै यसै पत्रिकाको दोस्रो अङ्कमा कँडेलले भाषा-साहित्य तथा समालोचनाका विद्धान यदुनाथ खनालसँगको अन्तर्वार्तालाई प्रकाशित गरेको देखिन्छ । प्रस्तुत खनालसँगको अन्तर्वार्ता जम्मा छ पृष्ठमा फैलिएको देखिन्छ । 'रश्मि' पत्रिकाको तेस्रो अङ्कमा नेपाली साहित्यमा परिचित विजय मल्ल सँग घनश्याम कँडेलले लिएको अन्तर्वार्ता प्रकाशित भएको देखिन्छ । यसैगरी चौथो अङ्कमा दुई वटा अन्तर्वार्ता प्रकाशित भएका छन् । नेपाली भाषा र साहित्यका विशिष्ट विद्धान बालकृष्ण पोखरेलसँग कँडेलले जिज्ञासा राखेका छन् भने पोखरेलले उत्तर दिएका छन् । यस अन्तर्वार्ताको शीर्षक नै 'जिज्ञासा र उत्तर' रहेको छ । यसै अङ्कमा कँडेलले स्वीस नागरिक, वास्तुकलाविद् रोवर्ट वाइजेसँग लिएको अन्तर्वार्ता पनि प्रकाशित भएको छ । यो अन्तर्वार्ता कँडेलले अङ्ग्रेजी भाषा र नेपाली भाषा गरी दुवै भाषामा प्रकाशित गरेको देखिन्छ । वास्तुकलासँग सम्बन्धित आठवटा प्रश्न घनश्याम कँडेलले वास्तुकलाविद् रोबर्ट वाइजेसँग राखेको र वाइजेले उक्त प्रश्नको उत्तर दिएको देखिन्छ । यस्ता प्रश्न उत्तरहरूले वास्तुकला सम्बन्धी ठोस जानकारी गराएको देखिन्छ । यसैगरी 'रश्मि' वाङ्मय विशेषाङ्क (२०४९) मा कँडेलले बैकुण्ठप्रसाद

लाकौलसँग लिएको अर्न्वार्ता प्रकाशित भएको देखिन्छ । यस अन्तर्वार्तालेखमा कँडेलले लाकौलसँग बुद्ध धर्म, नेवारी संस्कृति लाकौलका स्वच्छन्दतावादी कविताप्रति जिज्ञासा राखेको र लाकौलले कँडेलका उक्त जिज्ञासाहरूको समाधान गरेको देखिन्छ । 'रश्मि' (समालोचना प्रधान साहित्यिक पत्रिका) को वर्ष २३ अङ्क १, मा मदनमणि दीक्षितसँग घनश्याम कँडेलले लिएको अन्तर्वार्ता प्रकाशित भएको छ । प्रस्तुत अन्तर्वार्तामा कँडेलले दीक्षितको जीवनीका बारेमा जिज्ञासा राखेका छन् भने दीक्षितले कँडेलको जिज्ञासाको समाधान गरेको देखिन्छ ।

यसरी घनश्याम कँडेलले विभिन्न विद्धानहरूसँग लिएको अन्तर्वार्ताहरूलाई 'रश्मि' (समालोचना प्रधान साहित्यिक पत्रिका) का विभिन्न अङ्कहरूमा प्रकाशित गरेका छन् । यस्तै उनले भाषा, कविता, समालोचना, अनुसन्धानात्मक लेख, लोकसाहित्य, संस्मरण, पुस्तक समीक्षा, पाठक प्रतिक्रिया जस्ता विभिन्न विधा र विषयसँग सम्बन्धित विभिन्न स्रष्टा एवम् द्रष्टाका सिर्जना एवम् समालोचनाहरूको सम्पादन एवम् प्रकाशन गर्ने काम कँडेलले गरेको देखिन्छ । घनश्याम कँडेलले गरेको उक्त सम्पादन एवम् प्रकाशनकार्य आफैँमा विशेष महत्वको देखिन्छ ।

उपयुक्त 'रश्मि' पत्रिकाको सम्पादन एवम् प्रकाशन गर्ने घनश्याम कँडेलले समालोचना प्रधान पुस्तक 'नेपाली समालोचना' (२०५५) को सम्पादन गर्ने काम समेत गरेका छन् । नेपाली समालोचनामा कँडेलको यस सम्पादन कार्यले विशेष स्थान प्राप्त गरेको देखिन्छ । सम्पादक कँडेलले यस पुस्तकमा 'समालोचनाः नेपाली समालोचना' शीर्षकमा लामो भूमिका लेखेका छन् । यस भूमिकालेखनमा नेपाली समालोचनाको परम्परालाई स्पष्ट्याउँदै चरण विभाजन समेत गरेका छन् । यसैगरी अठारजना विभिन्न समालोचकहरूका अठारवटा समालोचनाको सम्पादन गर्ने काम पनि कँडेलबाट भएको देखिन्छ । कँडेलले ती १८ वटा समालोचना र समालोचकहरूका बारेमा समेत छोटोमा परिचय दिएका छन् । सम्पादक कँडेलको उपर्युक्त कार्यले समालोचकहरू र तत्-तत् समालोचनाहरूलाई चिन्न सहज भएको देखिन्छ । वि.सं. २०६१ सालमा 'संस्कृतका प्रमुख एकाङ्की' पुस्तकको सम्पादन गर्ने काम पनि घनश्याम कँडेलबाट भएको देखिन्छ । प्रस्तुत कृतिको सम्पादकीय लेखन भने विशेष स्मरणीय रहेको छ ।

घनश्याम कँडेलले गरेको उपर्युक्त पत्र-पत्रिका एवम् पुस्तक सम्पादन तथा प्रकाशन कार्य आफैँमा विशेष महत्वको देखिन्छ । जसले एकातिर कँडेलको सम्पादन एवम् प्रकाशन कार्यलाई सुदृढ बनाउँदै लगेको छ भने अर्कातिर नेपाली भाषा-साहित्य र समालोचनाका पाठकवर्गलाई अध्ययन र अनुसन्धान गर्न सहजता प्रदान गरेको देखिन्छ ।

### २.२.१.६ भूमिका लेखन

कुनै पनि पुस्तकमा लेखिएको भूमिका र पत्र-पत्रिकामा आएको प्रकाशकीयले त्यसमा दर्शाउन (देखाउन) खोजिएको विषय वा कथयको मर्म पहिल्याएको हुनुपर्छ । अतः प्रायः लेखकहरू आफू भन्दा विद्धान तथा अग्रज व्यक्तिबाट आफ्नो पुस्तकको भूमिका लेखाउन चाहन्छन् । कुनै पनि पुस्तकको भूमिका लेख्नाका लागि उक्त पुस्तकको गहन अध्ययन र मनन् हुनु अनिवार्य भएकाले भूमिका लेखन पनि समालोचना जस्तै कठिन र उत्तरदायित्वपूर्ण कार्य हो ।

घनश्याम कँडेलले विभिन्न विद्धानहरूका पुस्तकका भूमिका खण्डमा 'शुभाशंसा', 'सम्मति र शुभेच्छा', 'मित्रका प्रशंसनीय काम', 'मन्तव्य', 'भूमिका' जस्ता विभिन्न नाम दिएर सर्जक र उसका सिर्जनाका बारेमा केही लेखिदिने काम गरेका छन् । यस्ता लेखन कार्यले एकसाथ दुई वटा काम गरेको देखिन्छ । एउटा काम हो आफ्नै लेखकीय अभिव्यक्ति क्षमतामा वृद्धि गर्नु र अर्को काम हो सर्जकलाई लेखनमा अझ प्रेरित गर्नु ।

घनश्याम कँडेलले ६०-७० वटा जति पुस्तकमा भूमिका लेखन गरेका छन् । केही भूमिकाहरू विशेष महत्वपूर्ण मानिएका छन् भने केही सामान्य किसिमका मात्र देखिएका छन् । यस्ता भूमिका लेखन कार्यले कँडेलको समालोचना लेखन कार्यलाई सघाऊ पुऱ्याएको देखिन्छ ।

### २.२.१.७ अनुवाद कार्य

अनुवादक घनश्याम कँडेल हाल आएर पनि उपनिषद्का विभिन्न भागहरूको अनुवाद गर्ने काम गरिरहेका छन् । उनी शब्दानुवादमा भन्दा पनि भावानुवादमा बढी रमेका देखिन्छन् । अर्थात् अनुवाद कार्यमा मूल शब्दको अनुवाद नगरेर कँडेलले भावलाई अनुवाद गरेका छन् । उनले भावानुवादलाई नै मूल अभीष्ट मानेको देखिन्छ ।

कँडेलको ईषावास्योपनिषद्को अनुवाद गरी तयार पारिएको कविता 'गरिमा' पत्रिकामा प्रकाशित भएको देखिन्छ । हाल आँखाको समस्याले पीडित भएका अवस्थामा पनि उनी अन्य केही उपनिषद्हरूलाई नेपालीमा रूपान्तरण गर्ने काम गरिरहेका छन् । वेदान्तका मूलभूत चिन्तनहरूलाई फरक नपारी अनुवाद गर्ने घनश्याम कँडेलका अनुदित कृतिहरू थोरै भए पनि विशेष महत्वका देखिएका छन् ।

### २.२.१.८ निष्कर्ष

१) घनश्याम कँडेलले साहित्य सिर्जना र समालोचना लेखन तर्फ विद्यार्थीकाल देखि नै आफूलाई लगाएका छन् । त्यसैले उनी एक क्रियाशील साहित्यकार र सक्रिय समालोचक हुन् ।

२) कँडेललाई साहित्य-समालोचना लेखनकार्यमा विभिन्न व्यक्तित्वहरूको प्रभाव र प्रेरणा मिलेको भए तापनि उनी भित्रको स्रष्टा र द्रष्टा चेतले नै उनलाई यस कार्यमा विशेष प्रेरणा र सघाउ पुऱ्याएको देखिन्छ ।

३) साहित्यका सबै विधामा कलम चलाउने कँडेललाई कविता विधाले नै मूल रूपमा प्रतिनिधित्व गरेको देखिन्छ । उनी एक कुशल कवि प्रतिभा हुन् । उनका चारवटा खण्डकाव्य र एउटा कवितासङ्ग्रह पुस्तकाकार कृतिका रूपमा प्रकाशित भएका छन् । उनलाई **देवयानी** (२०३९) खण्डकाव्यले सफल एवम् सवल खण्डकाव्यकारका रूपमा चिनाएको छ ।

४) समालोचना विधाअन्तर्गत उनका तीन दर्जनजति फुटकर समालोचना र तीनवटा पुस्तकाकार समालोचनाकृतिहरू प्रकाशित भएका छन् ।

५) प्राध्यापक, अनुवादक, सम्पादक, भूमिकालेखक, कथाकार, निबन्धकार जस्ता विभिन्न संज्ञाले कँडेललाई चिनाउन खोजे पनि उनी कवि हुन्, मूलतः उनी समालोचक हुन् ।

# परिच्छेद तीन
# समालोचनाको विधागत प्रकृति

## ३.१ समालोचनाः परिभाषा र तात्पर्य

प्रस्तुत शोधको प्रमुख अभीष्ट घनश्याम कँडेलका समालोचनाकृतिहरूको अध्ययन र योगदानको निर्क्यौल गर्नु हो र त्यसका लागि प्रथमतः समालोचना के हो र यसका कार्य तथा तात्पर्य के कस्ता छन् भन्ने आधारभुत प्रश्नको उत्तर पहिल्याउनु पनि आवश्यक हुन्छ । अतः समालोचनाको सैद्धान्तिक स्वरूपको अनुशीलन गर्ने काम तलका उपशीर्षकमा गरिएको छ ।

### ३.१.१ समालोचनाको व्युत्पत्ति र अर्थ

'समालोचना' साहित्यिक कृतिको अध्यनन, आस्वादन र बोध गरेपछि त्यसबारे व्यक्त गरिएको एक किसिमको प्रतिक्रिया वा विचार हो । विश्वमै सर्वप्रथम साहित्य-सिर्जना भएको अनि त्यसपछि मात्र समालोचना कार्य भएको देखिन्छ । संस्कृत साहित्यमा समालोचनालाई सङ्केत गर्न 'नाट्यशास्त्र', 'काव्यशास्त्र', 'सौन्दर्यशास्त्र' जस्ता शब्दहरू प्रयुक्त भएका देखिन्छन् । पूर्व पश्चिम दुवैतर्फ साहित्य सिर्जनापश्चात् नै उपर्युक्त विभिन्न विधासँग सम्बन्धित 'शास्त्र' शब्दहरू आएका हुन् । अरस्तुको 'काव्यशास्त्र' आउनुभन्दा पूर्व होमर, एस्किलस, सोफोक्लिज, युरिपाइडिज आदि कवि नाटककारहरूको साहित्य-सिर्जनाको लामो यात्रा पार भइसकेको देखिन्छ । पूर्वीय साहित्यमा पनि सँस्कृत नाटककारहरूको रचना (इन्द्रध्वजोत्थानादि) पछि भरतमुनिको 'नाट्यशास्त्र' देखिएको हो (शर्मा, २०५६/०५७:१६) । यसरी साहित्यकै पृष्ठभूमिमा समालोचनाको निर्माण भएको देखिन्छ ।

नेपालीमा आलोचना, समीक्षा, विवेचना, मूल्यनिर्णयजस्ता शब्दहरू समालोचनाकै समानार्थी जस्ता देखिन्छन् । यसरी नै क्रिटिसिज्म, एप्रिएसन, रिभ्यू, ओपिनियन्जस्ता अङ्ग्रेजी शब्दहरू परस्पर समानार्थी रूपमा देखिन्छन् (कँडेल, २०५५:ख) । सँस्कृत व्युत्पत्ति अनुसार आलोचनाको अर्थ 'अवलोकन' अर्थलाई बहन गर्ने 'लुच' धातुमा 'णिच्' प्रत्यय लागेर 'लोच' बनेपछि यस 'लोच' शब्दमा 'यू' प्रत्यय थपिएर 'अन' आदेश हुँदा 'लोचन' शब्द व्युत्पादन हुन्छ । 'लोचन' शब्दमा समग्रबोधी 'आ' उपसर्ग र स्त्रीत्वबोधी 'आ' प्रत्यय

लागेपछि 'आलोचना' शब्द व्याकरण सम्मत र सार्थक रूपमा निर्माण हुन्छ (सुवेदी, २०६१:८) । यही 'आलोचना' मा 'सम्' उपसर्ग थपिँदा 'समालोचना' शब्द बनेको देखिन्छ । 'समालोचना' शब्दको अर्थ 'नेपाली बृहत् शब्दकोश' (२०६०: १२३५) मा निम्न तीनवटा रहेका छन्:

१. कुनै विषयवस्तु वा कुराका राम्रा/नराम्रा पक्षको मूल्याङ्कन निष्पक्षताका साथ गर्ने काम,

२. कुनै साहित्यकारका विशेषता वा साहितिक कृतिका गुण दोषको वस्तुगत विवेचना र

३. कुनै ग्रन्थ, लेख, व्यक्ति आदिका गुण दोषको सम्यक विवेचना गरिएको लेख वा प्रबन्ध, आलोचना, समीक्षामा । उपर्युक्त तीन खालका अर्थहरूबाटै 'समालोचना' शब्दको अर्थ प्राप्त गर्न सकिन्छ ।

### ३.१.२ समालोचनाको परिभाषा

सिर्जनापछि समालोचना कार्य भएजस्तै समालोचनाको लेखन तथा प्रकाशन हुन थालेपछि समालोचनाको व्याख्या, विश्लेषण, टीका, टिप्पणी हुन थाल्यो । यसपछि समालोचनामा निहित रहेका विशेषताहरूलाई आधार बनाएर समालोचनाको परिचय तथा परिभाषा दिने क्रम प्रारम्भ भयो । समालोचनाका बारेमा विभिन्न विद्वानहरूले विभिन्न धारणा राखेका छन् । उक्त समालोचना सम्बन्धी धारणाहरू नै समालोचनाको परिभाषा बन्न पुगेको देखिन्छ । पूर्वीय काव्यशास्त्रीहरूले पनि समालोचना, शास्त्रका बारेमा विभिन्न लक्षण बताएका छन् । यसरी नै पाश्चात्य चिन्तक, समालोचना शास्त्रीहरूले समालोचनालाई परिभाषित गरेको देखिन्छ । नेपाली विद्वान, साहित्यकार एवम् समालोचकहरूले पनि समालोचनाको परिभाषा विभिन्न किसिमले गरेका छन् ।

पूर्वीय काव्यशास्त्रको चिन्तन परम्परामा रचनाको पारख गर्ने कामलाई आलोचनाशास्त्र भन्ने गरियो । नाट्यशास्त्री भरतपछिका धेरै आचार्यहरूले यस आलोचना परम्परालाई गतिदिने काम गरेका छन् । प्राय : रस, अलङ्कार, ध्वनि, रीति, बक्रोक्ति र औचित्य जस्ता तत्त्वलाई काव्यरचना प्रक्रियामा स्थान र महत्व दिँदै पूर्वीय समीक्षा

परम्परामा कल्पना भाव र बुद्धिको प्रयोगलाई पनि आवश्यक ठानेको देखिन्छ (सुवेदी, २०६१:१२)

'इन्साइक्लोपिडयि ब्रिटानिका' ले समालोचनालाई साहित्य र ललितकला सम्बन्धी कुनै पनि वस्तुको गुण वा सौन्दर्यको मूल्याङ्कनको अर्थमा लिएको छ । यसबाट कृति विशेषका लेखकका उपलब्धि र प्राप्तिलाई प्रष्ट पार्ने साधन समालोचना हो भन्ने कुराको बोध हुन्छ -थापा, (२०५८:२६) । यसरी नै आलोचनाको पहिचान प्रस्तुत गर्ने क्रममा अङ्गेजी साहित्यका इतिहासकार हड्सन (१७९:२६१) ले पनि आफ्नो विचार प्रस्तुत गर्दै भनेका छन्:- "सिर्जनात्मक साहित्यले जीवन र जगत्को व्याख्या गर्दछ भने समालोचनाले त्यस व्याख्याको पनि व्याख्या गर्दछ" । म्याथ्यू आर्नोल्ड (१८८८:१८) ले समालोचनालाई यसरी चिनाएका छन् "समालोचना संसारमा ज्ञात र विचारित सर्वोत्कृष्ट कुराको ज्ञान प्राप्त गर्ने र त्यसलाई अरुमा प्रचार गर्ने तटस्थ प्रयास हो"। आर्नोल्डले समालोचना कार्यलाई शोधकार्य झैं मानेका छन् । साथै उनले समालोचक, समालोचना र पाठक सक्रिय र उत्कृष्ट रहनुपर्ने कुरा समेत बताएका छन् ।

नेपाली साहित्यका केही प्रसिद्ध समालोचकहरूले पनि समालोचना सम्बन्धी आ-आफ्नो विचार प्रस्तुत गरेका छन् । समालोचक यदुनाथ खनालले आफ्नो समालोचनात्मक कृति 'समालोचनाको सिद्धान्त' (२०२३:३) मा समालोचनालाई यसरी सरल र स्पष्ट रूपमा चिनाएका छन् : "पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो, नदीको बारेमा झन विशेष कुरा जान्नु, उसको मूल खोज्नु समालोचना हो" । खनालले समालोचनालाई एक किसिमको खोज, अनुसन्धान मानेको देखिन्छ भने खनालका विचारमा साहित्य 'जे छ' अर्थात् वस्तुतासँग सम्बन्धित देखिन्छ । रामकृष्ण शर्मा (२०२४:४१-४२) का विचारमा "सुख-दुःख, राम्रो-नराम्रो, मनपर्दो-नपर्दो इत्यादि कुराको मस्तिष्कमा जब विवेचना हुन्छ, त्यसको परिणाम स्वरूप समालोचनाको जन्म हुन्छ" । आलोचकको मस्तिष्कमा सृजना-सामग्रीप्रतिको विवेचनात्मक व्यवहार जब जन्मन्छ, तब समालोचकीय मूल्यले स्वरूप ग्रहण पर्दछ भन्ने सङ्केत गरेको देखिन्छ । कृष्णचन्द्रसिँह प्रधान (२०२५:६) को समालोचना सम्बन्धी धारणा यस्तो रहेको छ : "कृतिको आन्तरिक स्थितिको सूक्ष्म निरीक्षण गरेर त्यसका विशिष्ट गुणलाई प्रकाशमा ल्याई प्रत्येक दृष्टिकोणले परीक्षण गरेर निश्चित मूल्य निर्धारण गर्नु

समालोचनाको कार्य हो" । यसरी नै समालोचक घनश्याम कँडेल (२०५५:ग) ले समालोचनालाई यसरी चिनाएका छन् :- "वास्तवमा समालोचना एकातर्फ साहित्यकारका कृतिको सहृदयतापूर्वक गरिने व्याख्या र पूर्वाग्रह विहीन भएर त्यसबारे गरिने निर्णय हो भने अर्कातर्फ कृतिका जङ्गलभित्र प्रवेश गर्ने क्रममा पाठकको मार्गनिर्देशक पनि हो" । कृतिकार, कृति र पाठकलाई ध्यानमा राखी वस्तुगत रूपमा गरिने व्याख्या, विश्लेषण नै समालोचना हो भन्ने कँडेलको आशय रहेको देखिन्छ । यसैगरी तारानाथ शर्मा (२०२७:२४२) ले समालोचनालाई यसरी चिनाएका छन् :- "आलोचना (समालोचना) फटाहालाई लाटो पारुञ्जेल पोल्ने सिस्नु हो" । शर्माका विचारमा समालोचना निकै गहन चुनौतिपूर्ण कार्य हो । समालोचक राजेन्द्र सुवेदी (२०६१:१९) ले समालोचनालाई यसरी परिभाषित गरेका छन्: "सृजनाजगत्का विशाल भीडबाट कुनै खास स्रष्टालाई टिपेर उसका सृजनात्मक कर्मकै आधारमा स्रष्टाको स्थान ठम्याइदिनु र स्रष्टाको मूल्य पहिल्याइदिनु समालोचना हो" । समालोचक सुवेदीको उक्त परिभाषालाई हेर्दा के स्पष्ट हुन्छ भने कुनै पनि स्रष्टा वा सृष्टिको आगमन समयलाई हेरी मूल्य निरूपण गर्ने काम नै समालोचना हो ।

समालोचनालाई विभिन्न विद्वानहरूबाट परिभाषित गर्ने अनेक प्रयास भएका हुँदा यसका पनि विभिन्न परिभाषाहरू उपलब्ध रहको कुरा उपर्युक्त सन्दर्भबाट स्पष्ट भएको छ । अतः निष्कर्षमा के भन्न सकिन्छ भने कुनै पनि सिर्जनात्मक रचनाको अध्ययन, चिन्तन र मनन् पछि त्यसको वस्तुगत र कलात्मक वैशिष्ट्यको विवेचना तथा मूल्याङ्कन गर्ने कलालाई समालोचना भनिन्छ ।

### ३.१.३ समालोचनाको प्रकार्य

समालोचना आफैँमा एउटा गहन र प्राज्ञिक कार्य हो । समीक्षा, विवेचना, टिप्पणी, मूल्यनिरूपणजस्ता अनेक कार्यहरू यससँग सम्बन्धित देखिन्छन. । काव्यशास्त्रद्वारा निर्धारित मापदण्डका आधारमा कुनै पनि कृतिको व्याख्या, विवेचना, मूल्याङ्कन तथा सौन्दर्योद्घाटन गर्नु समालोचनाका मुख्य कार्य रहेका छन् ।

कुनै पनि कृतिको आन्तरिक स्थितिको सूक्ष्म निरीक्षण गरेर त्यसका विशिष्ट गुणलाई प्रकाशमा ल्याई प्रत्येक दृष्टिकोणले परीक्षण गरेर निश्चित् मूल्य निर्धारण गर्नु समालोचनाको कार्य हो (प्रधान, २०५५:६) । समालोचना शब्दले सङ्केत गर्ने अन्य कार्यहरू प्रशस्त छन्,

तर समालोचनाको मूल क्षेत्र आज साहित्यिक कृतिका विधा विशेषको गहन आलोचना कार्य हो भन्ने बुभिन्छ (सुवेदी, २०६१:२२) । निष्कर्षमा भन्दा साहित्यक कृतिको सूक्ष्म निरीक्षण गरी मूल्यको निरूपण गर्नु नै समालोचनाको कार्य हो ।

## ३.२ समालोचनाका विविध रूप र प्रयोग

'समालोचना' शब्दले विभिन्न अर्थलाई आफूमा समाविष्ट गरेको भए पनि साहित्यिक क्षेत्रमा समालोचना भन्दा कुनै स्रष्टा वा उसका कृतिका बारेमा वस्तुगत रूपमा गरिएको व्याख्या विश्लेषण एवम् मूल्याङ्कन भन्ने बुझिन्छ । स्थान, कार्य र समयले गर्दा समालोचनाका अनेक रूप देखिएका हुन् । प्रत्येक समालोचकको समीक्षाको आधार पृथक-पृथक हुनाले र उक्त समालोचना कार्यमा समालोचकको वैयक्तिक प्रभाव समेत पर्नाले समालोचनाका विविध रूप देखिएका हुन् ।

कुनै एक समालोचकले पनि अनेक प्रकारका समालोचना लेखेको पाइन्छ । यस्तो हुनाको कारण के हो भने उसले कुनै समालोचनालेखमा सिद्धान्तलाई मूल आधार बनाएको हुन्छ भने कुनै लेखमा आफ्नो वैयक्तिक विचारलाई मूल आधार बनाएको हुन्छ । जसले गर्दा समालोचनामा विविधता आउँछ । साहित्यका मूल्य र वैशिष्ट्यलाई सैद्धान्तीकरण गर्न थालिएपछि सैद्धान्तिक समालोचनाको जन्म भएको हो । अरस्तुको 'काव्यशास्त्र' र भरतमुनिको 'नाट्यशास्त्र' क्रमशः पश्चिम र पूर्वका आरम्भिक सैद्धान्तिक समालोचनाकृति हुन् । पाठकले साहित्य सिर्जनाको पठन र आस्वादन गरेपछि पाठक वा समालोचकमा उक्त साहित्यिक कृति प्रति कस्तो प्रभाव पर्छ त्यस आधारमा गरिएको समालोचना व्यावहारिक समालोचना हो । यस्तो समालोचना गर्दा समालोचकले कुनै सिद्धान्तको प्रयोग गरेर या प्रयोग नगरी स्वतन्त्र रूपमा गर्न सक्दछ । यस्तो व्यावहारिक समालोचनालाई प्रायोगिक समालोचना पनि भनिन्छ ।

उपर्युक्त सैद्धान्तिक र प्रायोगिक समालोचनाका पनि विभिन्न प्रकार छन् र तिनको अनुशीलन पनि आवश्यक देखिन्छ ।

### ३.२.१ सैद्धान्तिक समालोचना

साहित्य सिर्जना थालिएपछि साहित्य सिद्धान्तको निर्माण हुन थाल्यो र यो परम्परा हालसम्म पनि चल्दै आएको देखिन्छ । सैद्धान्तिक समालोचनामा कृतिका वस्तु, रूप आदिलाई आधार बनाएर कृतिको व्यावहारिक समालोचना गर्नुको सट्टा समालोचनाको मापदण्डका रूपमा सामान्य सिद्धान्तहरूको निर्माण गरिन्छ र तिनका आधारमा कृतिका वस्तु, रूप आदिलाई केलाउने एवम् कृतिका विशेषताहरूको निरूपण गर्ने प्रयास गरिन्छ (कँडेल, २०५५:घ) । सैद्धान्तिक समालोचनामा कुनै स्थिर सैद्धान्तिक दृष्टिले साहित्यिक कृतिको वस्तुगत विवेचना गरिन्छ ।

साहित्यका मूल्य र वैशिष्ट्यलाई सैद्धान्तीकरण गर्न थालिएपछि सैद्धान्तिक समालोचनाको प्रारम्भ भएको देखिन्छ । साहित्य बारेमा सैद्धान्तिक समालोचना गर्ने काम पूर्व र पश्चिम दुवैतिर सुरूदेखि नै हुँदै आएको पाइन्छ । सैद्धान्तिक समालोचनाका प्रकारको अनुशीलन पनि आवश्यक देखिन्छ ।

#### ३.२.१.१पूर्वीय सैद्धान्तिक समालोचना

'समालोचना' सिर्जनाको अनुवर्ती रूप भएकाले पूर्वीय सैद्धान्तिक समालोचना पनि पूर्वीय साहित्य (काव्य, नाट्य) लाई आधार मानेर निर्माण गरिएको देखिन्छ । पूर्वीय साहित्यमा भरतको 'नाट्यशास्त्र', भामहको 'काव्यालङ्कार', दण्डीको 'काव्यादर्श', आनन्दवर्द्धनको 'ध्वन्यालोक', कुन्तकको 'वक्रोक्ति जीवितम्', मम्मटको 'काव्यप्रकाश', विश्वनाथको 'साहित्यदर्पण' र जगन्नाथको 'रसगङ्गाधर' जस्ता ग्रन्थहरू सैद्धान्तिक आलोचना (समालोचना) का आदर्श नमुना हुन् ।

उपर्युक्त पूर्वीय सैद्धान्तिक आलोचना (समालोचना) आउनु पूर्व संस्कृतमा प्रशस्त नाटक, महाकाव्यहरू लेखिसकिएका थिए । भास, कालिदास जस्ता पूर्वीय नाट्य प्रतिभाहरूका नाटकको अध्ययन गरेपछि नै भरतमुनिले 'नाट्यशास्त्र' सैद्धान्तिक ग्रन्थको निर्माण गरेका हुन् । यसैगरी छैटौं शताब्दीका भामहको 'काव्यालङ्कार' (काव्यसम्बन्धी सैद्धान्तिक ग्रन्थ) आउनु पूर्व पूर्वीय साहित्यमा वाल्मीकि रचित 'रामायण', व्यास रचित 'महाभारत', भारवि रचित 'किरातार्जुनीयम्', कालिदास रचित 'रघुवंश', 'कुमार सम्भवम्'

जस्ता महाकाव्यहरूको लेखन भइसकेको देखिन्छ (शर्मा, २०६३:१०१) । भामहले यिनै काव्यहरूको अध्ययन पश्चात् आफ्नो लाक्षणिक ग्रन्थ 'काव्यालङ्कार' प्रस्तुत गरेको देखिन्छ । पूर्वीय (संस्कृत) साहित्यिक कृतिहरू (काव्य, नाट्य) को स्वरूप, कथावस्तुको स्रोत, कथावस्तुको संयोजन, पात्रविधान, रस, अलङ्कारको प्रयोग, भाषाशैलीको प्रयोग एवम् काव्य (नाट्य) कला आदिको सम्यक अध्ययन पश्चात् पूर्वीय साहित्यिक चिन्तकहरूले सोही अनुकूल सिद्धान्तहरू प्रतिपादन गरेको पाइन्छ ।

पूर्वीय साहित्यशास्त्रमा साहित्य विवेचनाका विभिन्न सम्प्रदायहरू प्रचलित छन् । यी सम्प्रदायहरू साहित्यबारे देखापरेका विभिन्न दृष्टि वा चिन्तन भएकाले कुनै एक सिद्धान्तलाई मात्र सर्वाङ्गपूर्ण मान्न सकिदैन । केही चिन्तकहरूले साहित्यको वाह्य शरीर पक्षलाई विशेष महत्व दिएका छन् भने केही चिन्तकहरूले काव्यको आन्तरिक आत्मपक्षलाई विशेष महत्व दिइएको देखिन्छ । समालोचनाका यस सन्दर्भमा पूर्वीय काव्य शास्त्रीहरूले रस, अलङ्कार, रीति, बक्रोक्ति र ध्वनिलाई प्रमुख मानेर साहित्यको अध्ययन र समीक्षा गर्ने काव्यसिद्धान्तको विकास गरेका छन् ।

आदि नाट्यशास्त्री भरतमुनिले नाटकमा रसको अपरिहार्यतालाई स्वीकार गरेका छन् अर्थात् उनले नाटकमा रसको महत्तालाई प्रस्तुत गरेका छन् । यसैगरी भामहले अलङ्कारलाई काव्यमा अनिवार्य तत्त्वका रूपमा मानेका छन् । पछिल्ला चिन्तकहरू दण्डी, रुद्रट आदिले पनि अलङ्कारलाई प्रधानता दिएका छन् । वामनले रीति (शैली) लाई काव्यको आत्मा मानेका छन् । पछिल्ला आचार्यहरू मम्मट, विश्वनाथ आदिले भरत प्रतिपादित रसलाई काव्यको आत्मा मानेका छन् । आनन्दवर्धनले चाहिँ ध्वनिलाई काव्यको आत्मा मानेका छन् । उपर्युक्त सम्प्रदायलाई शरीर र आत्मासँग तुलना गरेर अध्ययन गर्न सकिन्छ । अलङ्कारवादी सिद्धान्त काव्यको बाह्य रूपपक्षसँग सम्बन्धित छ भने रसवादी र ध्वनिवादी सिद्धान्त काव्यको आन्तरिक वस्तु पक्षसँग सम्बन्धित देखिन्छ ।

नेपाली साहित्यका राममणि आ.दी.को 'कवितारीति' (१९६६), कुलचन्द्र गौतमको 'अलङ्कार चन्द्रोदय' (१९७८), रत्नध्वज जोशीको 'मानसालङ्कार' (२००२), सोमनाथ सिग्द्यालको 'साहित्य प्रदीप' (२०१५), बदरीनाथ भट्टराईको 'संस्कृत साहित्यको सिंहावलोकन' (२०२०), हेमाङ्गराज अधिकारीको 'पूर्वीय समालोचना सिद्धान्त' (२०२९), गोविन्दप्रसाद

भट्टराईको 'पूर्वीय काव्य सिद्धान्त' (२०३१), केशवप्रसाद उपाध्यायाको 'पूर्वीय काव्य सिद्धान्त' (२०३४) जस्ता कृतिहरू पूर्वीय सैद्धान्तिक समालोचना हुन् ।

### ३.२.१.२ पाश्यात्य सैद्धान्तिक समालोचना

पश्चिममा साहित्य सिर्जनाको प्रारम्भ भएपछि, उक्त साहित्यिक रचनाको बारेमा केही टीका-टीप्पणी, व्याख्या-विश्लेषण हुन थाल्यो । उक्त व्याख्या-विश्लेषण टीका-टिप्पणीले एकातिर सिर्जनालाई सघाउ पुऱ्याउन थाल्यो भने अर्कातिर नवीन सिद्धान्त प्रतिपादन समेत हुन थाल्यो । उदाहरूणका लागि ग्रिसेली महाकवि होमरका 'इलियाड' र 'ओडेसी', एस्किलस, सोफोक्लिज जस्ता नाटककारहरूका नाटकको अध्ययन पश्चात् प्लेटो, एरिस्टोटल आदि चिन्तकहरूले काव्य-नाटक सम्बन्धी नवीन धारणा अगाडि ल्याए । पछि एरिस्टोटलका काव्य-नाट्य सम्बन्धी तिनै धारणाहरू सिद्धान्तका रूपमा प्रतिपादन हुँदै गएको देखिन्छ । यसरी एरिस्टोटलदेखि रिचर्डस, इलियटसम्मका चिन्तकहरूका साहित्य सम्बन्धी चिन्तननै पाश्चात्य सिद्धान्तहरू हुन् । यिनै सिद्धान्तका मापदण्डका आधारमा गरिएका समालोचनाहरू नै पाश्चात्य सैदान्तिक समालोचना हुन् । एरिस्टोटलको 'काव्यशास्त्र' रिचर्डसको 'साहित्यिक समालोचनाको सिद्धान्त' जस्ता कृतिहरू मूलतः सैद्धान्तिक समालोचनाकै ग्रन्थ हुन् ।

नेपाली साहित्यमा वासुदेव त्रिपाठीको 'पाश्चात्य साहित्यको सैद्धान्तिक परम्परा', अभि सुवेदीको 'पाश्चात्य काव्य सिद्धान्त', ताराकान्त पाण्डेयको 'प्रगतिवाद र कविता' देवी गौतमको 'प्रगतिवाद' जस्ता कृतिहरू पाश्चात्य सैद्धान्तिक कृति हुन् (थापा, २०५८:३२)

### ३.२.२ व्यावहारिक (प्रायोगिक) समालोचना

पाठकले साहित्य-सिर्जनाको पठन र आस्वादन गरेपछि सिद्धान्त सापेक्ष वा निरपेक्ष रहेर उक्त सिर्जनाबारे निजी प्रतिक्रिया, राय, विचार वा धारणा व्यक्त गर्न थालेपछि व्यावहाकि समालोचनाको जन्म भएको हो । पश्चिममा 'प्राक्टिकल क्रिटिसिज्म' का नामबाट परिचित यस समालोचनालाई नेपालीमा प्रायोगिक समालोचना पनि भनिन्छ ।

सामान्यतया विश्वमा स्थापित सैद्धान्तिक समालोचनाका आडमा कुनै कवि वा उसका कृतिको चिरफार गरेर मूल्याङ्कन गर्ने काम व्यावहारिक समालोचना हो (पोखरेल, २०५६:८) तापनि समालोचनाले सिद्धान्त निरपेक्ष भएर पनि आलोच्य कृतिको अध्ययन

गरेको हुन सक्छ । कवि वा लेखकले आफ्नो कृतिमार्फत के अभिव्यक्तगर्न खोजेको छ र ऊ सो कुरा व्यक्त गर्न कतिसम्म सफल छ यिनै प्रश्नहरूका परिधिमा रहेर समालोचकले कुनै पनि कृति बारे आफ्नो मन्तव्य दिएको हुन्छ । व्यवहारिक वा प्रायोगिक समालोचनामा मूलतः कृति र कृतिकारको अध्ययन र मूल्याङ्कन गरिएको हुन्छ । यस्तो अध्ययन र मूल्याङ्कनका क्रममा शास्त्रीय सिद्धान्तहरू पृष्ठभूमिमा रहेका हुन्छन् । कहिलेकाँही यस्ता साहित्यिक सिद्धान्तहरूको धेरथोर उपयोग पनि गरिन्छ तर वावस्तवमा कविकर्मको खास उपलब्धिकै बढी खोजी गर्ने चासो रहन्छ भनेर 'नेपाली साहित्यकोश' (२०५५:१२४) ले व्यावहारिक समालोचनाको कार्य र उद्देश्यलाई स्पष्ट्याएको छ ।

पूर्वीय काव्यशास्त्रमा राजशेखरको 'काव्यमीमांसा' अभिनव गुप्तको 'ध्वन्यालोक लोचनटीका', अर्जुन वर्मदेवको 'रसिक-सञ्जीवनी टीकाजस्ता' काव्यकृतिहरू पूर्वीय व्यावहारिक समालोचनाका कृतिहरू हुन् । पूर्वीय व्यावहारिक (प्रयोगिक) समालोचनाका तुलनामा पाश्चात्य व्यावहारिक (प्रायोगिक) समालोचनाको सङ्ख्या अत्यधिक छ । (डा.) जोनसनको 'लाइभ्स अफ पोएट्स', जोन ड्राइडनको 'लिटरेरी एसेज', म्याथ्यु आर्नोल्डको 'एसेज अन क्रिटिसिज्म' त्यस्तै टी.एस. इलियटको 'सेलेक्टेड एसेज' जस्ता कृतिहरू पाश्चात्य व्यावहारिक समालोचनाका केही उल्लेख्य कृति हुन् ।

एम.एच. अब्राम्स (सन् १९९३:७) ले पाश्चात्य व्यावहारिक समालोचनाका चार प्रकारको चर्चा गरेका छन् र ती हुन् :-

१. अनुकरणात्मक समालोचना,

२. अभिव्यञ्जनात्मक समालोचना,

३. पाठक केन्द्रित समालोचना र

४. निरपेक्ष, वस्तुगत वा कृतिपरक समालोचना ।

अब्राम्सका विचारमा जति पनि व्यावहारिक समालोचनाहरू छन् तिनलाई चार प्रकारमा समेट्न सकिने देखिन्छ ।

व्यावहारिक वा प्रायोगिक समालोचनामा सौन्दर्यशास्त्रीय आधारलाई र स्थापित सैद्धान्तिक मापदण्डलाई ध्यानमा राख्दै कृतिका रूप, वस्तु आदि पक्षलाई केलाउने र त्यसैका आधारमा कृतिको मूल्याङ्कन गर्ने काम गरिन्छ (कँडेल, २०५५:घ) । कृति, कृतिकार तथा साहित्यको कालक्रमिक अध्ययन यसै व्यावहारिक समालोचनाअन्तर्गत गरिन्छ । अतः व्यावहारिक समालोचनाका मुख्यतः तीन भेद देखिएका छन् र ती हुन्-

१. कृतिपरक समालोचना,

२. स्रष्टापरक समालोचना र

३. साहित्येतिहासपरक समालोचना ।

कृतिपरक समालोचनाले कृतिको विश्लेषण गर्दा लेखकीय पृष्ठभूमि, मनोविज्ञान तथा त्यसले पाठकलाई पार्ने प्रभाव अथवा परम्पराका सापेक्षतामा त्यसका मूल्य आदिको चर्चा गर्दैन केबल त्यही कृतिको वस्तुगत स्थितिलाई विश्लेषण गर्ने काम हुन्छ । यसले कृतिबाहिरको समाज, इतिहास आदिको विश्लेषण नगरे पनि कृतिभित्रका समाज तथा इतिहासको वस्तुगत एवम् तथ्यपरक अध्ययन गर्छ (शर्मा र लुइँटेल, २०६१:२३२०) । स्रष्टा वा लेखकलाई मूल आधार बनाएर गरिने समालोचनालाई स्रष्टापरक समालोचना भनिन्छ । यस समालोचना पद्धतिलाई आधार मानेर जीवनीपरक समालोचना लेखनको विकास भएको हो । व्यावहारिक समालोचनाको अर्को भेद साहित्येतिहासपरक समालोचना हो । राष्ट्रिय साहित्यको परम्पराले एउटा निश्चित दिशा लिएपछि नै इतिहास निर्माण तर्फ विद्वानहरूको ध्यान पुग्न जान्छ । ऐतिहासिक समालोचनाका लागि पनि यस्तै कालिक पृष्ठभूमिको आवश्यकता पर्दछ (श्रेष्ठ, २०६१:६५) ।

व्यावहारिक समालोचनाका उपर्युक्त भेदहरूको अध्ययनबाट के कुरा स्पष्ट हुन्छ भने व्यावहारिक समालोचनाको विश्लेषण प्रभावपरक र निर्णयात्मक गरी मूलतः दुई प्रकारले गर्न सकिन्छ । यसरी व्यावहारिक समालोचनाअन्तर्गत विभिन्न प्रकारका समालोचना पद्धतिहरू देखिने र तिनलाई विभिन्न आधारमा विभिन्न ढङ्गले वर्गीकृत गर्ने प्रयास भएको देखिन्छ ।

### ३.२.३ विश्वसाहित्यमा प्रचलित व्यावहारिक समालोचनाका प्रमुख पद्धतिहरू

पाश्चात्य जगत्मा साहित्यिक विद्वत् परम्परा अत्यन्त उन्नत र समृद्ध अवस्थामा रहेको छ । विद्वान्, समालोचक तथा साहित्यका चिन्तक वा विचारकहरूका साथै स्वयम् स्रष्टाहरूले विभिन्न काल विन्दुमा आ-आफ्ना अभिमत एवम् सिद्धान्तहरू प्रतिपादन गरेर विश्वसाहित्यलाई नै प्रभावित पारेका छन् ।

विश्वमा विद्यमान साहित्यलाई हेर्दा व्यावहारिक समालोचनाका विभिन्न विधि र पद्धतिहरूको विकास प्रशस्त मात्रामा भएको देखिन्छ । यसैगरी व्यावहारिक समालोचनाका अन्य नवीन पद्धतिहरूको विकास हुँदै जाने क्रम पनि निरन्तर भइरहेको छ । विश्वसाहित्यमा प्रचलित त्यस्ता समालोचना पद्धतिहरूमध्ये केही प्रमुख पद्धतिको परिचय यहाँ प्रस्तुत गरिएको छ ।

#### ३.२.३.१नीतिपरक समालोचना

'नीति' तत्त्वलाई केन्द्रमा राखेर साहित्य समालोचना गरिनुपर्छ नीति तत्त्वकै आधारमा साहित्यको विश्लेषण एवम् मूल्याङ्कन गरिनुपर्छ भन्ने मान्यता राख्ने समालोचना पद्धति नै नीतिपरक समालोचना प्रणाली हो । नीतिपरक समालोचना आदर्शवादद्वारा अनुप्राणित छ । कुनै नैतिक आदर्शद्वारा वैयक्तिक र सामाजिक जीवनलाई मार्गप्रदर्शन गर्नु नै नीतिपरक समालोचनाका मुटुमा रहेको आदर्शवाद हो (त्रिपाठी, २०४९:१४५) । नीतिपरक समालोचना प्रणालीका बारेमा स्पष्ट र विस्तृत जानकारीका लागि विभिन्न नीतिवादी वैचारिक चिन्तन प्रक्रियाहरूलाई नियाल्नु आवश्यक छ । पाश्चात्य साहित्यका प्रथम समालोचक प्लेटो (इ.पू. ४२७/३४८) का विचारमा काव्यको कसौटी सदाचार तथा सत्यको प्राप्ति भएकाले काव्य सधैँ सत्यको पक्षमा हुनुपर्छ र यो मानवकल्याणकारी तथा राष्ट्रलाई प्रगतिको पथतिर डोऱ्याउने खालको हुनुपर्दछ । नीतिवादीहरू उपर्युक्त विचारमा केन्द्रित देखिन्छन् । मान्छे मूलतः विवेकशील प्राणी हो र उसका सभ्यता र संस्कृति भन्नु नै सहज पाशविक वृत्तिमाथि मानवीय गुणको, उसको विवेकशीलताको विजय हो भन्ने विचार नीतिवादीहरूको छ । नीतिपरक समालोचकहरू विवेक र नैतिक चेतनाले नै मान्छे मान्छे हुन्छ, पशुभन्दा फरक हुन्छ, भन्छन् (कँडेल, २०५३:१४२) ।

नीतिपरक समालोचनाको विकासमा प्लेटोपछि ल्याटिन समालोचक होरेस, पुनर्जागरणकालका स्टिफेन ग्यासोन तथा सर फिलिप सिड्नीजस्ता समालोचकहरूले कविताका आनन्दात्मक र शैक्षिक उद्देश्य स्वीकार्दै नीतिपरक समालोचनालाई अगाडि वढाएका हुन् । यस प्रकारको समालोचनालाई अगाडि बढाउने अर्का समालोचक (डा.) वेन जोन्सन (१८ औं शताब्दी) हुन् । बीसौं शताब्दीको पूर्वार्द्धमा नीतिपरक समालोचना मुख्यतया संयुक्तराज्य अमेरिकामा देखापर्छ । यस सम्प्रदायका समालोचकहरूलाई नवमानववादी समालोचक भनिन्छ (त्रिपाठी, २०४९:१४४) । यसका नेता इर्विङ बविट (१८६५-१९३३) र पाल इल्भर मोर (१८६४-१९३७) हुन् । नवमानववादी बबिट र मोरको मृत्यु भएपछि तथा रूपपरक र समाजपरक समालोचनाको प्रभाव बढ्न थालेपछि नीतिपरक समालोचना प्रणालीको केन्द्र भङ्ग हुँदै गएको देखिन्छ ।

### ३.२.३.२ जीवनीपरक समालोचना

सामान्यतया जविनी भन्नाले मानिसको जीवनको इतिवृत्त भन्ने बुझिन्छ । साहित्येतिहासका दृष्टिले जीवनीमा कवि-लेखकहरूको सृजनशील क्षण र प्रक्रियालाई प्रभाव पार्ने वैयक्तिक र सामाजिक सन्दर्भहरू मात्र ग्राह्य हुन्छन् (श्रेष्ठ, २०६१:३६) । कविकै जीवनीको उपयोग गर्दै उसका कृतिको जुन समीक्षा प्रस्तुत गरिन्छ त्यो जीवनीपरक समालोचना हो (गौतम, २०५०:६०) । जीवनीपरक समालोचना लेखककेन्द्री परम्परित समालोचनाको एउटा प्रकार हो । कृतिकार र कृतिकाबीच निकट सम्बन्ध रहन्छ, कृतिमा कृतिकारले आफ्नो जीवनदृष्टि व्यक्त गरेको हुन्छ । तसर्थ कृतिकारलाई केन्द्रमा राखी कृतिको अध्ययन गरिनुपर्छ भन्ने समालोचना प्रणाली नै जीवनीपरक समालोचना प्रणाली हो । जीवनीपरक समालोचनाका व्याख्याताहरू वेलेक तथा बारेन (सन् १९४९:७५) का अनुसार जीवनीको उपयोग तीन किसिमले हुनसक्छ :

१. कृतिको व्याख्यामा उज्यालो पार्न,

२. कृतिकारको व्यक्तित्व बुझ्न र

३. कविको मनोविज्ञान र कविताको रचना प्रक्रियालाई खुलस्त पार्न ।

जीवनीको उपयोगका उपर्युक्त तीन किसिममध्ये कृतिको व्याख्यामा उज्यालो पार्न तर्फ नै समालोचक केन्द्रित हुनुपर्छ (गौतम, २०५०:६५) ।

जीवनीपरक समालोचना प्रणाली विश्व साहित्य र समालोचनाका इतिहासमा अठारौं शताब्दीमा देखापरेको हो । यसका प्रमुख स्थापक र व्याख्याता प्रसिद्ध कवि तथा समालोचक ड्राइडेन हुन् । १९ औं शताब्दीका फ्रान्सेली समालोचक सेन्टव्युभले यस समालोचनालाई विशेष अवलम्बन गरेको देखिन्छ । यस समालोचनाको प्रभाव अन्य देशका साहित्य समालोचनामा समेत परेको पाइन्छ । नेपाली समालोचनाको प्रारम्भ नै जीवनीपरक समालोचनाबाट भएको देखिन्छ । वि.सं. १९४८ मा प्रकाशित मोतीराम भट्टको 'कवि भानुभक्ताचार्यको जीवनचरित्र' नामक कृति नै नेपाली समालोचनामा पहिलो जीवनीपरक समालोचना कृतिका रूपमा प्रस्तुत भएको छ ।

### ३.२.३.३ समाजपरक समालोचना

समाजपरक समालोचना अठारौं शताब्दीमा विकोले होमरका र उन्नाइसौं शताब्दीमा हर्डरले शेक्सपियरका कृतिमा सामाजिकताको अध्ययन गरेबाट प्रस्फुटित भई हिप्पोलाइट टेनको 'जाति, क्षण र युग' को मान्यता तथा सेटव्युभका जीवनीपरक समालोचनाका सामाजिक पृष्ठभूमिका परिचर्चाबाट थालिएको हो (त्रिपाठी, २०४९:१६७) । सामाजिक दृष्टिबाट साहित्यिक कृति तथा कृतिकारको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्ने पद्धतिलाई समाजपरक समालोचना पद्धति भनिन्छ (शर्मा र लुइटेल, २०६१:१२६) । व्यक्तिको आन्तरिक व्यक्तित्व सामाजिक सन्दर्भ र चापबाट निर्मित हुन्छ भन्ने मान्यता समाजपरक समालोचनाको रहेको छ । यस समालोचना पद्धतिको मूल आधार नै समाज र सामाजिकता भएकाले यस समालोचनाको नाम समाजपरक समालोचना राखिएको हो ।

ईशाको बीसौं शताब्दीको तेस्रो दशकमा समाजपरक समालोचनाको मार्क्सवादी धाराको विकास भयो । साहित्यको समाजशास्त्रीय अध्ययनको विकासमा मार्क्सवादको भूमिका उल्लेखनीय रहेको छ । वास्तवमा मार्क्सवाद भन्नाले कार्लमार्क्स र फ्रेडरिक एन्जेल्सका दार्शनिक, सामाजिक र राजनीतिक तथा आर्थिक विचारहरू आउँछन् (गौतम, २०५०:१९) । मूलतः कार्ल मार्क्सका विचारहरूलाई नै आदर्शमानी पछिल्ला चिन्तकहरू प्लेखानोभ, लेनिन, स्टालिन, क्रिस्टोफर कड्वेल, म्याक्सिम गोर्की आदिले साहित्य

समालोचना गरेको देखिन्छ । अतः समाजपरक समालोचनाको मार्क्सवादी धाराको विकासका रूपमा उपर्युक्त चिन्तकहरू विशेष उल्लेखनीय मानिन्छन् ।

मार्क्सका सिद्धान्त र विचारहरूको केही खण्डन र बढी मण्डन गर्दै मार्क्सवादी (समाजशास्त्रीय) समालोचक र समालोचनाहरू देखिए भने स्वतन्त्र रही गैरमार्क्सवादी समालोचनाहरू पनि अगाडि बढ्दै गए । त्यसैले समाजपरक समालोचनाका दुई मुख्य हाँगा देखिन गए । एउटा हाँगो सामाजिक यथार्थवादसित सम्बन्धित छ भने अर्को हाँगो समाजवादी यथार्थवादसित सम्बन्धित छ । समाजवादी यथार्थवादलाई प्रगतिवाद पनि भनिएको पाइन्छ (पाण्डेय, २०५६:४२-४३) ।

सैद्धान्तिक आधार एकै हुँदाहुँदै पनि ज्यादा वैयक्तिक मतभेद यस समालोचनाभित्र देखिन्छ । सूक्ष्म दृष्टिले हेर्दा प्रगतिवादी मार्क्सवादी समालोचनाका दुई प्रकार देखिन्छन् : i) रूढ मार्क्सवादी र ii) उदार मार्क्सवादी । मार्क्सवादी लेनिनवादी दर्शनका पूर्ण परिपालन गर्ने दृष्टिकोण रूढ मार्क्सवादी हो भने लोककल्याण वा सामाजिक न्याय र संस्कृति विकासको उदार दृष्टिकोण अँगाल्ने उदार मार्क्सवादी हो । समाजपरक समालोचना जुन सुकै खेमामा बाँडिए पनि यस समालोचनाको अस्तित्त्व र प्रयोग आजसम्म पनि देखिन्छ । नेपाली साहित्यमा मार्क्सवादी समालोचना पद्धतिद्वारा धेरै समालोचकहरू प्रभावित भएका देखिन्छन् । यस्ता केही समालोचकहरू हुन्-हृदयचन्द्रसिंह प्रधान, आनन्ददेव भट्ट, सरिता ढकाल, गोविन्द भट्ट आदि ।

### ३.२.३.४ मनोविश्लेषणात्मक समालोचना

मानवमनलाई साहित्यले धेरै पहिलेदेखि महत्वदिँदै आएको भए तापनि मनोविज्ञानपरक समालोचना मूलतः फ्रयड, एडलर र युङ्ग जस्ता मनोविश्लेषणशास्त्रीका मनसम्बन्धी खोज र प्राप्त परिणाममा आधारित छ । मानवमनको स्वरूप र गतिविधिको ज्ञान जति बढ्दै गयो, त्यति कलाकृति पनि मानवमनसँग निकट रूपमा सम्बद्ध भएकाले पाश्चात्य मनोविज्ञानपरक समालोचना पनि सरल र सक्षम हुँदै गयो (त्रिपाठी, २०४९: १७०) । साहित्य तथा सङ्गीतहरू मनलाई आनन्द दिने कुराहरू हुन् । यौनवृत्तिको प्रवलता, त्यसको दमन, निषिद्ध यौन प्रवृत्तिको जीवनमा प्रभाव, अवचेतनको भूमिका, कुण्ठा, मनोविकृति जस्ता तत्त्वहरूको साहित्यमा खोजमेल र अध्ययन गर्नु नै मनोविश्लेषण

समालोचनाको काम हो (गौतम, (२०५०:६२) । मनोविश्लेषणात्मक समालोचनाले कृतिकार, कृति र कृतिगत चरित्र तथा पाठकको मानसिक स्नायविक तत्त्वको विश्लेषण गर्दछ ।

मनोवैज्ञानिक सिग्मन्ड फ्रायडले मानवमनलाई आकारात्मक र गत्यात्मक गरी दुई भागमा बाँडेर अध्ययन गरेका छन् । उनले आकारात्मकअन्तर्गत चेतन, अर्द्धचेतन र अचेतन गरी मनका तीन तहलाई प्रस्तुत गर्दै अचेतनमनको विशेष व्याख्या गरेका छन् । त्यस्तै उनले गत्यात्मक भागअन्तर्गत इद, इगो र सुपरइगोको चर्चा गरेका छन् । फ्रायडका अनुसार साहित्य-सृजना यथातथ्यको अङ्कन नभएर वास्तविकताबाट पलायन हो र साहित्यसृजनामा आफूलाई तल्लीन बनाएर साहित्यकारले आनन्दको अनुभव गर्छ र जीवनका वास्तविकतालाई विर्सने प्रयास गर्छ (कँडेल, २०५३:१४३) । फ्रायडकै शिष्य एल्फ्रेड एडलरले फ्रायडले भैंं कामवृत्ति (लिविडो) लाई जीवनको मूल प्रेरणा नमानेर आत्मप्रकाशनलाई जीवनको मूल प्रेरणा मानेका छन् । एड्लरका विचारमा कला, साहित्य हीनभावनाको क्षतिपूर्तिको साधन हो । कला-साहित्यमा आत्मप्रकाशन हुने र त्यसले अरुको हृदयमा छुने भएकाले त्यहीबाट कलाकार साहित्यकारले हीन भावनाको निराकरण गर्न सक्ने देखिन्छ । फ्रायडका अर्का शिष्य कार्ल गुस्ताभ युङ्गको सिद्धान्त पनि फ्रायडको भन्दा नितान्त पृथक देखिन्छ । युङ्ग काव्य सृजनालाई फ्रायडले जस्तो दमित इच्छा, वासनाको अभिव्यक्ति नठानेर मनका गहिराइमा सम्पन्न हुने चेतनक्रिया ठान्दछन् । युङ्गका दृष्टिमा साहित्य उद्देश्यमूलक हुने देखिन्छ ।

फ्रायडवादको गहिरो प्रभाव कला, साहित्य, समालोचना र अन्य विविध क्षेत्रमा समेत परेको हुन्छ । यद्यपि यसको नजिकको सम्बन्ध भने मानवमनको व्याख्या विश्लेषण गरिएको साहित्यिक समालोचनाअन्तर्गत नै रहेको देखिन्छ । बीसौं शताब्दीको पुर्वार्द्धको प्रारम्भमै जन्मेको मनोविज्ञानपरक समालोचना-सिद्धान्तले मानवमनभित्रका अन्तरकुन्तरमा रहेका भावनाहरूको अध्ययन, व्याख्या विश्लेषण र मूल्याङ्कन गरेको छ । यस समालोचना प्रणालीको प्रयोग नेपाली साहित्य समालोचनामा पनि प्रशस्त मात्रामा हुँदै गएको देखिन्छ ।

### ३.२.३.५ आदिमतापरक समालोचना

आदिमतापरक समालोचना प्रणाली बीसौं शताब्दीमा देखापरेको समालोचना प्रणाली हो । यो प्रणाली सामान्यतः मनोविज्ञानपरक समालोचनाकै विस्तार वा विशिष्ट संस्करण

जस्तो देखापर्छ (त्रिपाठी, २०४९:१८५) । आदिमतापरक समालोचनालाई आदि प्रकारपरक समालोचना, पुराकथात्मक समालोचना, मिथकीय समालोचना र पुरावृत्तीय समालोचना पनि भनिन्छ (कँडेल, २०५३:१४४) । मिथक भन्नाले त्यस्तो कथाको बोध हुन्छ, जसमा देवी, देवता, राक्षस आदि अति प्राकृतिक तत्त्वको ठूलो भूमिका रहन्छ । यसले अतिमानवीय भएर मान्छेकै समस्यालाई प्रस्तुत गर्दछ । मिथक सामूहिक मानव जातिको कथा हो र अवचेतन मनको सृष्टि हो । त्यो मानवजातिले आफ्नो विकासको शैशवावस्थामा कथेको कथा हो (गौतम, २०५०:४५५) । आदिमतापरक समालोचना प्रणाली कार्ल गुस्ताभ युङ्गको सामूहिक अवचेतन सिद्धान्तका मान्यताबाट प्रेरित विशिष्ट रूप हो । यसमा मानवशास्त्रीय र लोक संस्कृतिको समेत प्रभाव परेको पाइन्छ ।

यस समालोचना प्रणालीले मान्छे र उसको सभ्यताको तथाकथित आवरण तथा उसको चेतनमन र विवेकले जे-जस्तो परिवर्तनको हावी गरे पनि आनुवंशिक रूपमा मान्छे उही हो भन्ने ठान्छ । आदिमतापरक समालोचना प्रणाली उत्कृष्ट वा निकृष्ट जे भए पनि मान्छेलाई सम्पूर्णतः वौद्धिक प्राणी ठान्ने अति वैज्ञानिकताबाट उब्जिएका समसामयिक असन्तुष्टिहरूकै उपज हो (त्रिपाठी, २०४९:२०३) । मानवशास्त्रीय कृतिहरूले हामीलाई त्यस समग्रमानवतातिर प्रत्यावर्तित पार्न खोजेका छन्, जसले मानव प्रवृत्तिमा अन्तर्निहित आदिमतत्त्वहरूको मूल्य पनि स्वीकार गर्न सक्तछ भन्ने विल्वर स्कटको धारणा छ (पृ.२०३) ।

निष्कर्षमा के भन्न सकिन्छ भने आदिमतापरक समालोचना प्रणाली मनोवैज्ञानिक साँस्कृतिक समालोचना प्रणाली हो । यस आदिमतापक समालोचनालाई पुराकथात्मक मिथकीय समालोचना प्रणाली पनि भनिन्छ । यस समालोचना प्रणालीले लिखित-साहित्य र लोकसाहित्यका बीचमा सेतु (पुल) को काम गरेको हुन्छ । नेपाली साहित्यमा पनि यस समालोचना प्रणालीको धेर-थोर प्रभाव परेको देखिन्छ ।

### ३.२.३.६ रुसी रूपवाद

उन्नाइसौं शताब्दीको अन्त्य र बीसौं शताब्दीको प्रथम चरण सम्ममा कलावाद उग्र उत्तेजनाको चरण पार गर्दै संयत कलावादतर्फ उन्मुख हुन लाग्यो । वस्तुतः यही कलावादी आन्दोलन नै रूपपरक समालोचनाको सबभन्दा निकटतम वैचारिक पूर्वबीज तथा उत्प्रेरक

कारकसमेत हुन पुग्यो (त्रिपाठी, २०४९:३०५) । रूपपरक समालोचना प्रणालीअन्तर्गत पर्ने रुसी (रसियाली) रूपवादको थालनी इ. १९१० को दशकमा भएको देखिन्छ । मस्कोको 'भाषा वैज्ञानिक समूह' (१९१५) र पिटार्स वर्गका 'साहित्यिक भाषा अध्ययन समाज' (अपोयाज, १९१७ तिर) का स्थापनाबाट रुसी रूपवाद सुरू भएको हो (कँडेल, २०५३:१४४) ।

पाश्चात्य रूपपरक समालोचनाका क्षेत्रमा ईशवीय बीसौं शताब्दीका पूर्वार्द्धमा देखापरका अभियान मध्ये रुसी रूपवाद पनि एउटा महत्वपूर्ण अभियान हो । यसका अभियन्ताहरू हुन्: 'काव्यभाषा अध्ययन समाज' का प्रवर्तक भिक्टर श्लोभ्स्की, 'मस्को भाषिक समूह' का प्रवर्तक रोमन याकोब्सन, यस्तै भ्यादिभिर प्रोप आदि । यस समालोचना पद्धतिले कृतिविशेषको कलात्मक प्रविधि वा कलात्मक रूपमा जोड दिंदै अन्तर्विषयलाई रूपकै अधीनस्थ अङ्ग मान्दछ । सन् १९१० को दशकको प्रारम्भतिर रुसमा प्रादुर्भाव भएको प्रस्तुत रुसी रूपवाद स्टालिनवादी तथा समाजवादी-मार्क्सवादी सिद्धान्तको प्रभुत्वका कारण सन् १९३० को दशकमा नै अन्त्य हुन पुगेको देखिन्छ (श्रेष्ठ, २०६१:६०) ।

कुनै पनि कृतिमा वस्तुपक्ष र रूपपक्ष हुने भए पनि रूपवादीहरू कृतिको रूपपक्षबाट साहित्यिकताको निर्धारण हुने भन्दै साहित्यिक कृतिमा रूपलाई सर्वोपरि स्थान दिन्छन् । रूपवादीहरू साहित्यलाई शाब्दिक कला ठान्दछन् र शब्दचयन कविता रीतिको उपयोग, वाक्य गठन तथा लय निर्माणमा सीप देखाएर कवि या स्रष्टा साहित्यिक भाषालाई भाषाको अन्य प्रयोगबाट भिन्न पार्छ भन्छन् । रूपवादीहरूले कविता-काव्यमा प्रयोग भएको शब्द स्रष्टाको विचारको वाहक मात्र नभएर उक्त शब्द आफैँमा विचार पनि हो, साधन मात्र नभएर साध्य पनि हो भन्ने मान्यता प्रस्तुत गरेका छन् । रूपपरक समालोचनाअर्न्तगतको रुसी रूपवादले स्रष्टालाई नभएर उसको सृष्टिलाई विशेष महत्व दिन्छ ।

### ३.२.३.७ नयाँ समालोचना

रूपात्मक आलोचनाको बढी चल्तीको नाउँ 'नयाँ आलोचना' वा 'नव समीक्षा' हो । यसलाई ऐतिहासिक आलोचनातर्फ धारेहात लाएर उभिने आधुनिक समीक्षा मानिन्छ । आधुनिक आलोचनाको विशिष्ट प्रवृत्तिका रूपमा नयाँ आलोचना इङ्ल्यान्डमा जन्मेको र अमेरिकामा हुर्केको हो (शर्मा, २०४०:६५) । यस 'नयाँ समालोचना' शब्दावलीको पूर्व प्रयोग पूर्ववर्ती समालोचक स्पिनगर्नले गरिसकको भए तापनि सन् १९४१ मा जोनक्रो ऱ्यान्समले

'न्यू क्रिटिसिज्म' प्रकाशित गरेपछि समालोचनाको क्षेत्रमा यस नयाँ अभियानको बलियो सूत्रपात भएको हो । यस 'नव (नयाँ) समालोचना' अङ्ग्रेजी (ब्रिटेन मूलतः अमेरिका) मा अत्यन्त विख्यात समालोचना सम्प्रदाय हो (त्रिपाठी, २०४९:२७१) । कृतिमा केन्द्रित हुनु नै नयाँ आलोचनाको मूल अभिप्राय हो । यसलाई सौन्दर्यात्मक रूपवाद, आँग्ल अमेरिकी आलोचना, अङ्ग्रेजी आलोचना, विश्लेषणात्मक आलोचना आदि नाम दिने चलन पनि पाइन्छ (गौतम, २०५०:२८४) ।

रसियाली रूपवादलाई सम्झाउने यो साहित्य-सिद्धान्त पनि इतिहासनिरपेक्ष नै देखिन्छ, किनभने यस साहित्य सिद्धान्तले पनि कृतिको भाषालाई विशेष प्रकारको भाषा मान्नाका साथै उक्त भाषालाई आफैंमा पूर्ण र स्वायत्तता भएको वाचिक अभिव्यक्ति मान्दै कृतिलाई वाह्य संसारबाट विच्छिन्न एउटा अलग्गै भावजगत् मान्दछ । रूपपरक समालोचनाका रूपमा पनि चिनिने नव समालोचनालाई ऐतिहासिक (स्वच्छन्दतावादी वा प्रभाववादी आदि) समालोचनाको उग्र विरोध गर्ने आधुनिक समालोचना मानिन्छ ।

'नयाँ समालोचना' ले बढी प्रचार प्रसार र प्रश्रय पाउनमा अमेरिकी सरकारको सञ्चार माध्यमहरूको ठूलो हात रह्यो । प्रगति विरोधी यसको चरित्रलाई बडो नयाँ र आधुनिक भनेर बढावा दिइयो । यति हुँदाहुँदै पनि १९४० को दशकको अन्तसम्म आइपुग्दा 'नयाँ समालोचना' तीब्र आलोचना र विरोधको विषय बन्यो (वराल, २०६४:५१) । तथापि यही विरोधको समय र तत्पश्चात् अर्थात् १९५० को दशकमा यस समालोचनको तीब्र विकास भएको देखिन्छ । पूर्व-पश्चिम दवैतर्फका साहित्य-समालोचनाहरूमा 'नयाँ समालोचना' को धेर थोर प्रभाव परेको देखिन्छ । यस 'नव समालोचना' ले साहित्यलाई विशेष प्रकाकरको भाषा मान्दै कृतिभित्र पद-पदावली, विम्ब-प्रतीक आदिमा जोड दिनु र पात्र, कथानक, सारवस्तु आदिको उपेक्षा गर्नु यसको सीमा र वैशिष्ट्य हुन् ।

### ३.२.३.८ शैली वैज्ञानिक समालोचना

शैली वैज्ञानिक समालोचना साहित्यिक समालोचनका क्षेत्रमा नवीन प्रणालीका रूपमा देखापरेको छ । बीसौं शताब्दीका द्वितीय, तृतीय र चतुर्थ दशकको अवधि शैली विज्ञानको पृष्ठभूमि निर्माण र सैद्धान्तिक एवम् प्रायोगिक चासोको प्राथमिक समयावधि मानिन्छ भने यसै शताब्दीका उत्तरार्द्धका दशकहरूमा शैलीविज्ञान समालोचना सैद्धान्तिक र

प्रायोगिक दुवै पक्षमा क्रमशः फस्टाउँदै आइरहेको छ । यसरी विकसित हुँदै गएको 'शैली विज्ञान' ले साहित्यिक कृतिको शैलीलाई हेर्ने समग्र ऐतिहासिक र कलात्मक पक्षलाई पूर्ण वेवास्ता गरी साहित्यलाई शब्दहरूको व्यवस्थित मेल र शाब्दिककलाको खेल ठान्दछ । रूपवादीहरूको रूपप्रतिको तीव्र मोह र संरचनावादीहरूको पाठगत आग्रह भन्दा पनि पर पुगेर यसले साहित्य भनेको केवल भाषाको चमत्कार मात्र ठान्दछ । नेपाली समालोचनामा 'शैली विज्ञान' को विज्ञानलाई प्रयोग गर्ने मोनराज शर्मा (सन् १९८९:५६७) कै भनाइमा पनि शैलीविज्ञान शाब्दिक कला हो भन्ने देखिन्छ ।

प्रतीक विज्ञान र अर्थविज्ञानको अभ्युदयका साथै सौन्दर्यशास्त्र र साहित्यशास्त्रीय विधा सिद्धान्त एवम् भाषाविज्ञानका नवस्थापनाबाट शैली विज्ञान प्रेरित रहेको छ (त्रिपाठी, २०४९:२८७) । शैलीविज्ञानको ऐतिहासिक परम्परालाई खोज्दा यो पूर्वमा भरतमुनिसम्म र पश्चिममा प्लेटो, अरस्तुसम्म लम्बिन सक्छ । यति भएर पनि यसले वास्तविक स्वरूप आधुनिक कालमा मात्र प्राप्त गरेको हो । शैलीविज्ञानले प्रथमतः ध्वनि, रूप र वाक्य व्याकरणसम्मका भाषिक शैलीगत अध्ययनमा बढी रुचि लिएको हो जसलाई लघुशैलीविज्ञान पनि भनिन्छ (पृष्ठ ५५३) । 'नयाँ समालोचना' झैं यो समालोचना पनि कृतिकेन्द्री हुँदै आएको देखिन्छ । नयाँ समालोचना जस्तै निरपेक्ष प्रस्तुत शैली विज्ञान प्रयोगात्मक भाषाविज्ञानको हाँगो मानिँदै आएको छ तापनि स्वतन्त्र भएर विकसित हुने साहस पनि बटुल्दै छ । मोहनराज शर्मा (२०४८:५) का अनुसार शैलीविज्ञानले एउटा स्वतन्त्र विज्ञानको रूप प्राप्त गरिसकेको छ ।

प्रसिद्धसमालोचक आई.ए.रिचर्डस र इम्पसनबाट प्रारम्भ भएको शैली वैज्ञानिक समालोचना प्रणालीको प्रयोग आज पूर्व-पश्चिम दुवैतिरका भाषा-साहित्यमा उत्तिकै उपयोगमूलक बनेको छ । नेपाली भाषा-साहित्यमा मोहनराज शर्माको 'शैली विज्ञान' (२०४८) शैली वैज्ञानिक समालोचनाको नमुना बनेको छ ।

### ३.२.३.९ संरचनावादी समालोचना

स्विट्जरल्यान्डका भाषाशास्त्री फर्डिनान्ड द ससुर (सन् १८५७-१९१३) को भाषासम्बन्धी सिद्धान्तबाट संरचनावादी समालोचना पद्धति प्रभावित छ । उनी भाषालाई सङ्केत मान्दछन् र बाहय यथार्थलाई वर्जित गरेर ती सङ्केतहरू भित्रका तत्त्वहरूलाई

समष्टि संरचना मान्ने कुरामा जोड दिन्छन् । सङ्केतहरू भित्रका तत्त्वहरूको अन्तर्सम्बन्धबाट नै संरचना तयार हुने मान्यता राख्ने यी भाषाशास्त्री कृतिको ऐतिहासिकताप्रति विमुख भएको पाइन्छ (श्रेष्ठ, २०६१:६१) । संरचनावाद भन्ने वित्तिकै भाषा, सङ्केत, चिन्ह र तिनको संरचनामा जोड दिने साहित्यिक सिद्धान्तको बोध हुन्छ । कार्ल वेकसन र आर्थर ग्याँज (सन् १९९१:२६७) यसलाई "बौद्धिक विश्लेषणको एक पद्धति" (अ मेथड अफ इन्टलेक्चुअल एनलाइसिस्) मान्दछन् ।

संरचनावादले आजको रूप प्राप्त गर्नुमा मानवशास्त्रीहरूको, मनोवैज्ञानिक र दार्शनिकहरूको, धर्म प्रचारक र भाषाशिक्षकहरूको तथा अमेरिकाली वैज्ञानिक उन्नति र आर्थिक समुन्नतिको पनि प्रत्यक्ष-अप्रत्यक्ष भूमिका छ (बन्धु, २०४०:१) । संरचनावाद गणित र भौतिकशास्त्रदेखि विभिन्न सामाजिक शास्त्रहरू तथा मानविकी लगायत भाषाशास्त्र, साहित्य र कलाका क्षेत्रमा पनि प्रचलित हुन पुगेको बहुशास्त्रीय अवधारणा हो (त्रिपाठी, २०४९:५५५) । यति भएर पनि साहित्यिक कृतिको रूप तथा संरचनाको अध्ययन गर्ने सामान्य साहित्य सिद्धान्त तथा प्रायोगिक समालोचनाकै मोटामोटी तात्पर्यमा साहित्यिक समालोचनाका क्षेत्रमा संरचनावादको प्राथमिक चिनारी प्राप्त भएको छ (पृ. ५५९) । 'संरचनावाद' आफैंमा एउटा विधि वा पद्धति भएकाले यसका निश्चित मान्यताहरू छन् । यसले लेखकीय दृष्टिविन्दुको सट्टा पाठकीय दृष्टिविन्दुलाई अँगाल्छ । कृतिको बाह्य मूल्य तर्फ ध्यान नदिई यसले कृतिपरकतामा जोड दिन्छ । कृतिलाई आफैँमा पर्याप्त अवयवात्मक संरचनाका रूपमा स्वीकार्दै यसले कृतिको अन्तरङ्ग अध्ययनमा रुचि राख्छ ।

छोटोमा भन्दा संरचनावादी समालोचनाले परम्परागत समालोचनाले महत्व दिएका विषयवस्तु र रूपको द्वैधतालाई अस्वीकार गर्छ त्यसैगरी यस समालोचनाले अर्थ, भाषा र रूपका त्रिकोणात्मक अवधारणालाई समेत प्रत्यक्ष रूपमा मान्दैन । शैलीवैज्ञानिक समालोचनाले जस्तै यसले साहित्यिक कृतिका संरचनाका विभिन्न तह र श्रेणीका बीचको सह-सम्बन्ध र व्यवस्थामा जोड दिन्छ ।

### ३.२.३.१० विनिर्माणवाद-उत्तरसंरचनावाद

संरचनावादमा निहित पाठकेन्द्रित चिन्तन क्रमिक रूपमा अर्थसर्जन र पाठकमुखी चिन्तनमा फेरिदैं जान थालेपछि संरचनाले नयाँ मोड लिन थाल्दछ । पाठ बहुअर्थी हुने,

एउटा पाठबाट हजारौं पाठको सिर्जना गर्न सकिने चिन्तन साहित्यिक चिन्तनमा निकै फस्टाउन थाल्दछ । भाषावाद बहुलवादमा फेरिन्छ र पाठहरू अनेकार्थ र विनिर्माणका तहमा फेरिन्छन् । साहित्यिक चिन्तनको यसै क्रममा एउटा निश्चित मूल्य र मान्यताका साथ सुरूमा दर्शनका र पछि साहित्यिक मूल्यका दृष्टिले फ्रान्सबाट एउटा कला आन्दोलनको थालनी हुन्छ । त्यही आन्दोलन पछि अमेरिकामा गएर एउटा ठोस र सङ्गठित आन्दोलन र चिन्तनको रूपमा विकसित हुन्छ । यसैलाई साहित्यको इतिहासमा विनिर्माणवादको संज्ञा दिइएको छ (वराल, २०५६:७६) । यस विनिर्माणवादले उत्तर आधुनिक समयलाई र यस समयमा प्रतिपादन भएका मान्यताहरूमा समेत प्रभाव पारेको छ ।

'विनिर्माण' शब्दका निर्माता तथा प्रयोक्ता प्रसिद्ध फ्रान्सेली चिन्तक, दार्शनिक तथा भाषाविज्ञानी जाक डेरिडा (१९३०) हुन् । खासगरी साहित्यिककृति वा पाठको पठन तथा सामान्यतः समालोचनाको नयाँ सिद्धान्तलाई जन्म दिंदै डेरिडाले नै यसको नामकरण गरेका हुन् । डेरिडाले यस नयाँ सिद्धान्तको नाम 'विनिर्माणवाद' (डिकन्स्ट्रक्सन) राखेका हुन् । नेपालीमा यस विनिर्माणवादलाई विसंरचनावाद, उत्तर संरचनावाद, विरचनावाद, विसङ्घटनावाद, विनिर्मितिवाद आदि विभिन्न नामले पनि चिन्न सकिन्छ ।

वास्तवमा उत्तरसंरचनावादकै स्वरूप लिएर विनिर्माणवाद देखापरकाले यी दुईलाई पर्यायवाची मान्ने गरिन्छ । जे होस् नयाँ प्रकारको पठन अभ्यास यसको अभीष्ट भएको हुँदा यसले अमेरिकाको साहित्यालोचनमा झण्डै दुई दशक सम्म निकै ठूलो प्रभाव जमाउन सक्यो (श्रेष्ठ, २०६२:६०) । विनिर्माणवादले पाठका लागि पाठकको आवश्यक पर्ने र पाठकको दक्षता अनुसार पाठमा विभिन्न अर्थ लाग्ने र एउटै पाठका अनेक रूप हुन सक्ने मान्यता प्रस्तुत गरेको छ ।

छोटोमा विनिर्माणवाद उत्तर आधुनिक समालोचनाको एउटा प्रमुख सिद्धान्त एवम् पद्धति हो । यसका प्रवर्तक फ्रान्सेली चिन्तक जाक डेरिडा हुन् । डेरिडाले १९६० को दशकमा यस वादको प्रतिपादन गरेका हुन् । यस विनिर्माणवादलाई अगाडि बढाउने अन्य प्रखर चिन्तकहरू हुन्- पौल डि म्यान, जेफ्री हार्टम्यान, जे हिलिस मिलर र हेराल्ड ब्लुम । अन्य चिन्तक, समालोचकहरूले समेत यसको विकासमा प्रत्यक्ष-अप्रत्यक्ष सघाउ पुऱ्याएका छन् । यस विनिर्माणवादको प्रयोग फ्रान्सेली, अमेरिकाली साहित्यमा मात्र नभएर नेपाली

साहित्यमा समेत यसको प्रभाव र प्रयोग भएको पाइन्छ । इन्द्रबहादुर राईको 'कठपुतलीको मन', ध्रुवचन्द्र गौतमको 'अग्निदत्त+अग्निदत्त' जस्ता कृतिहरू विनिर्माणवादी साहित्यिक कृति हुन् ।

### ३.२.३.११ नारीवादी समालोचना

नारीमाथि हुँदै आएका सामाजिक, आर्थिक, शारीरिक र बौद्धिक शोषणकै क्रममा नारीहरू र नारीमुक्तिका पक्षधरहरूबाट नारीवादी तथा नारीमुक्तिको चिन्तन देखापरेको हो । वास्तवमा यो नै नारीवादी समालोचनाको पृष्ठाधार हो (वराल, २०६४:६४) । नारीलाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गर्ने हैकमवादी पुरुष मानसिकताका, विरुद्ध स्वर उराल्ने काम 'अमेरिकी स्वतन्त्रता सङ्ग्राम' (ई. १७७७) र ' 'फ्रान्सेली राज्य क्रान्ति' (ई. १७७८) देखि नै प्रारम्भ भएको हो तापनि यसले विशेषतः दोस्रो विश्वयुद्ध (१९३९-४५) पछिको चरणमा सफलता पाएको देखिन्छ । ई- १९४९, मा प्रकाशित सिमोन द बुबाको 'द सेकेन्ड सेक्स' नामको कृतिले नारीवादी चिन्तनको बीजारोपण गर्‍यो (बराल र सुवेदी, २०५८: १२४) । बुबाको यस कृतिमा समाजमा नारीको स्थिति र भूमिका बारे प्रश्न उठाउँदै नारीको पहिचान सम्बन्धी विस्तृत समीक्षा गरेकी छन् । यस ग्रन्थको मुख्य स्वर राजनैतिक भए पनि सर्वप्रथम बुबाले नै पुरुषले उपन्यासमा नारीको वर्णन कसरी गर्छ भन्ने कुराको परीक्षण गरेकी हुन् ।

नारीवाद (फेमिनिज्म) राजनीतिक समतामूलक विचार बोकेको र ई. १९६० को दशकमा सुरू भएको पुरुष प्रधान समाजका विरुद्धको नारी आन्दोलन हो । आदिम तथा सभ्य दुवै समाज पुरुष विख हुन् ....... चाहे पितृसत्तात्मक पुरुषबाट होस् चाहे मावलीवादी पुरुषबाट होस्, नारीजाति सँधै भरि उत्पीडित नै रहेको छ (मिलेट, १९६९:२५-४६) । केट मिलेटको उपर्युक्त पुरुषसम्बन्धी धारणाले पुरुषचरित्रको ऐतिहासिक तथ्य स्पष्ट भएको छ । मिलेटले आफ्नो 'सेक्सुअल पोलिटिक्स' (१९६९) कृतिमा नारीका हकहीत र अधिकारका बारेमा आवाज उठाएकी छन् ।

नारीवाद मूलतः एउटा व्यवहारवादी (प्रयोगवादी) आन्दोलन हो । यसले सामाजिक, साँस्कृतिक एवम् साहित्यिक पक्षमा रहेर उनीहरूका विचार, मूल्य, मान्यता, आस्था आदिलाई अगाडि बढाएर नारी हीतमा सघाउ पुर्‍याएको छ । यसका साथै यसले नारी

स्वतन्त्रता, मुक्ति र आत्मनिर्भरता प्रदान गर्न बल दिन्छ । पुरुषप्रधान समाजमा नारीले भोग्नु परेका समस्याहरूलाई अगाडि सार्दै पुरुष सरह नारीले पूर्ण नागरिक भई बाँच्न, कामकाज गर्न पाउनुपर्छ भन्ने यस आन्दोलनको सिद्धान्त एवम् उद्देश्य रहेको देखिन्छ । यस आन्दोलनको आशय लोग्ने मान्छेको विरोध गर्नु नभएर नारीलाई पुरुष सरह उभ्याउनु रहेको छ ।

सन् १९६०-७० को दशकमा सचेत रूपमा सुरू भएको नारीवादले अमेरिकामा विशेष लोकप्रियता पाउँदै गएको देखिन्छ भने वेलायतमा पनि नारी प्रकाशन गृहहरूको स्थापना भएर यसले सक्रिय स्वरूप लिएको देखिन्छ । बेलायतमा सन् १९७७ मा 'भिर्गो' नामक प्रकाशनले नारीहरूको स्वतन्त्र पुस्तक प्रथम पटक प्रकाशन गरेको छ भने सन् १९७८ मा 'द ओमन प्रेस' को स्थापना समेत भएको छ (शर्मा र लुँइटेल, २०६१:३७३) । यस्ता कार्यहरूले नारीवादी आन्दोलन र समालोचना प्रणालीलाई जीवन्त तूल्याउने काम गरेका छन् ।

नारीवादी समालोचनाले विभिन्न आरोप र प्रत्यारोप सहनु परेको भए पनि यसले नारीको भावना, नारीको धारणा साथै नारीका सामाजिक, राजनैतिक, नैतिक आदि मूल्यको उपेक्षा भइरहेको सन्दर्भमा समाजको महत्वपूर्ण तर उपेक्षितवर्ग (नारी) लाई अगाडि ल्याएर नारीवादी समालोचनाको सैद्धान्तिक समस्याको समाधान गर्ने काम गरेको छ । यो कार्य यस क्षेत्रको महत्वपूर्ण उपलब्धि हो । नेपाली साहित्यमा पनि नारीवादी समालोचनाको प्रभाव र प्रयोग हुँदै गएको छ ।

### ३.२.३.१२ नव इतिहासवाद

नव इतिहासवाद उत्तरआधुनिकतावादबाट प्रभावित भई उत्पन्न भएको साहित्यिक अवधारणा हो । संरचनावाद, नवसमालोचना, शैलीवैज्ञानिक समालोचना, रुसी रूपवाद, सिकागो सम्प्रदाय, विनिर्माणवाद जस्ता इतिहास निरपेक्ष समालोचनासँग विमति जनाउँदै नवइतिहासवाद समालोचनाको जन्म भएको हो । यस समालोचनाले कुनै पनि लेख-रचनाहरूलाई ऐतिहासिक सन्दर्भबाट नछुट्याई तिनीहरूको अध्ययन ऐतिहासिक, साँस्कृतिक, सामाजिक र वैचारिक पक्षहरूका आधारमा गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । सन् १९८२ मा 'जाँर' नामक पत्रिकाको विशेषाङ्क प्रकाशित गरेर अमेरिकाका स्टिफेन ग्रिनब्लाटले यस 'नव

इतिहासवाद' को प्रारम्भ गरेका हुन् (श्रेष्ठ, २०६१:६३) । कुनै पनि कृतिको जन्मका लागि ऐतिहासिक तथा साँस्कृतकि स्थितिलाई कारकतत्त्व मान्ने यो सिद्धान्त माइकल फाउकल्टद्वारा परिपक्व बन्न पुगेको देखिन्छ ।

नवइतिहासवादीहरूका विचारमा कुनै पनि लेख रचना भनेको समकालीन, ऐतिहासिक, सामाजिक एवम् साँस्कृतिक घटनाहरूको उपज हो अनि कुनै पनि कृति कुनै समय र स्थानको प्रतिनिधि अथवा वैचारिक उत्पादन अथवा साँस्कृतकि निर्माण हो । यस्ता कृतिहरूले ऐतिहासिक घटनामा विशेष महत्व राखेका हुन्छन् । यद्यपि इतिहासवाद भन्दा नवइतिहासवाद केही पृथक देखिन्छ । यस नवइतिहासवादले कृतिलाई साँस्कृतिक परिपाटीसँग सम्बद्ध गरेर सृजनप्रक्रियाबारे अध्ययन विश्लेषण गर्दछ । यो कार्य नवइतिहावादमा पाइने नवीन विशेषता हो । यस नव इतिहासवादलाई साँस्कृतिक अध्ययन गर्ने विधि मानिन्छ ।

छोटोमा भन्दा कुनै पनि कृतिलाई राम्ररी बुझ्नका लागि त्यसको लेखन र अन्य सामाजिक साँस्कृतिक मूल्य मान्यताहरू बीचको अन्तरसम्बन्धबारे अध्यनय गर्नु पर्दछ भन्ने मान्यता नै नवइतिहासवादको महत्वपूर्ण प्रमुख पक्ष हो ।

## ३.३ निष्कर्ष

प्रस्तुत तेस्रो परिच्छेदको अध्ययनबाट निम्न बुँदाहरू स्पष्ट भएका छन् :

१) साहित्यिक कृतिको अध्ययन, आस्वादन र बोध गरेपछि त्यसबारे व्यक्त गरिएको विचार समालोचना हो ।

२) समालोचनाका लागि आलोचना समीक्षा जस्ता समानार्थी शब्द प्रचलित रहेका छन् ।

३) सैद्धान्तिक वा व्यावहारिक मापदण्डका आधारमा कृतिको व्याख्या विवेचना, मूल्याङ्कन तथा सौन्दर्योद्घाटन गर्नु समालोचनाको कार्य हो ।

४) समालोचनाका मूलतः दुईवटा प्रकार देखिएका छन्: (क) सैद्धान्तिक समालोचना र (ख) व्यावहारिक समालोचना

५)	व्यावहारिक समालोचनालाई प्रायोगिक समालोचना पनि भनिन्छ । विश्वसाहित्यमा प्रायोगिक /व्यवहारिक समालोचनाका विभिन्न नव-नव पद्धतिहरू विकसित भएका छन् ।

६)	विश्वसाहित्यमा प्रचलित यस्ता समालोचना पद्धतिहरू हुन्: नीतिपरक समालोचना, जीवनीपरक समालोचना, समाजपरक समालोचना, मनोविश्लेषणात्मक समालोचना, नयाँ समालोचना, शैली वैज्ञानिक समालोचना, संरचनावादी समालोचना, रसियाली रूपवाद, विनिर्माणवाद, नारीवादी समालोचना, आदिमतापरक समालोचना, नव इतिहासवाद, मार्क्सवादी समालोचना आदि ।

७)	नेपाली समालोचनामा पनि उपर्युक्त समालोचना पद्धतिहरूको प्रभाव र प्रयोग हुँदै गएको छ ।

# परिच्छेद चार

## नेपाली समालोचना परम्परामा कँडेलको आगमन र उनको समालोचना यात्रा

### ४.१ नेपाली समालोचनाको विकास प्रक्रिया

साहित्यले जीवन-जगत्लाई प्रस्तुत गरेको हुन्छ भने समालोचनाले त्यस साहित्यको व्याख्या, विश्लेषण र मूल्याङ्कन गरेको हुन्छ । अतः साहित्यलाई समालोचनाको जननी मान्न सकिन्छ । विश्वमा नै साहित्य सिर्जनापछि मात्र समालोचना कार्य भएको देखिनुले पनि उक्त कुरालाई पुष्टि गर्न थप सहयोग मिलेको देखिन्छ । सिर्जनात्मक साहित्यमा हार्दिक र रागात्मक पक्ष बढी हुन्छ भने समालोचनामा बौद्धिकता र वस्तुपरकताको मात्रा बढी हुन्छ । यही मात्राको घट बढ र अन्य आफ्नै विशेषताहरूले गर्दा साहित्य र समालोचना भिन्न विधा बन्न पुगेका छन् । समालोचक वासुदेव त्रिपाठी (२०४९:४) कवि र उसका कृतिबारे भन्छन् "कवि स्वभावतःआफ्नो कवि-जगत्का सम्बन्धमा केही न केही टिप्पणी गरिहाल्छ र यो टिप्पणी पनि निश्चय नै समालोचनाका सैद्धान्तिक बुँदा बन्न जान्छन्" । त्रिपाठीका यी कुराहरूले समेत कवि र उसका रचनामा पनि समालोचकीय दृष्टि रहेको हुन्छ भन्ने स्पष्ट गरेका छन् । यति हुँदा हुँदै पनि समालोचना आफैंमा एउटा गहन कार्य हो र सर्जकका सिर्जनापछि मात्र यी कार्यहरु हुन्छन् । नेपाली सृजनात्मक साहित्यको लेखन आधुनिक नेपालको एकीकरण समय (वि.सं. १८२६) कै वरपर भएको हो र यसको करीब एकशताब्दी भन्दा धेरै पछिमात्र नेपाली समालोचनाको थालनी भएको देखिन्छ । सिर्जनात्मक विकासको एक उच्चतम प्राप्तिका रूपमा भानुभक्त आचार्य (वि.सं. १८७१-१९२५) देखापरे भने आचार्यकै व्यक्तित्व र कृतित्वको समीक्षा गरेर नेपाली समालोचनाको शिलान्यास माध्यमिक कालीन प्रतिभा मोतीराम भट्ट (वि.सं. १९२३-१९५३) ले गरेको देखिन्छ । मोतीराम भट्टले 'कवि भानुभक्ताचार्यको जीवन चरित्र' (१९४८) लेखेपछि नेपाली आलोचनाको परम्परा थालिएको हो (नेपाली शब्दकोश, २०५६:१२८) । भट्टले भानुभक्तको जीवनी, व्यक्तित्व र कृतित्त्व अन्तर्गत आचार्यका भाषिक विशेषता, कलात्मक सौन्दर्य, सिर्जनात्मक प्रतिभा तथा अभिव्यक्ति सामर्थ्य एवम् वैचारिक गुणसमेत पर्गेल्ने काम गरेका छन् । तत्कालीन समयमा भट्टले यस्तो कार्य गर्नु आफैंमा एक महत्वपूर्ण एवम् महान् र नवीन कार्य हो । भट्टले यो नवीन एवम् महान् काम गर्नु पूर्व केही विद्वान-स्रष्टाहरूले समालोचनात्मक संकेत दिएका

छन् । वि.सं. १८५५ मा शक्तिवल्लभ अर्यालले 'हास्यकदम्ब' को अनुवाद गरे जसको प्रथम उल्लोल (परिच्छेद) मा उनले हास्यरसका श्रेष्ठताका बारेमा विशेष चर्चा गरेका छन् । यसरी नै हीनव्याकरणी विद्यापतिले १८८८ सालमा 'नायिका भेद' शीर्षकको अुनवाद पद्यमा शृङ्गारका सात राग र सात थरी नायिकाका बारेमा चर्चा गरेका छन् । यस्ता कार्यहरू नेपाली सैद्धान्तिक समालोचनाको एउटा प्रारूप अथवा सामान्य नमुना अवश्य हुन् । भानुभक्त आचार्यले सुविदार (सु.) धर्मदत्तलाई पठाएको पद्यात्मक पत्रमा कविताको शैलीका बारेमा टिप्पणी गरेको पाइन्छ । यसैगरी पतञ्जलि गजुर्‍यालले 'अनुनय पद्य' र 'रसवर्णन' नामक पद्यात्मक कृतिमा नायिकाको अनुनय, हावभाव, कटाक्ष आदिको वर्णन र रससम्बन्धी व्याख्या गरेका छन् । यी र यस्ता अन्य कार्यहरू समालोचनात्मक प्रारूपका थप शृङ्खला हुन् (सुवेदी, २०६१:७२-७७) ।

उपर्युक्त प्रयासहरू एक पूर्ण समालोचना नभई केवल टिप्पणी वा समालोचनात्मक संकेत हुन् । भट्ट पूर्व नेपाली समालोचना पूर्ण बाँझो थिएन भन्ने कुरा उपर्युक्त टिप्पणी अथवा संकेतहरूले देखाएका छन् ।

वि.सं. १९४८ बाट प्रारम्भ भएको मानिने नेपाली समालोचना आजसम्म निरन्तर चलिरहेको छ । पूर्व र पश्चिमका आफ्नै समालोचना पद्धतिहरू भए पनि नेपाली समालोचनामा भने सुरू-सुरूमा पूर्वीय र पछि पाश्चात्य दुबै पद्धतिलाई आत्मसात् गर्दै समालोचना गरेको देखिन्छ । पूर्वीय र पाश्चात्य समालोचनात्मक मापदण्डलाई आधार बनाएर थालिएको नेपाली समालोचनाको छोटो इतिहासलाई विभिन्न विद्वानहरूले विभिन्न कालावधिमा विभाजन गरेका छन् । नेपाली समालोचनाको काल विभाजन गर्ने केही प्रमुख विद्वानहरू र उनीहरूले विभाजन गरेको समयावधिलाई निम्न रूपमा प्रस्तुत गरिन्छ ।

समालोचक कृष्णचन्द्रसिंह प्रधान (२०२५:९) ले नेपाली समालोचना यात्रालाई तीन चरणमा विभाजन गरेका छन् । उनका अनुसार प्रथम चरणको समयावधि वि.सं. १९४८ देखि १९९८ सम्म, द्वितीय चरणको समयावधि वि.सं. १९९९ देखि २००७ सम्म र तृतीय चरणको समयावधि वि.सं. २००८ देखि हालसम्म रहेको छ । प्रधानका यी तीन चरणका प्रारम्भविन्दुलाई उपयुक्त मानेर समर्थन गर्दै २०२० सालदेखि नेपाली समालोचनाको चौथो चरण सुरू हुन्छ र त्यो हालसम्म रहन्छ भन्ने विचार मोहनराज शर्मा र दयाराम श्रेष्ठ

(२०४९:१६८) ले व्यक्त गरेका छन् । त्यस्तै रविलाल अधिकारी (२०५१:४२-५०) ले नेपाली समालोचना यात्रालाई यसरी विभाजन गरेका छन्- क) प्रारम्भिक काल (वि.सं. १९४८-१९९८), ख) आधुनिक काल पहिलो चरण (वि.सं. १९९९-२००७) र ग) आधुनिक काल-दोस्रो चरण (वि.सं. २००८-हालसम्म) । अधिकारीको उक्त चरणगत समय विभाजन प्रधान (२०२५:९) को समयविभाजनसँग मेल खान्छ । अधिकारीले दिएका चरणका नाम मात्र प्रधानको भन्दा पृथक छन् । समालोचक घनश्याम कँडेल (२०५५:छ) ले नेपाली समालोचना यात्रालाई चार चरणमा विभाजन गरेका छन् । उनका अनुसार प्रथम चरणको समयावधि वि.सं. १९४८ देखि १९९८ सम्म, द्वितीय चरणको समयावधि वि.सं. १९९९ देखि २००६ सम्म, तृतीय चरणको समयावधि वि.सं. २००७ देखि २०२४ सम्म र चतुर्थ चरणको समयावधि वि.सं. २०२५ देखि हालसम्म रहेको छ । कँडेलले कृष्णचन्द्रसिंह प्रधानको २०२५ सालमा प्रकाशित 'साझा समालोचना' लाई युगान्तकारी कृति मान्दै त्यही कृतिदेखि चतुर्थचरण प्रारम्भ भएको मानेका छन् । यसैगरी २०४७ सालबाट पाचौँ चरण मान्नुपर्ने भन्ने धारणा समेत उनले व्यक्त गरेका छन् (कँडेल, २०५५: न) । समालोचक राजेन्द्र सुवेदीले 'नेपाली समालोचनाः परम्परा र प्रवृत्ति' (२०६१:७२:७३) मा १९७८ सालपूर्वलाई नेपाली समालोचनाको पूर्वार्द्ध काल भनेका छन् भने त्यसपछि उत्तरार्द्धकाल प्रारम्भ भएको बताएका छन् । उनले पूर्वार्द्धकाललाई दुई भागमा बाँड्दै १९४३ सालपूर्वलाई प्राग्भूमि र १९४३ पछि १९७८ पूर्वलाई प्रचेष्टा नाम लिएका छन् । यसैगरी सुवेदीले उत्तरार्द्धकाललाई तीन भागमा विभाजन गरेका छन् । ती हुन्- पहिलो उठान वि.सं. १९७९ देखि २००२ सम्म, दोस्रो उठान वि.सं. २००३ देखि २०२० सम्म र तेस्रो उठान वि.सं. २०२१ देखि हालसम्म ।

उपर्युक्त विभिन्न विद्वानहरूले गरेको नेपाली समालोचनाको चरण विभाजनलाई हेर्दा तिनका बीच खासै भिन्नता पाइन्न । चरणका नामकरणमा भने केही भिन्नता पाइन्छ, यद्यपि त्यसले नेपाली समालोचना परम्परामा खासै असर गरेको छैन बरु सहयोग नै गरेको देखिन्छ ।

मोतीराम भट्ट (वि.सं. १९२३-१९५३) ले लेखेको र वि.सं. १९४८ मा प्रकाशित भएको 'कवि भानुभक्ताचार्यको जीवनचरित्र' शीर्षकको जीवनीपरक समालोचना ग्रन्थबाट प्रारम्भ भएको नेपाली समालोचनाले आजसम्ममा झण्डै बाहृदशक (११७ वर्ष) पार गरेको

देखिन्छ । यस क्रममा हालसम्मको नेपाली समालोचना परम्पराले आफ्ना विकासयात्राका यी चरणहरू पूरा गरेको देखिन्छ :

१. प्रथम चरण वि.सं. १९४८ देखि १९९८ सम्म

२. द्वितीय चरण वि.सं. १९९९ देखि २००५ सम्म

३. तृतीय चरण वि.सं. २००६ देखि २०२४ सम्म

४. चतुर्थ चरण वि.सं. २०२५ देखि हालसम्म

उक्त चरण विभाजनको प्रमुख आधार त्यस समयमा प्रकाशित समालोचनाकृतिलाई मानिएको छ ।

### ४.१.१ प्रथम चरण (वि.सं. १९४८-१९९८)

वि.सं. १९४८ पूर्वका पूर्वचेष्टा सामान्य टिपोट वा संकेत चर्चामात्र भएकाले तिनलाई पृष्ठभूमि मानेर भन्नुपर्दा नेपाली समालोचनाको वास्तविक रूपमा आरम्भ मोतीराम भट्टले लेखेको 'कवि भानुभक्ताचार्यको जीवन चरित्र' (१९४८) बाटै भएको हो । १९४८ सालदेखि समालोचक रामकृष्ण शर्माको आगमन पूर्वको अवधिलाई प्रथम चरण मानिएको पाइन्छ । यसरी नेपाली साहित्यमा नयाँ विधा समालोचनाको प्रारम्भ मोतीराम भट्टबाटै भएको हो । अतः उनी नेपाली समालोचनाका प्रथम समालोचक हुन् । भट्टले आफ्नै समालोचनाकृतिमा नेपालीका आदिकविका रूपमा प्रसिद्ध भानुभक्तका जीवनी, कवि व्यक्तित्व र कविताबारे जानकारी दिनुका साथै प्रारम्भिक रूपमा नै भए पनि आफ्ना श्रद्धेय कविका कवि व्यक्तित्वको केही विवेचना र मूल्याङ्कन गर्ने प्रयास गरेको देखिन्छ । भट्ट (१९४८:?) ले भानुभक्तका बारेमा आफ्नो समालोचना ग्रन्थमा भनेका छन् "भक्तिरसमा त अब उप्रान्त पनि भानुभक्तबराबर कौनै कवि पनि हुन सक्तैनन् भन्ने मेरो मनमा लाग्छ, तर पनि ईश्वरको सृष्टि हो भै गए पनि यिनका बराबरै हुनन्, यिनीभन्दा बढ्ता पक्का कोही पनि हुने छैनन् भनी ठोकी लेखिदियाँ" । भट्टको समालोचना मूलतः प्रभावपरक, जीवनीपरक र प्रशंसापरक छ । यद्यपि उनको उक्त भनाई हेर्दा र भक्तिरसमा भानुभक्तलाई पछि पार्ने कोही प्रतिभा नदेख्दा भट्टलाई निर्णयपरक समालोचक एवम् भविष्यद्रष्टा भन्न सकिन्छ तर यसले भट्टको समग्र प्रतिनिधित्व गर्न सक्दैन । उनी त जीवनीपरक, प्रभावपरक गुणग्राही

समालोचक हुन् । भट्टको १९४८ सालको यो कृति मूलतः जीवनीमूलक कृति हो तापनि यसमा आलोच्य कवि र काव्यको विवेचना गरिएकाले प्रभाववादी समालोचनाका केही टड्कारा झिल्काहरू पनि यसमा देखापर्छन् (शर्मा र श्रेष्ठ, २०४९:१३८) । शर्मा र श्रेष्ठले भट्टको १९४८ सालको कृतिका बारेमा व्यक्त गरेका धारणाले भट्टको समालोचक व्यक्तित्वलाई र उनका समालोचनात्मक विशेषतालाई थप पुष्टि गरेको देखिन्छ । नेपाली भाषा र व्याकरण तथा साहित्यका सैद्धान्तिक सन्दर्भमा शास्त्रीय मार्ग अन्वेषण गर्ने वीरेन्द्रशरी अर्याल (वि.सं. १९०८-१९८८) उमेरका हिसाबले मोतीराम भन्दा १५ वर्ष जेष्ठ भए पनि प्रकाशनका क्रमले २० वर्ष कान्छा छन् । अर्यालको समीक्षात्मक कृति १९६३/६४ सालमा 'सुन्दरी' पत्रिकामा प्रकाशित भएको देखिन्छ (सुवेदी, २०६१:७८) । वि.सं. १९६३ सुन्दरी पत्रिकामा छापिएको अर्यालको 'बेसरी' शीर्षकको लेखमा कविहरूको कमजोरी औंल्याउँदै उनीहरूलाई सही मार्ग प्रशस्त गरिएको पाइन्छ (खरेल, २०५७:१५) । उनका समालोचनालाई हेर्दा उनी भट्ट झैं गुणग्राही मात्र नभएर दोषद्रष्टा समालोचक पनि हुन् भन्न सकिन्छ ।

नेपाली समालोचनाको विकासक्रममा विभिन्न पत्र-पत्रिकाहरूले ठूलो सघाउ पुऱ्याएको देखिन्छ । प्रथम चरण (१९४८-१९९८) मा 'गोरखापत्र' (१९५८), 'गोरखे खबरकागज' (१९५८), 'सुन्दरी' (१९६३), 'माधवी' (१९६५), 'चन्द्र' (१९७१), 'गोर्खाली' (१९७२), 'चन्द्रिका' (१९७८), 'जन्मभूमि' (१९७१), 'गोरखा संसार' (१९७२), 'तरुण गोर्खा' (१९८४), 'नेपाली साहित्य सम्मेलन पत्रिका' (१९८८), 'शारदा' (१९९१), 'नेबुला' (१९९२) जस्ता साहित्यिक पत्र-पत्रिकाहरूको प्रकाशन हुनुले र ती पत्र-पत्रिकामा लेख-रचना आउनुले पनि नेपाली समालोचना अगाडि बढ्न मद्दत मिलेको देखिन्छ । 'गोरखापत्र' (१९६४) मा देवीप्रसाद उपाध्यायले लेखेको 'सुन्दर सरोजिनी' उपन्यास र नानकप्रसाद मिश्रले लेखेको 'श्री आद्यस्तुति' स्तुतिकाव्यको समीक्षा छापिएको जानकारी पाइन्छ (प्रधान, २०२५:१०) । यसैगरी 'माधवी' (१९६५) मा राममणि आदीको 'कविता रीति' शीर्षकको लेख धारावाहिक रूपमा छापिएको पाइन्छ । त्यस लेखमा छन्द, भाषा, अर्थ र विषयको विवेचना र तिनका आधारमा कवितालाई चिनाउने प्रयास भएको छ (कँडेल, २०५५:ज) । उनको यस प्रयासमा पूर्वीय साहित्यशास्त्रको प्रभाव परेको देखिन्छ । 'गोरखापत्र' मा पुस्तक समीक्षाको नाम नदिइकन

१९६९ सालमा 'गोर्खे खबरकागज' बारे, १९७१ सालमा 'रत्नावली' नाटिकाबारे र १९७२ सालमा 'दुर्गाभक्त तरङ्गिणी' बारे समीक्षा छापिएका थिए (शर्मा र श्रेष्ठ, २०४९:१८१) । यसैगरी १९८२ सालमा 'गोरखापत्रमा' नै 'गोरखाशिक्षा पहिलो' बारे समीक्षा छापिएको जानकारी पाइन्छ (थेगिम, १९९२:१०६) ।

यसरी पत्रपत्रिकाहरूमा विभिन्न फुटकर समीक्षात्मक लेखहरू आए पनि समालोचना सम्बन्धी सिङ्गा कृतिका रूपमा मोतीराम भट्टको १९४८ सालको कृति पछि कुलचन्द्र गौतमको 'अलङ्कार चन्द्रोदय' (१९७५) कृति देखापर्छ (चापागाई, मिति उल्लेख नभएको :२०) । नेपाली समालोचनाका सन्दर्भमा यो कृति उल्लेख्य देखिन्छ । अलङ्कार चन्द्रोदय पछि १९९५ सालमा नरदेव पाण्डेद्वारा लेखिएको 'कविवर मोतीराम भट्टको जीवनी,' ब्रह्मशमशेरद्वारा लेखिएको 'कवि भानुभक्त' र नरेन्द्रमणि दीक्षितद्वारा लेखिएको 'युरोपीय साहित्यको नमूना' यी तीनवटा सिङ्गा कृतिहरू प्रकाशित भएका छन् (अधिकारी, २०५१: ४२) । सम्पादन गरिएका कृतिहरूमा दीननाथ सापकोटाले सम्पादन गरेको 'रामायण सुन्दर काण्ड' सम्पादित पहिलो कृति हो । यसपछि सूर्यविक्रम ज्ञवालीले सम्पादन गरेको 'कथा कुसुम' (चार कथाकारका दशकथा) विशेष उल्लेखनीय छ । ज्ञवालीको यो कृति विधा सिद्धान्तलाई ख्यालगरी सम्पादन गरिएको पहिलो कृति हो ।

वि.सं. १९९७ मा 'भानुभक्त स्मारक ग्रन्थ' प्रकाशित भएको देखिन्छ । यी कृतिहरूको सम्पादन गरी समालोचकीय दृष्टिले सम्पादकीय भूमिका लेख्ने काम समालोचक सूर्यविक्रम ज्ञवालीले गरेका हुन् । वि.सं. १९७९ मा ज्ञवालीले 'नैवेद्य समालोचना' आफ्नै सम्पादनमा प्रकाशित हुने 'जन्मभूमि' पत्रिकामा प्रकाशित गरेका थिए । विशुद्ध समालोचनाका दृष्टिले यही कृति प्रथम उल्लेख्य कृति ठहरिन्छ (प्रधान, २०२५:१०) । ज्ञवालीले नै समालोचनालाई नयाँ बाटोमा डोऱ्याएका हुन् । उनको यस लेखमा पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्त दुबैको केही प्रभाव झल्कन्छ (कँडेल, २०५५:ज) ।

मोतीराम भट्टबाट आरम्भ भएको नेपाली समालोचनाको प्रथम चरण (१९४८-१९९८) रामकृष्ण शर्माको आगमन पूर्वसम्म निरन्तर अगाडि बढिरहेको देखिन्छ । यस चरणमा भट्टपछि अर्याल, उपाध्याय, मिश्र, आ.दी; गौतम, पाण्डे, शमशेर, दीक्षित, सापकोटा र ज्ञवाली जस्ता सर्जकहरूले विभिन्न पत्र-पत्रिकामा र स्वतन्त्र रूपमा कलम चलाएको चर्चा

माथि गरिसकिएको छ । साथै यस चरणमा फुटकर लेखका साथै समालोचनात्मक ( समीक्षात्मक) कृतिहरू प्रकाशित भएका छन् । प्रवृत्तिगत रूपमा यस चरणका समालोचना जीवनीपरक, प्रभावपरक, प्रशंसापरक एवम् गुणग्राही देखिएका छन् । यस चरणमा वस्तुगत रूपमा समालोचना हुन सकेको छैन । जीवनी, व्यक्तित्व तथा कृतित्त्वमाथि प्रभाव पार्ने उद्देश्यले यस कालका समालोचना लेखिएका छन् । यस्ता कार्यहरूले नेपाली समालोचनालाई आधुनिक स्वरूप प्राप्त गर्न मार्ग प्रशस्त गरेका छन् ।

### ४.१.२ **द्वितीय चरण (वि.सं. १९९९-२००५)**

नेपाली समालोचनाको दोस्रो चरण प्रथम चरणको तुलनामा धेरै छोटो (कम समयावधिको) छ । यो दोस्रो चरण रामकृष्ण शर्माको आगमनसँगै प्रारम्भ भएको देखिन्छ । वि.सं. १९९९ वैशाखको 'शारदा' पत्रिकामा रामकृष्ण शर्माको 'अङ्ग्रेजी साहित्यको प्रभाव' समालोचना छापिएपछि नेपाली समालोचनामा आधुनिक युगको सूत्रपात भएको भन्ने प्रायः जसो विद्वानहरूको धारणा देखिन्छ । तर रामकृष्ण शर्मा (२०२४:क) ले यसलेखलाई निबन्ध भन्दै भनेका छन्: "'अङ्ग्रेजी साहित्यको प्रभाव' शीर्षक निबन्ध लेखर मैले नेपाली गद्य क्षेत्रमा प्रवेश गरेँ । तर प्रवेश मात्र के गरेथे; बारुलाको गोलो म माथि खनियो" । शर्माको उक्त समालोचनामा नेपालीका प्रसिद्ध कवि लक्ष्मीप्रसाद देवकोटा र नाटयकार बालकृष्ण समका कविता, नाटकहरूमा भाव र शैली दुबै दृष्टिले अङ्ग्रेजी साहित्यको प्रभाव परेको देखाएर त्यसका उदाहरणहरू देखाउने काम भएका छन् । जसले गर्दा कवि, नाटककारहरू शर्माप्रति खनिएका हुन् । 'शारदा' को सम्पादकीय र अन्य समालोचनात्मक लेखहरूबाट त्यस्ता आलोचनाहरू गरिएको देखिन्छ । रामकृष्ण शर्माका अन्य समालोचनात्मक लेखहरू (कविको धन, टाक्सिएको नेपाली कविता आीद) निर्भीक, व्यङ्ग्यात्मक, विवेचनात्मक, बौद्धिक एवम् मूल्याङ्कनपरक पाइन्छन् (क्षेत्री, सन् १९९२:११६) । नेपाली समालोचनामा पाश्चात्य प्रभावलाई भिऱ्याउने, केही मात्रामा प्रभाववादी भए पनि आफ्ना भनाइलाई तार्किक एवम् बौद्धिक रूपमा प्रस्ततु गर्ने स्पष्टवादी समालोचकका रूपमा शर्माको प्रसिद्धि छ (कँडेल, २०५५:झ) । रामकृष्ण शर्मा नीतिपरक दृष्टिले नभएर सौन्दर्यपरक दृष्टिले कृतिलाई नियाल्ने समालोचक हुन् । 'सूक्तिसिन्धु' सम्बन्धी उनको धारणाले उक्त कुराको पुष्टि गर्दछ । यस दोस्रो चरणका अर्का प्रमुख स्तम्भ यदुनाथ खनाल हुन् । यिनका प्रमुख दुई कृति प्रकाशित

भएका छन् । ती मध्ये 'समालोचनाको सिद्धान्त' (२००३) समालोचना फाँटमा विशेष महत्वको छ । यस्तो सैद्धान्तिक कृति प्रकाशित गर्ने समालोचक खनाल नेपाली समालोचनामा पूर्वीय र पाश्चात्य सौन्दर्य चिन्तनका आधारभूत प्रणेता हुन् (सुवेदी, २०६१:१०१) । खनालमा पनि शर्मामा देखिएका प्रवृत्ति पाइन्छन् तर खनाल दोष र गुण दुबै पक्षको सन्तुलित निरूपण गरेर निर्णय दिनुपर्छ भन्ने समीक्षक हुन् । यस चरणका अर्का प्रसिद्ध समालोचक बाबुराम आचार्य हुन् । प्रथमतः उनी ऐतिहासिक सचेतताका साथ समालोचना गर्ने पहिलो समालोचक हुन् साथै उनी गम्भीर अध्ययन र अनुसन्धानमा आधारित समालोचना पद्धतिका प्रारम्भक हुन् (कँडेल, २०५३:?) आचार्यका दुई प्रमुख कृति प्रकाशित भएका छन् र ती दुई कृति हुन्- १) 'तुलनात्मक सुन्दरकाण्ड' (२००२) र २) 'पुराना कवि र कविता' (२००३) । यिनका यी दुई कृतिहरूमध्ये 'तुलनात्मक सुन्दर काण्ड' (२००२) ले नेपालीमा पहिलोपल्ट पुस्तकाकारमै तुलनात्मक समालोचनाको गहन कृति हुने मौका पाएको छ भने 'पुराना कवि र कविता' (२००३) कृतिले भानुभक्त आचार्य सम्म सीमित नेपाली कविता साहित्यको इतिहासलाई लम्ब्याएको छ । अतः यी दुई कृतिहरूले बाबुराम आचार्यलाई चिनाउन सघाउ पुऱ्याएका छन् ।

नेपाली समालोचनाको यस दोस्रो चरण (१९९९-२००५) मा प्रथम चरणकै कतिपय समालोचकहरू क्रियाशील बन्दै आएका छन् भने केही नवीन समालोचकहरू पनि देखापरेका छन् त्यसमा पनि लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्र सिंह प्रधान, रत्नध्वज जोशी आदि विशेष सक्रिय देखिन्छन् । प्रथम चरणका तुलनामा यस दोस्रो चरणका समालोचनाहरू केही वस्तुपरक देखिन्छन् । यसैगरी यस चरणमा नीतिपरक, सौन्दर्यशास्त्रीयपरक, खोज अनुसन्धानपरक, तुलनात्मक, मूल्याङ्कनपरक समालोचना गर्ने परम्पराको सचेत रूपमा प्रारम्भ र विकास हुँदै गएको देखिन्छ । यस चरणमा रामकृष्ण शर्मा, यदुनाथ खनाल र बाबुराम आचार्यको विशेष प्रसिद्धि रहेको छ ।

### ४.१.३ तृतीय चरण (वि.सं. २००६-२०२४)

नेपाली समालोचनाको यो तेस्रो चरणको समयावधि झण्डै दुई दशक (१८ वर्ष) देखिन्छ । द्वितीय चरणको तुलनामा यस चरणको समयावधि दुई गुणाबढी देखिन्छ । नेपाली समालोचनाको यो तेस्रो चरणलाई आधुनिककालको दोस्रो चरण पनि भनिएको पाइन्छ (

अधिकारी, २०५१:५०) । यो तृतीयचरण विधा सिद्धान्त वरण र प्रगतिवादी समालोचनाको उन्मेषको चरण हो (अवस्थी, २०६३:७३) । २००४ सालमा भएको बृहत् नेपाली साहित्य सम्मेलनमा देवकोटाको गहकिलो भाषणले नेपाली जनता सचेत हुँदै गएको र यस तेस्रो चरण (२००६-२०२४) मा स्थापित विभिन्न सिद्धान्त र संस्थाहरूले नेपाली जनातालाई अझ सचेत र वस्तुवादी बनाएको देखिन्छ । वि.सं. २००६ सालमा 'नेपाल कम्युनिष्ट पार्टी' को स्थापनाले मार्क्सवादी विचारधाराबाट धेरै व्यक्ति प्रभावित बन्न पुगेको देखिन्छ । यसैगरी २००७ सालको 'राजनैतिक परिवर्तन' २००८ सालमा 'नेपाली लेखक संघ' को स्थापना, २००९ सालमा 'प्रगतिशील लेखक संघ' को स्थापना अनि २०११ सालमा 'नेपाल जन साहित्य संघ' को स्थापना हुनु आदि पृष्ठभूमिमा प्रगतिवादी नेपाली समालोचनाको जन्म भएको हो । यस समालोचनालाई 'समाजपरक समालोचना' (त्रिपाठी, २०४९:१४८), 'समाजशास्त्रीय समालोचना' (गौतम, २०५०:१९) र 'प्रगतिशील समालोचना' (ढकाल, २०२२:?) जस्ता नाम दिइएको देखिन्छ । तथापि नेपाली साहित्यमा प्रगतिवादी समालोचना बढी प्रचलित छ । प्रगतिवादी समालोचनाका अतिरिक्त यथार्थवादी, मनोविज्ञानपरक साथै परम्परित शास्त्रीय समालोचनाहरू यस तेस्रो चरणमा लेखिएका देखिन्छन् ।

यस तेस्रो चरण (२००६-२०२४) मा अनेकौं समालोचकहरू र समालोचनात्मक कृतिहरू देखिएपनि केही मात्र विशेष मूल्यका देखिन्छन् । यस सन्दर्भमा ईश्वर बराल, कृष्णचन्द्र सिंह प्रधान, तारानाथ शर्मा र बालचन्द्र शर्मा विशेष प्रसिद्ध छन् ।

ईश्वर बराल (१९८०-२०५४) ले वि.सं. २००० सालबाट समालोचना गर्न थाले पनि २००६ सालमा उनले सम्पादन गरेको 'झ्यालबाट' कथासङ्ग्रह प्रकाशित भएपछि नेपाली समालोचनामा तेस्रो चरण प्रारम्भ भएको मानिन्छ । ईश्वर बराल नेपाली समालोचनामा विधापरक समालोचक हुन् । समालोचक बरालले कथाविधाका अतिरिक्त कविता, निबन्ध जस्ता विधागत रचनाहरूको सम्पादन गरेको देखिन्छ । उनका समालोचनात्मक ग्रन्थहरू पनि प्रकाशित भएका देखिन्छन् । ती हुन्- 'आख्यानको उद्‌भव' (२०३९), 'छरिएका समीक्षा' (२०५३), 'सुवानन्ददास देखि शम्भुप्रसादसम्म' (२०५३), 'पृथ्वीस्तवन' (२०५३), 'देवकोटा र उनका महाकाव्य' (२०५५) आदि । यी विभिन्न सम्पादित एवम् मौलिक कृतिका कृतिकार ईश्वर बराल पूर्वीय एवम् पाश्चात्य समालोचना शास्त्रका

मर्मज्ञ विद्वान हुन् (कँडेल, २०५५:ठ) । समालोचनाका सैद्धान्तिक र व्यावहारिक समालोचना पद्धतिलाई अङ्गालेर समालोचना गर्ने बरालमा भाषागत तथा चिन्तनगत दुरूहता र जटिलताका ग्रन्थिहरू प्रशस्त छन् (सुवेदी, २०६१:११७) ।

कृष्णचन्द्रसिंह प्रधान यस चरणका अर्का महत्वपूर्ण समालोचक हुन् । सैद्धान्तिक सचेतता र प्रगतिवादी समालोचनाको सुरूवात गर्ने समालोचक कृष्णचन्द्र नै हुन् (कँडेल, २०५५:ठ) । उनले २००८ सालमा प्रकाशित आफ्नो कविता सङ्ग्रह 'भञ्ज्याङनिरै' को लामो भूमिका लेखेका छन् र त्यसमा प्रगतिवादी साहित्यको सैद्धान्तिक चर्चासमेत गरेर आफूलाई प्रगतिवादी समालोचकका रूपमा प्रस्तुत गरेका छन् (कँडेल २०५५:८४) । प्रधानका समालोचनात्मक कृति मौलिक तथा सम्पादित गरेर मुख्यतः दुई प्रकारका छन् । तीमध्ये 'कवि व्यथित र काव्यसाधना (२०१५),' 'नेपाली उपन्यास र उपन्यासकार' (२०३६) र 'सिर्जनाका सेरोफेरो' (२०४०) मौलिक कृति हुन् भने 'साझा समालोचना' (२०२५) सम्पादित कृति हो । यो 'साझा समालोचना' (२०२५) कृति नेपाली समालोचनामा कोसे ढुङ्गो सावित भएको छ । यसपछि यस्तै परिवेशमा तारानाथ शर्मा स्मरणीय हुन आउँछन् , २०१३ सालमा झर्रोवादी आन्दोलन सञ्चालन गरी 'नौलो पाइलो' पत्रिका प्रकाशित गर्ने शर्माका आलोचना ज्यादै प्रखर रूपमा देखिएका छन् (अधिकारी, २०५१:५१) । शर्माका आलोचना सम्बन्धी कृतिहरू मौलिक र सम्पादित गरेर मुख्यतः दुई प्रकारका छन् (कँडेल, २०५५:१४९) । 'घोत्ल्याइँहरू' (२०२१), 'पश्चिमका केही महान् साहित्यकार' (२०२६), 'भानुभक्त देखि तेस्रो आयामसम्म' (२०२७) 'नेपाली साहित्यको इतिहास' (२०२७), 'सम र समका कृति' (२०२८), 'नेपाली साहित्यको ऐतिहासिक परिचय' (२०२९) र 'सुम्पन ल्याएँ' (२०४५) शर्माका मौलिक कृति हुन् । यसैगरी रिमालको 'आमाको सपना' (कविता सङ्ग्रह, २०१९), मैनालीको 'नासो' (कथासङ्ग्रह, २०२०) 'पच्चीस वर्षका नेपाली निबन्ध' र 'समसामयिक साझा कविता' (२०४०) उनका सम्पादित कृति हुन् । शर्माका यी विविध समालोचनाहरूमा निर्णयात्मकताको पारा पनि झल्किन्छ र उनको त्यो निर्णयात्मकता केही मात्रामा तार्किक र प्रायः प्रभावपरक देखिन्छ (अवस्थी, २०६३:८०) ।

नेपाली समालोचनाको यस तेस्रो चरण (२००६-२०२४) का अन्य समालोचकहरूमा सोमनाथ सिग्द्याल, बालचन्द्र शर्मा, चुडानाथ भट्टराय, डी.पी. अधिकारी, श्यामप्रसाद शर्मा,

सरिता ढकाल, आनन्ददेव भट्ट आदि उल्लेखनीय छन् । यो तेस्रो चरण, प्रथम चरण र द्वितीय चरणका तुलनामा बढी विकसित र अझ आधुनिक भएको पाइन्छ । यस चरणमा शोधखोज अन्वेषणपरक समालोचना परम्परा झन् वस्तुवादी भई वैज्ञानिक रूपमा विकसित हुँदै गएको छ । यसरी नै सौन्दर्य शास्त्रीय समालोचना कार्य पनि अगाडि बढ्दै गएको देखिन्छ । यस चरणमा मूलतः चिन्तनपरक समालोचना परम्पराको स्थापना र क्रमशः विकास हुँदै गएको देखिन्छ । विधा सिद्धान्तको वरणमा पनि यो चरण विशेष महत्वको छ ।

### ४.१.४ चतुर्थचरण (वि.सं. २०२५ हालसम्म)

नेपाली समालोचनाको चौथो चरण समालोचक कृष्णचन्द्रसिंह प्रधानको सम्पादनमा 'साझा समालोचना' (२०२५) प्रकाशित भएपछि प्रारम्भ भएको देखिन्छ । यस चौथो चरणमा समालोचकहरूले विविध पद्धति र प्रक्रियाको प्रयोग गरी समालोचना कार्य गरेको देखिन्छ । २०३५ सालपूर्व साहित्यका अन्य विधाले विधागत सङ्कलनको रूप प्राप्त गरिसकेका भए पनि नेपाली समालोचनाले भने २०२५ सालमा आएर मात्र विधागत सङ्कलनको रूप प्राप्त गरेको देखिन्छ । समालोचना साहित्य सिर्जनाको अनुवर्ती हुने भएकाले समेत यसले विधागत सङ्कलनको रूप सिर्जना भन्दा पछाडि प्राप्त गरेको हो । नेपाली समालोचनाको यस चौथो चरणमा तेस्रो चरणका कतिपय समालोचकहरू र नवीन प्रशस्त समालोचकहरू क्रियाशील देखिन्छन् । यस चौथो चरणका विभिन्न समालोचकहरूले समालोचनाका विभिन्न सिद्धान्त र पद्धति प्रणालीको एकल वा बहुल प्रयोग गरेका छन् । अत : यो चौथो चरण समालोचनाका विभिन्न सिद्धान्त र पद्धति प्रणालीको एकल वा बहुल प्रयोगको चरण हो (अवस्थी, २०६३: ७३) । यस दृष्टिले यो चौथो चरणलाई नेपाली समालोचनाको उर्वरकाल मान्न सकिन्छ ।

नेपाली समालोचनाको चौथो चरण (२०२५ यता सालसम्म) मा एकातिर पूर्ववर्ती कालमा देखिएका शास्त्रीयतावादी (परिष्कारवादी), प्रगतिवादी, मनोवैज्ञानिक समीक्षा सिद्धान्तमा आधारित समालोचनाहरू पनि लेखिदै आएका छन् भने अर्कातिर प्रभाववादी समालोचना विरुद्ध वस्तुवादी शैली वैज्ञानिक समालोचना पद्धतिको सूत्रपात पनि भएको छ । नेपाली समालोचना परम्परामा तेस्रो चरणबाट अलग्याउने समालोचनात्मक कृति 'साझा समालोचना' (२०२५) हो । जसरी ईश्वर बरालद्धारा सम्पादित कथासङ्ग्रह 'झ्यालबाट' (२००६) ले दोस्रो चरणलाई विदागरी तेस्रो चरणलाई आमन्त्रण गरेको थियो त्यसरी नै यस

'साभ्का समालोचना' (२०२५) ले तेस्रो चरणलाई विदागरी चौथो चरणलाई आमन्त्रण गरेको देखिन्छ ।

यस चौथो चरणका प्रमुख समालोचकहरू हुन्: कृष्णचन्द्रसिंह प्रधान, इन्द्रबहादुर राई, केशवप्रसाद उपाध्याय, गोविन्द भट्ट, ठाकुर पराजुली, मोहनराज शर्मा, वासुदेव त्रिपाठी र दयाराम श्रेष्ठ । कृष्णचन्द्रसिंह प्रधान (१९८२) समालोचनाको तेस्रो चरणदेखि नै प्रसिद्धि कमाउँदै आएका समालोचक हुन् । कृष्णचन्द्रसिंह प्रधानकाबारेमा ४.१.३ मा चर्चा गरिसकिएको छ ।

इन्द्रबहादुर राई (१९८६) सैद्धान्तिक एवम् व्यावहारिक समालोचक हुन् । विधापरक समालोचकका रूपमा समेत प्रसिद्ध राईका समालोचनामा नवनिर्मित तत्सम शब्दको बाहुल्य पाइन्छ (शर्मा, २०५७:२६) । राईका समालोचना सम्बन्धी कृतिहरू मौलिक र सम्पादित गरेर मुख्यत : दुई प्रकारका छन् (कँडेल, २०५५:१०७) । 'टिपेका टिप्पणीहरू', 'नेपाली उपन्यासका आधारहरू', 'सन्दर्भमा ईश्वरवल्लभका कविता', 'साहित्यको अपहरण : मार्क्सवादिक प्रतिबद्धता', 'दार्जिलिङ्मा नेपाली नाटकको अर्द्धशताब्दी', 'अर्थहरूको पछिल्तिर' र 'पृष्ठपृष्ठ' राईका मौलिक कृति हुन् भने 'भानुभक्तका कृति अध्ययनहरू' सम्पादित कृति हो । यी कृतिहरूमध्ये 'टिपेका टिप्पणीहरू' बि.सं. २०२३ मा प्रकाशति भएको देखिन्छ । बाँकी कृतिहरू भने चौथो चरणमा आएर लेखन र प्रकाशन भएका हुन् । यस्ता विविध कृतिहरू प्रकाशित गर्ने इन्द्रबहादुर राई उत्तर आधुनिकताकाविविध पक्षलाई समुचित व्याख्या र विवेचना गर्ने तथा सृजनाधर्मलाई पठन, समावेशन र व्याख्या समेत गर्ने नवमूल्यको प्रवर्तक मानिने समालोचक हुन् (सुवेदी, २०६१:३१२) ।

केशवप्रसाद उपाध्याय (१९९१) पूर्वीय र पाश्चात्य, प्राचीन र अर्वाचीन कालीन नेपाली साहित्यका अन्वेषक हुन् । पूर्वीय साहित्य सम्बन्धी उनको गहन अध्ययनलाई त उनको 'पूर्वीय साहित्य सिद्धान्त' (२०३४) शीर्षक पुस्तकले नै देखाएको छ । उपाध्यायका कतिपय सैद्धान्तिक एवम् व्यावहारिक समालोचनालाई हेर्दा उनले पाश्चात्य साहित्यको पनि अध्ययन गरेको र पाश्चात्य साहित्यसिद्धान्तका मूलभूत प्रवृत्तिहरूसित उनी राम्ररी परिचित भएको थाहा हुन्छ (कँडेल, २०५५:१३९) । उपाध्याय शोधखोजमूलक सैद्धान्तिक समालोचक हुन् । यस कुरालाई उनको 'विचार र व्याख्या' (२०४०) समालोचना कृतिले पुष्टि गरेको

छ । समालोचक केशवप्रसाद उपाध्यायका एक दर्जन जति समालोचनात्मक कृतिहरू प्रकाशित भएका छन् । तीमध्ये प्रकाशनका दृष्टिले 'साहित्य प्रकाश' (२०३०) उपाध्यायको पहिलो समालोचना कृति हो । उपाध्यायले आफ्ना समालोचनाहरूमा तत्सम शब्दहरूको धेरै प्रयोग गरेका छन् तर ती शब्द चयनमा सरलतालाई बढी महत्व दिएका छन् । उपाध्यायको भाषा परिमार्जित र स्तरीय हुँदाहुँदै पनि क्लिष्ट नहुनु उनको भाषाशैलीगत विशेषता नै हो । उपर्युक्त विशेषता भएका केशवप्रसाद उपाध्याय चौथो चरण (२०२५:यता) का प्रमुख समालोचकहरू मध्ये एक हुन् ।

गोविन्द भट्ट (१९९४) यस चौथो चरणका अर्का मुख्य समालोचक हुन् । उनी नेपाली समालोचना क्षेत्रका मार्क्सवादी सौन्दर्यका अगुवा चिन्तकका रूपमा चिनिएका छन् । 'युगवाणी' पत्रिकाको समयदेखि साहित्यमा प्रवेश गर्ने भट्ट २०१५ सालपछि समालोचनामा सफल तवरबाट प्रस्तुत भएका छन् । नेपाली समाज र यसका जीवनपद्धतिका सबै विषय र पक्षलाई यथार्थवादी ढङ्गले प्रस्तुत गर्ने भट्ट समाजका सम्पूर्ण विसङ्गतिका र विकृतिमूलकताका अड्बाङ्गाहरूलाई निराकरण गर्न प्रयत्नरत देखिन्छन् (सुवेदी,२०४३:१५६) । गहिरो अध्ययन र विश्लेषण गरी भानुभक्त आचार्य, लक्ष्मीप्रसाद देवकोटा आदिका विषयमा कलम चलाएका भट्टले 'शिरीषको फूल कि कागजको फूल' (हिमाली, २०२३), 'तीनघुम्ती कि छाडावाद' जस्ता समालोचना लेखेर आफ्ना असहमतिका कृतिहरूको दोष देखाउने र समालोनामा आफ्नो स्पष्टता व्यक्त गर्ने काम गरेका छन् । गोविन्द भट्टका समालोचनाहरूको सङ्ग्रह 'गोविन्द भट्टका समालोचना' (२०५५) प्रकाशित भएको देखिन्छ । यसमा समालोचक भट्टको यथार्थ र वस्तुवादी समालोचना चेत मुखरित भएको छ । भट्टका लागि समालोचना "बैचारिक द्वन्द्व वा सैद्धान्तिक सङ्घर्षको एक प्रभावकारी हतियार हो" (कँडेल, २०५५:१६५) ।

बासुदेव त्रिपाठी (१९९९) यस चौथो चरणका प्रमुख समालोचक हुन् । यिनका समालोचना सम्बन्धी कृतिहरू मौलिक र सम्पादित गरी दुई प्रकारका छन् । 'नेपाली कविताको सिंहावलोकन' (२०२७), 'विचरण,' 'पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (भाग १ र २),' 'लेखनाथ पौड्यालका कवित्वको विश्लेषण र मूल्याङ्कन' जस्ता कृतिहरू त्रिपाठीका मौलिक कृति हुन् । 'मैना' (खण्डकाव्य सङ्ग्रह, २०३९), 'लेखनाथका प्रतिनिधि कविता सङ्ग्रह', 'नेपाली साहित्य शृङ्खला' (भाग १ र २), 'नेपाली कविता भाग १, २ र ४'

जस्ताकृतिहरू उनका सम्पादित कृति हुन् । त्रिपाठीका समालोचना सैद्धान्तिक एवम् व्यावहारिक प्रकृतिका भए पनि मूलतः त्रिपाठी व्यावहारिक समालोचक हुन् (कँडेल, २०५५: त) । उनका समालोचनामा पूर्वीय र पाश्चात्य साहित्यशास्त्रका सैद्धान्तिक आधारहरूको मिश्रित प्रयोग र उपयुक्त संयोजन भेटिन्छ (अवस्थी, २०६३:८३) । त्रिपाठीले आफ्ना प्रायः समालोचनामा पूर्व-पश्चिमका विविध सिद्धान्त र पद्धतिहरूको प्रयोग गर्ने गरेकाले उनका कतिपयः समालोचनालाई 'बुहलवादी समालोचना' पनि भन्ने गरिन्छ र उनलाई बहुलवादी समालोचक पनि भनिएको पाइन्छ ।

ठाकुर पराजुली (१९९७) नेपाली समालोचनाको चौथो चरणका अर्का प्रसिद्ध समालोचक हुन् । पराजुलीको पुस्तकाकार मौलिक कृति 'नेपाली साहित्यको परिक्रमा' वि.सं. २०४५ सालमा प्रकाशित भएको छ । यो कृति पराजुलीका उत्कृष्ट समालोचनाहरूको सङ्कलनका रूपमा आएको देखिन्छ । पराजुलीका समालोचनाहरू विश्लेषणात्मक एवम् बौद्धिक किसिमका छन् ।

मोहनराज शर्मा (१९९७) नेपाली समालोचनाको चौथो चरणका प्रखर समालोचक हुन् । यिनका 'नेपालीका केही आधुनिक साहित्यकार' (२०२६), 'नेपाली साहित्यको संक्षिप्त इतिहास', 'कथाको विकास प्रक्रिया', 'शैली विज्ञान', 'समकालीन समालोचना सिद्धान्त' (२०५५) जस्ता मौलिक समालोचनात्मक कृति प्रकाशित भएका छन् । यिनका कृतिहरू सैद्धान्तिक एवम् व्यावहारिक दुवै किसिमका पाइन्छन् ।

दयाराम श्रेष्ठ (२०००) नेपाली समालोचनाको चौथो चरण (२०२५ पछि) का क्रियाशील समालोचक हुन् । श्रेष्ठका मौलिक एवम् सम्पादित प्रशस्त कृतिहरू प्रकाशित भएका छन् । यिनका अनेक फुटकर रचनाहरू विभिन्न पत्र-पत्रिकाहरूमा छरिएका पाइन्छन् । श्रेष्ठका समालोचनाहरू विश्लेषणात्मक छन् र यिनले सम्बन्धित कृतिकार र उसका कृतिको वस्तुगत मूल्याङ्कनमा जोड दिएका छन् ।

यस चोथो चरण (२०२५-यता) का अन्य विशेष उल्लेखनीय समालोचकहरू हुन्- मुरारीप्रसाद रेग्मी, कृष्ण गौतम, अभि सुवेदी, घनश्याम कँडेल, राजेन्द्र सुवेदी आदि ।

मुरारीप्रसाद रेग्मी (१९९७) यस चौथो चरणका एक क्रियाशील सैद्धान्तिक एवम् व्यावहारिक समालोचक हुन् । रेग्मीका 'मनोवैज्ञानिक समालोचना' (कथा खण्ड, २०३६), 'मनोविश्लेषणात्मक समालोचना' (उपन्यास खण्ड, २०४०), 'मनोविश्लेषणात्मक समालोचना' (समसामयिक कथाखण्ड, २०५३) जस्ता समालोचनात्मक कृतिहरू प्रकाशित भएका छन् । कृष्ण गौतम (२००५) पूर्वीय एवम् पाश्चात्य काव्यको समाजशास्त्रीय मूल्याङ्कन गर्ने सैद्धान्तिक र प्रायोगिक समालोचक हुन् । यिनका 'देवकोटाका प्रबन्धकाव्य' ( २०३८), 'आधुनिक आलोचना : अनेक रूप अनेक पठन' (२०५०), 'पाश्चात्य महाकाव्य' जस्ता प्रकाशित कृतिहरूले उक्त कुराको पुष्टि गरेका छन् । यस्तै घनश्याम कँडेल (२००२) यसै चरणका एक क्रियाशील समालोचक हुन् । यिनका विभिन्न पत्र-पत्रिकाहरूमा फुटकर समालोचनाहरू प्रकाशित भएका छन् । साथै 'केही अन्वेषण केही विश्लेषण' (२०४०), 'पाश्चात्य यथार्थवादी नाटक' (२०४६) र 'नेपाली समालोचना' (२०५५) जस्ता मौलिक एवम् सम्पादित पुस्तकाकार कृतिहरू प्रकाशित भएका देखिन्छन् । यी कृतिहरूका आधारमा कँडेललाई सैद्धान्तिक एवम् प्रायोगिक समालोचक भन्न सकिन्छ । राजेन्द्र सुवेदी (२००२) यस चौथो चरणका एक अध्ययनशील एवम् क्रियाशील समालोचक हुन् । यिनका 'स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि' (२०४३), 'नेपाली उपन्यास परम्परा र प्रवृत्ति' (२०५३) र 'नेपाली समालोचनाः परम्परा र प्रवृत्ति' (२०६१) विशेष महत्वका समालोचनाकृतिहरू हुन् । यस्तै अभि सुवेदी (२००२) यस चौथो चरणका उल्लेखनीय समालोचक हुन् । प्राचीन, मध्यकालीन, आधुनिक र उत्तर आधुनिक साहित्य समालोचनाका प्रवृत्ति र चिन्तनलाई नेपाली भाषाको माध्यमबाट सुवेदीले प्रस्तुत गरेका छन् । यस कुरालाई उनका समालोचनात्मक कृतिहरूले पुष्टि गरेका छन् । सुवेदीको 'पाश्चात्य काव्यसिद्धान्त' (२०३०) समालोचनाकृति विशेष उल्लेख्य देखिएको छ ।

नेपाली समालोचनाका क्षेत्रमा अरु पनि प्रशस्त प्रतिभाशाली समालोचकहरूले कलम चलाउँदै आएका छन् । यस्ता केही क्रियाशील समालोचकहरू हुन्- नरेन्द्र चापागाई चूडामणि बन्धु, कुमारबहादुर जोशी, गोपीकृष्ण शर्मा, रविलाल अधिकारी, चैतन्य, ऋषिराथ बराल, गोविन्दप्रसाद भट्टराई, भानुभक्त पोखरेल, घटराज भट्टराई, शरदचन्द्र शर्मा भट्टराई, रामलाल अधिकारी, टङ्क न्यौपाने, ताराकान्त पाण्डेय, देवी गौतम, महादेव अवस्थी, भिक्टर

प्रधान, खगेन्द्रप्रसाद लुइटेल, कृष्णहरि बराल, सुधा त्रिपाठी, ब्रतराज आचार्य, रामप्रसाद ज्ञवाली, शारदा अधिकारी, नेत्र एटम आदि ।

नेपाली समालोचनाको यस चौथो चरणमा अन्य धेरै समालोचकहरू सक्रिय हुँदै आएको देखिन्छ । यस्ता विभिन्न समालोचकहरूले समालोचनाका विभिन्न सिद्धान्त र पद्धति प्रणालीको प्रयोग गरेर समालोचना गरेको पाइन्छ । यस चरणमा पूर्वीय एवम् पाश्चात्य सैद्धान्तिक समालोचनाहरू प्रकाशित भएका छन् । यस चरणका समालोचकहरूले सैद्धान्तिक समालोचनाका साथै व्यावहारिक (प्रायोगिक) समालोचना कार्य गरेको देखिन्छ । यस्ता व्यावहारिक समालोचनाहरू मूलतः कृति केन्द्री र कृतिकार केन्द्री रहेका छन् । यस चौथो चरणमा एकल सिद्धान्तमा आधारित समालोचनाका साथै बहुलसिद्धान्तमा आधारित बहुलवादी समालोचनाहरू पनि प्रकाशित भएका देखिन्छन् । अत : नेपाली समालोचनाको यो चौथो चरण समालोचनाका विभिन्न सिद्धान्त र पद्धतिको एकल वा बहुल प्रयोगको चरण हो भन्न सकिन्छ ।

## ४.२ नेपाली समालोचना परम्परामा घनश्याम कँडेलको आगमन

घनश्याम कँडेल (२००२) ले तेह्र वर्षको उमेरदेखि नै साहित्यका फाँटमा हात हालेपनि उनी २४ वर्ष भएपछि मात्र उनका लेख रचनाहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् । समालोचक कँडेलले दिएको मौखिक जानकारी अनुसार बनारसबाट प्रकाशित हुने 'नौलो नेपाली' पत्रिकामा २०१८ सालमा प्रकाशित 'साहित्यमा उपयोगितावाद' शीर्षकको लेख नै उनको प्रथम प्रकाशित रचना हो, तर यो लेख आज प्राप्त छैन । वि.सं. २०२६ साल फागुन महिनामा प्रकाशित 'हाम्रो संस्कृति' (शुभ विवाह विशेषाङ्क) मा 'विवाहःदुई अन्तर्दृष्टि' शीर्षकको लेख भने प्राप्त भएको छ । अतः यो लेख नै कँडेलको प्रथम प्राप्त रचना हो । यसैगरी २०२८ साल माघ महिनामा 'झिल्का' (वर्ष १, अङ्क १) पत्रिकामा प्रकाशित भएको 'देवकोटामा रोमान्टिकता र उनको लक्ष्मी निबन्धसङ्ग्रह' शीर्षकको समालोचनालेखलाई उनको प्रथम प्राप्त समालोचना भनिएको पाइन्छ । यस प्राप्त समालोचनालाई आधार मान्दा नेपाली समालोचना परम्परामा चौथो चरण (वि.सं. २०२५ पछि) को प्रारम्भ तिर घनश्याम कँडेलको आगमन भएको देखिन्छ । कतिपय विद्वानहरूका भनाइहरूले पनि यही कुराको पुष्टि गरेका छन् ।

नेपाली साहित्यका विभिन्न विधा उपविधामा क्रियाशील कँडेल २०२८ सालदेखि 'झिल्का', 'मुनो', 'निर्झर', 'रूपरेखा' जस्ता पत्र-पत्रिकाहरूमा समालोचना प्रकाशीत गरेर नेपाली समालोचना परम्परामा स्थापित हुँदै गएका छन् (त्रिपाठी, २०४०:?) । त्रिपाठीको उक्त भनाइबाट पनि नेपाली समालोचना परम्परामा चौथो चरण (२०२५-हालसम्म) मा नै कँडेलको आगमन भएको देखिन्छ । यसैगरी समालोचक राजेन्द्र सुवेदी (२०६१:३६०) ले २०३० साल पछिका वर्षहरूमा घनश्याम कँडेलको आगमन भएको हो भनेका छन् । सुवेदीको यस कुराले समेत कँडेलको आगमन समयलाई संकेत गरेको देखिन्छ ।

वि.सं. २०२८ देखि हालसम्म क्रियाशील समालोचक कँडेलका दुईवटा मौलिक समालोचनाकृतिहरू केही अन्वेषण : केही विश्लेषण पाश्चात्य यथार्थवादी नाटक क्रमः वि.सं. २०४० र वि.सं. २०४६ प्रकाशित भएका छन् भने एउटा सम्पादित समालोचनाकृति नेपाली समालोचना (वि.सं. २०५५) पनि प्रकाशति भएको देखिन्छ ।

यसैगरी विभिन्न पत्र-पत्रिकाहरूमा तीनदर्जन भन्दा बढी फुटकर समालोचनाहरू, आधादर्जन भन्दा बढी अन्तर्वार्ता लेख, केही संस्मरणात्मक लेखहरू समेत प्रकाशित भएका देखिन्छन् । समालोचक कँडेलले विभिन्न साहित्यकार र समालोचकहरूका ६०-७० वटा पुस्तकहरूमा भूमिका लेखेका छन् । ती भूमिका मध्ये केही विशेष महत्वका देखिन्छन् । यसैगरी समालोचना प्रधान पत्रिका 'रश्मि' का विभिन्न अङ्कहरूमा कँडेलका सम्पादकीय एवम् प्रकाशकीय लेखहरू समेत प्रकाशित भएका देखिन्छन् ।

यसरी वि.सं. २०२८ सालदेखि नेपाली समालोचना परम्परामा क्रियाशील हुँदै आएका घनश्याम कँडेलका विभिन्न समालोचनाहरू विभिन्न समयमा प्रकाशित भएका देखिन्छन् । उनको यो लामो समालोचना यात्रालाई छुट्टै शीर्षकमा चर्चा गरिएको छ ।

### ४.३ घनश्याम कँडेलको समालोचना यात्रा

वि.सं.२०१८ सालदेखि प्रारम्भ भएको कँडेलको समालोचना यात्रा आजसम्म अगाडि बढिरहेको देखिन्छ । समालोचक कँडेलका हालसम्ममा ३ वटा मौलिक एवम् सम्पादित कृतिहरू र ३ दर्जनभन्दा बढी फुटकर समालोचनाहरू प्रकाशित भएका देखिन्छन् । कँडेलका यिनै फुटकर र कृतिगत समालोचनाहरूले उनको समालोचना यात्रालाई अगाडि बढाएका

छन् भने कतिपय समालोचनामा आएका नवीनताहरूले उनको समालोचनात्मक चरण विभाजनलाई संकेत गरेका छन् ।

कुनै पनि सर्जक- समालोचकहरूका प्रवृत्तिको निक्यौंल गर्नका लागि उसको साहित्यिक यात्रामा देखिने मोडहरूलाई नियाल्नु पर्ने हुन्छ । यस्ता मोडहरू आउनुमा समय, परिस्थिति, सामाजिक अवस्था, राजनैतिक अवस्था, उमेरको परिपक्कता र अध्ययनको गहनता जस्ता कारणहरूले ठूलो प्रभाव पारेका हुन्छन् । कुनै पनि साहित्यकारको साहित्यिक यात्रालाई विभाजन गर्न जुन आधार लिइएको हुन्छ, त्यही आधारले नै उसको समालोचना यात्रालाई पनि विभाजन गर्न सकिन्छ । खासगरी स्रष्टाका साहित्यलेखनमा इतिहासमा देखापरेका विभिन्न साहित्यिक रचनाहरूका परिमाण र गुणस्तर तथा साहित्यिक धारागत प्रवृत्तिहरूको अन्तर्विकासको आधार लिएर उसको साहित्यिक- समालोचनात्मक यात्राको चरण विभाजन गरिएको देखिन्छ ।

घनश्याम कँडेलेको पहिलो लेख बनारसबाट प्रकाशित हुने २०१८ सालको ‘नौलो नेपाली’ पत्रिकामा ‘साहित्यमा उपयोगितावाद’ शीर्षकमा छापिएको थियो भन्ने मौखिक जानकारी मात्र भएकाले र २०२६ सालमा प्रकाशित लेख समालोचनाइतर रहेकाले २०२८ साल माघ महिनाको ‘झिल्का’ (वर्ष १, अङ्क १) पत्रिकामा प्रकाशित भएको ‘देवकोटामा रोमान्टिकता र उनको लक्ष्मी निबन्धसङ्ग्रह’ शीर्षकको लेख नै कँडेलको प्रथम प्राप्य समालोचनालेख हो । समालोचक कँडेलका २०२८ सालदेखिका गहकिला समालोचना लेखलाई हेर्दा २०२८ सालपूर्वको समय कँडेलको लेखनको आभ्यासिककाल हो भन्नु पर्ने हुन्छ । अतः २०१८ सालदेखि २०२८ सालपूर्वको सामयलाई कँडेलको समालोचना लेखनको आभ्यासिक काल या पृष्ठभूमि काल मान्दा यस पछिको उनको समालोचना यात्रालाई निम्न तीन चरणहरूमा विभाजन गर्नु उपयुक्त हुन्छ-

प्रथम चरण: वि.सं. २०२८-२०३९

द्वितीय चरण: वि.सं. २०४०-२०५४

तृतीय चरण: वि.सं. २०५५-हालसम्म ।

### ४.३.१ प्रथम चरण

समालोचक घनश्याम कँडेलको समालोचना यात्राको प्रथम चरण २०२८ सालदेखि २०३९ सालसम्म विस्तारित भएको देखिन्छ । देवकोटामा रोमान्टिकता र उनको लक्ष्मीनिबन्ध सङ्ग्रह (२०२८) शीर्षकको समालोचना प्रकाशित भएपछि यिनको समालोचना यात्राको प्रथम चरण प्रारम्भ भएको हो । यो प्रथम चरण कँडेलका फुटकर समालोचनाहरूको चरण हो । यस चरणमा कँडेलका ९ वटा समालोचना लेखहरू प्रकाशित भएका देखिन्छन् । यी समालोचना लेखहरू सैद्धान्तिक एवम् व्यावहारिक दुवै किसिमका छन् । समालोचक कँडेलका प्रथम चरणका यस्ता (सैद्धान्तिक एवम् व्यावहारिक) समालोचना लेखहरूलाई कालक्रमिक आधारमा निम्न रूपमा प्रस्तुत गरिएको छ :

| क्र.सं. | शीर्षक | प्रकाशित पत्रिका | वर्ष | अङ्क | पूर्णाङ्क | प्रकाशन साल | महिना | विधा |
|---|---|---|---|---|---|---|---|---|
| १. | देवकोटाका रोमान्टिकता र उनको 'लक्ष्मी निबन्ध सङ्ग्रह' | झिल्का | १ | १ | | २०२८ | माघ | निबन्ध |
| २. | मैनाली युगसन्धिका कथाकार | रूपरेखा | १४ | ७ | १५१ | २०३० | मंसिर | कथा |
| ३. | अनुराधा: एक विवेचना | निर्झर | | | | २०३० | | उपन्यास |
| ४. | पश्चिमका केही महत्वपूर्ण साहित्यिक प्रवृत्तिहरू | मधुपर्क | १० | ७ | | २०३४ | मंसिर | सिद्धान्त |
| ५. | भानुभक्तको आदिकवित्व: एक छलफल | भानुदर्शन | ५ | १ | | २०३५ | असार | कविता |
| ६. | ध्वनि सिद्धान्त र त्यसको व्यापकता | कस्तूरी | ८ | ८ | | २०३५ | फागुन | सिद्धान्त |
| ७. | साहित्यकार पहलमान सिंह स्वार | वाङ्मय | १ | १ | | २०३७ | असार | नाटक |
| ८. | मनोविश्लेषण सिद्धान्त र साहित्य सृजना | रैबारे | २ | २ | ६ | २०३८ | पुस | सिद्धान्त |
| ९. | आज रमिता छ: यथार्थ अङ्कनको विशिष्ट प्रयत्न | जूही | २ | १ | | २०३९ | असार-भद्रौ | उपन्यास |

समालोचक घनश्याम कँडेलको यो प्रथम चरणको समयावधि जम्मा १२ वर्ष रहेको देखिन्छ । यस चरणमा कँडेलले पूर्वीय एवम् पाश्चात्य सैद्धान्तिक समालोचनाहरू प्रकाशित गरेका छन् । साथै उनले निबन्धकेन्द्री, कथाकेन्द्री, उपन्यासकेन्द्री, कविताकेन्द्री र नाटककेन्द्री जस्ता व्यावहारिक समालोचनाहरू समेत प्रकाशित गरेको देखिन्छ । कँडेलले आफ्ना कतिपय व्यावहारिक समालोचनाहरूमा सिद्धान्तलाई समेत आधार मानेका छन् भने कतिपयमा कँडेलले सिद्धान्तको वास्ता (अपेक्षा) नगरी वैयक्तिक धारणाका आधारमा समालोचना गरेको देखिन्छ ।

समालोचक घनश्याम कँडेलको यस प्रथम चरणमा पुस्तकाकार कृतिहरू प्रकाशित भएको देखिदैन केबल उनका प्रकाशित ९ वटा समालोचना लेखहरूले यस प्रथम चरणको प्रतिनिधित्व गरेका छन् । यस चरणका समालोचनाहरू कृतिकेन्द्री, कृतिकारकेन्द्री र सिद्धान्तकेन्द्री विविध किसिमका देखिन्छन् । यस चरणका कँडेलको उमेरमा त्यति परिपक्कता नभए तापनि उनका समालोचनाहरूमा बौद्धिकताको आभास पाइन्छ ।

### ४.३.२ द्वितीय चरण

समालोचक घनश्याम कँडेलको समालोचना यात्राको दोस्रो चरण २०४० सालदेखि २०५४ सालसम्म विस्तार भएको देखिन्छ । अर्थात् 'केही अन्वेषण: केही विश्लेषण' (२०४०) समालोचना कृतिको प्रकाशनसँगै कँडेलको दोस्रो चरण प्रारम्भ भएको र यसको विस्तार 'नेपाली समालोचना' (२०५५) कृतिको प्रकाशन पूर्वसम्म भएको देखिन्छ । समालोचक कँडेलको यस दोस्रो चरण (वि.सं. २०४०-२०५४) मा 'केही अन्वेषण: केही विश्लेषण' (२०४०) र 'पाश्चात्य यथार्थवादी नाटक' (२०४६) गरी दुईवटा मौलिक कृतिहरू र विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित १७ वटा फुटकर समालोचनाहरू प्रकाशित भएका देखिन्छन् । समालोचक कँडेलका यस दोस्रो चरणका फुटकर समालोचनाहरूको सूची तल प्रस्तुत गरिएको छ -

| क्र.सं. | शीर्षक | पुस्तक/पत्रिका | वर्ष | अङ्क | पूर्णाङ्क | प्रकाशन काल | महिना | विधा |
|---|---|---|---|---|---|---|---|---|
| १. | नेपाली साहित्यका श्रेष्ठ कवि | शृङखला | ७ | | १३ | २०४१ | | कविता |
| २. | प्रयोगधर्मी नयाँ नाटक 'वैकुण्ठ एक्सप्रेस' | गरिमा | | १० | ४६ | २०४३ | असोज | नाटक |
| ३. | कवि किसान र उनको काव्यसाधना | चिनारी | ११ | | | २०४४ | चैत्र | कविता |
| ४. | कृष्णप्रसाद पराजुली र उनको शोककाव्य 'कथा आँसुको' | कृ.प्र.प आस्थाका आयाम | | | १५ | २०४६ | | कविता |
| ५. | देवकोटाः केही स्फुट विचार | भावना | १ | १ | | २०४८ | | कविता |
| ६. | गुनकेशरीः नारी चरित्रका विविध पक्षका अभिव्यक्ति | उन्नयन | | १० | | २०४९ | साउन असोज | कथन |
| ७. | रूपमतीः औपन्यासिक स्थापत्यको पहिलो नमूना | रश्मि | | | | २०४९ | साउन असोज | उपन्यास |
| ८. | पाश्चात्य सन्दर्भमा हास्य व्यङ्ग्य र साहित्यकार पिंडालीको 'खै खै' | उन्नयन | | १३ | | २०५० | कार्तिक चैत्र | निबन्ध |
| ९. | टुकराज मिश्रको 'रिडी र राँची' | गरिमा | १२ | ३ | १३५ | २०५० | | निबन्ध |
| १०. | सूर्यविक्रम ज्ञवालीः नेपाली समालोचनाको सेरोफेरोमा | सुनकोसी -१ | | | | २०५१ | | जीवनी |
| ११. | भारती खरेलका नाटकः 'भाइटीका' र | भा.ख. सृजना र | | | | २०५२ | | नाटक |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | 'घमण्ड' | समीक्षा | | | | | | |
| १२. | पारिजातको औपन्यासिक यात्राका एकाली ओरालीहरू | हाम्रो प्रयास | ३ | १ | | २०५२ | | उपन्यास |
| १३. | वन-बालामा प्रकृतिप्रयोग | गरिमा | ४ | ६ | १६२ | २०५३ | जेठ | कविता |
| १४. | समालोचक बाबुराम आचार्य | रजनी | २ | १ | २ | २०५३ | | जीवनी |
| १५. | साहित्य सिद्धान्त ( पूवीर्य र पाश्चात्य) | विवेक | ९ | ३ | | २०५३/५४ | | सिद्धान्त |
| १६. | तिवारीका प्रतिशोध नाटक | तिवारी नाट्य साहित्यको विश्लेषणात्मक अध्ययन | | | | २०५४ | | नाटक |
| १७. | नेपाली उपन्यास परम्परामा 'रूपमती' र यसका विशेषता | रुद्रराज पाण्डे सृष्टि र दृष्टि | | | | २०५४ | | उपन्यास |

समालोचनक घनश्याम कँडेलको दोस्रो चरण (२०४०-२०५४) का फुटकर समालोचनाहरू वि.सं. २०४१ सालदेखि प्रकाशित भएका देखिन्छन् । उनको पहिलो समालोचना कृति 'केही अन्वेषण: केही विश्लेषण' (०४०) ले यस दोस्रो चरणको प्रारम्भ गरेको देखिन्छ । कँडेलको 'केही अन्वेषण केही विश्लेषण' यस कृतिमा केही सैद्धान्तिक र बढी व्यावहारिक गरी आठवटा समालोचनाहरू सङ्कलित भएका छन् । यी समालोचना लेखहरू कृतिकेन्द्री, सैद्धान्तिक विषयकेन्द्री र लेखकीय प्रवृत्तिकेन्द्री जस्ता विविध किसिमका देखिन्छन् । साथै यस कृतिका केही समालोचनाहरू शोध-खोजपरक प्रवृत्तिका र केही समालोचनाहरू व्याख्या-विश्लेषणात्मक प्रवृत्तिका देखिएका छन् । समालोचक कँडेलको प्रस्तुत 'केही अन्वेषण : केही विश्लेषण' (२०४०) कृतिले उनको समालोचकीय नवीन दृष्टिकोण एवम् सामर्थ्यको उद्घाटन गरेको देखिन्छ ।

'पाश्चात्य यथार्थवादी नाटक' (२०४६) समालोचक कँडेलको दोस्रो चरणको दोस्रो कृति हो र यो उनको समग्र समालोचना यात्राको पनि दोस्रो कृति हो । यो कृति यथार्थवादप्रति लेखकको रुचि, अध्ययन र अनुसन्धानको प्रतिफल हो । यस कृतिमा यथार्थवादको सैद्धान्तिक चर्चा गरिएको छ । त्यस्तै यथार्थवादी नाटक र नाटककारहरूको विवरणात्मक एवम् विश्लेषणात्मक अध्ययन गरिएको छ । यसैगरी यस कृतिमा यथार्थवादका सन्दर्भमा अन्यवादको तुलनात्मक चर्चा गरिएको छ । छोटोमा भन्दा जम्मा पाँचवटा अध्यायहरूमा सङ्गठित प्रस्तुत कृतिमा यथार्थवादको पृष्ठभूमि, उद्भव, विकास र विश्वसाहित्यमा यसको प्रभाव जस्ता कुराहरूलाई गम्भीर रूपमा विवेचना गरिएको देखिन्छ । यस समालोचनाकृतिले एकातिर कँडेलको पाश्चात्य समालोचनाको सैद्धान्तिक एवम् व्यावहारिक ज्ञानको क्षमतालाई देखाएको छ भने अर्कातिर उनको वस्तुपरक, निर्णयात्मक समालोचना गर्ने प्रवृत्तिलाई समेत औंल्याएको देखिन्छ । दोस्रो चरणको प्रारम्भबाटै अर्थात् 'केही अन्वेषण: केही विश्लेषण' (२०४०) को प्रकाशन सँगै वस्तुपरक एवम् शोधपरक समालोचना गर्दै आएका कँडेललाई उनको दोस्रो कृति 'पाश्चात्य यथार्थवादी नाटक' (२०४६) ले यथार्थवादी समालोचकका रूपमा स्थापित गरेको देखिन्छ ।

समालोचक घनश्याम कँडेलको यो दोस्रो चरणको समयावधि जम्मा १५ वर्ष रहेको छ । प्रथम चरणको समयावधिको तुलनामा यो दोस्रो चरण ३ वर्षले मात्र बढी छ । तर यस दोस्रो चरणमा समालोचना लेखन र प्रकाशनका साथै समालोचनासँग सम्बन्धित विविध कामहरू प्रशस्त मात्रामा भएका देखिन्छन् । यस चरणमा कँडेलका दुई मौलिक पुस्तकाकार समालोचना कृतिहरू र १७ वटा फुटकर समालोचनाहरू प्रकाशित भएका छन् । साथै कँडेलको सम्पादन एवम् प्रकाशनमा समालोचना प्रधान पत्रिका 'रश्मि' २०४० देखि प्रकाशित हुन थालेको देखिन्छ । यस चरणका समालोचनालेखहरू कृतिकेन्द्री कृतिकारकेन्द्री, सैद्धान्तिक विषयकेन्द्री जस्ता विभिन्न किसिमका देखिन्छन् ।

### ४.३.३ तृतीय चरण

घनश्याम कँडेलको समालोचना यात्राको तेस्रो चरण २०५५ सालदेखि हालसम्म विस्तारित भएको देखिन्छ । कँडेलको 'नेपाली समालोचना' (२०५५) कृतिले यस तेस्रो चरणको प्रारम्भ गरेको छ । यो कृति कँडेलको सम्पादित कृति हो । यस कृतिमा कँडेलले

'समालोचनाः नेपाली समालोचना' शीर्षकमा लामो सम्पादकीय लेखेका छन् । यो सम्पादकीय लेख विशेष महत्वको देखिन्छ । यस्तै उनले यस कृतिमा १८ जना समालोचकहरूका बारेमा वस्तुगत र तार्किक रूपमा टिप्पणी गरेका छन् । समालोचक कँडेलको यस तेस्रो चरणमा 'नेपाली समालोचना' (२०५५) सम्पादित कृति प्रकाशित हुनाका साथै विभिन्न पत्र-पत्रिकाहरूमा ९ वटा समालोचनाहरू प्रकाशित भएका देखिन्छन् । कँडेलका यस्ता फुटकर समालोचना लेखहरूलाई कालक्रमिक आधारमा निम्न रूपमा प्रस्तुत गरिएको छ :

| क.सं. | शीर्षक | पुस्तक/पत्रिका | वर्ष | अङ्क | पूर्णाङ्क | प्रकाशन साल | महिना | विधा |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रतिशोध नाटक परम्परा र भीमनिधि तिवारीको नाट्यकारिता | वाङ्मय | ८ | ८ | | २०५५/०५६ | | नाटक |
| २. | नाटक शिक्षण | वाङ्मय | ९ | ९ | | २०५६/०५७ | | सिद्धान्त |
| ३. | आधुनिक नेपाली कवितामा युगबोध | भारत समाचार | | | | २०५७ | | कविता |
| ४. | महाकाव्य र 'पृथ्वी' महाकाव्य | भानु | ३९ | | ८३ | २०५९ | फागुन | कविता |
| ५. | कवयित्री गोमा र उनको 'अञ्जु' खण्डकाव्य | गोमाः सङघर्षशील जीवनका पाटाहरू | | | | २०६० | | कविता |
| ६. | कवि व्यथित र 'हमारा देशः हमारा 'स्वप्न' भित्रका कविता | कवि व्यथित स्मृति ग्रन्थ | | | | २०६० | | कविता |
| ७. | समालोचक शरदचन्द्र शर्मा र सानो चिनारीः नरदेव पाण्डेको | सुनकोसी ५ | | | | २०६१ | | जीवनी |
| ८. | 'रश्मि' का आलोकमा | शरदचन्द्र भट्टराईको इतिवृत्त | | | | २०६२ | | विविध |
| ९. | तोत्रराज पाण्डे र 'गीता-प्रवचनको नेपाली अनवबाद' | | | | | २०६४ | वैशाख | जीवनी |

समालोचक घनश्याम कँडेलको यस तेस्रो चरणको समयावधि जम्मा ११ वर्षको देखिन्छ । कँडेलको द्वितीय चरणका समालोचनाहरूको तुलनामा यस चरणका समालोचनाहरू सङ्ख्यात्मक र गुणात्मक दुबै दृष्टिले न्यून रहेका छन् । उनको यो तेस्रो चरणलाई शैथिल्य चरणका रूपमा समेत मान्न सकिन्छ । उमेर र स्वास्थ्यको प्रतिकूलताले समेत उनको समालोचना लेखन कार्यमा अवरोध आएको देखिन्छ । सामलोचना आफैंमा कठीन, जटिल साथै बौद्धिक कार्य भएकाले यस समयमा अर्थात् २०५५ साल पछिका वर्षहरूमा घनश्याम कँडेल कविता-काव्य साधनामा लागेको देखिन्छ । वि.सं. २०५५ पछि लगातार रूपमा दुई चार खण्डकाव्यहरू प्रकाशित हुनुले उक्त कुराको पुष्टि गरेको देखिन्छ ।

समालोचक घनश्याम कँडेलको यस तेस्रो चरण (२०५५-हालसम्म) मा जे जति समालोचनालेखहरू प्रकाशित भएका छन्; ती आफैंमा महत्वपूर्ण छन् । कँडेलले यस चरणमा कविताकेन्द्री समालोचनाहरू धेरै लेखेकको देखिन्छ । उनले यस चरणमा निबन्ध, कथा र उपन्यासकेन्द्री समालोचनाहरू लेखेको देखिदैन । उनले यस चरणमा नाटककेन्द्री एक वटा समालोचना लेख लेखेको देखिन्छ । कँडेलले यस तेस्रो चरणमा एउटा सैद्धान्तिक समालोचना लेखेको देखिन्छ । उनका यस चरणका प्रायः सबै समालोचनाहरू व्यावहारिक समालोचना अन्तर्गत रहेका छन् । उनले यस्ता व्यावहारिक समालोचनाहरूको लेखनमा भने सिद्धान्तको कतै-कतै प्रयोग गरेको देखिन्छ । उनका यस चरणका समालोचनाहरू कृति र कृतिकार केन्द्री रहेका छन् ।

कँडेलको यस तेस्रो चरण (२०५५-हालसम्म) को उपलब्धि भन्नु नै उनको सम्पादित कृति 'नेपाली समालोचना' (२०५५) हो । उनको यो कृति नेपाली समालोचनाको एक आधिकारिक कृति हो र यसले नेपाली समालोचक, अध्येताहरूलाई उचित खुराक प्रदान गरेको देखिन्छ । यसैगरी उनका यस चरणका केही फुटकर समालोचनालेखहरू पनि विशेष महत्वका देखिन्छन् उनको यस चरणका 'प्रतिशोध नाटक-परम्परा र भीमनिधि तिवारीको नाट्यकारिता' (२०५५/०५६), त्यस्तै 'नाटक शिक्षण' (२०५६) जस्ता लेखहरू विशेष उल्लेख्य छन् ।

## ४.४ निष्कर्ष

नेपाली समालोचना परम्परामा घनश्याम कँडेलको आगमन र उनको समालोचना यात्राका सन्दर्भमा गरिएको अध्ययनबाट निम्न निष्कर्ष निस्किएको छ । यस निष्कर्षलाई तलका बुँदाहरूमा प्रस्तुत गरिएको छ :

१. समालोचना सिर्जनाको अनुवर्ती रूप हो ।

२. नेपाली समालोचनाको प्रारम्भ मोतीराम भट्टले लेखेको 'कवि भानुभक्ताचार्यको जीवन चरित्र' (१९४८) बाट भएको हो ।

३. नेपाली समालोचनालाई मूलतः चार चरणमा बाँडिएको छ । वि.सं. १९४८ लेखि १९९८ सम्मको समयावधिलाई नेपाली समालोचनाको प्रथम चरण मानिन्छ । यस चरणमा जीवनीपरक, प्रभावपरक, आस्वादनमूलक जस्ता समालोचनाहरू लेखिएका छन् । मोतीराम भट्ट, राममणि आदी, सूर्यविक्रम ज्ञवाली यस चरणका प्रसिद्ध समालोचक हुन् ।

४. वि.सं. १९९९ देखि २००५ सम्मको समयावधिलाई नेपाली समालोचनाको दोस्रो चरण मानिएको छ । यस चरणका समालोचनाहरूमा गुणदोषको निरूपण गरिएको छ । त्यस्तै यस चरणका समालोचनाहरू सैद्धान्तिक सचेतता तर्फ उन्मुख र शोधखोजपरक देखिन्छन् । यस चरणका प्रसिद्ध प्रमुख समालोचकहरू हुन्: रामकृष्ण शर्मा, यदुनाथ खनाल र बाबुराम आचार्य ।

५. वि.सं. २००६ देखि २०२४ सम्मको समयावधि नेपाली समालोचनाको तेस्रो चरण हो । यस चरणमा विधासिद्धान्तको वरणगरी समालोचनाहरू लेखिएका छन् । यसैगरी यस चरणमा प्रगतिवादी नेपाली समालोचनाको विकास भएको देखिन्छ । यस चरणका प्रसिद्ध समालोचकहरू हुन् : ईश्वर बराल, तारानाथ शर्मा र बालचन्द्र शर्मा ।

६. वि.सं. २०२५ देखि हाल सम्मको समयावधि नेपाली समालोचनाको चौथो चरण हो । यस चरणका केही समालोचनाहरू सिद्धान्त निरपेक्षी, केही समालोचनाहरू सिद्धान्त सापेक्षी र केही समालोचनाहरू बहुल सिद्धान्त सापेक्षी देखिएका छन् । अर्थात्

नेपाली समालोचनाको यो चौथो चरण समालोचनाका विभिन्न सिद्धान्त र पद्धति-प्रणालीको एकल वा बहुल प्रयोगको चरण हो । यस चौथो चरणका प्रसिद्ध समालोचकहरू हुन्: कृष्णचन्द्रसिंह प्रधान, इन्द्रबहादुर राई, केशवप्रसाद उपाध्याय, बासुदेव त्रिपाठी, मोहनराज शर्मा, ठाकुर पराजुली, दयाराम श्रेष्ठ आदि ।

७. बनारसबाट प्रकाशित हुने 'नौलो नेपाली' पत्रिकामा २०१८ सालमा प्रकाशित 'साहित्यमा उपयोगिताबाद' शीर्षकको लेख नै कँडेलको पहिलो समालोनालेख हो । तर यो लेख आज अप्राप्त भएकाले र अन्य समालोचनात्मक लेख २०२८ साल पूर्वका नपाइएकाले २०२८ सालमा 'झिल्का' पत्रिकामा प्रकाशित 'देवकोटामा रोमान्टिकता र उनको लक्ष्मी निबन्धसङ्ग्रह' शीर्षकको लेख नै घनश्याम कँडेलको पहिलो प्राप्त समालोचना हो ।

८. यसरी नेपाली समालोचनाको चौथो चरण (२०२५) को प्रारम्भ मै प्रवेश गरेका समालोचक घनश्याम कँडेलको समालोचना यात्रा झण्डै चार दशकको देखिन्छ ।

९. घनश्याम कँडेलको २०२८ सालपूर्वको समयलाई आभ्यासिककाल मान्दै उनको २०२८ साल पछिको समालोचना यात्रालाई मूलतः तीन चरणमा विभाजन गर्न सकिन्छ ।

१०. वि.सं. २०२८ देखि २०३९ सम्मको समयावधि कँडेलको समालोचना यात्राको प्रथम चरण हो । यस चरणमा कँडेलका सैद्धान्तिक एवम् व्यावहारिक ९ वटा समालोचना लेखहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएका छन् । यस चरणका समालोचनाहरू बढी प्रभावपरक देखिएका छन् ।

११. वि.सं. २०४० देखि २०५४ को सम्मको समयावधिलाई कँडेलको दोस्रो चरण मानिन्छ । यस चरणमा फुटकर समालोचना र पुस्तकाकार समालोचनाहरू प्रकाशित भएका छन् । यस चरणका समालोचनाहरू वस्तुवादी, शोधपरक, निर्णयात्मक किसिमका छन् ।

१२. वि.सं. २०५५ देखि हाल सम्मको समयावधि कँडेलको समालोचना यात्राको तेस्रो चरण हो । यस चरणमा कँडेलका व्यावहारिक समालोचनाहरू प्रकाशित भएका छन् । द्वितीय चरणको तुलनामा यो तेस्रो चरण धेरै शिथिल देखिन्छ ।

१३. समालोचक घनश्याम कँडेलका सैद्धान्तिक एवम् व्यावहारिक समालोचनाहरूले नेपाली समालोचनाको विकासमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन् ।

# परिच्छेद पाँच

## घनश्याम कँडेलका समालोचनाकृतिहरूको विश्लेषण

### ५.१ प्रथम चरणका समालोचनाकृतिहरूको विश्लेषण

समालोचक घनश्याम कँडेलका यस प्रथम चरण (२०२८-२०३९) मा नौ वटा समालोचनालेखहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् । कँडेलका यस प्रथम चरणका कतिपय समालोचनाहरू उनको वैयक्तिक धारणामा आधारित छन् भने कतिपय समालोचनाहरू सिद्धान्तमा आधारित भई गरिएका छन् । यस प्रथम चरणका समालोचनाहरूमध्ये केही समालोचना स्रष्टाकेन्द्री, केही समालोचना सृष्टि (कृति) केन्द्री, केही समालोचना मिश्रित (स्रस्टा+सृस्टि) र केही समालोचनाहरू सिद्धान्त केन्द्री गरी विविध खालका देखिएका छन् । आयामका दृष्टिले यी समालोचनाहरू कम्तीमा चार र बढीमा बाइस पृष्ठमा विस्तारित भएका देखिन्छन् । यद्यपि उनका प्रायः समालोचनाहरू न लामा न छोटा ठिक्कका देखिन्छन् ।

समालोचक घनश्याम कँडेलको यस प्रथम चरण (२०२८-२०३९) का समालोचनाहरूलाई सैद्धान्तिक र व्यावहारिक गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । यस चरणमा कँडेलका छ वटा समालोचनाहरू व्यावहारिक समालोचना अन्तर्गत परेका छन् । यसरी नै ३ वटा समालोचनालेखहरू सैद्धान्तिक समालोचना अन्तर्गत परेका देखिन्छन् । समालोचक कँडेलका यस प्रथम चरणका समालोचनाहरूलाई व्यावहारिक र सैद्धान्तिक समालोचना अन्तर्गत राखेर छुट्टाछुट्टै विश्लेषण गरिएको छ ।

#### ५.१.१ व्यावहारिक समालोचनाको विश्लेषण

समालोचक घनश्याम कँडेलका व्यावहारिक समालोचना लेखहरू निबन्धकेन्द्री, कथाकेन्द्री, उपन्यासकेन्द्री, कविताकेन्द्री र नाटककेन्द्री जस्ता विभिन्न विधाकेन्द्री भएकाले यहाँ सोही आधारमा विश्लेषण गरिएको छ ।

##### ५.१.१.१ निबन्धकेन्द्री समालोचनाको विश्लेषण

कँडेलको यस प्रथम चरणमा एउटामात्र निबन्धकेन्द्री समालोचना 'देवकोटामा रोमान्टिकता' र उनको 'लक्ष्मी निबन्धसङ्ग्रह' शीर्षकको लेख प्रकाशित भएकाले यहाँ यसको विश्लेषण गरिएको छ ।

प्रस्तुत लेख समालोचक घनश्याम कँडेलको प्रथम प्राप्त समालोचनात्मक लेख हो । यो उनको प्रथम चरण (२०२८-२०३९) को निबन्ध विधासँग सम्बन्धित एउटा मात्र लेख हो । वि.सं. २०२८ साल माघ महिनामा 'झिल्का' पत्रिका (वर्ष १, अङ्क १) मा प्रकाशित प्रस्तुत समालोचनालेख दश (५-१४) पृष्ठमा विस्तारित छ । यस लेखमा कँडेलले नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटाको आगमनले नै एउटा युगको अन्त्य र अर्को युगको थालनी भएको हो भन्दै देवकोटाको 'लक्ष्मी निबन्धसङ्ग्रह' (२००२) भित्रका निबन्धहरूका बारेमा सङ्क्षिप्त रूपमा परिचयात्मक टिप्पणी गरेका छन् ।

पश्चिमी विद्वान मोन्टेग (मोन्तैं) र चार्ल्स ल्याम्बका जस्ता आत्मपरक निबन्ध लेख्ने लक्ष्मीप्रसाद देवकोटाका निबन्धहरूमा बालकृष्ण समका निबन्धहरूमा जस्तो बौद्धिक एवम् वस्तुगत तर्क नभएर भावनात्मक तर्क रहेको तथ्य समालोचक कँडेलले उद्घाटन गरेका छन् । लक्ष्मीप्रसाद देवकोटा स्वच्छन्दतावादी प्रतिभा-स्तम्भ भएकाले उनका हरेक रचना स्वच्छन्दतावादकै केन्द्रीयतामा निर्माण भएका हुन्छन् र ती रचनाहरूको सम्बन्ध मस्तिष्कसँग भन्दा हृदयसँग बढी हुने निष्कर्ष समीक्षक कँडेलको रहेको छ ।

आत्मपरक निबन्धकार मोन्टेगले झैँ देवकोटाले पनि आफ्ना कतिपय निबन्धका विषय आफैँलाई बनाएका भए तापनि उनको 'लक्ष्मी निबन्धसङ्ग्रह' भित्रका निबन्धहरूका विषयलाई मूलतः तीन भागमा विभाजन गर्न सकिन्छ भन्ने समालोचक घनश्याम कँडेलको स्पष्ट धारणा रहेको देखिन्छ । कँडेलले विभाजन गरेका ती तीन भागहरू हुन्- १) अर्वाचीन र प्राचीन सभ्यता, २) व्यक्ति, प्रकृति र ईश्वर र ३) सामाजिकता र राष्ट्रियता ।

लक्ष्मीप्रसाद देवकोटाका ''गधा बुद्धिमान कि गुरु', 'भलाद्मी', 'मान्छेलाई घडीबाट हानि', 'सुकुल माथि', 'साधुको माहात्म्य', 'वैराग्य', 'कुम्भकर्ण' जस्ता निबन्धहरूका विषय अर्वाचीन र प्राचीन सभ्यताबाट लिइएका हुन् भन्ने कँडेलको विश्लेषण रहेको देखिन्छ । यसैगरी देवकोटाका 'मान्छेजादू', 'पहाडी जीवन', 'मेरी शिशु', 'आकार र अभिप्राय', 'फूल', 'पाँचौवटा चाहिने कुराहरू' जस्ता निबन्धहरूका विषय व्यक्ति, प्रकृति र ईश्वर रहेको तथ्य कँडेलले उद्घाटन गरेका छन् । त्यस्तै कँडेलले देवकोटाका 'कविराजको च्याङग्रे खच्चर', 'जूवा', 'वीरहरू', 'के नेपाल सानो छ', 'शिक्षा' जस्ता निबन्धहरूका विषय सामाजिकता र राष्ट्रियताबाट लिइएका हुन् भन्ने निष्कर्ष निकालेका छन् ।

समालोचक घनश्याम कँडेलले प्रस्तुत लेखमा देवकोटाका विषयस्रोत, निबन्धहरूको सङ्क्षिप्त रूपमा टिप्पणी र विश्वसाहित्यमा निबन्धकार देवकोटालाई चिनाउन चाहेको देखिन्छ । कँडेलको देवकोटामा भएको अन्तर्निहित शाश्वत प्रतिभा पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त र पूर्वी (नेपाली समेत) पश्चिमी कवि-साहित्यकारहरू (बाल्मीकि, व्यास, कालिदास, भानुभक्त-वर्डस्वर्थ, सेली, वाइरन, किट्स, मोन्टेग आदि) का काव्य-कृतिहरूले अझ घनीभूत भएको तथ्य उद्घाटन गरेका छन् । यस समालोचनालेखमा कँडेलले देवकोटाका निबन्धहरूको गम्भीर रूपमा अध्ययन गरेको देखिन्छ । देवकोटाका निबन्धहरूमा पूर्वी र पश्चिमी मान्यताको प्रभाव र प्रेरणा रहेको कुरा यस लेखमा कँडेलले यसरी अभिव्यक्त गरेका छन् । "देवकोटाका कृतिहरूको कलेवर पश्चिमी रोमान्टिकताको छ भने त्यसमा प्राण पूर्वी मान्यताको छ" । समीक्षक कँडेलको उक्त अभिव्यक्ति बढी मात्रामा वस्तुसम्मत र तर्कसम्मत रहेको देखिन्छ ।

व्यावहारिक समालोचना अन्तर्गत पर्ने प्रस्तुत समालोचना घनश्याम कँडेलको वस्तुग अध्ययन र विश्लेषणको उपज हो । यस समालोचनालेखलाई हेर्दा समिक्षक कँडेलको लेखनशैली खारिदैं, माझिंदै र परिष्कृत हुँदै गएको देखिन्छ । यति भएर पनि समालोचक कँडेलले यस छोटो लेखमा विषयको विविधतालाई बढी महत्व दिएको र लक्ष्मीप्रसाद देवकोटाको अन्धभक्त भई बढी प्रशंसा गरेकाले अन्ततः प्रस्तुत समालोचनालेख पूर्ण वस्तुवादी बन्न सकेको देखिदैन । अतः प्रस्तुत समालोचना प्रभावपरक समालोचना बन्न पुगेको देखिन्छ । यस समालोचना लेखले देवकोटा र उनका निबन्धहरूलाई चिनाएको छ भने कँडेल स्वयम्को समालोचकीय सामर्थ्यलाई समेत प्रकटीकरण गरेको देखिन्छ ।

### ५.१.१.२ कथाकेन्द्री समालोचनाको विश्लेषण

समालोचक घनश्याम कँडेलको यस चरणमा एउटा मात्र कथाकेन्द्री समालोचना 'मैनाली युगसन्धिका कथाकार' शीर्षकको लेख प्रकाशित भएकाले यहाँ उक्त समालोचना लेखको विश्लेषण गरिएको छ ।

प्रस्तुत समालोचना लेख २०३० साल मंसिर महिनाको 'रूपरेखा' पत्रिकामा प्रकाशित भएको देखिन्छ । समालोचक घनश्याम कँडेलको प्रथम चरण (२०२८-२०३९) को कथाविधासँग सम्बन्धित प्रस्तुत समालोचनालेख 'रूपरेखा' को जम्मा सात (१७-२३) पृष्ठमा

संरचित देखिन्छ । कँडेलले यस लेखमा नेपाली कथा साहित्यको इतिहासलाई सङ्क्षित रूपमा प्रस्तुत गर्दै कथाकार गुरूप्रसाद मैनालीको स्थान निर्धारण गरेका छन् । साथै उनले मैनालीका कथाहरूको परिचयात्मक टिप्पणी प्रस्तुत गर्दै ती कथाहरूमा मैनाली पूर्ववर्ती कथाहरूको तुलनामा बढी परिपुष्ट विषयवस्तु, विश्वसनीय एवम् स्वाभाविक कथातत्त्व रहेको तथ्योद्घाटन गरेका छन् ।

समालोचक कँडेलले प्रस्तुत लेखमा मैनालीका प्रायः कथाहरूको समीक्षात्मक टिप्पणी गरेको देखिन्छ । मैनालीका ग्रामीण र सहरिया दुवै वातावरणका कथाहरू भए पनि ग्रामीण वातावरणका कथाहरू बढी जीवन्त भएको तथ्य कँडेलले निकालेका छन् । यस लेखमा 'नासो' कथासङ्ग्रह भित्रका 'छिमेकी', 'पापको परिणाम', 'कर्तव्य', 'अभागी', 'परालको आगो' जस्ता कथाहरूलाई मैनालीका ग्रामीण जीवनसँग सम्बन्धित कथाहरू हुन् भनिएको छ । 'पापको परिणाम' कथा गाउँका साहू-सामन्तहरूले गर्ने अत्याचार र जनताद्वारा गरिने प्रतिरोध तथा विद्रोहको सफल कथा भए पनि लेखकको ईश्वरीय न्यायमाथि आस्था र मान्छेको मानसिक परिवर्तनमा विश्वास गर्ने प्रवृत्तिले गर्दा यस कथाले जीवन्तता पाउन नसकेको निष्कर्ष समालोचक कँडेलले निकालेका छन् । यसैगरी 'प्रायश्चित', 'बिदा', 'चिताको ज्वाला' जस्ता कथाहरू मैनालीका सहरिया वातावरणका कथा हुन् र यी कथाहरूमा भएको प्रेमी-प्रेमीकाको चर्चा समीक्षक कँडेलले गरेका छन् । 'प्रायश्चित' कथामा कथाकी नारीपात्र गौरी भित्रका यौवन सुलभ प्रेमको भोक र सामाजिक मर्यादाको बीच द्वन्द्व देखाएको भए बढी स्वाभाविक, विश्वसनीय हुने थियो भन्ने समालोचक कँडेलको तर्क रहेको देखिन्छ । यसै गरेर उनले मैनालीका अन्य दुई कथा 'बिदा' र 'चिताको ज्वाला' का प्रेमी-प्रेमिका परम्परित सामाजिक मर्यादालाई तोड्न सक्ने साहस नभएका तथ्योद्घाटन गरेका छन् ।

नेपाली कथा साहित्यमा कथाकार मैनालीको विशिष्ट स्थान भएपनि उनका कथाहरू यथार्थको धरातलमा पूर्ण ओर्लिन नसकेका त्यस्तै परम्परित पुरातनवादी सोचबाट मुक्त हुन नसकेका जस्ता कारणहरूले कथाकार गुरूप्रसाद मैनाली आधुनिक कथाकार हुन नसेकेको समालोचक घनश्याम कँडेलको निष्कर्ष रहेको छ । कँडेलको प्रस्तुत लेखको शीर्षकबाट पनि यसै कुराको सङ्केत प्राप्त भएको देखिन्छ ।

प्रस्तुत समालोचना लेख समालोचक घनश्याम कँडेलको व्यावहारिक समालोचना अन्तर्गत पर्दछ । उनका अघिल्ला समालोचनालेखका समालोचकीय विशेषताहरू यस समालोचनामा पनि पाइएका छन् । तुलनात्मक एवम् व्याख्यानात्मक समालोचना गर्ने प्रवृत्ति पनि यस समालोचना लेखमा पाइन्छन् । कँडेलको पहिलो समालोचनालेख झैं यो लेख पनि प्रभावपरक समालोचना अन्तर्गत रहेको देखिन्छ । यस छोटो समालोचना लेखमा समालोचक कँडेलले विविध विषयवस्तुलाई समेट्न खोजेकाले उक्त समालोचना वस्तुगत र विशिष्ट बन्न नसकेको देखिन्छ । यद्यपि कँडेलले यस समालोचना लेख मार्फत एक साथ दुईवटा काम गरेका छन् । पहिलो काम भनेको मैनालीका बारेमा आफ्नो धारणाको प्रस्तुति र अर्को काम भनेको आफ्नो लेखन क्षमतालाई माझ्नु हो । यसबाट कँडेलको समालोचना सामर्थ्य क्रमशः विकसित हुँदै गएको देखिन्छ ।

### ५.१.१.३ उपन्यासकेन्द्री समालोचनाको विश्लेषण

समालोचक कँडेलको समालोचनायात्राअन्तर्गत प्रथम चरण (२०२८-२०३९) मा दुईवटा समालोचनात्मक लेख उपन्यास विधासँग सम्बन्धित देखिन्छन् । ती दुई समालोचना लेख हुन्- क) 'अनुराधाः एक विवेचना' (२०३०) र ख) 'आज रमिता छः यथार्थ, अङ्कनको विशिष्ट प्रयत्न' (२०३९) । यहाँ यिनै दुई समालोचना लेखहरूमा केन्द्रित भई तिन्को विश्लेषण गरिएको छ ।

#### क) अनुराधा एक विवेचना

प्रस्तुत समालोचना प्रकाशन र प्राप्तिका दृष्टिले कँडेलको तेस्रो समालोचनालेख हो । उनका प्रथम चरण (२०२८-२०३९) का समालोचनाहरूमध्ये आयामका दृष्टिले यो लेख तेस्रो लामो समालोचना लेख हो । यो समालोचना लेख २०३० सालको 'निर्झर' पत्रिकामा चौध (४७-६०) पृष्ठमा विस्तारित देखिन्छ । यस समालोचनामा आइपुग्दा समालोचक कँडेलको लेखकीय विषयवस्तु एवम् क्षमता अझ सुगठित, वस्तुगत र तथ्यपरक बन्दै गएको देखिन्छ । कँडेल यस लेखमा विजय मल्लको १५० पृष्ठमा संरचित 'अनुराधा' (२०१८) उपन्यासमै केन्द्रित भएका छन् । उनले यस लेखमा वस्तुगत एवम् मनोवैज्ञानिक आधारमा 'अनुराधा' उपन्यासको विवेचना गरेका छन् । प्रस्तुत समालोचना समीक्षक कँडेलको पहिलो मनोवैज्ञानिक समालोचना हो ।

समालोचक घनश्याम कँडेलले प्रस्तुत लेखमा 'अनुराधा' (२०१८) उपन्यासका प्रमुख पात्र अनुराधा र कोमलमानको विशेष रूपमा चर्चा गरेका छन् । उनीहरूको आर्थिक स्थिति, मानसिक अवस्था, प्रेमको प्रकृति, सामन्ती संस्कार र त्यसको परिणाम जस्ता कुराहरूलाई समीक्षक कँडेलले गम्भीर रूपमा औंल्याएका छन् । उपन्यासका पात्रहरू उच्च-कुलीन वर्गका भएकाले उनीहरू गाँस-बासका समस्याबाट मुक्त छन् र उनीहरूका खास समस्या भनेको मनोजगत् र बौद्धिक जगत्का समस्या भएको कँडेलको विश्लेषण रहेको पाइन्छ । अनुराधा र कोमलमान दुवै मनोवैज्ञानिक समस्याले पीडित भएका र उनीहरूको समाजसँग बौद्धिक सामञ्जस्य कायम हुन नसकेको कँडेलको निष्कर्ष रहेको छ ।

उपन्यासकार विजय मल्ल एवम् केही समालोचकहरूले कोमलमानलाई मातृरति ग्रन्थिले पीडित पात्रका रूपमा देखाएका भए पनि आफू त्यसको विरुद्धमा रहेको कुरा कँडेलले यस लेखमा उल्लेख गरेका छन् । मातृरति ग्रन्तिको सम्बन्ध मनको अचेतन भागसँग बढी हुने भएकाले उक्त ग्रन्थिले ग्रस्त पात्र कोमलमान भौँ आफू त्यसको सिकार बनेको स्पष्ट थाहा पाउने र त्यसैलाई आधार मानेर आफ्नो मनस्थितिको विश्लेषण गर्न सक्ने अवस्थामा हुँदैन भन्ने समालोचक कँडेलको ठहर छ । यसैगरी कोमलमान पनि मनोवैज्ञानिक रूपमा आत्मपीडक प्रवृत्तिको पात्र नभएको निष्कर्ष समेत समालोचक कँडेलले निकालेका छन् । कँडेलले उपन्यासको नायक कोमलमानलाई भारतीय सिनेमाको नायक भैँ मानेका छन् । भारतीय सिनेमाको नायकलाई सुरू-सुरूमा अनासक्त, सांसारिकता देखि उदास र आदर्श पात्रका रूपमा प्रस्तुत गरिएको हुन्छ तर उसको अनाशक्ति र उदासिनता आफ्नो प्रियवस्तु पाउने वित्तिकै विलुप्त हुन पुग्छ, ठीक यही प्रवृत्ति कोमलामानमा भएको ( पृ.५१) भन्ने कँडेलको विश्लेषण रहेको पाइन्छ । उनले उक्त कुराको पुष्टि गर्न आफ्नो तर्क यसरी प्रस्तुत गरेका छन् "यदि कोमलमान आत्मपीडक पात्र हो र उसमा मनोदमन र मानसिक यातनाद्वारा यौनानन्द लिने प्रवृत्ति विकसित भएको थियो भने अनुराधालाई भेट्ने बित्तिकै उसको नारी वर्गप्रतिको विकर्षण, वितृष्णा र उदासीनता समाप्त हुनु हुने थिएन भन्ने समालोचक कँडेलको तर्क रहेको देखिन्छ (पृ: ५०) ।

यसरी नै उपन्यासकी नारीपात्र (नायिका) अनुराधालाई पितृरति ग्रन्थिले ग्रस्त पात्रका रूपमा उपन्यासकार मल्ल र केही समालोचकहरूले देखाएका भएपनि आफू त्यसको

विरुद्धमा रहेको कुरा कँडेलले यस लेखमा व्यक्त गरेका छन् । मनोविज्ञानको भाषामा छोरीको बाबुप्रति आकर्षण र अनुराग तथा आमाप्रति ईर्ष्या र शत्रुतापूर्ण व्यवहारलाई पितृरति ग्रन्थि (इलेक्ट्रो कम्प्लेक्स) भन्छन् भन्दै 'अनुराधा' उपन्यासमा अनुराधाको बाबुप्रति आकर्षण र अनुराग भए पनि आमाप्रति शत्रुतापूर्ण व्यवहार भएको छैन (पृ.५४) भन्ने समालोचक कँडेलको निष्कर्ष रहेको छ । यदि अनुराधामा पितृरति ग्रन्थिको प्रबलता थियो भने उसले आफ्नी आमालाई नै मार्छु भनी छुरी बोकेर आमाप्रति जाइलाग्नु पर्ने थियो  तर यसको ठीक विपरति रत्नमानप्रति जाइलागेको घटना उपन्यासमा देखाइएकाले उपन्यासकी नायिका अनुराधामा पितृरति ग्रन्थिको प्रवलता नरहेको भन्ने समालोचक कँडेलको थप विश्लेषण रहेको पाइन्छ ।

समालोचक घनश्याम कँडेलको प्रस्तुत 'अनुराधाः एक विवेचना' (२०३०) शीर्षकको समालोचनालेख आफैँमा महत्वपूर्ण समालोचना हो । यो एक व्यावहारिक समालोचना हो । यो समालोचनालेख सिद्धान्तलाई अगाडि राखेर तयार पारिएको देखिन्छ । कँडेलको प्रस्तुत समालोचनालेख निगमनात्मक समालोचना हो । कँडेलका यस पूर्वका समालोचनाको तुलनामा यो समालोचना बढी वस्तुवादी, तार्किक, बौद्धिक र सिद्धान्त सापेक्षिक देखिन्छ । यस समालोचनाको भाषाशैली मध्यम खालको देखिन्छ । यस समालोचना लेखले विजय मल्लको 'अनुराधा' (२०१८) उपन्यासलाई बुझ्न सघाउ पुऱ्याउनका साथै समालोचक घनश्याम कँडेलको समालोचनाकारिताका शक्ति समेतलाई उद्घाटित गरेको छ ।

**ख) आज रमिता छः यथार्थ अङ्कनको विशिष्ट प्रयत्न**

प्रस्तुत समालोचनात्मक लेख कँडेलको प्रथम चरणको उपन्यास विधासँग सम्बन्धित दोस्रो लेख हो । यो लेख प्रथम चरण (२०२८-२०३९) को सबैभन्दा लामो समालोचना लेख हो । त्रैमासिक पत्रिका 'जूही' (वर्ष १, अङ्क २, २०३८) मा आधा भाग र २०३९ सालको 'जूही' (वर्ष २, अङ्क १) मा बाँकी  भाग गरी जम्मा २२ पृष्ठमा छापिएको यस समालोचनामा कँडेलले इन्द्रबहादुर राईको 'आज रमिता छ' (२०२१) उपन्यासमा यथार्थको के कस्तो अङ्कन भएको छ त्यसको वस्तुगत रूपमा विश्लेषण गरेका छन् ।

समालोचक घनश्याम कँडेलले निष्कर्ष समेत गरी एघार वटा उपशीर्षकहरूमा यस लेखलाई विश्लेषण गरी उक्त शीर्षकलाई पूर्णता प्रदान गरेका छन् । उनले यथार्थवादी

उपन्यासका रूपमा 'आज रमिता छ' (२०२१) उपन्यासको अध्ययनका सन्दर्भमा प्रस्तुत उपन्यासको प्रकाशन पूर्वका प्रमुख उपन्यासहरूमा अङ्कन भएको यथार्थलाई देखाई 'आज रमिता छ' उपन्यासमा अङ्कन भएको यथार्थसँग तुलना गरेका छन् । 'रूपमती' को जस्तो आदर्शोन्मुख यथार्थ, 'भ्रमर' को जस्तो काल्पनिक यथार्थ र 'मुलुकबाहिर' को जस्तो कल्पनामिश्रित मानवतावादी यथार्थलाई 'आज रमिता छ' ले अभीष्ट नबनाएको तथ्य समालोचक कँडेलले उद्घाटन गरेका छन् । 'आज रमिता छ' उपन्यासले कुनै सिद्धान्त वा वादका पुष्टि वा मानवतावादको प्रचार गर्ने उद्देश्य नराखी विशुद्ध यथार्थलाई प्रस्तुत गर्ने अभीष्ट राखेको कँडेलको विश्लेषण पाइन्छ ।

विभिन्न उपशीर्षक र अन्य उप-उपशीर्षकमा समेत बाँडेर समीक्षक कँडेलले प्रस्तुत लेखमा सूक्ष्म विश्लेषण पद्धतिको प्रयोग गरेको देखिन्छ । कँडेलले इन्द्रबहादुर राईको उपन्यास जगत्मा प्रवेश हुनुपूर्व नेपाली उपन्यासहरू यथार्थको धरातलबाट कति टाढा थिए भन्ने कुराको गम्भीर रूपमा विश्लेषण गरेका छन् । उनले 'आज रमिता छ' उपन्यासको जटील पक्ष र सफल पक्षलाई पनि केलाएका छन् । उपन्यासका पात्रहरूका बारेमा विश्लेषणात्मक अध्ययन र सूक्ष्म निरीक्षण गर्ने काम समेत उनले गरेका छन् । यसैगरी समालोचक कँडेलले यस उपन्यासका आवश्यक संरचनात्मक पक्षका बारेमा विशेष चर्चा गरेका छन् । उनले उपन्यासमा आङ्गिक एकताको अभाव, परिच्छेदको विभाजन रहितता, अनावश्यक पात्रको समावेश जस्ता नवीन विशेषताहरूले प्रस्तुत उपन्यासलाई जटिल बनाएको तथ्योद्घाटन गरेका छन् । यसरी नै समकालिक घटना र परिस्थितिको उद्घाटन, सोही अनुकूलका पात्र र दार्जिलिङे कथ्य भाषाको प्रयोग जस्ता विशेषताहरूले समेत 'आज रमिता छ' उपन्यासमा विशुद्ध यथार्थको अङ्कन भएको निष्कर्ष समालोचक कँडेलले निकालेका छन् ।

प्रस्तुत 'आज रमिता छः यथार्थ अङ्कनको विशिष्ट प्रयत्न' (२०३९) शीर्षकको समालोचना लेखमा दार्जिलिङको नेपाली जीवनको यथार्थ रूपमा अङ्कन गर्ने प्रयत्नमा राईको यस उपन्यासले विसङ्गतिपूर्ण कुराहरूलाई पनि समेटेको उल्लेख गर्दै जीवनलाई राईले सङ्गतिपूर्ण नदेखेकाले उपन्यासलाई पनि विसङ्गतिपूर्ण बनाएको भन्ने विश्लेषण कँडेलको रहेको छ । उक्त उपन्यासमा उपन्यासकारले दिन चाहेको खासकुरालाई समालोचक

कँडेलले गम्भीर रूपमा प्रस्तुत गर्न सकेका छन् । कँडेलका यो समालोचना वस्तुपरक प्रकारको देखिन्छ । अब कँडेलले प्रभाववादबाट मुक्त भएर क्रमश वस्तुवादी समालोचना गर्न थालेको सङ्केत यस लेखले दिएको छ ।

### ५.१.१.४ कविताकेन्द्री समालोचनाको विश्लेषण

समीक्षक कँडेलको यस चरणमा एउटा मात्र कविताकेन्द्री समालोचना 'भानुभक्तको आदिकवित्व : एक छलफल' शीर्षकको लेख प्रकाशित भएकाले यहाँ उक्त समालोचनाको विश्लेषण गरिएको छ ।

समालोचक कँडेलको प्रथम चरण (२०२८-२०३९) को कविता विधासँग सम्बद्ध प्रस्तुत समीक्षा २०३५ सालको 'भानुदर्शन' (वर्ष ५, अङ्क १) मा जम्मा (७३-८१) नौं पृष्ठमा विस्तारित छ । यस लेखमा कँडेलले भानुभक्तको आदिकवित्वको औचित्यलाई गम्भीर रूपमा प्रस्तुत गरेका छन् ।

प्रस्तुत लेखमा मोतीराम भट्टको 'कवि भानुभक्ताचार्यको जीवन चरित्र' (१९४८) ग्रन्थमा भानुभक्तलाई भट्टले 'आदिकवि' पदवी दिएको र 'आदिकवि' पदवीबारे दीननाथ सापकोटाबाट प्रथमपटक आलोचना प्रारम्भ भएको र उक्त आलोचना-प्रत्यालोचनाकार्य उत्तरवर्ती समालोचकहरूले समेत गरेको विवरणमूलक विश्लेषण समीक्षक कँडेलले गरेका छन् । उनले भट्टले आचार्यलाई दिएको 'आदिकवि' पदवीलाई तत्कालीन श्री ३ जुद्ध शमशेरले अनुमोदन गरेको कुरा यस लेखमा उल्लेख गरेका छन् । कालान्तरमा रधुनाथको 'रामायण सुन्दरकाण्ड' को सम्पादनका क्रममा दीननाथ सापकोटाले भानुभक्तको आदिकवित्वमाथि प्रश्न उठाउँदै त्यो पदवी रधुनाथलाई लगाइदिए त्यसपछि भानुभक्तको आदिकवित्वमाथि चर्चा-उपचर्चा, टीका-टिप्पणी हुनथालेको समालोचक कँडेलको विश्लेषण रहेको छ ।

समालोचक घनश्याम कँडेलले मोतीराम भट्ट, दीननाथ सापकोटा सूर्यविक्रम ज्ञवाली, बाबुराम आचार्य, रामकृष्ण शर्मा, बालकृष्ण सम, हृदयचन्द्रसिंह प्रधान, बालचन्द्र शर्मा, वासुदेव त्रिपाठी, ताना शर्मा र रूपनारायण सिंहका भानुभक्तको आदिकवित्व सम्बन्धी विचारहरूलाई यस लेखमा विस्तृत रूपमा प्रस्तुत गरी उनीहरूको मतको खण्डन र मण्डन समेत गरेका छन् ।

समालोचक कँडेलले यसमा भानुभक्तको आदिकवित्वका बारेमा बृहत् छलफल गरेका छन् । भानुभक्तका भाषाले शब्दार्थभन्दा पर गएर हाम्रो मनमा सुन्दर कल्पना चित्र जागृत गरिदिन्छन् । भाषाको यस्तो स्वाभाविक र चोखो प्रयोग जसबाट सुरूभयो, जसले पहिलो पल्ट हाम्रो भाषालाई ध्वन्यात्मकता दियो निश्चय नै त्यो हाम्रो आदिकवि हो (पृ.७९) । कँडेलले तत्कालीन समयका (प्राथमिक कालका) कविहरूका कविता काव्यमा भाषाको यथासम्भव स्वाभाविक र चोखो रूपको प्रयोग, ध्वन्यात्मक रूपको प्रयोग, रचनागत परिमाण, विषयवस्तुको विविधता, मौलिकता जस्ता आवश्यक तत्त्वहरूलाई हेरेर आचार्यलाई भनिएको तथ्य उद्घाटन गरेका छन् । भानुभक्तको 'रामायण' को मौलिकतालाई समेत विशेष चर्चाको विषय समीक्षक कँडेलले बनाएका छन् । भानुभक्तको 'रामायण' अनुवाद मात्र होइन र अनुवादको भरमा मात्र भानुभक्त आदिकवि भनिएका पनि होइनन् भन्ने तर्क कँडेलको रहेको छ । आचार्यले आफ्ना समकालीन रघुनाथले झैँ शब्दलाई पछ्याएर अनुवाद गरेका छैनन् भन्ने विश्लेषण कँडेलले गरेका छन् । भानुभक्त आचार्यले मन माफिक काटछाँट गरेर आफ्नो मौलिकता, कल्पनाशक्ति आदिको प्रदर्शन गरी रामायणलाई नेपाली जीवनको रूचि र प्रवृत्ति अनुरूप बनाउने प्रयास गरेका छन् (पृष्ठ ८०) । आचार्यको प्रभाव र प्रेरणा लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा, माधव घिमिरे जस्ता विशिष्ट कविहरूमा समेत परेको देखाउँदै कँडेलले भानुभक्तको आदिकवित्वको स्थान निर्धारण गरेका छन् ।

समालोचक कँडेलको प्रस्तुत लेख व्यावहारिक समालोचना अन्तर्गत पर्दछ । कँडेलले यस लेखमा भानुभक्तको आदिकवित्वमाथि भएका आरोप प्रत्यारोपको विवरण प्रस्तुत गर्दै व्याख्या विश्लेषण समेत गरेका छन् । उनले यस लेखमा खासै नवीन कुरा नदिए पनि भानुभक्तको आदिकवित्वका बारेमा भएका मत-मतान्तर सहित आफ्नो ठोस अवधारणा व्यक्त गरेका छन् यस लेखले समालोचक कँडेलको विवरणमूलक एवम् व्याख्यात्मक समालोचना लेखन-क्षमताको क्रमशः विकास गर्दै लगेको देखिन्छ त्यस्तै भानुभक्तको आदिकवित्वका बारेमा जिज्ञासु पाठकलाई अध्ययनार्थ थप सामग्री मिलेको देखिन्छ ।

### ५.१.१.५ नाटककेन्द्री समालोचनाको विश्लेषण

समालोचक कँडेलको यस प्रथम चरणमा एउटा मात्र नाटककेन्द्री समालोचना 'समहित्यकार पहलमानसिंह स्वार' शीर्षकको लेख प्रकाशित भएकाले यहाँ सो लेखको विश्लेषण गरिएको छ ।

प्रस्तुत समीक्षात्मक लेख २०३७ सालको 'वाङ्मय' (वर्ष १, अङ्क १) मा चार (१०-१३) पृष्ठमा संरचित छ । यो लेख कँडेलको प्रथम चरण (२०२८-२०३९) कै आयामका दृष्टिले सबभन्दा छोटो समालोचनात्मक लेख हो । यस समालोचनालेखमा कँडेलले स्वारको जीवनीलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरेका छन् । यस्तै नेपाली नाट्य साहित्यमा स्वांरको कृतित्त्वको बारेमा स्पष्ट पार्दै कँडेलले स्वांरका साहित्यिक कृतिहरूको सङ्क्षिप्त रूपमा चर्चा समेत गरेका छन् । कँडेलको प्रंस्तुत समालोचना लेख व्यक्तिपरक वा जीवनीपरक समालोचना अन्तर्गत पर्दछ । यद्यपि यस लेखमा स्वांरका नाटकहरूका बारेमा विशेष चर्चा भएकाले यस लेखलाई नाटककेन्द्री समालोचना अन्तर्गत राखेर विश्लेषण गरिएको छ ।

प्रस्तुत लेखमा समीक्षक कँडेलले स्वांरका अनुदित र मौलिक दुई किसिमका कृतिहरूलाई प्रस्तुत गरेका छन् । साहित्यकार स्वारका 'के सन्तोष राख्न सकिन्छ' (निबन्ध), 'मेघदूत', 'रघुवंश', 'किष्किन्धा काण्ड' (कविता) 'रत्नावली', 'अभिज्ञान शाकुन्तल' (नाटक) जस्ता कृतिहरूलाई कँडेलले स्वारका अनुदित कृति अन्तर्गत राखेका छन् । यसैगरेर 'पद्यकुमारी', 'एक लाख रुपियाँको चोरी' (उपन्यास), 'प्रेमामृत वचनसङ्ग्रह', 'श्लोक सङ्ग्रह', 'खोर रहस्य', 'अछामका चाडपर्व', (कविता), 'अटलबहादुर', 'विष्णुमाया' 'विमलादेवी' ( नाटक) जस्ता कृतिहरूलाई कँडेलले स्वारका मौलिक कृति हुन् भनेका छन् (पृ.११-१२) । उनले स्वांरका उपर्युक्त कृतिहरूमध्ये केहीको विश्लेषणात्मक अध्ययन समेत गरेका छन् ।

'एकलाख रुपियाँको चोरी' उपन्यासमा साहू नन्दलालको एकलाख रुपियाँको चोरी हुन्छ तर चोरीको मुख्य घटनासँग सम्बन्धित सुरूको अंश उपन्यासमा नभएको र चोरी पछिका घटनाको मात्र वर्णन उपन्यासमा भएको कुरा समीक्षक कँडेलले व्यक्त गरेका छन् । यस उपन्यासको कथानकको विकास माध्यमिक कालीन जासूसी उपन्यासहरूका तुलनामा वढी स्पष्ट र पत्यारिलो किसिमको भएको तथय समालोचकको रहेको छ (पृ.११) । यस उपन्यासमा तत्कालीन सामाजिक, धार्मिक र राजनीतिक अवस्था पनि केही स्पष्टतासाथ

प्रतिबिम्बित भएको छ । त्यसैले यो उपन्यास सामाजिकतासँग सम्बद्ध, यथार्थघटनामा आधारित र लेख्य रूपमा आधुनिकताको सङ्केत दिने पहिलो उपन्यास हो (पृ.११) । समीक्षक कँडेलकले स्वारको उपन्यासकारिताको मात्र अध्ययन गरेका छैनन्, उनले स्वांरलाई आधुनिकताको सङ्केत दिने पहिलो उपन्यासकार भन्दै सशक्त कविप्रतिभा (पृ.१२) समेत भनेका छन् ।

समालोचक कँडेलले यस लेखमा स्वारका नाटकहरूमा बढी केन्द्रित भई विश्लेषण गरेका छन् । उनले नेपाली नाट्यपरम्परा (प्राथमिक र माध्यमिक) लाई प्रस्तुत गर्दै स्वांरका नाटकहरूको वैशिष्ट्य औंल्याएका छन् । हालसम्म उपलब्ध सामग्रीका आधारमा स्वांर, नेपाली साहित्यका पहिला मौलिक नाटककार हुन् र उनको 'अटलबहादुर' (१९६२) पहिलो मौलिक नाटक हो भन्ने निचोड समीक्षक कँडेलको पाइन्छ (पृ.१२) । दरबारका मनोरञ्जनका लागि भाषान्तरबाट अनुदित रूपान्तरित नाटकका स्थानमा 'वियोगान्त न नाटकम्' अर्थात् 'नाटक वियोगान्त हुँदैन' को स्थापित प्राय : परम्परालाई अस्वीकार गर्दै पहिलोपल्ट यस किसिमको मौलिक वियोगान्त नाटक नेपाली नाट्य साहित्यलाई प्रदान गर्नु स्वारको ठूलो देन हो र 'अटलबहादुर' नाटक नेपाली साहित्यको विशिष्ट उपलब्धि एवम् प्राप्ति हो (पृ.१२) ।

समीक्षक कँडेलले नाटककार स्वारका अन्य नाट्य कृतिहरूका बारेमा पनि टीका टिप्पणी गरेका छन् । स्वारका 'आनन्दराज' र 'जंगजगिन्या' दुई नाटकहरू प्राप्त भए नेपाली नाटकले वि.सं. १९६२ पूर्वदेखि नै मौलिकता प्राप्त गर्दै आउने थियो भन्ने तर्क कँडेलको रहेको छ । गुणद्रष्टा कँडेलले नाटककार स्वारलाई अङ्ग्रेजी साहित्यकार चसरसाँग जोडेर हेरेका छन् : "अङ्ग्रेजी साहित्यमा चसरलाई 'पुनर्जागरणकालका प्रभात तारा' भने झैं स्वारलाई' नेपाली नाट्यसाहित्यको बिहानी घामका प्रथम प्रखर रश्मि भन्न सकिन्छ" (पृ. १२) ।

प्रस्तुत समालोचना आयामका दृष्टिले छोटो भए पनि कँडेलले यस लेखमा धेरै कुराहरू समेटेका छन् । उनको यो समालोचना बढी संवेगात्मक भएकाले प्रभावपरक समालोचना हुन पुगेको देखिन्छ ।

### ५.१.२ सैद्धान्तिक समालोचनाको विश्लेषण

समालोचक घनश्याम कँडेलको यस प्रथम चरण (२०२८-२०३९) मा तीनवटा सैद्धान्तिक समालोचनाहरू प्रकाशित भएका देखिन्छन् । यस्ता सैद्धान्तिक समालोचनाहरू पूर्वीय अर्थात् संस्कृत साहित्य चिन्तनसँग सम्बन्धित र पाश्चात्य साहित्य चिन्तनसँग सम्बन्धित दुई खालका देखिएका छन् । यस्ता फुटकर सैद्धान्तिक समालोचनाहरूलाई पाश्चात्य सैद्धान्तिक समालोचना र पूर्वीय सैद्धान्तिक समालोचना अन्तर्गत राखेर यहाँ विश्लेषणात्मक अध्ययन गरिएको छ ।

#### ५.१.२.१ पाश्चात्य सैद्धान्तिक समालोचनासँग सम्बद्ध सैद्धान्तिक समालोचनाको विश्लेषण

**क) पश्चिमका केही महत्वपूर्ण साहित्यिक प्रवृत्तिहरू**

प्रस्तुत समालोचनालेख समालोचक कँडेलको यस प्रथम चरणको चौथो समालोचना हो भने आयामका दृष्टिले दोस्रो लामो समालोचना लेख हो । २०३४ सालको मधुपर्क (वर्ष १०, अङ्क ७ ) ३५ पृष्ठदेखि ५० पृष्ठसम्म फैलिएको प्रस्तुत समालोचनामा कँडेलले पश्चिमी साहित्यको पुनर्जागरण काल (१५ औं शताब्दी) देखि दोस्रो विश्वयुद्ध (२० औं शताब्दी मध्य) सम्मका सैद्धान्तिक मान्यताहरूको सर्वेक्षणात्मक अध्ययन गरेका छन् । उनले यस समयावधिका विभिन्न सैद्धान्तिक एवम् व्यावहारिक मान्यताहरूको उद्‌भव, विकास र पर्यवसानका कारणहरूलाई समेत यस लेखमा वस्तुगत रूपमा चर्चा गरेका छन् ।

पश्चिमी जगत्‌ले केही महत्वपूर्ण साहित्यिक प्रवृत्तिहरूलाई जन्म दियो । तिनीहरूको प्रभाव कुनै देश विशेष वा पश्चिमी गोलार्द्धमा मात्र सीमित नभएर विश्वका अन्य भागमा पनि फैलिन पुगेको तथ्य प्रस्तुत गर्दै नेपाली साहित्यले पनि त्यस्ता नवीन प्रवृत्ति र मान्यताहरूलाई ग्रहण गर्दै गएको निष्कर्ष कँडेलले निकालेका छन् (पृ.३५) । समालोचक कँडेलले यस लेखमा पश्चिमी साहित्यको प्रारम्भकाल र मध्यकालको चर्चा गरेका छैनन् । उनले पुनर्जागरणकाललाई विशेष प्राथमिकता दिएर उक्त काल यताका महत्वपूर्ण साहित्यिक प्रवृत्तिहरूलाई क्रमशः प्रस्तुत गर्दै ऐतिहासिक अध्ययन गरेका छन् ।

मान्छेका जीवन जगत्को पुनर्व्याख्या, व्यक्तिको सत्ता र महत्ताको पुनर्मूल्याङ्कन हुनथालेपछि संसारलाई नीरस र मिथ्या मान्ने मध्ययुगीन प्रवृत्तिको ठाउँ संसार सरस र सत्य हो भन्ने प्रवृत्तिले लिन थालेको तथ्य कँडेलेले प्रस्तुत गरेका छन् (पृ.३५) । यसर्थ उनले यस लेखको प्रारम्भमा पुर्नजागरणकालको समीक्षा गरेका छन् । उनले अङ्ग्रेजी साहित्यका मार्लो तथा शेक्सपियरका नाटकहरूले नाटक सम्बन्धी परम्परागत मान्यताहरूको अनुसरण नगरेको, परम्परागत शास्त्रीय विधान विपरीत रहेर नवीन परम्परा बसाल्न सफल भएको निष्कर्ष निकालेका छन् । यसै गरेर मिल्टन, बेकन, मोन्टेग जस्ता पश्चिमी अन्य साहित्यकारहरूले पनि परम्परागत विचारको आड नलिइकन मानवलाई केन्द्रमा राखेर साहित्य सिर्जना गरेको तथ्य कँडेलले यस लेखमा उद्घाटन गरेका छन् । उनले नेपाली साहित्यमा बालकृष्ण समका त्रासदीहरूमा पुनर्जागरणकालीन प्रवृत्तिको प्रभाव स्पष्ट परिलक्षित भएको बताएका छन् (पृ.३६) ।

समालोचक कँडेलले पुनर्जागरणकालीन प्रवृत्तिपछि पश्चिमी साहित्य जगतमा नवशास्त्रीयतावादको उदय भएको र यसले फ्रान्सेली साहित्यमा विवेक, संयम र नियमबद्धतालाई सर्वोपरि स्थान दिन थालेको चर्चा गरेका छन् । प्राचीन ग्रिक र ल्याटिन साहित्यलाई आदर्श मानेर त्यसैको अनुकरणमा साहित्य सिर्जना गर्ने प्रवृत्ति नवशास्त्रीयतावाद हो (पृ.३७) भन्दै कँडेलले फ्रान्सेली नाटककारहरू ज्यासिन (रेसिन), कार्नेइ र मोलायर त्यस्तै कवि ब्वायल्यु, बेलायती कवि तथा नाटककारहरू पोप, ड्राइडेन आदिलाई र उनीहरूका कृतिहरूलाई नवशास्त्रीयतावादी भनेका छन् । समालोचक कँडेलले उपर्युक्त साहित्यकारहरूका कृतिगत संरचनाको गम्भीर रूपमा चर्चा गरेका छन् । नवशास्त्रीयतावाद पुनर्जागरणकालीन प्रवृत्तिको प्रतिक्रिया स्वरूप देखापरेको थियो भन्दै समालोचक कँडेलले यस लेखमा नवशास्त्रीयतावादको प्रतिक्रिया स्वरूप स्वच्छन्दतावादको उदय भएको उल्लेख गरेका छन् ।

नवशास्त्रीयतावादी साहित्य बहिर्मुखी, समाजपरक, बौद्धिक र नियमबद्ध हुन्छ भने स्वच्छन्दतावादी साहित्य अन्तर्मुखी, आत्मपरक, कल्पनासिक्त, बन्धन मुक्त हुन्छ र यसले मान्छेको चित्रण समाजको प्रतिनिधिको रूपमा होइन व्यक्तिको रूपमा गर्छ (पृ.३८) भन्दै कँडेलले स्वच्छन्दतावादी साहित्यको वैशिष्ट्यलाई स्पष्ट्याएका छन् । यसैगरी उनले रुसो र

लेसिङलाई पृष्ठभूमि मान्दै १९ औं शताब्दीबाट मूलतः स्वच्छन्दतावादको प्रारम्भ भएको तथ्य अघि सारेका छन् । अङ्ग्रेजी साहित्यका वर्डस्वर्थ, कलरिज, शेली, किट्स र बाइरनका साहित्यिक कृतिमा र जर्मनीका गेटे, इकान्ड्रोफ, हायने र हर्डरका साहित्यिक कृतिहरूमा पाइने स्वच्छन्द, उन्मुक्त आदि जस्ता प्रवृत्तिगत विशेषताहरूको अध्ययन समेत समालोचक कँडेलले यस लेखमा गरेको देखिन्छ । उनले वर्डस्वर्थ, कलरिज र किट्सका कविता-काव्यमा प्रकृतिको के कस्तो अङ्कन भएको छ त्यसको खोजीकार्य गरेका छन् । स्वच्छन्दतावादी प्रवृत्ति मुख्य रूपमा वेलायत, जर्मनी र फ्रान्समा केन्द्रित भए पनि त्यसको प्रभाव विश्वव्यापी हुँदै गएको र यसले नेपाली साहित्यका देवकोटा, श्रेष्ठ, रिमाल, घिमिरे जस्ता कवि, नाटककारहरूलाई प्रभावित पारेको निष्कर्ष कँडेलले निकालेका छन् । यसरी विश्वव्यापी बन्दै गएको स्वच्छन्दतावाद आज आएर साहित्यका अन्य विधाहरूमा विलुप्त प्रायः भएको र कविताविधाको क्षेत्रमा भने कुनै न कुनै रूपमा यसले आफ्नो अस्तित्त्व जोगाइ राखेको भन्ने कँडेलको विश्लेषण रहेको पाइन्छ ।

स्वच्छन्दतावाद नवशास्त्रीयतावादी बन्धनको अस्वीकृति थियो भने यथार्थवाद स्वच्छन्दतावादी भावुकता, काल्पनिकता तथा आदर्शवादी प्रवृत्तिको अस्वीकृति हो (पृष्ठ ४०) भन्ने समालोचक कँडेलको विश्लेषण रहेको पाइन्छ । कँडेलले यथार्थवादको उद्‌भवको चर्चा गर्दै यसको विकासमा पश्चिमका साहित्यकारहरू बाल्जाक, हेनरी जेम्स, दोस्तोएभ्स्की, टल्सटाय आदिको विशेष देन रहेको निष्कर्ष निकालेकाछन् । बाल्जाक फ्रान्सेली यथार्थवादी उपन्यासकार हुन् । उनका जीवनमा जे-जस्ता अभाव भए तिनै कुरालाई बाल्जाकले आफ्ना कृतिका पात्र मार्फत बाह्य प्रकटीकरण गरेका हुन् भन्ने कँडेलको विश्लेषण पाइन्छ । कँडेलले उपन्यासकार फ्लवेरलाई फ्रान्सका प्रथम यथार्थवादी उपन्यासकार मानेका छन् । फ्लवेरका उपन्यासहरू सङ्क्षिप्त अभिव्यक्ति, भावनामाथि नियन्त्रण ठोस यथार्थ र विस्तृत वर्णन र निर्वैयक्तिक वस्तुवादी दृष्टिकोणले गर्दा विश्व उपन्यास साहित्यमा विशिष्ट स्थान राख्दछन् भन्ने कँडेलको दृष्टिकोण रहेको छ (पृ.४१) । समालोचक कँडेलले तुर्गनेभ, हेनरी जेम्स, मोपासा, जोला जस्ता साहित्यकारहरूले फ्लवेरको औपन्यासिक प्रवृत्तिबाट प्रशस्त प्रभाव र प्रेरणा ग्रहण गरेको तथ्य उद्‌घाटन गरेका छन् । उनले दोस्तोएभ्स्कीका

उपन्यासहरूमा यथार्थवादी प्रवृत्ति, अस्तित्त्ववादी अडान र सफलमनोविज्ञान पाइने चर्चा गरेका छन् (पृ.४२) ।

प्रकृतवाद पनि यथार्थवाद झैं मूलरूपमा उपन्यास र नाटक विधामा जन्मेर हुर्केको वाद हो भन्ने समीक्षक कँडेलको ठम्याइ रहेको पाइन्छ । प्रकृतवादी साहित्यकारहरूमा जोला, मोपासा र इब्सनलाई विशेष महत्वकासाथ समीक्षक कँडेलले यस लेखमा चर्चा गरेका छन् । यसैगरी उनले प्रकृतवादको मान्यता (विशेषता) का बारेमा पनि चर्चा गरेका छन् । प्रकृतवाद जीवनलाई वैज्ञानिक र वस्तुगत आँखाले हेर्न चाहन्छ र प्रयोगशालामा जस्तो सूक्ष्म निरीक्षण र परीक्षण गर्न चाहन्छ । यसमा जीव-वैज्ञानिक मान्यताको विशेष प्रभाव परेको छ (पृ.४२) भन्दै कँडेलले प्रकृतवादमा डार्विनको विकासवादको प्रभाव र प्रेरणा रहेको चर्चा गरेका छन् ।

यथार्थवाद र प्रकृतबादपछि कविताको क्षेत्रमा प्रतीकवाद र उपन्यासको क्षेत्रमा मनोवैज्ञानिक उपन्यास देखापर्न थालेको चर्चा समालोचक कँडेलले गरेका छन् । यथार्थवादी तथा प्रकृतवादी बहिर्मुखी यान्त्रिक धारणाको विरोधमा यी नवीन प्रवृत्तिहरू देखापरेका हुन् भन्ने समालोचक कँडेलको विश्लेषण रहेको पाइन्छ । बोदलेयले एडगर एलेन पोका कविताको अनुवाद गरे पछि फ्रान्समा प्रतीकवादको प्रारम्भ भएको कँडेलको निष्कर्ष रहेको छ । रक्सी, अफिम र चरेसका व्यसनी, दयनीय आर्थिकस्थितिद्धारा आहत, एकान्तप्रेमी बोदलेयरले आफ्ना कवितामा समसामयिक विसङ्गति र विद्रूपताको प्रतीकात्मक अभिव्यक्ति दिएका छन् (पृ.४५) भन्दै समीक्षक कँडेलले बोदलेयरका कवितामा प्रस्तुत नवीन प्रतीकहरूको अन्वेषण गरेका छन् । फ्रायड, एड्लर र युङ जस्ता मनोवैज्ञानिकहरूका प्रभाव र प्रेरणाले एवम् चेतनप्रवाह पद्धतिको विकासले मनोवैज्ञानिक उपन्यास लेखनको प्रारम्भ र विकास भएको भन्ने ठहर समालोचक कँडेलको रहेको देखिन्छ । भर्जिनिया उल्फ, जेम्स ज्वायस, लरेन्स र नेपाली समाहित्यका कतिपय आधुनिक कथा-उपन्यासकारहरूले यस कार्यलाई अगाडि बढाएको तथ्य कँडेलले निकालेका छन् ।

समालोचक घनश्याम कँडेलले प्रस्तुत लेखको अन्त्यतिर अतियथार्थवादको र अस्तित्त्ववादको चर्चा गरेका छन्, अतियथार्थवाद प्रथम विश्वयुद्धपछिको साहित्यिक आन्दोलन हो भन्दै उनले यसको विशेषता बताएका छन् । प्रथम विश्वयुद्धको कठोर प्रहारले आस्था र

विश्वास, मूल्य र मान्यताहरू ध्वस्त भइसकेपछि फ्रायडको अवचेतन सिद्धान्त र स्वप्नसिद्धान्तको सहारा लिएर मानवका अन्तर-प्रत्यन्तरको चित्र प्रस्तुत गर्ने तथा उसका अन्तर्निहित प्रवृत्तिहरूलाई स्वाभाविक अभिव्यक्ति दिने प्रयास अतियथार्थवादको रहेको तथ्य कँडेलले उद्घाटन गरेका छन् (पृ.४८) । उनले अतियथार्थवादले कुनै पनि किसिमको नियमितता, क्रमबद्धता र व्यवस्थितताको तथा धार्मिक र नैतिक मान्यताको विरोध गर्दछ भन्ने निष्कर्ष निकालेका छन् । कँडेलले अतियथार्थवादका प्रवर्तक आन्द्रे ब्रतोँलाई मानेका छन् ।

अतियथार्थवादको नवीनतर साहित्यिक प्रवृत्ति अस्तित्त्ववाद हो भन्दै समालोचक कँडेलले यसलाई व्यक्तिको अस्तित्त्वमाथि बढी जोड दिने वाद भनेका छन् (पृ.४९) । अस्तित्त्ववादको आधुनिक व्याख्या सर्वप्रथम डेनमार्कका किर्केगार्डले गरे भने जेस्पर्स, हिडगर, उनामुनो जस्ता दार्शनिकहरू, दोस्तोएभ्स्की, कामु, काफ्का जस्ता साहित्यकारहरूले यस विचारधारालाई नयाँ रूपमा अभिव्यक्ति प्रदान गरेका हुन् भन्ने समीक्षक कँडेलको तर्क रहेको छ । अस्तित्त्ववादको प्रभाव आधुनिक साहित्यमा विश्वव्यापी बन्दै गएको छ भन्दै कँडेलले नेपाली साहित्यमा पनि आधुनिक कथा, कविता र उपन्यासमा दिन-प्रतिदिन अस्तित्त्ववादी प्रभाव बढ्दै गइरहेको तथ्य प्रस्तुत गरेका छन् ।

समालोचनक घनश्याम कँडेलको प्रस्तुत 'पश्चिमका केही महत्वपूर्ण साहित्यिक प्रवृत्तिहरू' शीर्षकको समालोचनात्मक लेख विवरणमूलक एवम् विश्लेषणात्मक सैद्धान्तिक समालोचना हो । उनको यो लेख बढी वस्तुपरक तथ्यपरक र यथार्थपरक देखिन्छ । उनले यस लेखमा आफ्नो बौद्धिक क्षमतालाई सचेत रूपमा प्रस्तुत गरेका छन् । पन्ध्रौं शताब्दीदेखि बीसौं शताब्दीको मध्य सम्मका सैद्धान्तिक मान्यताहरूको सर्वेक्षणात्मक अध्ययन गरिएको प्रस्तुत लेखको ऐतिहासिक महत्व रहेको छ । यस लेखले पश्चिमका महत्वपूर्ण साहित्यिक मान्यता एवम् प्रवृत्तिहरूलाई बुझ्न पाठकहरूलाई पर्याप्त सघाउ पुऱ्याउने देखिन्छ ।

### ख) मनोविश्लेषण सिद्धान्त र साहित्य-सृजना

प्रस्तुत लेख समालोचक घनश्याम कँडेलको प्रथम चरण (२०२८-२०३९) को पाश्चात्य सैद्धान्तिक समालोचना अन्तर्गतको दोस्रो समालोचनात्मक लेख हो । २०३८ सालको 'रैबारे' त्रैमासिक पत्रिका (वर्ष २, अङ्क २ पूर्णाङ्क ६) मा पृष्ठ २३ देखि २७ पृष्ठसम्म

विस्तारित यस लेखमा फ्रायडको मनोविश्लेषण सम्बन्धी मान्यतालाई कँडेलले सङ्क्षिप्त रूपमा चर्चा गरेका छन् । साथै उक्त मान्यताको साहित्य सिर्जनामा के-कस्तो प्रभाव परेको छ भन्ने बारेमा पनि कँडेलले स्पष्ट पारेका छन् ।

मनोविश्लेषण सिद्धान्त मनको विश्लेषण गर्ने क्रममा फ्रायड (१८५६-१९३९) द्वारा प्रतिपादित सिद्धान्त हो भन्दै कँडेलले फ्रायडले नै सर्वप्रथम मन सम्बन्धी आफ्नो अध्ययन र अन्वेषणलाई व्यवस्थित र वैज्ञानिक रूपमा प्रतिपादन गरेका हुन् भन्ने तथ्य प्रस्तुत गरेका छन् । उनले फ्रायडद्धारा विभाजन गरिएका मनका प्रमुख दुई पक्ष (गत्यात्मकपक्ष र आकारात्मक पक्ष) को गम्भीर व्याख्या विश्लेषण गरेका छन् । यस्तै गत्यात्मक पक्ष अन्तर्गत इद, अहम र नैतिक अहम्का बारेमा सङ्क्षिप्त चर्चा गरेका छन् । 'इद' लाई समालोचक कँडेलले मनको आदिम भाग र जन्मजात प्रेरणाको भण्डार हो भनेका छन् (पृ.२४) । यसैगरी 'अहम्' मनको वास्तविक जगतसित सम्बन्धित भाग र 'नैतिक अहम्' आदर्शको जननीका रूपमा प्रसिद्ध भएको तथ्य कँडेलले प्रस्तुत गरेका छन् । यसरी नै मनको आकारात्मक पक्ष अन्तर्गत अचेतन, अर्द्धचेतन र चेतन मनका बारेमा समेत कँडेलले चर्चा गरेका छन् । 'अचेतन' भनेको मनको सबै भन्दा ठूलो भाग हो र यो अमुक्त वासनाहरूको भण्डार र जीवनका अनुभवहरूको सङ्ग्रहालय हो भन्ने विश्लेषण समीक्षक कँडेलको छ । त्यस्तै अर्द्धचेतन व्यक्तिले तत्काल विर्सेको तर घोरिएर विचार गर्दा सम्झन सक्ने मनको एउटा भाग हो भने चेतनमन तत्कालीन इच्छा र विचार रहने मनको सानो भाग हो भन्ने कँडेलको निष्कर्ष रहेको छ ।

प्रस्तुत लेखमा फ्रायडका मनोविश्लेषण सम्बन्धी मान्यतालाई सङ्क्षित रूपमा चर्चा गरिएको छ । फ्रायडले उल्लेख गरेका मनका दुई तहलाई अर्थात् दुई पक्षलाई यस लेखमा स्पष्ट रूपमा देखाउनाका साथै मनोग्रन्थिहरूका बारेमा पनि अध्ययन एवम् विश्लेषण गरिएको छ । मनोविज्ञानका विभिन्न पक्षका बारेमा सतही रूपमा मात्र अध्ययन गरिएको हुनाले यस लेखमा कँडेलको प्रारम्भिक समालोचनाको विशेषता झल्किएको देखिन्छ ।

### ५.१.२.२ पूर्वीय सैद्धान्तिक समालोचनासँग सम्बद्ध सैद्धान्तिक समालोचनाको विश्लेषण

समालोचक कँडेलको यस प्रथम चरणमा एउटा मात्र पूर्वीय सैद्धान्तिक समालोचना 'ध्वनि सिद्धान्त र यसको व्यापकता' शीर्षकको लेख प्रकाशित भएकाले यहाँ यस पूर्वीय सैद्धान्तिक समालोचनाका बारेमा चर्चा गरिएको छ ।

प्रस्तुत समालोचना २०३६ सालको 'कस्तूरी' अनुसन्धानात्मक पत्रिका (वर्ष ८, अङ्क ८) मा जम्मा आठ पृष्ठमा संरचित छ । समालोचक कँडेलको प्रथम चरण (२०२८-२०३९) मा एउटा मात्र पूर्वीय सैद्धान्तिक समालोचना लेख प्रकाशित भएको देखिन्छ । यो लेख पूर्वीय सैद्धान्तिक समालाचेना अन्तर्गतको लेख भए पनि यस लेखमा कँडेलले ध्वनि सिद्धान्तसँग पश्चिमका कतिपय सिद्धान्तहरूको सामञ्जस्य भएको तथ्य प्रस्तुत गरेका छन् ।

समालोचक घनश्याम कँडेलले प्रस्तुत समीक्षात्मक लेखमा ध्वनि भनेको के हो, ध्वनिको महत्व किन छ, साहित्य-समालोचनाका अन्य सिद्धान्तहरूसँग ध्वनि सिद्धान्तको के-कस्तो सम्बन्ध रहेको छ जस्ता विविध जिज्ञासालाई उल्झाउने र सुल्झाउने काम गरेका छन् । समालोचक कँडेलले पूर्वीय सिद्धान्तका रस सिद्धान्त, अलङ्कार सिद्धान्त, रीतिसिद्धान्त र वक्रोक्तिसिद्धान्तसँग ध्वनि सिद्धान्तको सम्बन्ध केलाएका छन् । अलङ्कार, रीति र वक्रोक्ति सिद्धान्त साहित्यको वाह्य कलेवरमा अल्झिएका सिद्धान्तहरू हुन् भन्ने समीक्षक कँडेलको निष्कर्ष रहेको छ । यसैगरी ध्वनि र रसमा पनि सूक्ष्म रूपमा हेर्दा प्रशस्तै भिन्नता देखिने भन्दै कँडेलले ध्वनिको महत्तालाई यसरी स्पष्ट्याएका छन् । रस निस्पत्तिका लागि विभाव, अनुभाव र व्यभिचारीभावको संयोग आवश्यक हुन्छ भन्दै कँडेलले फुटकर कवितामा र शब्दका तहमा यस्तो संयोग असम्भव हुने बताएका छन् (पृ.५३) । कविता काव्यमा ध्वनि शब्दतहबाटै स्पष्टिन्छ र काव्यमा ध्वनिको विशेष महत्व छ भन्ने कँडेलको विचार ध्वनिवादी देखिएको छ ।

समालोचक घनश्याम कँडेलले ध्वनिका दुई भेद (i) लक्षणामूला ध्वनि र (ii) अभिधामूला ध्वनिको विशेष चर्चा गर्नुका साथै यिनको भेद-उपभेद समेत गरेका छन् । उनले अभिधामूला ध्वनिलाई पनि दुई भेदमा विभाजन गरेका छन् - (क) विवक्षितान्य परवाच्य ध्वनि र (ख) अविवक्षितान्य परवाच्य ध्वनि । यस्तै लक्षणामूलक ध्वनिका पनि दुई भेद भएको चर्चा कँडेलले गरेका छन्- (क) अर्थान्तर सङ्क्रमित वाच्य ध्वनि र (ख)

अत्यन्ततिरष्कृत वाच्य ध्वनि । यसैगरी समीक्षक कँडेलले ध्वनिका उपर्युक्त भेद उपभेदहरूको चर्चा गर्दै अन्य उप-उपभेद समेत गर्न सकिने सङ्केत गरेका छन् ।

समालोचक कँडेलले यस लेखमा ध्वनि सिद्धान्तसँग व्यञ्जना शक्तिको सम्बन्धलाई प्रस्तुत गरेका छन् । साथै यिनले व्यञ्जना विरोधीहरू अभिधावादी, लक्षणावादी, अनुमानवादी र भुक्तिवादीहरूका व्यञ्जनाविरोधी मतलाई समेत प्रस्तुत गर्दै रस ध्वनिको महत्वलाई स्पष्ट पारेका छन् ।

विगत र वर्तमान जीवनका मूलभूत वासनाहरू मान्छेका अज्ञात अन्तरालमा संस्कार रूपमा सुषुप्त अवस्थामा रहिरहेका हुन्छन् । यिनै वासनाहरू शास्त्रीय भाषामा स्थायीभाव भनिएका छन् (पृ.५७) । मान्छेभित्र अन्तर्निहित सुषुप्त वा स्थायी भाव नै विभाव, अनुभाव र व्यभिचारी भावको सहायताले उद्‌बुद्ध हुन्छन् र रस रूपमा परिणत हुन्छन् भन्ने कँडेलको विश्लेषण रहेको छ । यसरी प्राप्त भएको रस वाच्य होइन, नत लक्ष्य नै हो । यो त व्यङ्ग्य हो, काव्यको काम सम्वेदनशील मानव-हृदयमा स्थित रसको अभिव्यक्ति प्रदान गर्नु हो (पृ.५७) भन्दै समालोचक कँडेलले ध्वनिको विस्तारतालाई प्रस्तुत गरेका छन् । कँडेलले ध्वनि, रस र व्यञ्जनाको तादात्म्यतालाई प्रस्तुत गरेका छन् साथै उनले कल्पना तत्त्वलाई पनि विशेष महत्व प्रदान गरेका छन् ।

पाश्चात्य चिन्तक एवम् साहित्यकार प्लेटो, अरस्तु, लञ्जाइनस, सरफिलिप सिड्नी, कवि एवम् समालोचक पोप, दार्शनिक क्रोचे, आइ.ए.रिचार्डर्स आदिका साहित्यिक कृति र सैद्धान्तिक तथ्यसँग ध्वनि सिद्धान्तको तुलना गर्दै कँडेलले ध्वनि सिद्धान्तको व्यापकतालाई स्पष्ट पारेका छन् । स्वच्छन्दतावादी वा रोमान्टिक साहित्यलाई त ध्वनि प्रधान काव्यधारा भन्नु अत्युक्ति होओइन त्यस्तै प्रतीकवादी कवितामा पाइने साङ्केतिकता, अभिव्यञ्जनात्मकता कथित हुने कुरा होइनन् किन्तु ध्वनित नै हुने कुरा हुन् (पृ.५८) भन्ने समीक्षक कँडेलले स्वच्छन्दतावादी एवम् प्रतीकवादी काव्यलाई ध्वनिकाव्य भन्न सकिने निष्कर्ष निकालेको देखिन्छ ।

समालोचक घनश्याम कँडेलको प्रस्तुत सैद्धान्तिक समालोचना आफैंमा महत्वपूर्ण समालोचना हो । उनले वस्तुगत रूपमा, तार्किक रूपमा एवम् बौद्धिक रूपमा यसलाई पूर्णता प्रदान गरेका छन् । यो समालोचना विवरणमूलक एवम् विश्लेषणपरक देखिन्छ । यस

समालोचनालेखले आनन्दवर्द्धनको ध्वनिसिद्धान्तलाई सरल रूपमा प्रस्तुत गरेको छ, साथै यस सिद्धान्तको व्यापकतालाई समेत स्पष्ट्याएको छ र स्वयम् घनश्याम कँडेलको समालोचकीय व्यक्तित्वलाई दर्साएको छ ।

### ५.१.३ कँडेलका प्रथम चरणका समालोचनाहरूको प्रवृत्तिगत वैशिष्ट्य

विभिन्न पत्र-पत्रिकामा छरिएर जम्मा नौं वटा समालोचनात्मक लेखहरू कँडेलको यस प्रथम चरण (२०२८-२०३९) मा प्रकाशित भएका छन् । यी नौ मध्ये छ वटा लेख व्यावहारिक समालोचना हुन् भने ३ वटा लेख सैद्धान्तिक समालोचना हुन् । कँडेलको 'देवकोटा रोमान्टिकता र उनको लक्ष्मी निबन्धसङ्ग्रह' (२०२८) शीर्षकको लेख वस्तुपरक हुँदाहुँदै पनि र निर्णयात्मक हुँदाहुँदै पनि कँडेल देवकोटामा प्रभावित भई बढी पोखिएकाले गर्दा प्रभावपरक बन्न पुगेको छ । 'मैनालीः युगसन्धिका कथाकार' (२०३०) शीर्षकको लेखमा कँडेलको दोषद्रष्टाचेतले बढी काम गरेको छ । उनको बढी वस्तुगत एवम् सैद्धान्तिक आधार लिएर समालोचना गरिएको लेख भने 'अनुराधाः एक विवेचना' (२०३०) हो । यस लेखले कँडेललाई वस्तुवादी ढङ्गले समालोचना गर्ने समालोचकका रूपमा चिनाउँदै लगेको देखिन्छ । कँडेलले उक्त लेखमा वर्ग सङ्घर्षका कुराहरूलाई समेत गहनताका साथ उठाएका छन् । 'भानुभक्तको आदिकवित्व : एक छलफल' विश्लेषणात्मक प्रवृत्तिको छ । 'साहित्यकार पहलमानसिंह स्वार' (२०३७) शीर्षकको लेख जीवनीपरक समालोचना बनेको छ । 'आज रमिता छः यथार्थ अङ्कनको विशिष्ट प्रयत्न' (२०३९) शीर्षकको समालोचनात्मकलेख कँडेलको प्रथम चरणकै सबैभन्दा लामो लेख हो । यस लेखमा कँडेलका पूर्व लेखहरूका प्रवृत्तिहरू आउनाका साथै शोधपरक समालोचना प्रवृत्ति थपिएको देखिन्छ । उपर्युक्त शीर्षकहरू कँडेलका यस प्रथम चरणका व्यावहारिक समालोचना अन्तर्गत पर्दछन् । 'पश्चिमका केही महत्वपूर्ण साहित्यिक प्रवृत्तिहरू' (२०३४) शीर्षकको समालोचना लेख वस्तुपरक एवम् ऐतिहासिक महत्वको देखिन्छ । यस लेखमा पन्ध्रौं शताब्दी देखि बीसौं शताब्दीको मध्य सम्मका पाश्चात्य साहित्यिक मान्यताहरूको सङ्क्षित एवम् वस्तुगत रूपमा चर्चा गरिएको छ । 'मनोविश्लेषण-सिद्धान्त र साहित्य-सृजना' (२०३८) शीर्षकको लेखमा मनोवैज्ञानिक फ्रायडले मन सम्बन्धी प्रस्तुत गरेको अवधारणालाई सङ्क्षिप्त रूपमा प्रस्तुत गर्दै साहित्य सिर्जनामा मनोविश्लेषण सिद्धान्तको प्रभावलाई औंल्याउने काम भएको

छ । 'ध्वनि सिद्धान्त र यसको व्यापकता' (२०३५) शीर्षकको लेख वस्तुपरक, केही शोधपरक र तुलनात्मक किसिमको देखिन्छ । उपर्युक्त तीनवटा शीर्षकहरू समालोचक कँडेलको प्रथम चरण (२०२८-२०३९) का सैद्धान्तिक समालोचना हुन् ।

निष्कर्षमा समालोचक घनश्याम कँडेलको प्रथम चरण (२०२८-२०३९) का कतिपय लेखहरू पूर्वीय तथा पाश्चात्य सिद्धान्तमा आधारित छन् भने कतिपय लेखहरू नितान्त वैयक्तिक किसिमका छन् । यस प्रथम चरणका लेखहरू बढी प्रभावपरक र थोरै वस्तुपरक खालका छन् । यस चरणका लेखहरू विवरणात्मक, विश्लेषणात्मक, तुलनात्मक, जीवनीपरक विभिन्न किसिमका छन् । यस चरणमा कँडेलका सैद्धान्तिक र व्यावहारिक समालोचना बढी मात्रामा देखिएका छन् । यस प्रथम चरणका कँडेलको भाषाशैली परिष्कृत, परिमार्जित र यथार्थवादी बन्दै गएको छ ।

## ५.२ कँडेलका द्वितीय चरणका समालोचनाकृतिहरूको विश्लेषण

समालोचक घनश्याम कँडेल (२००२) को यस द्वितीय चरण (२०४०-२०५४) मा सत्रवटा समालोचनालेखहरू विभिन्न पुस्तक र पत्र-पत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् । यसैगरी उनका पुस्तकाकार दुईवटा समालोचनाकृति 'केही अन्वेषण: केही विश्लेषण' र 'पाश्चात्य यथार्थवादी नाटक' यसै चरणमा क्रमशः २०४० साल र २०४६ सालमा प्रकाशित भएका छन् ।

घनश्याम कँडेलका यस चरणका केही फुटकर समालोचनाहरू प्रभावपरकताका आधारमा लेखिएका छन् भने केही समालोचनाहरू खास सिद्धान्तलाई पृष्ठाधार बनाएर लेखिएका देखिन्छन् । कँडेलका यस चरणका दुईवटा कृतिमध्ये 'पाश्चात्य यथार्थवादी नाटक' उनको सैद्धान्तिक समालोचनाकृति हो भने 'केही अन्वेषण: केही विश्लेषण' कँडेलको व्यावहारिक समालोचनाकृति हो । कँडेलका यस चरणका व्यावहारिक समालोचनाहरूमध्ये तीनवटा समालोचना कृतिकारकेन्द्री अर्थात् जीवनीपरक समालोचनामा आधारित छन् भने केही समालोचना कृतिकेन्द्री र अधिकांश समालोचनाहरू मिश्रित खालका देखिएका छन् ।

कँडेलका यस तेस्रो चरणका समालोचनाहरूलाई व्यावहारिक र सैद्धान्तिक गरी दुई वर्गमा विभाजन गर्दै यहाँ विश्लेषण गरिएको छ ।

### ५.२.१ व्यावहारिक समालोचनाको विश्लेषण

घनश्याम कँडेलका फुटकर र पुस्तकाकार कृतिका व्यावहारिक समालोचनालेखहरू कविताकेन्द्री, नाटककेन्द्र, उपन्यासकेन्द्री, कथाकेन्द्री, जीवनीकेन्द्री जस्ता विभिन्न विधाकेन्द्री भएकाले यहाँ सोही आधारमा तिनको विश्लेषण गरिएको छ ।

#### ५.२.१.१ कविताकेन्द्री समालोचनाको विश्लेषण

'केही अन्वेषण: केही विश्लेषण' (२०४०-२०४१) का सुरूका दुईवटा समालोचनालेख र विभिन्न पत्र-पत्रिकामा प्रकाशित चारवटा समालोचनालेख गरी जम्मा छ वटा लेखहरू कविता विधासँग सम्बन्धित भएकाले यहाँ तिनको बेग्लाबेग्लै विश्लेषण गरिएको छ ।

**(क) नेपाली कविताको प्राथमिक काल र तत्कालीन कविका कविता**

प्रस्तुत लेख कँडेलको कविताकेन्द्री व्यावहारिक समालोचना हो । यो २०४० सालको 'केही अन्वेषण: केही विश्लेषण' नामक पुस्तकमा जम्मा सत्र (१-१७) पृष्ठमा प्रकाशित भएको देखिन्छ । यसमा कँडेलले नेपाली कविताको प्राथमिक कालको सीमा निर्धारण गरी प्राथमिककालीन विशिष्ट कविहरू र तिनीहरूका विशिष्ट किसिमका कविताहरूको अध्ययन गरेका छन् ।

नेपाली कविताको प्राथमिक कालको सीमानिर्धारण गर्ने सन्दर्भमा समीक्षक कँडेलले अन्य साहित्यकारहरू भन्दा नवीन किसिमको मत अघिसारेको देखिन्छ । उनले उन्नाइसौँ शताब्दी सुरूदेखि सुगौली सन्धि (१८७२) सम्मको समयावधिलाई नेपाली कविताको प्राथमिक काल मानेका छन् (पृ. २) । सुगौली सन्धिले नेपालीहरूको विजय र उत्साहको लहरलाई रोकिदिएकोले यसै समयविन्दुलाई प्राथमिक कालको अन्तिम सीमा मान्नु पर्ने कँडेलको तर्क रहेको देखिन्छ । यसैगरी उनले नेपाली कविताको थालनीका बारेमा पनि विस्तारमा चर्चा गरेका छन् । नेपाली भाषाको विकास र लोक कविताको उल्लेख गर्दै उनले लोक कविता र लिपिबद्ध कविताको सम्बन्ध प्रस्तुत गरेका छन् । 'लोक कविता' र 'कविता' नाममै फरक रहेको भन्दै कँडेलले लोककविता मौखिक र श्रुति परम्परामा आधारित हुने भएकाले, तिनीहरूका सुरूको रूप त्यही थियो वा थिएन, समय क्रममा के-कति परिवर्तन भयो भन्ने कुरा निश्चित रूपमा भन्न नसकिने निष्कर्ष निकालेका छन् (पृ.७) । यस्तै उनले नेपाली

भाषाको पहिलो कविका सन्दर्भमा विस्तृत चर्चा गरेका छन् । मोतीराम भट्टले नेपाली भाषाको पहिलो कवि भानुभक्त आचार्यलाई, बाबुराम आचार्यले इन्दिरसलाई र पछिल्ला साहित्यकार एवम् अधिकांश भाषाशास्त्रीहरूले सुवानन्ददासलाई मानेका छन् भन्दै कँडेलले पनि सुवानन्ददासलाई नेपाली भाषाको पहिलो कवि र प्राथमिक कालीन नेपाली कविताका प्रारम्भक मानेका छन् (पृ.१२) । प्राथमिककालीन कविहरूमध्ये सुवानन्ददास, शक्तिबल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, सुन्दरानन्द बाँडा, राधाबल्लभ अर्ज्याल, रामभद्र पाध्या र सधुक्कडीमा कविता लेख्ने शशिधर (१८०४-१९०८) जस्ता कविहरू र उनीहरूका केही कविताहरूको समीक्षा यस लेखमा भएको पाइन्छ । कँडेलले यस लेखमा प्रवृत्तिगत (भाव, विचार जस्ता आन्तरिक कुरा) र स्वरूपगत (भाषा, छन्द जस्ता बाह्यकुराका) आधारमा उपर्युक्त कविहरूका कविताहरूको विश्लेषण एवम् मूल्याङ्कन गरेको देखिन्छ । प्रवृत्तिगत दृष्टिले कँडेलको प्रस्तुत समालोचना विवरणात्मक एवम् विश्लेषणात्मक छ । यो उनको कविताकेन्द्री व्यावहारिक समालोचना हो । यो समालोचना केही मात्रामा निर्णयात्मक किसिमको छ । वस्तुगतरूपमा प्रस्तुत भएको यो समालोचना शोधमूलक एवम् ऐतिहासिक समालोचना पनि हो । यस समालोचनाले कँडेललाई वस्तुवादी समालोचक बनाएको छ । यो समालोचना नेपाली पाठकहरूका लागि उपलब्धिमूलक देखिन्छ ।

### (ख) कवि सुवानन्ददास र उनको कविता

समीक्षक कँडेलको प्रस्तुत समालोचनालेख 'केही अन्वेषण: केही विश्लेषण (२०४०)' कृतिमा जम्मा उन्नाइस (१८-३६) पृष्ठमा प्रकाशित भएको देखिन्छ । यसको शीर्षक र विषयवस्तुलाई हेर्दा यसलाई उनको यस चरणको पहिलो समालोचना 'नेपाली कविताको प्राथमिक काल र तत्कालीन कविका कविता' शीर्षकको पूरकका रूपमा मान्न सकिने देखिन्छ । यसमा कँडेलले सुवानन्ददासको परिचय दिएर उनको 'पृथ्वीनारायण' शीर्षकको कविताको विश्लेषण गरेका छन् ।

यस लेखमा कँडेलले सुवानन्ददासको कवि-परिचयका सन्दर्भमा उनको नाम, जन्मस्थान, जन्म, मृत्यु आदिको वस्तुगत अध्ययन हुन नसकेकाले विभिन्न विद्वानहरूका विभिन्न मत आएको प्रष्ट पारेका छन् । यिनको जन्म र मृत्युका तिथि-मिति अझै अज्ञात भएतापनि यिनको कविताका आधारमा यी पृथ्वीनारायण शाहका समकालीन हुन् भन्न

सकिन्छ भन्दै कँडेलले यिनको 'पृथ्वीनारायण' कविताको अन्त्यतिरको एक अंश प्रस्तुत गरेका छन् । उक्त अंश यस्तो छ :

"आफू ती नेवाऱ्या जाति बोल्छता ललितपारी
आफूता गजमकुट तँरो ता बलियो मुटु
नाम रह्या गजानि धरम तपरे तरा भरले ते
□ □ □
नुगामा सन्ताप सह्या जिवको येकलो भया
धनको दुबलो भया भोककं भोर्जन नाहिं
काम करूँ दाहि नाहि बतयेको कर्म नाहिं
ठण्डिसं वस्त्रा नाहि राजै भक्ति कृति जानि
लाउने सुवानन्ददास है" ।

'पृथ्वीनारायण' कविताको उपर्युक्त अंशलाई नै आधारमानेर बाबुराम आचार्य, कमलमणि दीक्षित, तानाशर्मा, केशवप्रसाद उपाध्याय र दयाराम श्रेष्ठले 'पृथ्वीनारायण' कविताका कविको नाम र जन्मस्थानका बारेमा विभिन्न टीका-टिप्पणी गरेको तथ्य कँडेलले यस लेखमा प्रस्तुत गरेका छन् । कविको नामका सन्दर्भमा 'सुवा नन्ददास', 'सुवानन्द दास', 'सुवानन्ददास', 'नन्ददास' (सुवा-दर्जाका रूपमा) यी विभिन्न प्रकृतिका नामहरू आए पनि कँडेलले 'पृथ्वीनाराण' कविताका कविलाई 'सुवानन्ददास' का नामले नै चिन्न उपयुक्त हुने धारणा व्यक्त गरेका छन् (पृ.२३) । यसैगरी कँडेलले सुवानन्ददासको जन्म स्थानका सन्दर्भमा चर्चा गर्दै सुवानन्ददास ललितपुरमा जन्मेका र 'नुगा' भन्ने ठाउँमा बसोबास गरेका नेवार हुन् भन्ने निष्कर्ष दिएका छन् (पृ.२०) ।

सुवानन्ददासको 'पृथ्वीनारायण' कविताको अध्ययन गर्दै कँडेलले यस लेखमा लगभग ७० पङ्क्तिमा लेखिएको यस कवितामा कविको मुख्य उद्देश्य पृथ्वीनारायण शाहका वीरताको वर्णन गर्नु रहेको तथ्योद्घाटन गरेका छन् (पृ.२६) । साथै उनले यसको रचनाकाल पृथ्वीनारायणको शासनकाललाई नै मानेका छन् । कँडेलले यस कविताको शब्दका तहबाटै विश्लेषण गरेको देखिन्छ । उनले 'लाउने सुवानन्ददास है' पङ्क्तिको शब्द-शब्दको, अक्षर अक्षरको चर्चा गरेको देखिन्छ ।

निष्कर्षमा प्रस्तुत कविताकेन्द्री व्यावहारिक समालोचना खोजपरक, ऐतिहासिक किसिमको देखिन्छ । नेपाली कविताको प्राथमिक कालको अध्ययनका सन्दर्भमा यो समालोचना उपयोगी त छ नै, यसले प्राथमिक कालीन कविता- सिर्जनाको स्थितिलाई वस्तुगत ढँगले प्रस्तुत गर्ने प्रयास गरेको छ ।

### ग) नेपाली साहित्यका श्रेष्ठ कवि

प्रस्तुत लेख 'शृङ्खला' (२०४१, वर्ष ७ पू. १) कवि मिश्र विशेषाङ्कमा जम्मा पाँच (२९-३९) पृष्ठमा प्रकाशित छ । यस लेखमा समीक्षक कँडेलले कवि युद्ध प्रशाद मिश्र र उनका दुईवटा काव्यहरू 'मुक्ति रामायण' र 'मुक्त सुदामा' को चर्चा गरेका छन् ।

संस्मरणात्मक शैलीमा लेखिएको प्रस्तुत लेख समालोचनाको स्वरूप मात्र बन्न पुगेको छ । कँडेलको प्रथम चरणको समालोचकीय लेखन सामर्थ्य भन्दा पनि यो लेख सामान्य स्तरको छ ।

### घ) कृष्णप्रसाद पराजुली र उनको शोककाव्य 'कथा आँसुको'

प्रस्तुत समीक्षा 'कृष्णप्रसाद पराजुली आस्थाका आयाम' (२०४६) नामक पुस्तकमा जम्मा पाँच पृष्ठ (३०२-३०६) मा प्रकाशित भएको देखिन्छ । यस लेखमा कँडेलले कृष्णप्रसाद पराजुलीको सङ्क्षिप्त परिचय दिदै उनको 'कथा आँसुको' शोककाव्यको विवेचना गरेका छन् ।

वाग्मती अञ्चलको काभ्रे जिल्लामा वि.सं. १९९२ असार महिनामा जन्मेका र हाल पचास वर्ष नाघिसकेका कृष्णप्रसाद पराजुलीले साहित्यका विविध विधामा कलम चलाएका भए तापनि उनको प्रसिद्धि कविका रूपमा बढी छ भन्दै समीक्षक कँडेलले पराजुलीका बालकविता र प्रौढ कविताको उल्लेख गरेका छन् । साथै पराजुलीको 'कथा आँसुको' शोककाव्यलाई पनि उनले प्रौढ काव्य अन्तर्गत राखेर विश्लेषण गरेका छन् । 'कथा आँसुको' लोकलयमा लेखिएको लामो कविता हो र यो कथावस्तु प्रधान नभएर भाव प्रधान काव्य हो भन्दै कँडेलले यस काव्यलाई माधव घिमिरेको गौरी खण्डकाव्यसँग तुलना गरेका छन् । समीक्षक कँडेलले पराजुलीको शोककाव्यको समीक्षा गर्दै उनलाई जीवनवादी कवि बताउँदै उनका काव्यमा उल्लासको वातावरणलाई जति रोचकताका साथ प्रस्तुत गरिएको हुन्छ,

विषादको वातावरणलाई पनि त्यत्तिकै रोचकताका साथ प्रस्तुत गरिएको पाइन्छ भन्ने निष्कर्ष निकालेका छन् (पृष्ठ ३०५) । साथै उनले पुत्र वियोगको दारु(ा वेदनाबाट विर्दीर्ण ह्रदय भएका कविको करुणा-प्लावित लेखनीबाट निस्सृत यो काव्य कविका जीवनसित सम्बन्धित शोककाव्य मात्र नभएर मानव मात्रका नियतिसित सम्बन्धित शोककाव्य बन्न पुगेको तथ्य प्रस्तुत गरेका छन् ।

निष्कर्षमा प्रभावपरकताका आधारमा लेखिएको प्रस्तुत कविताकेन्द्री समालोचना कँडेलको व्यावहारिक समालोचना हो र यसले कृष्णप्रसाद पराजुली र उनको 'कथा आँसुको' शोककाव्यका अध्ययनमा सघाउ पुऱ्याउने देखिन्छ ।

**ङ) देवकोटा : केही स्फुट विचार**

प्रस्तुत समाालोचनालेख २०४८ सालको 'भावना' साहित्यिक त्रैमासिक पत्रिका (वर्ष १, अङ्क १) मा जम्मा तीन (६८-७०) पृष्ठमा प्रकाशित भएको देखिन्छ । यो लेख आयामका दृष्टिले छोटो भए पनि कँडेलको समालोचकीय सामर्थ्यको प्रस्तुतिका दृष्टिले भने महत्वपूर्ण देखिन्छ । यस लेखमा कँडेलले देवकोटाको कवितायात्राको चरण विभाजन गर्दै उनका कतिपय विशिष्ट कविता, खण्डकाव्य र महाकाव्यहरूमा अङ्ग्रेजीका वर्डस्वर्थ, शेली, किट्स र वाइरनका कवितामा पाइने कतिपय विशेषताहरू पाइन्छ भन्ने तथ्य प्रस्तुत गरेका छन् ।

देवकोटाको कविता सृजनाको यात्रालाई पूर्वार्द्ध (१९९१-२००३) र उत्तरार्द्ध (२००४-२०१६) गरी दुई कालमा बाँड्दै समीक्षक कँडेलले उनका कविता-काव्यमा प्रयुक्त प्रकृतिको उग्र र शान्त रूप एवम् प्रकृति, मानव र ईश्वरको तादात्म्यलाई प्रस्तुत गरेका छन् । साथै उनले देवकोटाका विशिष्ट कविता, खण्डकाव्यका बारेमा चर्चा गरेका छन् । महाकविमा हुनुपर्ने गुणहरूको घनीभूतरूप जुन मात्रामा देवकोटामा पाइन्छ, नेपालका अन्य कवि, काव्यकार एवम् महाकाव्यकारहरूमा पाइन्न भन्दै कँडेलले देवकोटा नेपाली साहित्यमा महाकवित्वका दुर्लङ्घ्य शिखर र भविष्यका काव्यसाधकहरूका लागि रमाइला चुनौती पनि हुन् भन्ने निष्कर्ष निकालेका छन् (पृ. ६८) ।

कँडेलले देवकोटाको कविता सृजनाको पूर्वार्द्धकालका 'मुनामदन' (खण्डकाव्य), 'शाकुन्तल' (महाकाव्य) जस्ता कविता-काव्यहरूमा पाइने प्रकृति र मानव बीचको शिक्षक-

शिष्य सम्बन्ध जस्ता विशेषताहरू अङ्ग्रेजी कवि वर्डस्वर्थका कविता-काव्यमा प्रयुक्त प्रकृतिसम्बन्धी विशेषताहरूसँग मिल्दोजुल्दो भएको तथ्य प्रस्तुत गरेका छन् । साथै उनले देवाकोटाका पूर्वार्द्धका कवितामा कीट्सका कवितामा पाइने अभिव्यक्ति कोमलता र सहज सम्वेद्यता एवम् प्रकृति-सौन्दर्यको मनोरम चित्रण पनि यत्र-तत्र देखापरेको बताएका छन् (पृ. ६९) । देवकोटाका २००३ साल पुस पछिका कविताहरू पूर्वार्द्धकालका झैँ शान्त र मनोरस नभएर उग्र र भीषण भएको तथ्य प्रस्तुत गर्दै उनले देवकोटाका उत्तरार्द्धका 'बाघले बच्चा किन खान्छ', 'साँढे', 'प्रभुजी भेडो बनाऊ !' 'पागल' जस्ता कविताहरूमा शेलीका कवितामा पाइने विद्रोहात्मकता र बाइरनका कवितामा पाइने व्यङ्ग्यात्मकता जस्ता विशेषताहरू पाइन्छ भन्ने तर्क प्रस्तुत गरेका छन् ।

प्रस्तुत कविताकेन्द्री व्यावहारिक समालोचना निर्णयात्मक किसिमको समालोचना हो । यस समालोचनाले देवकोटाका कविता-काव्यमा प्रयुक्त प्रकृतिका विविधरूपको अध्ययन गर्न सघाउ पुऱ्याउने देखिन्छ ।

**च) 'वन-बालामा' प्रकृतिप्रयोग**

प्रस्तुत समालोचनालेख २०५३ सालको 'गरिमा' (वर्ष ४, अङ्क ६, पृ. १६२) मा जम्मा चार (५०-५३) पृष्ठमा प्रकाशित भएको देखिन्छ । यस छोटो लेखमा समीक्षक कँडेलले भवदेव पन्त (१९७०-२०१७) को 'वन-बाला' (२०१०) खण्डकाव्यमा प्रकृतिको के-कस्तो प्रयोग भएको छ त्यसको अङ्कन गरेका छन् ।

यस लेखको सुरूमा पन्तको जम्मा २४ पृष्ठमा छापिएको र आद्यन्त अनुष्टुप् छन्दमा लेखिएको 'वनबाला' खण्डकाव्यमा दोहोरिएका दुई हरफसमेत कुल ४१४ हरफ अर्थात् २०७ श्लोक रहेका छन. । यो काव्य पूर्वार्द्ध र उत्तरार्द्धगरी दुई खण्डमा बाँडिएको छ र दुवै खण्डमा तीन-तीन भाग छन् जसलाई प्रथम भाग, मध्यम भाग र अन्तिम भाग भनिएको छ भन्दै कँडेलले उक्त खण्डकाव्यको मूलतः बाह्य संरचना पक्षको उल्लेख गरेका छन् । साथै यस काव्यको पूर्वार्द्ध खण्डमा कविले प्रकृतिको सौम्य एवम् कमनीय (रमणीय) रूपको प्रयोग गरेका छन् भन्दै कँडेलले उत्तरार्द्धखण्डमा प्रकृतिको भीषण एवम् करुणाजनक रूपको प्रयोग भएको निष्कर्ष निकालेका छन् । प्रकृतिका यिनै शान्त र रौद्रजस्ता विविध रूपका आधारमा कँडेलले 'वन-बाला' खण्डकाव्यको अध्ययन एवम् विश्लेषण गरेको देखिन्छ । पन्तको यस

खण्डकाव्यमा प्रकृतिको वर्णन एवम् चित्रण स्थूल तथा निर्जीव सत्ताका रूपमा नगरेर त्यसलाई सजीव सत्ताका रूपमा प्रस्तुत गरिएको छ र मानवीय व्यक्तित्व पनि प्रदान गरिएको छ भन्दै कँडेलले यस काव्यलाई अङ्ग्रेजीका स्वच्छन्दतावादी अग्रणी कवि विलियम वर्डस्वर्थको 'लुसी ग्रे' कवितासँग तुलना गरेका छन् (पृ. ५२) ।

निष्कर्ष प्रस्तुत कविताकेन्द्री व्यावहारिक समालोचना कँडेलको कृतिपरक समालोचना हो । यो समालोचना केही मात्रामा वस्तुपरक भएपनि बढी मात्रामा प्रभाव परक किसिमको देखिन्छ । यसले भवदेव पन्तको 'वन-बाला' खण्डकाव्यमा प्रयुक्त प्रकृति चित्रणलाई प्रस्तुत गरेको छ । यो कार्य नै यसको उल्लेख्य पक्ष हो ।

### ५.३.१.२ नाटककेन्द्री समालोचनाको विश्लेषण

घनश्याम कँडेलको 'केही अन्वेषण : केही विश्लेषण' (२०४०) कृतिमा ३ वटा, 'पाश्चात्य यथार्थवादी नाटक' (२०४६) कृतिका दुईवटा र विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित ३ वटा गरी जम्मा आठवटा समालोचनालेखहरू नाटकविधासँग सम्बन्धित भएकाले यहाँ तिनको बेग्लाबेग्लै विश्लेषण गरिएको छ ।

### क) रिमाल-पूर्वको नेपाली नाटक-परम्परा

प्रस्तुत लेख कँडेलको नाटककेन्द्री व्यावहारिक समालोचना हो । यो 'केही अन्वेषण : केही विश्लेषण' (२०४०) नामक पुस्तकमा जम्मा अट्ठाइस (३७-६४) पृष्ठमा प्रकाशित भएको देखिन्छ । यस समालोचनालेखमा कँडेलले गोपालप्रसाद रिमाल पूर्वको नेपाली नाट्यसाहित्यको ऐतिहासिक सर्वेक्षण गर्दै उनले नेपाली नाट्य यात्राको त्रिखण्डी काल विभाजन गर्ने र ती कालखण्डका नाट्यस्रष्टाहरूको मूलभूत प्रवृत्तिहरू पर्गेल्ने काम गरेका छन् ।

समालोचक कँडेलले यस लेखमा नाटक सम्बन्धी लामो पृष्ठभूमि प्रस्तुत गर्दै अन्ततः शक्तिबल्लभ अर्ज्यालको 'हास्यकदम्ब' (१८५५) नाटकलाई पहिलो नाटक मानेका छन् । उनले १८५५ सालको उक्त नाटकलाई आधार मानेर नेपाली नाटकको त्रिखण्डी काल विभाजन गरेका छन् । वि.सं. १८५५ देखि १९४१ सालपूर्वको समयलाई प्राथमिक काल मान्दै कँडेलले यस कालमा शक्ति वल्लभ अर्ज्याल, भवानीदत्त पाण्डे जस्ता नाटककारहरूको चर्चा गरेका छन् । यस कालका नाटकहरूमा आख्यानतत्त्वको प्रबल र नाट्यतत्त्वको प्राय

अभाव रहेको कँडेलको विश्लेषण छ । उनले वि.सं. १९४२ देखि १९८५ सालपूर्वको समयलाई नेपाली नाटकको माध्यमिककाल मान्दै यसलाई पुनः पूर्वमाध्यमिक काल र उत्तरमाध्यमिककालमा विभाजन गरेका छन् । पूर्वमाध्यमिक काल अन्तर्गत मोतीराम भट्ट शम्भुप्रसाद ढुङ्गेल जस्ता नाटककारहरू र उनीहरूका नाटकको अध्ययन गर्दै कँडेलले यस कालका नाटकहरू अनुवाद र मौलिक मिश्रित भएको निष्कर्ष निकालेका छन् । यसैगरी उत्तरमाध्यमिककालका केही उल्लेख्य नाटक र नाटककारका बारेमा पनि कँडेलले चर्चा गरेका छन् । उनले पहलमानसिंह स्वाँरको 'अटलबहादुर' (१९६२), 'विमलादेवी', 'विष्णुमाया' जस्ता नाटकहरूको चर्चा गर्दै यस कालका नाटकहरूलाई मौलिक र अनुदित गरी दुई भागमा विभाजन गरेका छन् । वि.सं. १९८६ देखि यता आधुनिककाल प्रारम्भ भएको भन्दै कँडेलले रिमालको 'मसान' (२००३) नाटकपूर्वको समयलाई आधुनिक कालको प्रथम चरण मानेका छन् । यस चरण अन्तर्गत उनले बालकृष्ण सम र भीमनिधि तिवारीका पूर्णाङ्की र एकाङ्की नाटकको चर्चा गरेका छन् । कँडेलले समका नाटकहरू विभिन्न प्रभाव र प्रवृत्तिका आधारमा निर्माण भएको तथ्य प्रस्तुत गरेका छन् । समका प्रसिद्ध दुःखान्त नाटकमा शेक्सपियरको नाट्यप्रभाव परेको छ र ती नाटकमा पाइने मूल प्रवृत्ति स्वच्छन्दतावादी प्रवृत्ति हो भन्ने कँडेलको निष्कर्ष रहेको छ (पृ.५५) । यसैगरी भीमनिधि तिवारीका नाटकहरू यथार्थबाट सुरूभएर आदर्शमा टुङ्गिएका छन् भन्दै कँडेलले तिवारीलाई आदर्शोन्मुख यथार्थवादी धाराका प्रवर्तक मानेका छन् (पृ.६०) । प्रस्तुत समालोचनामा कँडेलले वि.सं. २००३ पूर्वसम्म अर्थात् गोपालप्रसाद रिमालको 'मसान' नाटकको प्रकाशन पूर्वसम्म नेपाली नाटकमा यथार्थवादीधाराको प्रारम्भ नभएको तथ्य प्रस्तुत गरेकाछन् ।

निष्कर्षमा कँडेलको प्रस्तुत समालोचना नाटककेन्द्री व्यावहारिक समालोचना हो । यो विवरणात्मक एवम् विश्लेषणात्मक किसिमको ऐतिहासिक समालोचना भएकाले यो लेख नेपाली नाटकको ऐतिहासिक अध्ययनमा उपयोगी सिद्ध भएको छ । वस्तुवादी प्रस्तुत समालोचना विशिष्ट किसिमको देखिन्छ ।

**ख) समस्या नाटक**

घनश्याम कँडेलको २०४० सालको 'केही अन्वेषण : केही विश्लेषण' नामक कृतिमा जम्मा ३३ (६५-९७) पृष्ठमा प्रकाशित यस लेखमा कँडेलले समस्या नाटकको स्वरूप

निर्धारण, ऐतिहासिक सर्वेक्षण गर्नाका अतिरिक्त नेपाली समस्या नाटक र तिनको नाटककारहरूका बारेमा चर्चा गरेका छन् । कँडेलले यस 'समस्या नाटक' शीर्षकलाई छ उपशीर्षक र अन्य उप-उपशीर्षकहरूमा पूर्णता दिएका छन् ।

'समस्या नाटक' प्रथम विश्वयुद्धको अन्तावस्थामा पाश्चात्य जगत्मा विकसित भएको विशेष किसिमको नाटक हो भन्दै कँडेलले यो विषयवस्तुका दृष्टिले समसामयिक समस्यासित सम्बन्धित हुन्छ भने शिल्प पद्धतिका दृष्टिले यथार्थवादी किसिमको हुन्छ भन्ने तथ्य प्रस्तुत गरेका छन् (पृ. ६५) । यस लेखमा कँडेलले 'समस्या नाटक' समस्याप्रधान हुने भएकाले यसमा कथावस्तुको महत्व समस्याको सम्यक् उद्‌घाटनका दृष्टिले मात्र हुने निष्कर्ष निकालेका छन् । उनले समस्यानाटकका पात्र चरित्रप्रधान नाटकका पात्र झैं व्यक्तिगत विशेषता र विलक्षणताले युक्त हुनु भन्दा कुनै सिद्धान्त, विचार वा समस्याका प्रतिनिधिका रूपमा वर्गीय विशेषताले बढी युक्त हुने बताएका छन् (पृ. ६९) ।

समालोचक कँडेलले पूर्वीय साहित्यको समस्यासित सम्बन्धित नाटकको ऐतिहासिक सर्वेक्षण गर्दै ई.पु. तृतीय शताब्दीतिरका शुद्रकको 'मृच्छकटिक' (संस्कृत नाटक) मा सामाजिक समस्याको न्यूनरूप पाउन सकिने तथ्य प्रस्तुत गरेका छन् । यसैगरी उनले पाश्चात्य साहित्यमा समस्या नाटकको ऐतिहासिक सर्वेक्षण गर्दै ग्रिसेली नाटककारहरू युरिपाइडिज (ई.पू. ४८०-४०७) का केही वियोगान्त नाटकहरूमा र एरिस्टोफेनिज (ई.पू.४५०-३८५) का संयोगान्त नाटकहरूमा पनि सामाजिक समस्याको बीज पाउनसकिने तथ्य यस लेखमा प्रस्तुत गरेकाछन् । साथै उनले सत्रौं-अठारौं शताब्दीका फ्रान्सेली मोलायर, बेलायती कङ्ग्रीभका नाटकहरूमा प्रेम सम्बन्धी समस्यालाई प्रस्तुत गरिएको बताएका छन् (पृ.६७-६८) । यति भएर पनि पाश्चात्य साहित्यमा समस्या नाटकको वास्तविक प्रवर्तन भने उन्नाइसौं शताब्दीको उत्तरार्द्धतिर मात्र भएको कँडेलको निष्कर्ष रहेको छ ।

यस लेखमा कँडेलले पाश्चात्य साहित्यमा समस्या नाटकको प्रारम्भ र विकासका सन्दर्भमा नर्वेका नाटकका हेनरिक इब्सन (ई.सं. १८२८-१९०६) का नाटकहरूबाट समस्या नाटकको प्रारम्भ भएको र यसको विस्तार स्विडेन, जर्मन, रुस र बेलायत जस्ता विभिन्न मुलुकहरूका नाट्‌य साहित्यमा भएको तथ्य प्रस्तुत गरेका छन् । यद्यपि कँडेलले पाश्चात्य साहित्यमा समस्या नाटकको प्रारम्भक र विकासक मूलतः इब्सनलाई नै मानेका छन् ।

इब्सनकै नाटकहरूका प्रभावका आधारमा नेपाली साहित्यमा गोपालप्रसाद रिमालले समस्या नाटकको प्रारम्भ साथै विकास गरेका हुन् भन्दै कँडेलले रिमालको 'मसान' (२००३) नाटकलाई नेपाली नाट्य साहित्यको पहिलो समस्या नाटक हो भनेका छन् (पृ.८१) । साथै उनले रिमाल पछि गोविन्दबहादुर मल्ल 'गोठाले', विजयमल्ल, मनबहादुर मुखिया, ध्रुवचन्द्र गौतम जस्ता नाटककारहरूको चर्चा गरेका छन् ।

निष्कर्षमा प्रस्तुत समालोचना नाटककेन्द्री व्यावहारिक समालोचना हो । वस्तुवादी ढाँचामा प्रस्तुत गरिएको यो समालोचना शोधमूलक एवम् तथ्यपरक समालोचना पनि हो । यसले कँडेललाई सामाजिक यथार्थवादी समालोचकका रूपमा प्रस्तुत गरेको छ ।

**ग) नाटककार स्वारको 'विमलादेवी'**

प्रस्तुत लेख कँडेलको नाटककेन्द्री व्यावहारिक समालोचना हो । यो २०४० सालको 'केही अन्वेषण : केही विश्लेषण' नामक पुस्तकमा जम्मा बीस (९८-११७) पृष्ठमा विस्तारित भएको देखिनछ । यस लेखमा समालोचक कँडेलले नाटककार पहलमानसिंह स्वारको सङ्क्षिप्त परिचय प्रस्तुत गर्दै नाट्यतत्त्वका आधारमा 'विमलादेवी' नाट्य कृतिको अध्ययन गर्नाका अतिरिक्त यस कृतिको मौलिकता र कृतिगत वैशिष्ट्यलाई गम्भीर रूपमा विश्लेषण गरेका छन् ।

समालोचक कँडेलले यस लेखमा पहलमानसिंह स्वार (१९३५-१९९९) को 'विमलादेवी' नाटकको सङ्क्षिप्त परिचय दिँदै विभिन्न दृष्टि र सन्दर्भमा यसको विश्लेषण गरेको देखिन्छ । नायिका प्रधान नाटक 'विमलादेवी' को लेखन १९७५ सालमा र प्रकाशन २०३२ सालमा भएको भन्दै कँडेलले यस नाटकमा जम्मा ३ अङ्क र २५ दृश्य भएको तथ्य प्रस्तुत गरेका छन् (पृ.९९) । उनले कथावस्तु, पात्र, संवाद, भाषाशैली जस्ता नाट्यतत्त्वका आधारमा उक्त नाटकको सूक्ष्म रूपमा विश्लेषण गर्दै यसको मौलिकताका बारेमा समेत टिप्पणी गरेको देखिन्छ । 'विमलादेवी' नाटकको सूक्ष्मरूपमा अध्ययन गर्दै कँडेलले यस नाटकको प्रथम अङ्कको सातौँ दृश्यको घटना त्यस्तै तेस्रो अङ्कको छैटौँ र नवौँ दृश्यको घटना केही अस्वाभाविक किसिमको भएको बताएका छन् (पृ. १०५) । यद्यपि उनले उक्त नाटकका अधिकांश घटनाहरू स्वाभाविक, विश्वसनीय भएको तथ्य पनि प्रस्तुत गरेका छन् । नाटकले देखाउन खोजेका केही विशेष कुराहरूलाई कँडेलले यस लेखमा बुँदागत रूपमा

उल्लेख गरेको देखिन्छ । ती सङ्क्षिप्त बुँदाहरू हुन् : पारिवारिक सम्बन्धको आदर्श (उत्कृष्ट) नमुना, आदर्श राजा (राजा जयशिखर) को सुशासन, प्राचीन राज्य व्यवस्थाको झलक, आदर्शवादी जीवनदर्शन, केटा-केटीलाई पति-पत्नी रोज्ने स्वतन्त्रता, प्राचीन परम्पराको झलक, विशेष किसिमको हास्य पात्रको प्रयोग, आर्य-नारीका आदर्शको चित्रण, सती-प्रथाको झलक आदि । यस लेखमा कँडेलले उपर्युक्त बुँदाहरूका बारेमा नाटककेन्द्री भई विश्लेषण गरेको देखिन्छ । यसैगरी उनले यस नाटकको दुःखान्त र सुखान्तका सन्दर्भमा पनि विस्तृत चर्चा गरेका छन् ।

प्रस्तुत लेखमा कँडेलले स्वारकै वि.सं. १९६२ को 'अटलबहादुर' नाटकसँग यस 'विमलादेवी' नाटकको तुलना गरेकाछन् । 'अटलबहादुर' ले चन्द्रशमशेरको शासनकाललाई प्रतीकात्मक रूपमा देखाउन खोजे जस्तै 'विमलादेवी' ले देवशमशेरको शासनकाललाई प्रतीकात्मक रूपमा देखाउन खोजेको छ भन्ने समीक्षक कँडेलको विश्लेषण रहेको देखिन्छ । यस नाटकलाई ऐतिहासिक नाटक भन्दै कँडेल (२०४०:११७) ले यस लेखमा उक्त नाटकको आगमनका सन्दर्भमा स्पष्ट धारणा राखेका छन्: 'विमलादेवी' नाटक नेपाली नाट्यसाहित्यमा ऐतिहासिक नाटक लेखनको पहिलो प्रयास हो र यसमा देशभक्ति, आदर्शको उच्चता र जीवनका महत्तर मूल्यहरूको प्रतिष्ठा गरिएको छ ।

प्रस्तुत नाटककेन्द्री व्यावहारिक समालोचना कँडेलको कृतिपरक समालोचना हो । विश्लेषणात्मक किसिमको प्रस्तुत समालोचना निर्णयात्मक समालोचना समेत बन्न पुगेको छ । यसले कँडेलको समालोचकीय सामर्थ्यलाई बढाएको छ भने पाठकलाई स्वांरको 'विमलादेवी' नाटकका बारेमा स्पष्ट पारेको छ ।

### घ) प्रयोगधर्मी नयाँ नाटक 'वैकुण्ठ एक्सप्रेस'

प्रस्तुत नाटककेन्द्री समालोचना २०४३ सालको 'गरिमा' (वर्ष ३, अङ्क १०, पृ.४६) मा जम्मा छ (१२-१७) पृष्ठमा प्रकाशित भएको देखिन्छ । यस लेखमा मोहनराज शर्माको 'वैकुण्ठ एक्सप्रेस' (२०४२) नाटकको सूक्ष्म अध्ययन एवम् विश्लेषण गर्दै समालोचक कँडेलले उक्त नाटकलाई प्रयोगधर्मी नयाँ नाटकका रूपमा स्थापना गरेका छन् ।

यस लेखको प्रारम्भतिर कँडेलले 'बैकुण्ठ एक्सप्रेस' नाटकको बाह्य संरचनापक्षको सङ्क्षिप्त चर्चा गरेका छन् । जम्मा एकसय बीस पृष्ठको विस्तार पाएको यो नाटक पारम्परिक दुई अङ्क जस्ता दुई भागमा बाँडिएको देखिन्छ भन्दै कँडेलले यस नाटकमा दृश्य विभाजन नभएकाले नाटकका आरम्भमा खोलिएको पर्दा एकैचोटि नाटकका मध्यमा अर्थात् पहिलो भागको अन्त्यमा बन्द हुन्छ र पछिल्लो भाग सुरू भएपछि फेरि खुल्छ भन्ने निष्कर्ष निकालेका छन् । उनले यस नाटकको सूक्ष्म अध्ययन गर्दै यो नाटक मनोरञ्जक र विचारोत्तेजक दुबै रूपमा सफल भएको बताएका छन् (पृ.१३) । यस लेखमा शिशिर, वसन्त, शेरचन, समरसेर, डकारमान, बाबुकाजी, चेमजोङ, जीएम, प्रेम, खुसीराम र मकैसिंह जस्ता स्वदेशी पुरुषपात्र र स्त्री विदेशी पत्रकार डेविड तथा प्रिया र हिप्पिनी जस्ता स्त्री पात्रहरूका अतिरिक्त मूर्त एवम् मानवेतर पात्र बाघ र अमूर्त पात्र आवाज जस्ता विभिन्न खालका उन्नाइस पात्रहरूको प्रयोग उक्त नाटकमा भएको तथ्य कँडेलले उद्घाटन गरेका छन् । यस लेखमा समीक्षक कँडेलले नाटकका उपर्युक्त पात्रहरूको चर्चा गर्दै नाटकलाई शृङ्खलित रूप दिन प्रेम र प्रियाको भूमिका महत्वपूर्ण रहेको निष्कर्ष निकालेका छन् । नाटकलाई मनोरञ्जनपूर्ण बनाउन नाटकमा प्रयुक्त विभिन्न पात्रहरूको क्रियाकलाप र संवाद एवम् स्वैरकल्पनाको प्रयोग जस्ता पक्षहरूले विशेष भूमिका खेलेको कँडेलको विश्लेषण रहेको देखिन्छ । नाटककार शर्माले नाटकमा स्वैरकल्पनाको प्रशस्त प्रयोग गरे पनि समीक्षक कँडेलले यस लेखमा गौडा खानतलासी, निद्रानगर, अन्धो गुफा, कल्पनालोक, लीलानगरी र पशुपुर जस्ता स्वैरकल्पनाको विस्तृत चर्चा गरेका छन् । यस लेखमा स्वैरकल्पनासम्बन्धी कँडेलको विश्लेषण विशेष महत्वपूर्ण देखिन्छ ।

समालोचक कँडेलले यस लेखमा शर्माको 'बैकुण्ठ एक्सप्रेस' नाटकमा कथावस्तु, पात्र प्रयोग, संवाद, भाषाशैली, रङ्गमञ्च जस्ता अनेक पक्षमा नवीन प्रयोग भएको बताएका छन् । यस्ता नवीन प्रयोगहरूले यस नाटकलाई आदर्शवादी धारा, स्वच्छन्दतावादी धारा, यथार्थवादी (सामाजिक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी, समाजवादी यथार्थावादी धारा) का जस्ता नाटक नबनाएर प्रयोगधर्मी (प्रयोगवादी) नाटक बनाएको कँडेलको निष्कर्ष छ (पृ: १७) ।

प्रस्तुत नाटककेन्द्री व्यावहारिक समालोचना कँडेलको कृतिपरक समालोचना हो । यो समालोचना मोहनराज शर्माको 'वैकुण्ठ एक्सप्रेस' नाटकको कृतिपरक अध्ययनका लागि विशेष उपयोगी सामाग्री बनेको छ । कँडेलको यो प्रयोगवादी समालोचना हो ।

## ङ) यथार्थवादी नाटकका प्रमुख स्तम्भ

प्रस्तुत नाटककेन्द्री व्यावहारिक समालोचना २०४६ सालको 'पाश्चात्य यथार्थवादी नाटक' नामक समालोचनाकृतिको तेस्रो अध्यायमा जम्मा एकतीस (२७-५७) पृष्ठमा सुगठित भएको देखिन्छ । यस लेखमा नर्वेका हेनरिक इब्सन, स्विडेनका स्ट्रिन्डवर्ग, रुसका एन्टोन चेखभ र जर्मनीका हफ्टमनलाई विश्वसाहित्यमा यथार्थवादी नाटकका प्रमुख स्तम्भका रूपमा स्थापित गर्दै कँडेलले तिनीहरूको परिचय दिएर तिनका नाट्यकृतिहरूको सङ्क्षिप्त रूपमा विश्लेषण गरेका छन् ।

सुरूमा स्वच्छन्दतावादी ढाँचाका नाटक लेखेर नाट्य क्षेत्रमा सक्रिय बनेका इब्सनले प्रौढ अवस्थामा पुगेपछि 'समाजका स्तम्भहरू' (१८७७) जस्ता उत्कृष्ट यथार्थवादी ढाँचाका नाटकहरू लेखेर उनले विश्वमै यथार्थवादी नाट्य लेखनको प्रारम्भ गरेका हुन् भन्ने कँडेलको निष्कर्ष रहेको देखिन्छ (पृ.२८) । इब्सनका यथार्थवार्दी नाटकहरूमा विषयवस्तुको विश्वसनीयता, पात्रहरूको जीवन्तता, भाषाशैलीगत स्वभाविकता, अङ्कदृश्यविभाजनगत सङ्क्षिप्तता जस्ता विशेषताहरू पाइने कँडेलको विश्लेषण रहेको छ । उनले इब्सनका नाटकहरूको उल्लेख गर्दै इब्सनले यथार्थवादी नाटकलेखनको प्रारम्भ मात्र नगरेर चरम विकास पनि गरेको निष्कर्ष निकालेका छन् ।

यस लेखमा कँडेलले यथार्थवादी नाटकका अर्का प्रमुख स्तम्भ स्विडेनका स्ट्रिन्डवर्गलाई मानेका छन् । स्ट्रिन्डवर्गले पनि प्रारम्भमा स्वच्छन्दतावादी नाटक लेखेका भए पनि उनको 'पिता' (१८८७) नाटकको प्रकाशन भएपछि उनी महान् यथार्थवादी नाटककारका रूपमा स्थापित भएका हुन् भन्ने समालोचक कँडेलको विश्लेषण रहेको देखिन्छ (पृ.३८) । यस लेखमा स्ट्रिन्डवर्गका 'पिता', 'साथी', 'कुमारी जुली' र 'मृत्युको नाच' यी प्रमुख चारवटा नाटकहरूको विशेष अध्ययन गर्दै कँडेलले स्ट्रिन्डवर्गको नाट्य विशेषता औंल्याएका छन् । नाटकमा नारी जातिप्रति घृणा व्यक्त गर्नु, प्रेमलाई पाशविक प्रवृत्तिका रूपमा हेर्नु, पाशविक प्रवृत्तिका साधारण पात्रको प्रयोग गर्नु, सरल भाषाका माध्यमबाट

समसामयिक जीवनका समस्याको साङ्केतिक अभिव्यक्ति दिनु, रङ्गमञ्चीय उपकरणको न्यून मात्रामा प्रयोग गर्नुजस्ता विशेषताहरू स्ट्रिन्डवर्गका मौलिक नाट्य विशेषताहरू हुन् भन्ने कँडेलको निष्कर्ष रहेको देखिन्छ ।

इब्सन, स्ट्रिन्डवर्गजस्तै विश्वयथार्थवादी नाटकका अर्का प्रमुख स्तम्भ एन्टोन चेखभ हुन् भन्दै समीक्षक कँडेलले उनका यथार्थवादी नाटकहरू 'सामुद्रिक चरो', 'मामा वान्या', 'तीन दिदी बहिनी' र 'चेरीको वगैँचा' को सूक्ष्म विश्लेषण गरेका छन् । कँडेलले चेखवका नाटकमा नाङ्गो यथार्थको प्रयोग नभएको र समकालिक रुसी जीवनमा शोषण प्रवृत्तिको चित्रण भएको निष्कर्ष निकालेका छन् ।

यस लेखमा कँडेलले जर्मनीकानाटककार हफ्टमनलाई पनि इब्सन, स्ट्रिन्डवर्ग र चेरवभकासमकक्षमा राखेर चर्चा गरेका छन् । हफ्टमनका 'बिहान नहुँदै', 'एकाकी जीवन', 'तन्तुकाहरू' र 'रोजवर्न्ड' यी चारवटा नाटकको अध्ययन गर्दै कँडेलले यी नाटकका पात्रहरू निम्न मध्यमवर्गीय भएको र तिनीहरूकै समस्या नाटकको विषयवस्तु भएको निष्कर्ष निकालेका छन् ।

निष्कर्षमा प्रस्तुत नाटककेन्द्री व्यावहारिक समालोचना कँडेलको उत्कृष्ट समालोचनामध्ये एक हो । यो वस्तुवादी समालोचना हो । इब्सन, स्ट्रिन्डवर्ग, चेखव र हफ्टमनका यथार्थवादी प्रमुख नाटकको अध्ययनमा यो समालोचना विशेष उपयोगी भएको देखिन्छ ।

### च) पश्चिमका विभिन्न देशमा यथार्थवादी नाटक

प्रस्तुत नाटककेन्द्री व्यावहारिक समालोचना २०४६ सालको 'पाश्चात्य यथार्थवादी नाटक' नामक समालोचना कृतिमा जम्मा अन्ठाउन्न (५८-११५) पृष्ठमा विस्तारित भएको देखिन्छ । कँडेलको प्रस्तुत लेख उनको अघिल्लोलेख 'यथार्थवादी नाटकका प्रमुख स्तम्भ' शीर्षको पूरकका रूपमा देखिन्छ । उनले यस लेखमा उक्त लेखका चार प्रमुख स्तम्भकारको उल्लेख नगरी त्यसै समयमा विकसित अन्य देशका नाट्य प्रतिभाहरूको सङ्क्षिप्त चर्चा गरेका छन् । यो लेख उनको दोस्रो चरण (२०४०-२०५४) का समालोचनामध्ये आयामका दृष्टिले पहिलो लामो समालोचना हो ।

प्रस्तुत लेखमा कँडेलले मूलतः बेलायत, रुस, फ्रान्स, जर्मनी, अष्ट्रिया, इटाली, अमेरिका र स्पेनमा यथार्थवादी नाटकको प्रारम्भ र विकासको सन्दर्भलाई प्रस्तुत गरेका छन् । बेलायतमा लर्ड लिटन, टी.डब्लु.राबर्टसन, हेनरी आर्थर जोन्स, सर ए. डब्लु. पिनरो हो । आदिका नाटकमा यथार्थवादको सूक्ष्म प्रयोग भेटिए पनि जर्ज बर्नार्ड श (ई. १८५६-१९५०) र जोन गाल्सवर्दी (ई. १८६७-१९३३) का विचारप्रधान र सामाजिक नाटकहरूमा यथार्थवादको विशिष्ट प्रयोग भएको कँडेलको निष्कर्ष रहेको छ (पृ. ६५-६७) । यस्ता विचार प्रधान एवम् सामाजिक जीवनका नाटकहरूले बेलायतमा मात्र नभएर विश्वसाहित्यमै उत्कृष्ट स्थान लिन सकेको समीक्षक कँडेलको विश्लेषण रहेको देखिन्छ ।

निकोलाय भ्यासिलेभिच गोगोल रुसमा यथार्थवादी नाटकका प्रवर्तक मानिन्छन् भन्दै कँडेलले रुसमा गोगोल पछि तुर्गनेभ, अस्त्रोभ्स्की टल्सटाय र गोर्की यथार्थवादी नाटकका सन्दर्भमा विशेष उल्लेखनीय रहेको चर्चा गरेका छन् । यस लेखमा कँडेलले नाटककार तुर्गनेभका दुईवटा नाटक ‘गाउँमा एक महिना’ र ‘एउटा गरीब भलाद्मी’ को सङ्क्षित परिचय दिएका छन् । त्यस्तै उनले अस्त्रोभ्स्कीका ‘संरक्षक’ र ‘आँधी बेहरी’, टल्सटायका ‘अन्धकारको शक्ति’ र ‘जिउँदो लास’, गोर्कीको ‘निकृष्ट खाल्डो’ जस्ता नाटकहरूको पनि चर्चा गरेका छन् । उपर्युक्त नाटकहरूले रुसको समसामयिक यथार्थलाई स्वभाविक रूपमा देखाएका छन् भन्ने कँडेलको निष्कर्ष रहेको छ ।

फ्रान्समा यथार्थवादी नाटकको प्रारम्भ गर्नेहरूमा युजिन स्क्राइब, इमिल ओजियर, अलेक्जेन्डर ड्युमाफिल र भिक्टोरियन सार्दू प्रमुख हुन् भन्दै कँडेलले यथार्थवादी नाटकको स्वरूप निर्माणमा अलेक्जेन्डर ड्युमाफिलको भने विशेष योगदान रहेको चर्चा गरेका छन् । यसैगरी उनले फ्रान्सेली यथार्थवादी नाटकका सन्दर्भमा इमिल जोला र युजिन ब्रियुक्स पनि उल्लेखनीय छन् भन्दै ब्रियुक्सका नाटक बेलायती यथार्थवादी नाटककार जर्ज बर्नार्ड शाका नाटक झैँ विचारप्रधान समस्यानाटक भएको निष्कर्ष निकालेका छन् ।

यसैगरी जर्मनीमा यथार्थवादी नाटकको विकासमा फ्रेडरिक हेबेल (ई.स. १८१३-१८६३) र ओटो लुडविग (ई.स. १८१३-१८६५) जस्ता नाटककारहरूले विशेष सक्रियता रहेको देखिन्छ भन्दै कँडेलले तिनका नाटकहरूको सङ्क्षिप्त परिचय दिएका छन् । उनले जर्मनेली नाटकहरू स्त्री-पुरुषको वासनात्मक पक्षमा आधारित रहेको निष्कर्ष निकालेका

छन् । अस्ट्रियामा स्निज्लरले यथार्थवादी नाटकको प्रारम्भ र विकास गरेका हुन् भन्दै कँडेलले यिनका नाटकहरूमा पनि समाजका स्त्री-पुरुषका वासनात्मक पक्षहरू आएको तथ्य प्रस्तुत गरेका छन् ।

इटालेली साहित्यमा यथार्थवादी नाटकको थालनी गर्ने नाटककारहरूमा रिकार्डो क्यास्टेल भेस्सियो, जियो भेनी भर्गा, मार्को प्रगा जस्ता अन्य नाटककारहरूको समेत नाम उल्लेख गर्दै कँडेलले तिनका नाटकको पनि सङ्क्षिप्त परिचय दिएका छन् । इटालीका आधुनिक नाटककारहरूमध्ये ग्याब्रियल ड् अनन्जियो (ई.१८६३-१९३८) र ल्युजि पिरन्डेलो (ई.१८६७-१९३६) विशेष प्रसिद्ध नाटककार हुन् भन्दै कँडेलले तिनका नाट्यकृतिहरूको चर्चा गरेका छन् । साथै उनले तिनका नाटकहरूमा रहस्यमयता, मानवीय व्यक्तित्वको सूक्ष्म विश्लेषण, शिल्पप्रविधिगत कुशलताजस्ता गुणहरू रहेको निष्कर्ष निकालेका छन् ।

अमेरिकामा कथा, उपन्यास जस्ता साहित्यिक विधाको विकास भएको धेरै पछि मात्र अर्थात् २० औं शताब्दीमा आएर मात्र नाटक विधाको विकास भएको हो भन्दै कँडेलले यस सन्दर्भमा अमेरिकाली नाटककार युजिन ओनिल (ई.१८८८-१९५३) र उनका नाटकहरू विशेष उल्लेख्य रहेको तथ्य प्रस्तुत गरेका छन् । विश्वका अन्य देशलाई अमेरिकाली नाटकको परिचय सर्वप्रथम ओनिलका नाटकले नै दिएका हुन् भन्दै कँडेलले यस लेखमा उनका प्रमुख तीनवटा नाटकको चर्चा गरेका छन् । यसैगरी उनले उपर्युक्त देशहरूका तुलनामा स्पेनमा यथार्थवादी नाटकलेखनको प्रभाव कम परेको तथ्य प्रस्तुत गर्दै यस सन्दर्भमा जोशेएशिगैरे (ई. १८३२-१९१६) र लोर्का (ई.१८९९-१८३९) विशेष उल्लेखनीय रहेको बताएका छन् ।

निष्कर्षमा प्रस्तुत समालोचना समालोचक घनश्याम कँडेलको पाश्चात्य साहित्यसम्बन्धी ज्ञान र उनको यस सम्बन्धी गहन अध्ययनको उपज बनेको छ । कँडेलको यस कार्यशृङ्खलाले उनलाई वस्तुवादी समालोचक बनाएको छ । उनको यो शोधमूलक समालोचना नेपाली साहित्यको अध्ययनमा समेत विशेष उपयोगी सामग्री बनेको छ ।

### छ) भारती खरेलका नाटक : 'भाइटीका' र 'घमण्ड'

नरेन्द्रराज र इन्दिरा प्रसाइँको सम्पादनमा भारती खरेल प्रतिष्ठानबाट २०५२ सालमा प्रकाशित 'भारती खरेल सृजना र समीक्षा' नामक पुस्तकमा जम्मा सात (११८-१२४) पृष्ठमा विस्तारित भएको प्रस्तुत लेख घनश्याम कँडेलको नाटककेन्द्री व्यावहारिक समालाचेना हो । यस लेखमा समीक्षक कँडेलले महिला नाटककार भारती खरेलको नाट्यसङ्ग्रह 'भाइटीका' (२०४९) भित्रका दुई पूर्णाङ्की 'भाइटीका' र 'घमण्ड' नाटकको सतही अध्ययन गरेका छन् ।

'भाइटीका' हिन्दू धर्म एवम् नेपाली संस्कृतिसित सम्बन्धित विषयवस्तुमा आधारित नाटक हो भन्दै यस लेखमा कँडेलले त्यो धार्मिक एवम् साँस्कृतिक पक्ष नाटकका सहायक पात्र सुधीर र गङ्गाका तर्फबाट प्रस्तुत नभई रविकी श्रीमती सुलोचना र उनकी छोरी अनुजस्ता प्रमुखपात्रहरूबाट प्रस्तुत भएको निष्कर्ष निकालेका छन् । प्रस्तुत नाटकमा अनुलाई भाइको अभाव भएकाले उनले भगवानसँग भाइको कामना गरे अनुरूप आफ्ना आमा सुलोचनाका गर्भबाट भाइ (अनुप) को जन्म भएको र आगामी भाइटीका अनु र अनुपबीच हर्षोल्लाससाथ बितेको देखाइएकाले यस नाटकलाई धर्म-संस्कृतिप्रधान नाटक भन्न सकिन्छ भन्ने कँडेलको तर्क रहेको छ (पृ. १२०) ।

भारती खरेलको 'घमण्ड' नाटक नारी समस्यामूलक नाटक हो भन्दै कँडेलले यस लेखमा उक्त नाटकलाई समस्याप्रधान सामाजिक नाटकका रूपमा चर्चा गरेका छन् । उनले नाटकको कथावस्तु ग्रामीण तथा सहरिया जीवनका सङ्क्रमणकालीन घटनासँग सम्बन्धित रहेको र नाटकमा सोही अनुकूल जीवन्त पात्रहरूको प्रयोग भएको उल्लेख गरेका छन् । यस लेखमा कँडेलले सतीश, शशी, अनामिका, अमृत, कामिनी झुमा, डा.देव, जसोदा, अभय, प्रमोद, जनार्दन, डा.देवको ड्राइभर जस्ता विविध स्वभाव र प्रवृत्ति भएका नाटकका पात्रहरूको चर्चा गर्दै उनले यी कतिपय पात्रहरूका बीचको आन्तरिक एवम् बाह्य इन्द्वको समीक्षा गरेको देखिन्छ । उनले यस नाटकलाई द्वन्द्वका दृष्टिले उल्लेखनीए नाटक मानेका छन् । साथै उनले नाटकको शीर्षक 'घमण्ड' भन्दा 'द्वन्द्व' वा 'सङ्घर्ष' भएको भए अझ उत्कृष्ट हुने बताएका छन् (पृ.१२३) ।

निष्कर्षमा प्रस्तुत नाटककेन्द्री व्यावहारिक समालोचना कँडेलको वर्णनात्मक समालोचना हो । खरेलका उपर्युक्त दुई नाटकहरूको अध्ययनमा यो लेख थप सामग्री बनेको छ । यो समालोचना वस्तुवादी भन्दा बढी प्रभाववादी बन्न पुगेको देखिन्छ ।

**ज) तिवारीका प्रतिशोध नाटक**

प्रस्तुत लेख २०५४ सालको 'तिवारी नाट्य साहित्यको विश्लेषणात्मक अध्ययन' नामक पुस्तकमा जम्मा चार (४५५-४५८) पृष्ठमा प्रकाशित भएको देखिन्छ । यस लेखमा प्रतिशोध नाटकको सङ्क्षिप्त परिचय दिंदै कँडेलले भीमनिधि तिवारीका नाटकलाई प्रतिशोध नाटकका सन्दर्भमा चर्चा गरेकाछन् ।

प्रतिशोध नाटक दुःखान्त नाटककै एउटा प्रजाति हो र नेपालीमा प्रतिशोधलाई बढी महत्व दिएर सफलताका साथ नाटक लेख्ने प्रथम नाटककार भीमनिधि तिवारी (१९६८-२०३०) हुन् भन्दै समीक्षक कँडेलले यस लेखमा तिवारीका 'चौतारा लक्ष्मीनारायण', 'महाराजा भूपतीन्द्र' र 'आत्महत्या' जस्ता ऐतिहासिक नाटकहरू प्रतिशोध नाटकका सन्दर्भमा उल्लेखनीय रहेको बनाएका छन् ।

यस लेखमा 'चौतारा लक्ष्मीनारायण' (२०२४)नाटक ३ अङ्क, १६ दृश्य र २ उपदृश्यमा सङ्गठित भएको बताइएको छ । नाटकको विषयवस्तु एवम् कथावस्तु ऐतिहासिक किसिमको भनिएको छ । साथै नाटकमा कथावस्तु अनुकूलका पार्थिवेन्द्र मल्ल (राजा), ऋद्धिलक्ष्मी (रानी) राज्यलक्ष्मी (ल्याइते सौता), भूपालेन्द्र (युवराज), लक्ष्मीनारायण जोशी (मन्त्री संघको मुख्य मन्त्री), महीपतेन्द्र (राजाका भाइ) जस्ता पात्रहरूको प्रयोग भएको र तिनीहरूका परस्पर प्रतिशोधी क्रियाकलापहरूले प्रस्तुत नाटक प्रतिशोध नाटकका दृष्टिले उल्लेख्य बनेको समीक्षक कँडेलको निष्कर्ष रहेको देखिन्छ । यसैगरी तिवारीको अर्को नाटक 'महाराज भूपतीन्द्र' (२०२८) लाई पनि यस लेखमा प्रतिशोध नाटक अन्तर्गत चर्चा गरिएको छ । समीक्षक कँडेलले उक्त नाटकमा जम्मा तीन अङ्क र चौध दृश्य भएको बताउँदै नाटकका प्रमुख तीन पात्रहरूको क्रियाकलापले उक्त नाटक प्रतिशोध नाटक बन्न पुगेको तथ्य प्रस्तुत गरेका छन् । नाटकमा महाराजा जितामित्रले राजा भूपतीन्द्र मल्ललाई राज्यभार सुम्पिए पनि महाराज जितामित्रकी कान्छी रानीलाई त्यो कुरा मान्य थिएन र उनले काजी भाजुकससँग मिलेर आन्तरिक रूपमा भूपतीन्द्र मल्ललाई मार्न जुन असफल जाल बुनिन्

त्यही नै प्रतिशोधको प्रारम्भ हो भन्ने कँडेलको निष्कर्ष रहेको छ । यस्तै तिवारीको 'आत्महत्या' (२०३३) नाटकलाई पनि यसलेखमा प्रतिशोध नाटकपरम्पराकै एउटा कृति हो भनिएको छ । यस नाटकमा पनि जम्मा तीन अङ्क र सोह्र दृश्य छन् भन्दै कँडेलले यस लेखमा नाटकका जम्मा दुई पात्रको चर्चा गरेका छन् । नाटकमा भूवनलक्ष्मी र राजा भाष्कर मल्ल (आमा र छोरा) का बीचको विपरीत विचारलाई कँडेलले प्रतिशोधको बीज मानेका छन् ।

निष्कर्षमा प्रस्तुत नाटककेन्द्री व्यावहारिक समालोचना सिद्धान्तलाई पृष्ठाधार बनाएर अध्ययन गरिएको समालोचना हो । तिवारीका नाटकलाई प्रतिशोध नाटकका सापेक्षमा अध्ययन गर्न यो सामालोचना थप सामग्री बन्ने देखिन्छ ।

### ५.२.१.३ उपन्यासकेन्द्री समालोचनाको विश्लेषण

समालोचक घनश्याम कँडेलको 'केही अन्वेषणः केही विश्लेषण' (२०४०) कृतिमा प्रकाशित एउटा र विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित ३ वटा गरी जम्मा चारवटा समालोचनालेखहरू नाटक विधासँग सम्बन्धित भएकाले यहाँ तिनको बेग्लाबेग्लै विश्लेषण गरिएको छ ।

#### क) 'अनुराधा' को मूलभूत प्रवृत्ति र यसको वैशिष्ट्य

प्रस्तुत उपन्यासकेन्द्री व्यावहारिक समालोचना २०४० सालको 'केही अन्वेषण : केही विश्लेषण' नामक समालोचना कृतिमा जम्मा अठ्ठाइस (११८-१४५) पृष्ठमा विस्तारित भएको देखिन्छ । यस लेखमा कँडेलले उपन्यासकार विजय मल्लको 'अनुराधा' (२०१८) उपन्यासमा अन्तर्निहित वैशिष्ट्यहरूलाई सूक्ष्म रूपमा विश्लेषण गरेका छन् ।

समालोचक कँडेलले 'अनुराधा' (२०१८) उपन्यासमा प्रवृत्तिगत वैविध्य रहेको चर्चा गरेका छन् । यस लेखमा कँडेलले 'अनुराधा' पूर्वका आधुनिक नेपाली उपन्यासहरू 'रूपमती' (१९९१), 'भ्रमर' (१९९३), 'मुलुक बाहिर' (२००४) र 'अनुराधा' पछिका 'आज रमिता छ' (२०२१), 'शिरीषको फूल' (२०२२) जस्ता उपन्यासहरूसँग यस 'अनुराधा' (२०१८) उपन्यासको सम्बन्ध प्रस्तुत गर्दै यसलाई मनोविश्लेषणात्मक उपन्यास भनेका छन् (पृ.११९) । उनले 'अनुराधा' मा पाइने कथानकको शिथिलता, बाह्य घटना भन्दा पात्रका

आन्तिरिक द्वन्द्वको तीव्रता जस्ता विशेषताहरूका आधारमा उक्त उपन्यासलाई मनोविश्लेषणात्मक उपन्यास सिद्ध गरेको देखिन्छ । यस लेखमा कँडेलले उपन्यासको बनोटको विस्तृत चर्चा गरेका छन् । जम्मा १४ परिच्छेदमा विभाजित प्रस्तुत उपन्यासको कथावस्तु विस्तृत एवम् परिपुष्ट नभएको कँडेलको निष्कर्ष रहेको छ (पृ.१२०) । साथै उनले 'अनुराधा' उपान्यासमा घटनाहरूको बाहुल्य नरहेको तथ्य प्रस्तुत गरेका छन् । यस लेखमा कँडेलले प्रस्तुत उपन्यासका प्रमुख, सहायक एवम् गौणपात्रहरूको सूक्ष्म रूपमा विश्लेषण गरेकाछन् । उनले उक्त उपन्यासको पात्रहरूलाई लिङ्गका आधारमा, उनीहरूको स्वभावका आधारमा, उनीहरूले गर्ने भूमिकाका आधारमा जस्ता विभिन्न आधारमा वर्गीकरण गर्दै विश्लेषण गरेको देखिन्छ ।

'अनुराधा' उपन्यासका प्रमुख पात्रको विश्लेषणका सन्दर्भमा कोमलमानको चरित्रको विश्लेषण गर्दै कँडेलले उसमा विभिन्न किमिसका विशेषताहरू आरोपित भएको उल्लेख गरेका छन् भने अनुराधामा फ्रायडले प्रतिपादन गरेका सम्पूर्ण मनोग्रन्थिको स्थिति रहेको उल्लेख गरेका छन् । शिक्षित, बौद्धिक रूपमा सचेत, मानसिक संरचनाको दृष्टिले जटिल र अहम्बोधले ग्रस्त पात्रहरूका संमरचनालाई मूलतः मनोविश्लेषणसम्बन्धी मान्यताका आधारमा केलाउने प्रयास नै यस उपन्यासको वैशिष्ट्य हो भन्ने कँडेलको निष्कर्ष रहेको देखिन्छ ।

निष्कर्षमा प्रस्तुत उपन्यासकेन्द्री व्यावहारिक समालोचना कँडेलको कृतिपरक मनोवैज्ञानिक अध्ययनको उपज हो । कँडेलको यो मनोविश्लेषणात्मक समालोचनाले पाठकलाई मनोविश्लेषणसम्बन्धी सङ्क्षिप्त जानकारी हुनाका साथै विजय मल्लको मनोविश्लेषणात्मक उपन्यास 'अनुराधा' को अध्ययनमा विशेष सामग्री प्राप्त भएको छ । कँडेलको यो समालोचना बढी मात्रामा बस्तुवादी बनेको छ ।

**ख) रूपमती : औपन्यासिक स्थापत्यको पहिलो नमुना**

प्रस्तुत लेख २०४९ सालको 'रश्मि' वाङ्मय विशेषाङ्क मा जम्मा सात (१२५-१३१) पृष्ठमा प्रकाशित भएको देखिन्छ । यस लेखमा कँडेलले रुद्रराज पाण्डेको 'रूपमती' (१९९१) उपन्यासको सूक्ष्म अध्ययन एवम् विश्लेषण गर्दै यस उपन्यासलाई प्रथम आधुनिक यथार्थवादी उपन्यास सिद्ध गरेका छन् ।

जम्मा बीस परिच्छेदमा लेखिएको 'रूपमती' मूलतः पारिवारिक समस्यासित सम्बन्धित आकारका दृष्टिले मझौँला किसिमको उपन्यास हो भन्दै कँडेलले यस लेखमा उपन्यासमा वर्णित पण्डित छविलालको परिवारसँग सम्बन्धित अन्य पात्रहरूको समेत सूक्ष्म विश्लेषण गरेको देखिन्छ । उपन्यासका रूपमती, हविलाल, छविलाल (पिता), रूपमतीका बाबु मोहनप्रसाद लुइँटेल र उनकी पत्नी (रूपमतीकी आमा) जस्ता पात्रहरूको सकारात्मक भूमिका भएकाले कँडेलले तिनलाई उपन्यासका सत् एवम् अनुकूल पात्र अन्तर्गत राखेर चर्चा गरेका छन् । त्यस्तै रविलाल (हविलालको भाइ), उसकी पत्नी बराल पुत्री (रूपमतीको देउरानी), बराल पुत्रीका बाबु मधुवन बराल, उनकी पत्नी (बरालपुत्रीकी आमा) र पण्डितनी बज्यै (रविलालकी आमा) जस्ता पात्रहरूको उपन्यासमा नकारात्मक भूमिका छ भन्दै कँडेलले तिनीहरूलाई उपन्यासका असत् एवम् प्रतिकूल पात्र भनेका छन् । साथै उनले उपन्यासका उपर्युक्त अनुकूल एवम् प्रतिकूल पात्रहरू घटनाका प्रभावका दृष्टिले अपरिवर्तित अर्थात् स्थिर भएको निष्कर्ष निकालेका छन् ।

समालोचक कँडेलले 'रूपमती' उपन्यासका केही पात्रहरूलाई मनोवैज्ञानिक दृष्टिले पनि विश्लेषण गरेको देखिन्छ । उनले रूपमतीका चरित्रमा पराहम् (सुपर इगो) का नैतिक आदर्शको प्राधान्य छ र बरालपुत्रीमा अपराहम् (इड) का निम्न प्रवृत्तिको भन्दै हविलालमा पराहम्का नैतिक आदर्शको प्रेरणा भए पनि अहम् (इगो) को प्राधान्य भएका पात्र हुन् भन्ने कँडेलको तर्क रहेको देखिन्छ । उनले यस लेखमा उपन्यासमा नाटकीय द्वन्द्व उपन्यासका सत् र असत् पात्रका बीचमा भएको निष्कर्ष निकालेका छन् । कँडेलले यस लेखमा रूपमती उपन्यासलाई यथार्थवादी उपन्यासका रूपमा स्थापित गर्न उपन्यासको पारिवारिक कथावस्तु, परिवारसँग सम्बन्धित जीवन्त पात्रहरूको प्रयोग, उपन्यासमा वर्णित बालाजु, बत्तीस पुतली, धोबीधारा जस्ता स्थानिक परिवेश एवम् प्रसङ्गानुसार राणाकालको कालिक परिवेश जस्ता पक्षहरूको विशेष चर्चा गरेका छन् । 'रूपमती' (१९९१) का उपर्युक्त अनेक मौलिक एवम् वास्तविक विशेषताहरूले यस उपन्यासलाई प्रथम आधुनिक उपन्यास बनाएको कँडेलको निष्कर्ष रहेको छ । साथै उनले प्रस्तुत उपन्यास यथार्थवादी हुँदाहुँदै पनि आदर्श तर्फ उन्मुख भएकाले 'रूपमती' उपन्यास आदर्शोन्मुख यथार्थवादी उपन्यास भएको तथ्य प्रस्तुत गरेका छन् ।

निष्कर्षमा प्रस्तुत उपन्यासकेन्द्री व्यावहारिक समालोचना कँडेलको विश्लेषणात्मक एवम् निर्णयात्मक किसिमको समालोचना हो । कृतिपरक अध्ययनमा आधारित प्रस्तुत समालोचनाले रुद्रराज पाण्डेको 'रूपमती' (१९९१) उपन्यासको सूक्ष्म अध्ययनमा विशेष सामग्री उपलब्ध भएको देखिन्छ ।

### ग) पारिजातको औपन्यासिक यात्राका उकाली-ओरालीहरू

प्रस्तुत लेख २०५२ सालको 'हाम्रो प्रयास' (वर्ष ३, अङ्क १) मा जम्मा चार (३४-३७) पृष्ठमा प्रकाशित भएको देखिन्छ । उपन्यासकेन्द्री यस लेखमा कँडेलले पारिजातको जीवनका सन्दर्भका आधारमा उनका उपन्यासहरूको चर्चा गर्नाका अतिरिक्त उनको औपन्यासिक यात्राको उल्लेख गरेका छन् ।

यस लेखमा कँडेलले पारिजात (१९९४-२०५०) का दसवटा औपन्यारिक कृति भएको उल्लेख गरेका छन् । यी दसवटा उपन्यास कृतिहरूमा उपन्यासकार पारिजातको आशावादी र निराशावादी स्वर प्रकट भएको छ भन्दै कँडेलले यस लेखमा पारिजातको औपन्यासिक यात्रा (२०२२-२०५०) लाई दुई चरणमा विभाजन गरेर दुवै चरणका दुई प्रारम्भिक उपन्यासहरू 'शिरीषको फुल' (२०२२) र बैंसको 'मान्छे' (२०२९) को प्रवृत्तिगत विश्लेषण गरेका छन् । मान्छे सन्तुष्टिका साथ बाँच्नका लागि उसमा भौतिक या आध्यात्मिक आस्था हुनु आवश्यक हुन्छ, आस्थाले नै जीवनमा सङ्गति सूत्रको काम गर्छ भन्दै समीक्षक कँडेलले यस लेखमा पारिजातका २०२८ साल पूर्वका उपन्यासहरूमा उपर्युक्त आस्था र विश्वास नभएकाले यस प्रंथम चरण (२०२२-२०२८) लाई अनास्थावादी अर्थात् विसङ्गतिवादी चरण मान्नु उपयुक्त हुने बताएका छन् (पृ.२२) । साथै उनले पारिजातको दोस्रो चरण (२०२९-२०५०) प्रारम्भ हुनुमा मार्क्सवादीहरूसित पारिजातको सम्पर्क बढ्नुलाई प्रमुख मानेका छन् र उनको दोस्रो चरणलाई नवआस्थावादी एवम् प्रगतिवादी चरण भनेका छन् (पृ. ३७) । समालोचक कँडेलले पारिजातको दोस्रो चरणका 'बैंसको मान्छे' (२०२९), 'तोरीबारी बाटा र सपनाहरू' (२०३२), 'अन्तर्मुखी' (२०३५) र 'उसले रोजेको बाटो' (२०३५) जस्ता प्रगतिवादी उपन्यासहरूको वैचारिक धरातल मजबुत छ र यिनमा आशावादी आस्थावादी जीवनदृष्टि पाइन्छ तर कलात्मक मनोहारिताका दृष्टिले भने पहिलो चरणका उपन्यासहरूलाई खास गरेर 'शिरीषको फूल' (२०२२) लाई दोस्रोचरणका उपन्यासहरूले भेट्न नसकेको निष्कर्ष

निकालेका छन् । साथै उनले 'शिरीषको फूल' लाई विजय मल्लको 'अनुराधा' (२०१८) उपन्याससँग तुलना गर्दै 'शिरीषको फूल' को संरचना सौष्ठव र कलात्मक मनोहारिताले 'अनुराधा' लाई धेरै पछि पारेको तर्क प्रस्तुत गरेका छन् । जम्मा चार पृष्ठको यस छोटो लेखमा पारिजातको औपन्यासिकतालाई प्रस्तुत गर्नु र उनको औपन्यासिक यात्रालाई समेत स्पष्ट्याउनु समालोचक कँडेलको समालोचकीय विशेषता हो ।

निष्कर्षमा प्रस्तुत उपन्यासकेन्द्री व्यावहारिक समालोचना आफैँमा एक महत्वपूर्ण समालोचना हो । यसले पारिजातको औपन्यासिक यात्राको अध्ययनमा विशेष सहयोग पुऱ्याएको छ । यो समालोचना कतै-कतै निर्णयात्मक किसिमको देखिए पनि प्रभाववादी बन्न पुगेको छ ।

### घ) नेपाली उपन्यास परम्परामा रूपमती र यसका विशेषता

घनश्याम कँडेलको प्रस्तुत उपन्यासकेन्द्री समालोचनालेख 'रुद्रराज पाण्डे : सृष्टि र दृष्टि' (२०५४) नामक पुस्तकमा जम्मा दस (१६४-१७३) पृष्ठमा विस्तारित भएको देखिन्छ । यस लेखमा कँडेलले रुद्रराज पाण्डेको 'रूपमती' (१९९१) पूर्वका नेपाली उपन्यासहरूको सन्दर्भ प्रस्तुत गर्नाका अतिरिक्त 'रूपमती' को मौलिक विशेषताहरूको सूक्ष्म विश्लेषण गरेका छन् । समालोचक कँडेलले यस लेखमा 'महाभारत विराट पर्व' (१८२७) 'हितापदेश मित्रताभ' (१८३३), 'हास्यकदम्ब' (१८५५), 'दशकुमारचरित' (१८७५), 'त्रिरत्न सौन्दर्यगाथा' ( १८९०तिर), मुद्राराक्षस'' (१८९२) र 'अध्यात्म रामायण' (१८९६) जस्ता कृतिहरूमा मूलतः नीति, धर्म, उपदेश र स्थूलआख्यान हुने भएकाले यी कृतिहरूलाई नेपाली उपन्यास परम्परामा प्राथमिक कालअन्तर्गत चर्चा गरिएको तथ्य प्रस्तुत गरेका छन् । साथै उनले 'वीरसिक्का' (१९४६), 'नरेन्द्र मोहिनी' (१९५३), 'महेन्द्रप्रभा' (१९५५), 'वीरचरित्र' (१९६०), स्वारको 'एक लाखको चोरी' (१९७४), वेदनाथत आचार्यको 'दयाकी भावी' (?) जस्ता कृतिहरूमा मूलतः जासुसी, तिलस्मी र ऐयारी तत्त्वहरूको प्रयोग भएको हिन्दी, उर्दु, फारसी जस्ता अन्य भाषा साहित्यहरूको मनोञ्जनात्मक प्रभाव परेको तथ्य प्रस्तुत गर्दै कँडेलले उपर्युक्त कृतिहरूलाई माध्यमिक काल अन्तर्गत चर्चा गरिएको बताएका छन् । माध्यमिक कालीन गद्याख्यान प्राथमिक कालीन गद्याख्यान जस्तो पाण्डुलिपिका रूपमा मात्र नभएर मुद्रित रूपमा पनि देखा पर्न थालेको र ती अनुदितका साथै मौलिक पनि भएको कँडेलको

निष्कर्ष रहेको देखिन्छ । कँडेलले विष्णुचरण श्रेष्ठको 'सुमती' (१९९१) उपन्यासलाई पनि माध्यमिक काल अन्तर्गत चर्चा गरेका छन् । उनले उपर्युक्त उपन्यासहरू पश्चिममा विकसित उपन्यास विधासँग परिचित नभइकन लेखिएका हुन् भन्ने तर्क प्रस्तुत गरेका छन् ।

पाश्चात्य उपन्यास विधासित सम्यक् परिचित भएर उपन्यास लेख्ने पहिला नेपाली उपन्यासकार रुद्रराज पाण्डे (१९५७-२०४३) हुन् र उनको 'रूपमती' (१९९१) विधागत सचेतताका साथ लेखिएको प्रथम आधुनिक नेपाली उपन्यास हो भन्ने कँडेलको निष्कर्ष रहेको देखिन्छ (पृ.१६४) । उनले रूपमती उपन्यासमा समाजको पारिवारिक समस्यालाई प्रस्तुत गरिएको छ भन्दै यस उपन्यासलाई सामाजिक उपन्यास भनेका छन् । साथै उपन्यासमा नारी चरित्रको प्राधान्य छ भन्दै उनले यस उपन्यासलाई नारी चरित्रप्रधान प्रथम उपन्यास मानेका छन् । उपन्यासका सत् र असत् पात्रहरूका बीचको द्वन्द्वलाई प्रस्तुत गर्दै कँडेलले 'रूपमती' उपन्यास बाह्य द्वन्द्वप्रधान उपन्यास भएको तथ्य प्रस्तुत गरेका छन् । यसरी 'रूपमती' उपन्यासको विशेषता औंल्याउँदै समालोचक कँडेलले उक्त उपन्यास यथार्थबाट थालिएर आदर्शमा टुङ्गिएकाले 'रूपमती' उपन्यासलाई आदर्शोन्मुख यथार्थवादी उपन्यास मान्नुपर्ने निष्कर्ष निकालेका छन् ।

निष्कर्षमा प्रस्तुत उपन्यासकेन्द्री व्यावहारिक समालोचना कँडेलको विवरणात्मक एवम् विश्लेषणात्मक समालोचना हुनाका साथै तथ्यपरक एवम् ऐतिहासिक अध्ययनमा यो समालोचना विशेष उपयोगी हुने देखिन्छ ।

### ५.२.१.४ कथाकेन्द्री समालोचनाको विश्लेषण

समालोचक घनश्याम कँडेलको 'केही अन्वेषण : केही विश्लेषण' (२०४०) नामक कृतिमा प्रकाशित एउटा र २०४९ सालको 'उन्नयन' (भिक्षु विशेषाङ्क १०) मा प्रकाशित एउटा गरी जम्मा दुईवटा लेखहरू कथा विधासँग सम्बन्धित भएकाले तिनको यहाँ बेग्लाबेग्लै विश्लेषण गरिएको छ ।

### क) कथाको पृष्ठभूमि र 'शारदा' पूर्वका नेपाली कथा

प्रस्तुत कथाकेन्द्री व्यावहारिक समालोचनालेख २०४० सालको 'केही अन्वेषण : केही विश्लेषण' नामक समालोचनाकृतिमा जम्मा छत्तीस (१७०-२०५) पृष्ठमा प्रकाशित भएको

देखिन्छ । यो लेख आयामका दृष्टिले कँडेलको दोस्रो चरणको दोस्रो लामो समालोचनालेख हो । यस लेखमा कँडेलले विश्वसाहित्यमा कथाविधाको उद्भवको चर्चा गर्दै 'शारदा' (१९९१) पूर्वका नेपाली कथाको ऐतिहासिक अध्ययन गरेका छन् ।

खोज-अन्वेषणमा आधारित प्रस्तुत लेखमा पूर्वीय तथा पाश्चात्य साहित्यमा कथालेखनको प्रारम्भ कहिलेदेखि भयो भन्ने विषयमा ऐतिहासिक सर्वेक्षण गरिएको छ । पूर्वमा वैदिक साहित्यदेखि नै कथाको परम्परा आरम्भ भएर लौकिक साहित्यमा यसको निकै विकास भएको चर्चा कँडेलले गरेका छन् । उनले यस लेखमा पूर्वमा संस्कृत, हिब्रु एवम् अरवेली साहित्यमा कथा लेखनको प्रयोग धेरै पहिलेदेखि नै हुँदै आएको तथ्य प्रस्तुत गर्नाका अतिरिक्त पश्चिमी साहित्यमा ग्रिसदेखि नै कथात्मक रचना लेखिन थालेको र ग्रिसपछि रोम हुँदै यसको विकास भएको निष्कर्ष निकालेका छन् ।

प्रस्तुत लेखमा 'शारदा' (१९९१) पूर्वका नेपाली कथाको काल विभाजन गर्दै कँडेलले वि.सं. १८२७ देखि वि.सं. १९५८ को 'गोरखापत्र' प्रकाशन पूर्वका कथाहरूलाई नेपाली कथाको प्राथमिक काल अन्तर्गत उल्लेख गरेका छन् । शक्तिबल्लभ अर्ज्यालको वि.सं. १८२७ को 'महाभारत विराट पर्व', भनुदत्तको १८३३ सालको 'हितोपदेश मित्रलाभ', अज्ञात लेखकको वि.सं. १८७२ को 'पीनासको कथा', अज्ञातकै १८७५ सालको 'दशकुमार चरित', वि.सं. १८७७ का मुन्सीका 'तीन आह्वान', अज्ञातको 'स्वस्थानी ब्रतकथा', 'वीर सिक्का' र 'गोर्खा हास्य मञ्जरी' जस्ता अनुदित कथात्मक रचनाहरूको विशेष व्याख्या गर्दै कँडेलले यस लेखमा आकारका दृष्टिले पहिलो कथा भन्न सकिने वि.सं. १८७२ को 'पीनासको कथा' भएको तथ्य प्रस्तुत गरेका छन् (पृ.१७९) । साथै उनले नेपाली कथाको प्रारम्भ विन्दुका रूपमा 'महाभारत विराट पर्व' (१८२८) को ऐतिहासिक महत्व रहेको भएता पनि आकारका दृष्टिले यो रचना कथासित भन्दा उपन्याससित बढी नजिक रहेको पुष्टि गरेका छन् । यसैगरी कँडेलले यस लेखमा शरदचन्द्र भट्टराईले 'नेपाली भाषाका केही प्राचीन लेखोटहरू' शीर्षक अन्तर्गत 'गद्याख्यान' उपशीर्षकमा प्रस्तुत गरेका ४१ वटा कथात्मक रचनाको विरणात्मक सूची प्रस्तुत गरेको देखिन्छ ।

प्रस्तुत लेखमा 'गोरखा पत्र' (१९५८) को प्रकाशन सँगै प्रारम्भ भएको नेपाली कथााको माध्यमिक काल 'शारदा' (१९९१) पूर्व सम्म निरन्तर रहेको चर्चा गरिएको छ ।

समालोचक कँडेलले नेपालभित्र प्रकाशित भएका पत्रिकाहरूका कथाको मात्र चर्चा नगरेर नेपाल बाहिरूबाट प्रकाशित भएका सुन्दरी, माधवी, गोर्खाली, चन्द्रिका, गोर्खासंसार जस्ता विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएका कथाहरूको समेत चर्चा गरेका छन् (पृ.२०१) । यस्तै उनले देश भित्र र बाहिर पुस्तकाकार रूपमा प्रकाशित भएका 'रतनसिंह गुरुङको औटपोस्टको कथा' (१९७१), 'बत्तीस पुतली', 'सिंहासन बत्तीसी' जस्ता कथाहरूको पनि स्थूल रूपमा विश्लेषण गर्दै प्राथमिक कालीन कथाहरूका तुलनामा माध्यामिक कालीन कथाहरू आधुनिकताका धेरै नजिक रहेको निष्कर्ष निकालेका छन् ।

निष्कर्षमा प्रस्तुत कथाकेन्द्री व्यावहारिक समालोचना कँडेलको खोजमूलक ऐतिहासिक समालोचना हो । यो उनको निर्णयात्मक किसिमको समालोचना पनि बन्न पुगेको छ । कथाको ऐतिहासिक अध्ययनका सन्दर्भमा प्रस्तुत समालोचना उपायोगी सामग्री बनेको छ । वस्तुवादी ढाँचामा प्रस्तुत भएको यस समालोचनाको ऐतिहासिक महत्व रहेको छ ।

**ख) गुनकेसरी : नारी चरित्रका विविध पक्षको अभिव्यक्ति**

प्रस्तुत कथाकेन्द्री व्यावहारिक समालोचना २०४९ सालको त्रैमासिक पत्रिका 'उन्नयन' भिक्षु विशेषाङ्क (अङ्क १०) मा जम्मा पाँच (२८२-२८६) पृष्ठमा प्रकाशित भएको देखिनछ । यस लेखमा कँडेलले भवानी भिक्षुको 'गुनकेसरी' (२०१०) कथासङग्रहको पहिलो कथा 'गुनकेसरी' को अध्ययन गर्दै यस कथाको नारी चरित्रका विविध पक्षको सूक्ष्म विश्लेषण गरेका छन् ।

'गुनकेसरी' कथामा गुनकेशरी केन्द्रीय नारी चरित्र हो, उसकै केन्द्रीयतामा उसको प्रेमी विजय, बहिनी सुभद्रा जस्ता अन्य पात्रहरू आएका छन् भन्दै कँडेलले यस लेखमा मूलतः गुनकेशरीको शारीरिक पक्षको भन्दा मानसिक पक्षको सूक्ष्म अध्ययन एवम् विश्लेषण गरेका छन् । बहिनी सुभद्रा भन्दा दुई वर्ष जेठी गुनकेसरी आफू अविवाहित भए पनि घरमा केटी हेर्न केटो आउँदा सुभद्रालाई मन पराएकाले बहिनीलाई विवाह गर्न उसैले प्रेरित गरेकी भन्दै यस लेखमा गुनकेशरीको उदारताको आदर्शपनको चर्चा गरिएको छ । समीक्षक कँडेलले गुनकेशरीको चरित्रको बाह्य पाटोको चर्चा गर्नाका साथै आन्तरिक पाटोको पनि विश्लेषण गरेको देखिन्छ । कथाका केही अंशहरूलाई यस लेखमा उद्धरण दिंदै गुनकेशरीमा

आत्मरतिका साथै परपीडन प्रवृत्ति भएको उल्लेख गरेका छन् । बाह्य हेर्दा गुनकेशरीको चरित्र आदर्शखालको भए पनि आन्तरिक रूपमा ऊ यौन कुण्ठाहरूले सताइएकी थिई भन्ने कँडेलको निष्कर्ष रहेको छ ।

निष्कर्षमा प्रस्तुत कथाकेन्द्री व्यावहारिक समालोचना मनोविश्लेषणात्मक समालोचना हो । स्थूल रूपमा अध्ययन भएको प्रस्तुत प्रभाववादी समालोचनाले भिक्षुको गुनकेसरी कथाको अध्ययनमा सहयोग पुऱ्याएको छ ।

### ५.२.१.५ जीवनीकेन्द्री समालोचनाको विश्लेषण

समालोचक घनश्याम कँडेलको यस दोस्रो चरण (२०४०-२०५४) का व्यावहारिक समालोचना अन्तर्गत तीनवटा लेख जीवनीकेन्द्री भएकाले यहाँ तिनको बेग्लाबेग्लै विश्लेषण गरिएको छ ।

### क) कवि किसान र उनको काव्य-साधना

प्रस्तुत जीवनीकेन्द्री व्यावहारिक समालोचना सर्वप्रथम २०४४ सालको 'चिनारी', पत्रिका (वर्ष ११) मा प्रकाशित भएको देखिन्छ । यस पछि २०६० सालको 'जनमत' कवि केवलपुरे किसान विशेषाङ्क (वर्ष २१, अङ्क१-३) मा जम्मा छ (१५५-१६०) पृष्ठमा प्रकाशित भएको देखिन्छ । यस लेखमा कँडेलले केवलपुरे किसान (देवी प्रसाद पौडेल) को जीवनीका पाटाहरूको चर्चा गरेका छन् ।

वि.स.. १९८३ मा जन्मेका देवीप्रसाद पौडेलले चार वर्षको उमेरमा बाबुलाई र आठवर्षको उमेमरमा आमालाई यस धर्तीबाट विदा गर्नु परेको थियो भन्दै समीक्षक कँडेलले उनको बाल्यकालजीवन दुःखदायी भएको सङ्केत गरेका छन् । देवीप्रसाद पौडेलको जन्मस्थल केवलपुर भएको र उनी किसान परिवारमा जन्मेकाले र त्यहीँ दुःखपूर्वक हुर्केकाले उनले आफूलाई केवलपुरे किसानको नाममा चिनाएका हुन् भन्ने कँडेलको विश्लेषण रहेको देखिन्छ । ग्रामीण जीवनका विभिन्न उकाली ओराली गर्दै रुद्री, चण्डी, वेद जस्ता धार्मिक पुस्तकहरूबाट प्रारम्भिक अध्ययन गरेका पौडेल राजनीतिज्ञ, साहित्यकार एवम् समाज सेवक हुन् भन्दै कँडेलले यस लेखमा उनको साहित्यिक पाटाको कवि व्यक्तित्वको विशेष चर्चा गरेका छन् । कँडेलले वि.सं. २००५ सालमा प्रकाशित 'आह्वान' शीर्षकको कवितालाई कवि

किसानको पहिलो कविता हो भनेका छन् (पृ.१५६) । यसपछि उनले फुटकर एवम् पुस्तकाकार कविता-काव्यहरूको रचना गरेका छन् र उनका केही कविताहरू क्रान्तिकारी किसिमका छन् भन्दै कँडेलले यस लेखमा कवि किसानका केही कवितांशलाई प्रस्तुत गरेको देखिन्छ । समीक्षक कँडेलले २००९ सालदेखि २०१६ साल सम्ममा कवि किसानका पाँचवटा कवितासङग्रह प्रकाशित भएका भन्दै यस कालावधिलाई कवि किसानको कविता सिर्जनाको उत्कर्षकाल मान्नाका अतिरिक्त २००५ देखि २००९ पूर्वसम्म उत्थानकाल र २०१७ देखि २०४१ सालबीचको समयलाई प्रौढकाल भनेका छन् ।

निष्कर्षमा प्रस्तुत जीवनीकेन्द्री व्यावहारिक समालोचना आफैँमा महत्वपूर्ण समालोचना हो ।यसको अध्ययनले पाठकलाई कवि किसानको जीवनवृत्तको जानकारी हुन्छ । कँडेलको प्रस्तुत समालोचना प्रभावपरक देखिन्छ ।

**ख) सूर्यविक्रम ज्ञवाली : नेपाली समालोचनाको सेरोफेरोमा**

प्रस्तुत जीवनीकेन्द्री समालोचना २०५१ सालको 'सुनकोसी १' मा जम्मा चार (१३-१६) पृष्ठमा प्रकाशित भएको देखिन्छ । यस लेखमा कँडेलले ज्ञवालीको जीवनीलाई प्रस्तुत गर्दै नेपाली समालोचनामा उनको योगदानको सङ्क्षित चर्चा गरेका छन् ।

वि.सं. १९५५ मा बनारसमा जन्मेका सूर्यविक्रम ज्ञवालीले बनारस, दार्जिलिङ र काठमाडौंलाई आफ्नो कर्मक्षेत्र बनाएको कँडेलको निष्कर्ष रहेको छ । मोतीराम भट्टद्वारा सुरू गरिएको र राममणि आ.दी.द्वारा केही अघि बढाएको नेपाली समालोचनालाई साँच्चीकै समालोचना भन्न सकिने स्तरसम्म पुऱ्याउने पहिला समालोचक सूर्यविक्रम ज्ञवाली (१९५५-२०४२) हुन् भन्दै कँडेलले उनको 'नैवद्य समालोचना' (१९७९) को विशेष व्याख्या गरेका छन् यसैगरी उनले ज्ञवालीका 'लक्ष्मीपूजा नाटकको समीक्षा' (१००४), कथा कुसुमका सम्पादनका क्रममा लेखिएको समालोचनात्मक भूमिका (१९९४) 'नेपाली साहित्यकाशमा दुई नयाँ तारा (१९९९) जस्ता समालोचना लेखहरूको अध्ययन गर्दै उपर्युक्त लेखहरू नीतिसचेत आदर्शोन्मुखी रहेको निष्कर्ष निकालेका छन् ।

निष्कर्षमा प्रस्तुत जीवनीकेन्द्री व्यावहारिक समालोचनाले सूर्यविक्रम ज्ञवालीको समालोचकीय सामर्थ्य अध्ययनमा सघाउ पुऱ्याएको छ । कँडेलको यो समालोचना प्रभावपरक किसिमको देखिन्छ ।

**ग) समालोचक बाबुराम आचार्य**

प्रस्तुत लेख २०५३ सालको 'रजनी' चौमासिक पत्रिका (वर्ष ?, अङ्क ?) मा जम्मा एक पृष्ठमा प्रकाशित भएको देखिन्छ । यस छोटो लेखमा घनश्याम कँडेलले समालोचक बाबुराम आचार्य र उनका दुई पुस्तकाकार कृतिको अतिसङ्क्षिप्त चर्चा गरेका छन् ।

बाबुराम आचार्य (१९४४-२०२९) मूलतः इतिहासकार हुन् भन्दै समालोचक कँडेलले नेपाली समालोचनाका क्षेत्रमा पनि उनको विशिष्ट स्थान रहेको तथ्य प्रस्तुत गरेका छन् । आचार्यको 'तुलनात्मक सुन्दरकाण्ड' (२००२) र 'पुराना कवि र कविता' (२००३) शीर्षकको दुई कृतिहरूको समीक्षा गर्दै कँडेलले आचार्यलाई ऐतिहासिक सचेतताका साथ तुलनात्मक समालोचना गर्ने प्रथम समालोचक हुन् भनेका छन् । साथै उनले नेपाली साहित्यमा कालविभाजन गर्दै कालक्रमिक आधारमा नेपाली कविताको प्रथम अन्वेषण एवम् विश्लेषण गर्ने काम आचार्यबाटै भएको निष्कर्ष निकालेका छन् । प्रस्तुत समालोचना आयामका दृष्टिले छोटो भए पनि उपयोगी किसिमको देखिन्छ ।

### ५.२.१.६ विविध समालोचना

समालोचक घनश्याम कँडेल (२००२) को दोस्रो चरण (२०४०-२०५४) का व्यावहारिक समालोचनाअन्तर्गतका दुईवटा समालोचनालेखहरू कुनै निश्चित विधा विशेषसँग केन्द्रित नदेखिएकाले तिनलाई विविध विषयक मानी यहाँ बेग्लाबेग्लै विश्लेषण गरिएको छ ।

**क) टुकराज भिश्रको 'रिडी र राँची'**

प्रस्तुत समालोचनालेख २०५० सालको 'गरिमा' (वर्ष १२, अङ्क ३ पूर्णाङ्क १३५) मा जम्मा पाँच (४७-५१) पृष्ठमा प्रकाशित भएको देखिन्छ । यस लेखमा कँडेलले 'रिडी र राँची' कृतिको विश्लेषणात्मक अध्ययन गरेका छन् ।

टुकराज मिश्रको 'रिडी र राँची' (२०४८) कुन विधाको रचना हो किट्न गाह्रो छ भन्दै कँडेलले यसले (२०४८) सालको 'उत्तम पुरस्कार' प्राप्त गरेका आधारमा यसलाई आख्यानेतर गद्य भन्न सकिने निष्कर्ष निकालेका छन् । प्रस्तुत कृतिमा वीर शमशेरदेखि पद्म शमशेर सम्मका छ जना राणाप्रधानमन्त्री बारे विस्तृत चर्चा गरिएको छ भन्दै कँडेलले यस लेखमा उक्त विस्तृत चर्चालाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरेका छन् । वीर शमशेर, देव शमशेर, चन्द्रशमशेर, भीमशमशेर, जुद्धशमशेर र पद्म शमशेरका शासनकालमा जे-जस्ता कार्यहरू भए तिनै कार्यहरूको यस लेखमा समालोचनात्मक रूपमा चर्चा भएको देखिन्छ । यस समालोचना लेखले टुकराज मिश्रको 'रिडी र राँची' रचनालाई बुझ्न सघाउ पुऱ्याएको छ । प्रस्तुत समालोचना प्रभावपरक एवम् सामान्य किसिमको देखिन्छ ।

**ख) पाश्चात्य सन्दर्भमा हास्य-व्यङ्ग्य र साहित्यकार पिंडालीको 'खै-खै'**

प्रस्तुत लेख २०५० सालको 'उन्नयन' त्रैमासिक पत्रिका (अङ्क १३) मा जम्मा पन्ध्र (५१५-५२९) पृष्ठमा प्रकाशित भएको देखिन्छ । यस लेखमा कँडेलले पाश्चात्य साहित्यमा हास्य व्यङ्ग्यको सर्वेक्षणात्मक अध्ययन गर्दै केशवराज पिंडालीको 'खै-खै' निबन्धसङग्रह भित्रका रचनाहरूमा मूलत : व्यङ्ग्यको खोजी गरेका छन् ।

पूर्वीय (संस्कृत) साहित्यमा रसको चर्चा सर्वप्रथम नाटकका सन्दर्भमा गरिएको छ र हास्य पनि एउटा रस नै भएकाले यसको विवेचना प्रथमत : नाटकसितै सन्दर्भित छ भन्दै कँडेलले पाश्चात्य (ग्रिसेली) साहित्यमा पनि हास्यको चर्चा नाटककै सन्दर्भमा भएको तथ्य प्रस्तुत गरेका छन् । पूर्वीय साहित्यमा शब्दशक्तिका सन्दर्भमा व्यङ्ग्य (व्यञ्जना) को प्रयोग पहिले देखि हुँदै आएको भए तापनि आधुनिक हास्यव्यङ्ग्य साहित्यको 'व्यङ्ग्य' पूर्वीय संस्कृत साहित्यको भन्दा नितान्त पृथक रहेको कँडेलको विश्लेषण छ । 'हास्य व्यङ्ग्य' सन्दर्भमा पाश्चात्य साहित्यको ऐतिहासिक अध्ययन गर्दै कँडेलले हास्य व्यङ्ग्यको प्रथम उद्भवभूमि रोम रहेको र लेखनका दृष्टिले विशेष उर्वर समय सत्रौं शताब्दीको अन्त्यदेखि अठारौशताब्दीसम्म रहेको निष्कर्ष निकालेका छन् (पृ.५१९) । उनले यस समय र सन्दर्भमा बेलायतका जोन ड्राइडन (१९३१-१७००), अलेक्जेन्डर पोप, जोनाथन स्विफ्ट, लर्ड वाइरन, फ्रान्सका मोलायर, ब्वायल्यु, भोल्टेयर, रुसका गोगोल जस्ता कवि, नाटककार एवम् उपन्यासकारका कतिपय रचनाहरूमा हास्यव्यङ्ग्य विशेष प्रयोग भएको तथ्य प्रस्तुत गरेका

छन् । ड्राइडनका हास्यव्यङ्ग्य रचनाहरूको अध्ययन गर्दै कँडेलले ती रचनाहरूले सामाजिक विकृति विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् र ती व्यङ्ग्यमार्फत सुधारतर्फ उन्मुख गराएका छन् भन्ने निष्कर्ष निकालेका छन् । यस लेखमा कँडेलले व्यङ्ग्यका लागि हास्य अपरिहार्य तत्त्व हो भन्दै व्यङ्ग्यमा वाग्वैदग्ध्य (चमत्कार पूर्ण उक्ति) र वक्रोक्ति (विरोधाभासपूर्ण उक्ति) पनि आवश्यक हुने बताएका छन् (पृ.५२१) ।

प्रस्तुत लेखमा हास्यव्यङ्ग्यसम्बन्धी उपर्युक्त चर्चा गर्दै कँडेलले केशवराज पिंडालीको केही विशेषता औंल्याएका छन् । सामाजिक सचेताका साथ लेखिएका पिंडालीका कवितामा पनि हास्य व्यङ्ग्यात्मकता पाइन्छ । हास्य व्यङ्ग्यात्मक कथा लेख्नेहरूमा त पिंडाली अग्रणी नै छन् भन्दै कँडेलले हास्यव्यङ्ग्यलाई नेपाली साहित्यमा भित्र्याउने र चर्चाको चुलीमा पुऱ्याउने पहिला लेखक पिंडाली नै भएको निष्कर्ष निकालेका छन् । कँडेलले यस लेखमा पिंडालीको 'खै-खै' को चर्चा गरेका छन् । 'खै-खै' भित्र बीसवटा रचनाहरू सङ्कलित भएका छन् । ती मध्ये 'खै-खै' आयामका दृष्टिले छोटो भए पनि व्यङ्ग्यका दृष्टिले उत्कृष्ट रहेको समालोचक कँडेलको निष्कर्ष छ । समाजमा फैलिएको चुरोटको नराम्रो लत, अमलीहरूको दुर्दशा र चुरोट नखाईनसक्ने तर त्यसलाई सल्काउन सलाइ भने किन्न नसक्ने मानिसका मगन्ते प्रवृत्तिहरूप्रति व्यङ्ग्य गर्दै यस्तो कुलतमा लाग्न नहुने तर्फ 'खै-खै' रचनाले सङ्केत गरेको छ भन्ने तथ्यलाई यस लेखमा औंल्याइएको छ । यस्तो 'खै-खै' भित्रका अन्य रचनाहरूमा विभिन्न विम्ब र प्रतीकहरूको प्रयोग गरेर तत्कालीन शासकको कार्यशैलीप्रति त्यस्तै समाजका ठूलाठालु, शोषक, पीडकहरूको अत्याचारप्रति हास्यका माध्यमबाट कटु व्यङ्ग्य प्रहार गरी सुधारतर्फ सङ्केत गरिएको छ भन्ने कँडेलको निष्कर्ष रहेको देखिन्छ ।

निष्कर्षमा प्रस्तुत व्यावहारिक समालोचना कँडेलको ऐतिहासिक-अनुसन्धानमूलक समालोचना हो । सिद्धान्तलाई पृष्ठाधार मानेर गरिएको प्रस्तुत समालोचना धेरै मात्रामा वस्तुवादी बनेको देखिन्छ ।

### ५.२.२ घनश्याम कँडेलको दोस्रो चरणका सैद्धान्तिक समालोचनाको विश्लेषण

दोस्रो चरणमा समालोचक कँडेलको २०४६ सालको 'पाश्चात्य यथार्थवादी नाटक' नामक समालोचनाकृतिमा सङ्कलित तीनवटा र २०५३/०५४ सालको 'विवेक' (वर्ष ९, अङ्क

३) मा प्रकाशित एउटा गरी जम्मा चारवटा  सैद्धान्तिक समालोचनाहरू छन् र यहाँ तिनको बेग्लाबेग्लै विश्लेषण गरिएको छ ।

**क)    यथार्थवाद**

प्रस्तुत सैद्धान्तिक समालोचना २०४६ सालको 'पाश्चात्य यथार्थवादी नाटक' नामक समालोचनाकृतिमा जम्मा पन्ध्र (१-१५) पृष्ठमा प्रकाशित भएको देखिन्छ । यस लेखमा कँडेलले दर्शनशास्त्र र साहित्यशास्त्रका दृष्टिमा यथार्थवादलाई अर्थ्याउनाका साथै यथार्थवादको पृष्ठभूमि र यसको सिर्जनात्मक प्रयोगका सन्दर्भमा सङक्षिप्त चर्चा गरेका छन् ।

यस लेखमा कँडेलले 'यथार्थ' र 'वाद' को छुट्टाछुट्टै अर्थ व्यक्त गरेका छन् । उनका अनुसार 'यथार्थ' भन्नाले 'जे छ' या 'जस्तो छ' र 'वाद' भन्नाले यथार्थलाई देखाउने 'सिद्धान्त' या 'विचारधारा' भन्ने स्पष्ट भएको छ । दर्शन शास्त्रका दृष्टिले यथार्थवादका सन्दर्भमा कँडेलले भौतिक जगत् र मानसिक जगत्को विशेष चर्चा गरेका छन् । भौतिक जगत्का विद्यमान पदार्थलाई मानसिक ज्ञानले पूर्ण रूपमा बुझेको हुँदैन भन्दै उनले पदार्थको सत्ता ज्ञान वा अनुभवमा आधारित नभएर स्वतन्त्र हुने निष्कर्ष निकालेका छन् ( पृ.२) । साहित्यका सन्दर्भमा पनि यथार्थवादले भौतिक जगत्लाई वास्तविक मान्दछ भन्दै उनले यथार्थवादको आग्रह 'शिवम्' र 'सुन्दरम्' प्रति भन्दा 'सत्यम्' प्रति बढी हुने तथ्य प्रस्तुत गरेका छन् । यथार्थवादले निश्चित सैद्धान्तिक स्वरूप उन्नाईसौं शताब्दीको उत्तरार्द्धमा प्राप्त गरे पनि ग्रिसका साहित्य चिन्तक प्लेटो, बेलायती निबन्धकार फ्रान्सिस बेकन, भाववादी दार्शनिक अगस्टस कोम्ट फ्रान्सेली समालोचक सेन्टव्युभ, रुसका बेलिन्स्की आदिका समालोचनात्मक कार्य र विकासवादका प्रवर्तक डार्विन, ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादका प्रर्वतक मार्क्स र मनोविश्लेषण सिद्वान्तका प्रवर्तक फ्रायडका सिद्धान्तहरूले अत्यधिक मात्रामा प्रभाव पार्नाका साथै वैचारिक धरातल (आधार) समेत प्रदान गरेको तथ्य कँडेलले प्रस्तुत गरेका छन् । यस लेखमा कँडेलले यथार्थवादका जम्मा तीनवटा हाँगाहरूको उल्लेख गरेका छन् । ती हाँगाहरू हुन्: सामाजिक यथार्थवाद, समाजवादी यथार्थवाद र मनोवैज्ञानिक यथार्थवाद ।

पाश्चात्य साहित्यमा यथार्थवादको सृजनात्मक प्रयोगका सन्दर्भमा कँडेलले बेलायतका ड्यानियल डिफो (१६६०-१७३१) बाट यथार्थवादी साहित्यको सृजनाक्रम प्रारम्भ भए पनि बाल्जाक, गुस्ताभ कुर्वे, गुस्ताभ फ्लुवर्ट आदिले यस वादलाई आफ्ना सृजनामा सचेतताका साथ प्रयोग गरेको निष्कर्ष निकालेका छन् ।

सारांशमा प्रस्तुत सैद्धान्तिक समालोचनामा कँडेलले यथार्थवादलाई सूक्ष्म रूपमा चिनाउँदै यसका मूलभूत प्रवृत्ति र वैशिष्ट्यलाई अति सचेतताका साथ प्रस्तुत गरेका छन् । तथ्ययपरक अर्थात् यथार्थपरक ढाँचामा लेखिएको प्रस्तुत समाालेचना बस्तुवादी बनेको छ । यसले यथार्थवादलाई बुझ्न धेरै मात्रामा सघाएको छ ।

**ख) यथार्थवादी नाटक र त्यसको विकासका कारण**

घनश्याम कँडेलको प्रस्तुत सैद्धान्तिक समालोचना २०४६ सालको 'पाश्चात्य यथार्थवादी नाटक' समालोचनाकृतिमा जम्मा एघार (१६-२६) पृष्ठमा विस्तारित भएको देखिन्छ । यस लेखमा कँडेलले यथार्थवादी नाटकको सूक्ष्म रूपमा पहिचान गर्दै यसको विकास हुनाका कारणहरू औँल्याएका छन् ।

प्रस्तुत लेखमा समीक्षक कँडेलले पूर्व र पश्चिमका प्राचीन नाट्यसिद्धान्त र नाटकहरूको चर्चा गर्दै प्राचीन वा परम्परागत कतिपय नाटकमा देखाउन खोजिएको तत्कालीन सामाजिक यथार्थ र यथार्थवादी नाटक लेखन एउटै कुरा नभएको निष्कर्ष निकालेका छन् । प्राचीन वा परम्परागत नाटकले तत्कालीन सामाजिक यथार्थलाई देखाउन खोजे तापनि त्यो प्रयास परम्पराका रूपमा विकसित नभएर ती नाटकमा मात्र सीमित रहेको, एक प्रकारको आनुषङ्गिक वा सांयोगिक कुरा हो भन्दै कँडेलले यथार्थवादी नाट्यलेखन भने यथार्थको सचेत प्रत्यङ्कन हो भनेका छन् (पृ.१८) । उनले स्वच्छन्दतावादी आदर्शवादी नाटकका प्रतिक्रिया स्वरूप उन्नाईसौं शताब्दीको उत्तरार्द्धमा पाश्चात्य जगत्मा यथार्थवादी नाटकको विकास भएको तथ्योद्घाटन गर्दै यथार्थवादी नाटक कथ्य र शिल्प दुवैमा आदर्शवादी स्वच्छन्दतावादी नाटक भन्दा भिन्न रहेको निष्कर्ष निकालेका छन् । कथ्यका दृष्टिले यथार्थवादी नाटक समसामयिक जीवनका ज्वलन्त समस्यासित सम्बन्धित नाटक हो भन्दै कँडेलले शिल्पका दृष्टिले यसलाई जीवनका कटु तिक्त सत्यलाई बौद्धिक इमान्दारीका साथ व्यक्त गरिएको नाटक मानेका छन् । यस लेखमा कँडेलले कथावस्तु, पात्र (चरित्र),

संवाद, द्वन्द्व, अङ्क र दृश्य विभाजन जस्ता पक्षहरूलाई यथार्थवादी नाटकका सन्दर्भमा चर्चा गरेका छन् । यथार्थवादी नाटकको कथावस्तु वास्तविक, सामान्य किसिमको र देखे-भोगेका घटनामा आधारित हुनुपर्ने, पात्रहरू कथावस्तु अनुकूलका सीमित हुनुपर्ने संवाद कथावस्तु र पात्र अनुकूल स्वाभाविक र विश्वसनीय हुनुपर्ने, यथार्थवादी नाटकमा द्वन्द्व हार्दिक भावनासित सम्बन्धित भन्दा बौद्धिक विचारसित सम्बन्धित हुनुपर्ने, यथार्थवादी नाटकमा बढीमा तीन अङ्क र तीन दृश्य हुनुपर्ने साथै साज-सज्जा युक्त रङ्गमञ्च नभएर यथार्थवादी नाटकमा कथावस्तु, पात्र, संवाद, द्वन्द्व आदि अनुकूल सामान्य किसिमको रङ्गमञ्चको प्रयोग भएको हुनुपर्ने कँडेलको विश्लेषण रहेको देखिन्छ ।

प्रस्तुत लेखमा कँडेलले यथार्थवादी नाटकको विकास हुनाका पाँचवटा मुख्य कारणहरूको उल्लेख गर्दै तिनको व्याख्या गरेका छन् । उनले उल्लेख गरेका ती कारणहरू हुन् : १) परिवर्तित सामाजिक स्थिति र जीवन सन्दर्भ २) केही पूर्ववर्ती नाटककारका नाटक ३) यथार्थवादका पक्षधर लेखक समीक्षकहरू ४) अव्यावसायिक रङ्गशालाहरूको स्थापना र ५) वैज्ञानिक प्रगति । उपयुक्त कारणहरूको चर्चा गर्दै कँडेलले यथार्थवादी नाटक जगत जीवनको यथार्थसम्मत हुने र त्यसलाई वैज्ञानिक रूपमा प्रस्तुत गरिने निष्कर्ष निकालेका छन् ।

निष्कर्षमा प्रस्तुत सैद्धान्तिक समालोचना आफैँमा गहन एवम् महत्वपूर्ण समालोचना हो । यस समालोचनाले यथार्थवादी नाटकलाई बुझ्न सघाउ पुऱ्याउनाका साथै यथार्थवादी नाटकको विकास किन र कसरी भयो भन्ने बारेमा समेत स्पष्ट पारेको छ ।

### ग) यथार्थवादका सन्दर्भमा अन्यवाद र नेपाली नाटकमा यथार्थवादको प्रभाव

समालोचक कँडेलको प्रस्तुत सैद्धान्तिक समालोचना २०४६ सालको 'पाश्चात्य यथार्थवादी नाटक' नामक समालोचनाकृतिमा जम्मा चौध (११६-१२९) पृष्ठ प्रकाशित भएको देखिन्छ । कुनै पनि साहित्यिकवाद आफ्ना पूर्ववर्तीवादको प्रतिक्रियाका रूपमा देखापरेको हुन्छ भन्दै कँडेलले यस लेखमा यथार्थवादका सन्दर्भमा स्वच्छन्दतावाद, प्रतीकवाद, अभिव्यञ्जनावाद, अतियथार्थवाद जस्ता सिद्धान्तहरूलाई प्रस्तुत गर्नाका अतिरिक्त उक्त सिद्धान्तहरूको पाश्चात्य नाट्य साहित्यमा के-कस्तो प्रभाव परेको छ, त्यसको विश्लेषण

समेत गरेका छन् । साथै उनले नेपाली नाटकमा यथार्थवादको प्रभावका सन्दर्भमा समेत चर्चा गरेको देखिन्छ ।

प्रस्तुत लेखमा पाश्चात्य नाट्य साहित्यमा यथार्थवादी नाटकको उद्भव र विकास भन्दा पहिले स्वच्छन्दतावादी नाटकको प्रधानता भएको र त्यो नवपरिष्कारवादी नाटकको प्रतिक्रियास्वरूप आएको तथ्य प्रस्तुत गर्दै कँडेलले स्वच्छन्दतावादी नाटकमा कठोर नियम, तर्क, बौद्धिकता र वैचारिक आग्रहभन्दा संवेदनात्मकता र वैचारिक एवम् वैयक्तिक स्वतन्त्रता बढी हुने निष्कर्ष निकालेका छन् । स्वच्छन्दतावादी नाटकमा नाटकलाई बाह्य जगत्को अनुकृति एवम् प्रतिक्रिति मात्र नमानेर आत्माको सहज अभिव्यक्ति मानिएको हुन्छ भन्दै कँडेलले यस किसिमको नाटकमा स्वप्न र यथार्थको समन्वित अभिव्यक्ति भएको तथ्य प्रस्तुत गरेका छन् (पृ.११७) । यस लेखमा कँडेलले सफल स्वच्छन्दतावादी नाट्य लेखन जर्मनमा भएको र त्यो कार्य नाटककार लेसिङ्ग, गेटे र शिलरले गरेको तथ्य प्रस्तुत गर्दै, उनले फ्रान्सेली नाटककार भिक्टर ह्यूगो (१८०२-१८८५) र उनको 'क्रमवेल' (१९२९) नाटकको भूमिकाको चर्चा गरेको देखिन्छ ।

प्रस्ततु समीक्षामा नवपरिष्कारवादी नाटकको अतिवादका कारण स्वच्छन्दतावादी नाटकको प्रारम्भ भएको र स्वच्छन्दतावादी नाटकको काल्पनिक उडान र बढी स्वतन्त्रताका विपरीत विज्ञान सम्मत यथार्थवादी नाटक लेखिन थालिएको तथ्य प्रस्तुत गर्दै कँडेलले यथार्थवादी नाटकका निश्चित सीमा र सङ्कीर्णताले गर्दा त्यसको प्रतिक्रिया स्वरूप १८९० पछि प्रतीकवादी नाटक लेखनको प्रारम्भ भएको निष्कर्ष पनि निकालेका छन् । प्रतीकवाद स्थूल, स्थिर र यान्त्रिक धारणाको विरोध गर्ने एक अन्तरमुखी प्रवृत्ति हो भन्दै समीक्षक कँडेलले यसलाई स्वच्छन्दतावादको परिष्कृत रूप मानेका छन् । प्रतीकवादी नाटकमा सोझो, सरल भाषालाई भन्दा प्रतीकहरूको प्रयोग भएको काव्यात्मक भाषालाई बढी महत्व दिइएको हुन्छ भन्दै कँडेलले मौरिस मेटरलिङ्क (१८६२-१९४९) का नाटकहरू यस सन्दर्भमा सफल प्रतीकवादी नाटक भएको तथ्य प्रस्तुत गरेका छन् ।

बीसौँ शताब्दीको प्रारम्भमा जर्मनीमा साहित्य र चित्रकलाका क्षेत्रमा नयाँ किसिमको आन्दोलन हुन थालेपछि प्रतीकवादी नाट्यलेखन निस्तेज हुन थालेको र त्यो स्थान अभिव्यञ्जनावादी नाट्यलेखनले लिएको भन्ने कँडेलको दृष्टिकोण रहेको देखिन्छ । यस

लेखमा यसका प्रथम प्रयोक्ता स्ट्रिन्डवर्गलाई मान्दै कँडेलले वेडेकाइन्ड, अन्स्टोंलर, जर्ज क्यासर, पिरान्डेलो र युजिन ओनिललाई अभिव्यञ्जनावादी नाट्यलेखनका विकासक मानेका छन् । अभिव्यञ्जनावादी नाटकमा आन्तरिक भावको अभिव्यक्ति भएको हुन्छ भन्दै कँडेलले तर त्यो आन्तरिक भाव व्यक्तिको नभएर समूहको हुने निष्कर्ष निकालेको देखिन्छ । कँडेलको यस लेखमा महाकाव्यात्मक नाटकको सन्दर्भमा सङ्क्षिप्त चर्चा पनि गरिएको छ । कँडेल ( २०४६:१२१) ले जर्मनेली नाटककार बर्टोल्ड ब्रेख्त (१८९८-१९५६) लाई महाकाव्यात्मक नाटकको प्रवर्तक मान्दै उनका नाटकको उद्‌देश्यलाई स्पष्ट पारेका छन् । "ब्रेख्तका नाटकको उदेद्‌देश्य दर्शकलाई भावविभोर पार्नु होइन, उसका विचारलाई जगाउनु हो र उसलाई नाटकमा देखाइएका समस्याप्रति घोतिलन बाध्य गराउनु हो" ।

प्रस्तुत लेखमा कँडेलले अस्तित्ववादी-विसङ्गतिवादी नाटकको सङ्क्षिप्त चर्चा पनि गरेका छन् । नाटकका क्षेत्रमा विसङ्गतिवादको उद्‌भव स्रोत अस्तित्ववाद हो भन्दै कँडेलले विसङ्गतिलाई जीवनको अपरिहार्य तत्त्व मानेको निष्कर्ष निकालेका छन् । विसङ्गतिवादी नाटककारहरू विश्वमा मान्छेको रहस्यमय क्षण र दुःखद स्थितिलाई प्रस्तुत गर्न चाहन्छन् र मानवीय मनस्थितिका वास्तविक विद्रूपतालाई देखाउन चाहन्छन् भन्दै कँडेलले सन् १९४५ देखि १९६५ बीचमा यस खालका प्रशस्त नाटकहरू लेखिएको तथ्य प्रस्तुत गरेका छन् ।

नेपाली नाटकमा यथार्थवादको प्रभावका सन्दर्भमा कँडेलले नाटककार गोपालप्रसाद रिमालका दुई वटा नाटकहरू 'मसान' र 'यो प्रेम' को विशेष चर्चा गरेका छन् । यी नाटकहरूमा नर्वेली यथार्थवादी नाटककार हेनरिक इब्सनका नाट्यकृतिहरूको विशेष प्रभाव परेको तथ्य प्रस्तुत गर्दै कँडेलले गोविन्द 'गोठाले' र विजय मल्लका कतिपय नाटकहरूमा इब्सनका साथै पाश्चात्य अन्य यथार्थवादी नाटककाहरूका नाट्यकृतिहरूको प्रभाव परेको तथ्य प्रस्तुत गरेका छन् ।

निष्कर्षमा प्रस्तुत समालोचनामा स्वच्छन्दतावादलगायतका अन्य सैद्धान्तिक मान्यता र यी विविध सिद्धान्तमा आधारित नाट्यविधाको स्थूल रूपमा अध्ययन भएको छ । कुनै पनि सैद्धान्तिक मान्यताको सूक्ष्म रूपमा अध्ययन नगरे पनि यस लेखमा सङ्क्षिप्त आयतनमा विश्वनाट्ययात्राको सैद्धान्तिक रूपरेखा प्रस्तुत गरेर कँडेलले आफ्नो समालोचकीय समार्थ्य चाहिँ देखाएका छन् ।

## घ) साहित्य सिद्धान्त

प्रस्तुत लेख २०५३/०५४ सालको 'विवेक' १ पत्रिका (वर्ष ९, अङ्क ३) मा जम्मा बाह्र (१३९-१५०) पृष्ठमा प्रकाशित भएको देखिन्छ । कँडेलको यो लेख त्रि.वि.त्रैवार्षिक स्नातक तहको मूल नेपाली शिक्षण अभिमुखीकरण गोष्ठीमा प्रस्तुत २०५३/०५४ सालको कार्यपत्र हो । यस लेखमा पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तलाई कँडेलले सङ्क्षिप्त रूपमा प्रस्तुत गरेका छन् । यो लेख समालोचनाको नजिक भएकाले उनको सैद्धान्तिक समालोचना अन्तर्गत चर्चा गरिएको हो ।

समालोचक कँडेलले यस लेखमा पूर्वीय (संस्कृत) साहित्यको प्राचीनकालमा साहित्यका गद्य-पद्य, श्रव्य-दृश्य सबै विधालाई 'काव्य' भनिएको तथ्य प्रस्तुत गर्दै काव्यको परिभाषा दिएका छन् । यसै गरेर उनले काव्य निर्माण (लेखन) का कारण, काव्यको प्रयोजन (उद्देश्य) जस्ता पक्षहरूको चर्चा गर्दै पूर्वीय साहित्यसिद्धान्तअन्तर्गतका रससिद्धान्त, ध्वनि सिद्धान्त, वक्रोक्तिसिद्धान्त, अलङ्कारसिद्धान्त र रीति सिद्धान्तको चर्चा गरेका छन् । उपर्युक्त सिद्धान्तहरूमध्ये रस सिद्धान्त र ध्वनि सिद्धान्तले काव्यको आन्तरिक वा वस्तुपक्षमा जोड दिएका छन् भन्दै कँडेलले काव्यको बाह्य वा रूपपक्षमा अलङ्कारादि सिद्धान्तहरूले जोड दिएको निष्कर्ष निकालेका छन् ।

प्रस्तुत लेखमा समीक्षक कँडेलले पाश्चात्य साहित्य-सिद्धान्त अन्तर्गत प्रमुख प्रणाली र प्रमुख वादको सङक्षिप्त चर्चा गरेका छन् । उनले प्रणाली अन्तर्गत नीतिपरक समालोचना, मनोविज्ञानपरक समालोचना, समाजपरक समालोचना, आदिमतापरक समालोचना, रूपपरक समालोचना र शैली वैज्ञानिक समालोचनाको सामान्य विश्लेषण गरेको देखिन्छ । यसैगरी प्रमुख वाद अन्तर्गत कँडेलले परिष्कारवाद, स्वच्छन्दतावाद, यथार्थवाद, प्रकृतवाद, प्रतीकवाद, अतियथार्थवाद, अस्तित्त्ववाद र संरचनावादको सङ्क्षिप्त चर्चा गरेका छन् । समालोचक कँडेलले पाश्चात्य साहित्यका उपर्युक्त सिद्धान्त सम्बन्धी गरेको अध्ययन सङ्क्षिप्त भइकन पनि तथ्यपरक देखिन्छ ।

निष्कर्षमा पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तसँग सम्बन्धित प्रस्तुत समालोचना आफैँमा महत्वपूर्ण एवम् गहन कार्य हो । यस समालोचनाले पूर्व र पश्चिम दुवै तिरका साहित्य सिद्धान्तहरूलाई बुझ्न विशेष सघाउ पुऱ्याएको छ ।

### ५.२.३ घनश्याम कँडेलका द्वितीय चरणका समालोचनाहरूको प्रवृत्तिगत वैशिष्ट्य

कँडेलको यस दोस्रो चरण (२०४०-२०५४) मा दुईवटा समालोचनाकृति र सत्रवटा फुटकर समालोचना प्रकाशित भएका छन् । उनको 'केही अन्वेषण : केही विश्लेषण' (२०४०) कृतिका आठवटा, त्यस्तै 'पाश्चात्य यथार्थवादी नाटक' (२०४६) कृतिका दुईवटा र विभिन्न पत्रपत्रिकामा प्रकाशित सोह्रवटा गरी जम्मा छबीसवटा लेखहरू व्यावहारिक समालोचना हुन् भने 'पाश्चात्य यथार्थवादी नाटक' (२०४६) का तीनवटा लेखहरू कँडेलको यस चरणका सैद्धान्तिक समालोचना हुन् । उपर्युक्त समालोचनाहरूले कँडेललाई सैद्धान्तिक समालोचक भन्दा बढी व्यावहारिक समालोचक बनाएका छन् ।

समालोचक कँडेलको यस दोस्रो चरण (२०४०-२०५४) को 'नेपाली कविताको प्राथमिक काल र तत्कालीन कविका कविता' (२०४०) शीर्षकको लेख बढीमात्रामा तथ्यपरक एवम् खोजमूलक देखिन्छ । 'कवि सुवानन्ददास र उनको कविता' (२०४०) शीर्षकको लेख विश्लेषणात्मक र निर्णयात्मक किसिमको छ । 'रिमाल पूर्वको नेपाली नाटक परम्परा' (२०४०) शीर्षकको समीक्षा कँडेलको ऐतिहासिक समालोचना हो । यसमा उनले २००३ साल पूर्वको नेपाली नाटकको ऐतिहासिक सर्वेक्षण गरेका छन् । 'समस्या नाटक' (२०४०) शीर्षकको लेख सिद्धान्तलाई पृष्ठाधार मानेर लेखिएको समालोचना हो । 'नाटककार स्वारको विमलादेवी' (२०४०) शीर्षकको लेख कँडेलको कृतिपरक समालोचना हो । 'अनुराधाको मूलभूत प्रवृत्ति र यसको वैशिष्ट्य' शीर्षकको लेखमा कँडेलले विजय मल्लको 'अनुराधा' उपन्यासको मनोवैज्ञानिक अध्ययन गरेका छन् । यो उनको मनोवैज्ञानिक समालोचना हो । 'कथाको पृष्ठभूमि र शारदा पूर्वका नेपाली कथा' (२०४०) शीर्षकको लेख पूर्वीय एवम् पाश्चात्य कथा विधाको ऐतिहासिक सर्वेक्षण गरिएको लेख हो । 'नेपाली साहित्यका श्रेष्ठ कवि' (२०४१) शीर्षकको लेख प्रभावपरक किसिमको देखिन्छ । 'कृष्णप्रसाद पराजुली र उनको शोककाव्य कथा आँसुको' (२०४६) शीर्षकको लेख कँडेलको प्रभावपरक समालोचना हो । 'देवकोटा : केही स्फुट विचार' (२०४९) शीर्षकको लेख छोटो भए पनि विशेष महत्वको देखिन्छ । 'वन बाला मा प्रकृति प्रयोग' कँडेलको कृतिपरक समालोचना हो । 'प्रयोगधर्मी नयाँ नाटक 'वैकुण्ठ एक्सप्रेस' (२०४३) शीर्षकको लेख वस्तुपरक समालोचनामा आधारित देखिन्छ । 'वैकुण्ठ एक्सप्रेस' नाटकका नवीन प्रयोगहरूलाई कँडेलले उक्त लेखमा औंल्याएका

छन् । 'रूपमती : औपन्यासिक स्थापत्यको पहिलो नमूना' (२०४९) शीर्षकको लेख कँडेलको विश्लेषणात्मक एवम् निर्णयात्मक समालोचना हो । 'कवि किसान र उनको काव्य साधना' (२०४४) शीर्षकमा कँडेलले कवि केवलपुरे किसान (देवीप्रसाद पौडेल) को जीवनका इतिवृत्तलाई सङ्क्षिप्त रूपमा चर्चा गरेका छन् । यो उनको जीवनीपरक समालोचना हो । 'पाश्चात्य सन्दर्भमा हास्य व्यङ्ग्य र साहित्यकार पिंडालीको ''खै-खै ' (२०५०) शीर्षकको लेख कँडेलको हास्य व्यङ्ग्य सम्बन्धी अध्ययन गरिएको ऐतिहासिक समालोचना हो । 'यथार्थवादी नाटकका प्रमुख स्तम्भ' (२०४६) शीर्षकको लेख कँडेलको वस्तुवादी एवम् निर्णयात्मक समालोचना हो । 'पश्चिमका विभिन्न देशमा यथार्थवादी नाटक' (२०४६) शीर्षकको लेख ऐतिहासिक तथा विवरणात्मक एवम् विश्लेषणात्मक समालोचना हो ।

उपर्युक्त व्यावहारिक समालोचनाका अतिरिक्त उनको यस दोस्रो चरणमा 'यथार्थवाद' (२०४६), 'यथार्थवादी नाटक र त्यसको विकासका कारण' (२०४६), 'यथार्थवादका सन्दर्भमा अन्यवाद' (२०४६) र 'साहित्य सिद्धान्त' (२०५३/०५४) गरी चारवटा सैद्धान्तिक समालोचनाहरू पनि प्रकाशित भएका छन् । उपर्युक्त अधिकांश सैद्धान्तिक समालोचनाहरू यथार्थवादमै केन्द्रित देखिन्छन् । उपर्युक्त समालोचनाहरूले घनश्याम कँडेललाई यथार्थवादी समालोचक बनाएका छन् ।

निष्कर्षमा समालोचक घनश्याम कँडेल (२००२) को दोस्रो चरण (२०४०-२०५४) का समालोचनाहरू मूलत : सैद्धान्तिक र व्यावहारिक गरी दुई खालका छन् । उनका कतिपय व्यावहारिक समालोचनाहरू सिद्धान्तलाई पृष्ठाधार बनाएर लेखिएका छन् भने केही समालोचनाहरू नितान्त प्रभाववादी किसिमका छन् । कँडेलको यस दोस्रो चरणका व्यावहारिक समालोचनाहरू परिमाणका दृष्टिले उनका सैद्धान्तिक समालोचनाहरू भन्दा अधिक छन् तर गुणात्मक दृष्टिले भने झण्डै समान स्तरमा देखिएका छन् । कँडेलका यस चरणका समालोचनाहरूले उनलाई सैद्धान्तिक एवम् व्यावहारिक समालोचकका रूपमा चिनाउनाका साथै वस्तुवादी समालोचक बनाएका छन् । उनका यस चरणका कतिपय समालोचनाकृति अभावपूर्तिका विशेष सामग्री समेत बनेका छन् ।

## ५.३ कँडेलका तृतीय चरणका समालोचनाकृतिहरूको विश्लेषण

समालोचक घनश्याम कँडेल (२००२) को यस तृतीय चरण (२०५५-हालसम्म) मा नौवटा समालोचनालेखहरू विभिन्न पुस्तक र पत्रपत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् । यसैगरी पुस्तकाकार एउटा समालोचनाकृति 'नेपाली समालोचना' (२०५५) उनकै सम्पादनमा प्रकाशित भएको छ । यस कृतिले उनको तेस्रो चरणको प्रतिनिधित्व गरेको छ ।

समालोचक कँडेलका यस तृतीय चरणका अधिकांश लेखहरू प्रभावपरकताका आधारमा लेखिएका छन् भने केही लेखहरू खास सिद्धान्तलाई पृष्ठाधार बनाएर लेखिएका छन् । यस्तै उनका केही समालोचनाहरू सैद्धान्तिक प्रकृतिका पनि देखिएका छन् । समीक्षक कँडेलका यस चरणका समालोचनाहरू मध्ये केही समालोचना कृतिकारकेन्द्री अर्थात् जीवनीपरक समालोचनामा आधारित छन् भने केही समालोचना कृतिकेन्द्री र केही समालोचना मिश्रित खालका देखिएका छन् ।

समालोचक घनश्याम कँडेलको यस तेस्रो चरणका समालोचनाहरूलाई सैद्धान्तिक र व्यावहारिक गरी दुई वर्गमा विभाजन गर्दै विश्लेषण गरिएको छ ।

### ५.३.१ व्यावहारिक समालोचनाको विश्लेषण

कँडेलका व्यावहारिक समालोचनालेखहरू नाटककेन्द्री, कविताकेन्द्री र जीवनीकेन्द्री जस्ता विभिन्न विधाकेन्द्री भएकाले यहाँ सोही आधारमा तिनको विश्लेषण गरिएको छ ।

#### ५.३.१.१ नाटककेन्द्री समालोचनाको विश्लेषण

कँडेलको यस चरणमा एउटामात्र नाटककेन्द्री समालोचना प्रकाशित भएको देखिन्छ । यहाँ त्यस नाटककेन्द्री समालोचनाको विश्लेषण गरिन्छ ।

वि.सं. २०५५/०५६ सालको 'वाङ्मय' (वर्ष ८, अङ्क ८) मा सात (४-१०) पृष्ठमा प्रकाशित 'प्रतिशोध नाटक-परम्परा र भीमनिधि तिवारीको नाट्यकारिता' शीर्षकको समालोचनालेख नै कँडेलको यस चरणको नाटककेन्द्री व्यावहारिक समालोचना हो । यस छोटो लेखमा उनले नाटक सम्बन्धी विविध विषयवस्तुलाई समेटेका छन् । यस लेखमा प्रतिशोध नाटकको सैद्धान्तिक परिचय दिंदै कँडेलले पाश्चात्य नाटक परम्परामा प्रतिशोध

नाटक सृजनाको उद्भव र विकासको चर्चा गरेका छन् । साथै उनले नेपाली नाटकका क्षेत्रमा भीमनिधि तिवारीका नाटक-सृजनालाई प्रतिशोधको केन्द्र बनाई उनका नाटकमा देखिने प्रतिशोधजन्य क्रियात्मक प्रयोग र त्यसका परिणामसमेतको चर्चा गर्दै निष्कर्ष दिने काम गरेका छन् ।

समालोचक कँडेलको व्यावहारिक समालोचनाअन्तर्गत पर्ने प्रस्तुत लेख शोधमूलक छ र यसमा ऐतिहासिक विधिको प्रयोग गरिएको छ । प्रतिशोध नाटक दुःखान्त नाटककै एउटा प्रकार हो । दुःखान्त नाटक एउटा जाति हो भने प्रतिशोध नाटक त्यसको प्रजाति हो भन्दै कँडेल (२०५५/०५६:४) ले दुःखान्त नाटक र प्रतिशोध नाटकमा निम्न अन्तर रहको निष्कर्ष निकालेका छन्: "सामान्य रूपमा दुःखान्त भनिने नाटकको आकर्षण प्रतिशोधको भौतिक वा स्थूल पक्षमा नभएर कथावस्तुका विकास, सुगठन वा अवयवहरूका बीचको सुसम्बन्धका साथै पात्रको मनोद्वन्द वा पात्रहरूका बीचको वैचारिक द्वन्दका मात्रामा निर्भर गर्छ भने प्रतिशोध नाटकको आकर्षण प्रतिशोधका लागि गरिने षड्यन्त्र, हत्या आदिको भौतिक वा स्थूल पक्षमा बढी निर्भर गर्छ" । यस प्रकारका नाटकमा दर्शकको जिउ नै जिरिङ्ग पार्ने खालका त्रासद दृश्यको रङ्गमञ्चमा सोझै प्रदर्शन गरिएको पाइने भएकाले यस्ता नाटकलाई अतित्रासदी पनि भनिन्छ भन्ने समालोचक कँडेलको निष्कर्ष रहको छ । यस सन्दर्भमा कँडेलले एस्किलस, युरिपाइडिज, सेनेका, मार्लो र शेक्सपियरका केही नाटकहरूको चर्चा गर्दै प्रतिशोध नाटकका दृष्टिले पहिलो र विशेष उल्लेखनीय नाटक अङ्ग्रेजी नाटककार थमस कीड (१५५८-१५९४) को 'स्पानिश ट्र्याजडी' लाई मानेका छन् भने प्रतिशोध नाटककारका रूपमा विशिष्टता हाँसिल गरेर प्रसिद्धि पाउने पहिला अङ्ग्रेजी नाटककार जोन वेस्टर (१५८०-१६३८) हुन् भनको छन् (पृ. ५) ।

प्रस्तुत समीक्षामा कँडेलले नेपालीमा प्रतिशोध नाटकको परम्परालाई प्रस्तुत गर्दै प्रतिशोध नाटकपरम्परामा भीमनिधि तिवारीको नाट्यकारिताका बारेमा विशेष चर्चा गरेका छन् । तिवारीका नाटकको भाषा सुवोध्य र परिमार्जित छ । उखान-टुक्का र दृष्टान्तहरूको प्रयोगमा त तिवारीलाई कुनै नेपाली नाटककारले भेट्दैनन् भन्दै समीक्षक कँडेलले तिवारीलाई नेपाली प्रतिशोध नाटकका प्रथम सफल प्रयोक्ता मानेका छन् (पृ. ८) । तिवारीको पहिलो दुःखान्त नाटक 'पुतली' मा नै प्रतिशोध नाटकका केही विशेषता भेटिन्छन्

भन्दै उनले तिवारीको 'चौतारा लक्ष्मीनारायण' (२०४२) नाटकलाई प्रतिशोध नाटकको सफल प्रयोग भनेका छन् (पृ. ९) । 'चौतारा लक्ष्मीनारायण' नाटक प्रतिशोधका कुराबाट सुरू भएको र प्रतिशोधकै कुरामा टुङ्गिएको निष्कर्ष समीक्षक कँडेलले निकालेका छन् । उनले तिवारीका दुई नाटकः 'महाराज भूपतीन्द्र' (२०२८) र 'आत्महत्या' को समेत विश्लेषणात्मक अध्ययन गर्दै तिवारीको 'आत्महत्या' नाटक प्रतिशोध नाटक परम्परामा उल्लेख्य रहेको तथ्योद्घाटन गरेका छन् ।

प्रस्तुत समालोचनामा कँडेलले प्रतिशोध नाटकको ऐतिहासिक एवम् विश्लेषणात्मक अध्ययन गरेर भीमनिधि तिवारीका नाटकमा प्रतिशोध नाटकका तत्त्वको प्रयोग भएको तथ्यलाई वस्तुगत एवम् शोधमूलक ढङ्गले प्रस्तुत गरेका छन् । यो कार्य आफैमा महत्वपूर्ण देखिन्छ । यस कार्यले कँडेललाई यथार्थवादी समालोचकका साथै अनुसन्धानमूलक समालोचकका रूपमा चिनाउने काम गरेको छ ।

### ५.३.१.२ कविताकेन्द्री समालोचनाको विश्लेषण

कँडेलको यस चरणमा चारवटा लेखहरू कविताकेन्द्री भएकाले यहाँ तिनको बेग्लाबेग्लै विश्लेषण गरिएको छ ।

### (क) आधुनिक नेपाली कवितामा युगबोध

प्रस्तुत समालोचनात्मक लेख सन् २००० (वि.सं. २०५७) को 'हिमालिनी' (वर्ष ३, अङ्क १२) मा जम्मा सात (५१-५७) पृष्ठमा प्रकाशित भएको देखिन्छ । समीक्षक कँडेलको यो लेख हिन्दी भाषामा प्रकाशित भएको छ भने काठमाडौंबाट प्रकाशित 'भारत समाचार' पत्रिकामा सन् २००० (वि.सं. २०५७) मा नै यही लेख नेपाली भाषामा प्रकाशित भएको देखिन्छ । हिन्दी वा नेपाली जुनै भाषामा प्रकाशित भएको भए पनि प्रस्तुत लेखमा नेपाली कवितामा आधुनिक चिन्तन आउनाका कारणहरूलाई कँडेलले सविस्तार चर्चा गरेका छन् ।

समालोचक कँडेलले साहित्यमा आधुनिकता सम्बन्धी धारणको उद्भव पश्चिममा भएको र मूलतः प्रथम विश्वयुद्धको परिणामस्वरूप साहित्यले आधुनिक चिन्तन प्राप्त गरेको निष्कर्ष निकालेका छन् । विज्ञान एवम् प्रविधिको विकासले विविध क्षेत्रमा प्रभाव पारेको तथ्य प्रस्तुत गर्दै उनले साहित्यमा पनि त्यसको प्रभाव पारेको तथ्योद्घाटन गरेका छन् । यी

विभिन्न कारणहरूले साहित्यमा आधुनिक चिन्तनको प्रारम्भ भएको र सो चिन्तन साहित्यको वस्तु र रूप दुवैमा परेको भन्ने विश्लेषण कँडेलको रहेको देखिन्छ । पाश्चात्य जगत्मा जति पनि चर्चित आधुनिक कवि छन् तिनीहरूका कवितामा युगबोधको प्रतिविम्बन अत्यन्त प्रभावकारी वैज्ञानिक ढङ्गमा भएको छ भन्दै कँडेलले अङ्ग्रेजी भाषा-साहित्यका कविहरू डब्लू.बी.यीट्स, एज्रा पाउन्ड, टी.एस. इलियट र डाइलन टमस यस सन्दर्भमा विशेष उल्लेखनीय छन् भन्ने निष्कर्ष निकालेका छन् ।

प्रस्तुत लेखमा कँडेलले नेपाली साहित्य (कविता) मा आधुनिक चिन्तन आउनमा पाश्चात्य साहित्यको प्रभाव, राष्ट्रिय सन्दर्भ, समसामयिक युगबोध जस्ता पक्षहरूले महत्वपूर्ण भूमिका खेलेको चर्चा गरेका छन् । उनले राष्ट्रिय सन्दर्भअन्तर्गत राजनीतिक सामाजिक सन्दर्भ र साहित्यिक सन्दर्भलाई प्रस्तुत गरेका छन् । वि.सं. १९७७ मा घटेको 'मकै पर्व' घटना, 'पुस्तकालय पर्व' वि.सं. १९९३ सालमा 'नेपाल प्रजापरिषद' नामक राजनीतिक पार्टीको स्थापना, २००३ मा 'नेपाली राष्ट्रिय काँग्रेस', २००६ मा 'नेपाली काँग्रेस पार्टी' तथा 'नेपाल कम्युनिष्ट पार्टी' को गठन जस्ता घटनाहरूलाई कँडेलले राजनीतिक-सामाजिक सन्दर्भअन्तर्गत चर्चा गरेका छन् । यस्ता विविध घटनाहरूले तीब्ररूपमा जनचेतना जगाएको र कवि तथा लेखकहरूमा समेत आधुनिक चिन्तन प्रवल बन्दै गएको तथ्य उनले प्रस्तुत गरेका छन् । नेपाली कवितामा लेखनाथ पौडेलले कविताको विषयवस्तु, भाषाशैली आदिमा माध्यमिककालीन स्थूल शृङ्गार प्रधान कविताको तुलनामा नवीन विशेषता प्रदान गरेर आधुनिकताको आमन्त्रित गरे भन्ने कँडेलको दृष्टिकोण रहेको छ । यसैगरी उनले लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, केदारमान व्यथित, गोपालप्रसाद रिमाल, भूपि शेरचन, माधव घिमिरे जस्ता कविहरूले आधुनिक नेपाली कविताको विकासमा महत्वपूर्ण योगदान गरेको चर्चा गरेका छन् । यस्तै उनले उन्तरवर्ती मोहन कोइराला, वैरागी काइँला आदि कविहरू समेत आधुनिक नेपाली कवितामा उल्लेख्य रहको निष्कर्ष निकालेका छन् ।

निष्कर्षमा प्रस्तुत समीक्षा व्यावहारिक समालोचना हो । कविताकेन्द्री यो लेख विवरणपरक एवम् विश्लेषणात्मक किसिमको छ । यस समालोचनालेखले आधुनिक नेपाली कविताको अवस्थाबारे अध्ययन गर्न सघाउ पुऱ्याउने देखिन्छ ।

### (ख) महाकाव्य र 'पृथ्वी महाकाव्य'

प्रस्तुत लेख २०५९ सालको 'भानु' नेपाली मासिक पत्रिका (वर्ष ३९, पू.८३) मा जम्मा चार (७-१०) पृष्ठमा संरचित देखिन्छ । यसमा कँडेलले (डा.) ओमवीर सिंह वस्न्यातको 'पृथ्वी महाकाव्य' (२०५८) नामक महाकाव्यको तात्विक विश्लेषणका सन्दर्भमा महाकाव्यको पृष्ठभूमि र सङ्क्षिप्त परम्परा समेतको उल्लेख गरेका छन् ।

मानव सभ्यताको प्रारम्भसँग कविता-साहित्यको प्रारम्भलाई जोड्दै कँडेलले यस लेखमा काव्यको प्राचीनतातर्फ सङ्केत गरेका छन् । यस्तै उनले आर्ष भावना र विचारको सङ्गीतात्मक प्रस्तुतिका लागि प्रसिद्ध 'सामवेद' पनि काव्यात्मक रचना नै हो भन्दै उपनिषद्का केही अंश र पुराणहरू एवम् रामायण, महाभारतसँग काव्यलाई जोडेर महाकाव्यको प्रसिद्धितर्फ सूच्यात्मक सङ्केत गरेका छन् । उनले पूर्वीय संस्कृत-साहित्यका महाकवि कालिदास, अश्वघोष आदिका महाकाव्यहरूको उल्लेख गर्दै पश्चिमी महाकवि होमर र भर्जिलका महाकाव्यहरूको पनि टिप्पणी गरेका छन् । यसरी नै नेपाली साहित्यमा उदयानन्द अर्यालको 'पृथ्वीन्द्रोदय' र भानुभक्त आचार्यको 'रामायण' जस्ता महाकाव्य सदृश रचनाहरू त्यस्तै आधुनिक कालमा लक्ष्मीप्रसाद देवकोटा, सोमनाथ सिग्द्याल, बालकृष्ण सम, भानुभक्त पोखरेल, मोदनाथ प्रश्रित, (डा.) ओमवीर सिंह वस्न्यात जस्ता महाकाव्यकारहरूका महाकाव्यहरू विशेष उल्लेखनीय भएको तथ्य कँडेलले प्रस्तुत गरेका छन् ।

प्रस्तुत कविताकेन्द्री समालोचनालेखमा कँडेलले महाकाव्यको प्राचीनता, प्रसिद्धि एवम् समृद्धिलाई प्रस्तुत गरेपश्चात् 'पृथ्वीमहाकाव्य' को विश्लेषण गरेका छन् । (डा.) ओमवीरसिंह बस्न्यातका जम्मा तीनवटा महाकाव्यमध्ये पछिल्लो ४१ सर्ग महाकाव्य 'पृथ्वी महाकाव्य' (२०५८) को समीक्षात्मक अध्ययन गर्दै उनले प्रस्तुत महाकाव्यको कथावस्तु भन्नु नै पृथ्वीनारायण शाहका बारेमा केही भन्नु हो र कथावस्तुको विकास भन्नु नै पृथ्वीनारायणका विकासात्मक चरित्र प्रस्तुत गर्नु हो भन्ने निष्कर्ष निकालेका छन् (पृ.८) । समीक्षक कँडेलले महाकाव्यका तत्त्वका आधारमा यस ऐतिहासिक महाकाव्यको विश्लेषण गरका छन् । ऐतिहासिक विषयवस्तुमा आधारित महाकाव्यको कथावस्तु भएको र नायक पनि सोही अनुकूल पृथ्वीनारायण भएको भन्दै कँडेलले यस पद्यात्मक महाकाव्यमा वीररस अङ्गीरसका रूपमा आएको तथ्योद्घाटन गरेका छन् ।

निष्कर्षमा कँडेलको उक्त कविताकेन्द्री समालोचनालेखले महाकाव्यका बारेमा अध्ययन गर्न चाहने पाठकहरूलाई सङ्क्षिप्त रूपमा भए पनि तथ्यात्मक जानकारी गराएको छ ।

### (ग) कवयित्री गोमा र उनको 'अञ्जु' खण्डकाव्य

प्रस्तुत समीक्षा 'गोमाः सङ्घर्षशील जीवनका पाटाहरू' (२०६०) पुस्तकमा पृष्ठ ७६ देखि पृष्ठ ७९ सम्म जम्मा चार पृष्ठमा विस्तारित भएको देखिन्छ । यस लेखमा कँडेलले कवयित्री गोमाको साहित्यिक पाटाको चर्चा गर्नुका साथै उनको 'अञ्जु' (२०४६) खण्डकाव्यको विश्लेषणात्मक अध्ययन र मूल्याङ्कन गरेका छन् ।

प्रस्तुत लेखमा कँडेलले गोमाले साहित्यका विविध विधामा कलम चलाएकी भए पनि उनको सफलताको विशेष क्षेत्र भने कविता नै भएको तर्क प्रस्तुत गरेका छन् । गोमा स्वयं नारी भएकीले र उनीसित आफ्नै जीवनका अनेक किसिमका भोगाइ र तीता-टर्रा अनुभवहरू प्रशस्त भएकाले उनले नारी समस्याको वर्णन चित्रण बढी स्वाभाविकताकासाथ गर्न सकेकी हुन् भन्ने कँडेलको विश्लेषण रहेको छ (पृ.७७) । यस्तै उनले कवयित्री गोमाका कविताकाव्यमा सामाजिक विकृति, कुरीति, अन्धसंस्कार र विशेषतः नारी समस्याप्रति सचेतताका साथै धार्मिक, आध्यात्मिक आस्थाको अभिव्यक्त जस्ता उल्लेखनीय विशेषताहरू पाइने निष्कर्ष निकालेका छन् । कँडेलले गोमाको 'अञ्जु' खण्डकाव्य नारी समस्यामूलक सामाजिक खण्डकाव्य हो भन्दै उनले यस खण्डकाव्यमा समाज एवम् कानुनबाट न्याय नपाएपछि मान्छे अन्तिम सहाराका रूपमा ईश्वरको स्मरण गर्छन्, शरण पर्छन्, असहायको ईश्वरमात्र सहायक हुन्छ भन्ने सन्देश पनि दिन खोखिएको तथ्य प्रस्तुत गरेका छन् ।

निष्कर्षमा समालोचक घनश्याम कँडेलको प्रस्तुत लेख व्यावहाकिर समालोचना हो । यस लेखको अध्ययनबाट कवयित्री गोमा र उनको 'अञ्जु' खण्डकाव्यका बारेमा जानकारी प्राप्त हुन्छ । कँडेलको यो समालोचना जीवनीपरक साथै प्रभावपरक किसिमको देखिन्छ ।

### (घ) कवि व्यथित र 'हमारा देशः हमारा स्वप्न' का कविता

प्रस्तुत लेख समालोचक घनश्याम कँडेलको तेस्रो चरणका फुटकर समालोचनाहरूमध्ये सबैभन्दा लामो लेख हो । यो 'कवि व्यथित स्मृतिग्रन्थ' (२०६०) मा

पृष्ठ ४२७ देखि ४४० पृष्ठसम्म विस्तारित भएको देखिन्छ । कविताकेन्द्री यस लेखमा कँडेलले कवि केदारमान व्यथित (१९७१-२०५४) को सङ्क्षिप्त परिचय दिनाका साथै व्यथितको 'हमारा देशः हमारा स्वप्न' (२०४०) कवितासङ्ग्रहको अध्ययन, विश्लेषण एवम् मूल्याङ्कन समेत गरेका छन् ।

व्यथित राजनीतिमा जति क्रियाशील थिए, त्यसभन्दा बढी साहित्यमा थिए भन्दै कँडेलले व्यथितको बहुआयामिक व्यक्तित्वका उनेक पाटाहरूमध्ये कविव्यक्तित्व सर्वाधिक प्रखर बनेको र त्यो व्यक्तित्व नेपालमा मात्र नभएर भारतमा पनि सुपरिचित बन्न पुगेको निष्कर्ष निकालेका छन् । समीक्षक कँडेलले यस लेखमा १९९७ सालमा 'साहित्यस्रोत' पत्रिकामा 'परालको त्यान्द्रो' शीर्षकको कविता छपाएर सार्वजनिक भएका कवि व्यथितका नेपाली, नेवारी र हिन्दी भाषामा प्रशस्त कविता-काव्य (खण्डकाव्य) प्रकाशित भएको तथ्योद्‌घाटन गरेका छन् ।

यस लेखमा समीक्षक कँडेलले कवि व्यथितको 'हमारा देशः हमारा स्वप्न' (२०४०) कवितासङ्ग्रह भित्रका कविताहरूको विषयगत आधारमा वर्गीकरण गरी दुई श्रेणीमा विभाजन गरेका छन् । ती दुई श्रेणी हुन्: क) आदर्शवादी कविता र ख) यथार्थवादी-प्रगतिवादी कविता । उक्त कवितासङ्ग्रहका निम्न लिखित कविताहरूलाई कँडेलले आदर्शवादी कविता भनेका छन् (पृ.४३१-४३२) । उनले आदर्शवादी अन्तर्गत राखेका कविताहरू हुन्: 'हमारादेश', 'सृष्टि अवधारणा हमारी', 'हम सब देश के गौरव', 'मानव ही नारायण', 'हमारी प्रतिज्ञा है', 'विश्व के लिए', 'हम झुठ नही बोल रहें', 'यहाँ की मिट्टी', 'हम घोषणा कर रहें हैं', 'सत्यम् शिवम् सुन्दरम्की त्रिवेणी', 'हमारी प्रवाहमयी चिन्तन धारा', 'हम नेपाली', 'वीरता हमारी दृष्टि मैं', 'सर्वे भवन्तु सुखिन', 'रागात्मक सेतुः आकाश और भूमि' आदि । उपर्युक्त कविताहरूको उल्लेख गर्दै समीक्षक कँडेलले ती कविताहरूमा उदात्त एवम् आदर्श भावनाको तथा विश्वकल्याण र विश्वबन्धुत्वका कामनाको प्रचुरता भएको निष्कर्ष निकालेका छन् । यसैगरी व्यथितका 'अनेकतामै एकता', 'प्राद्यौगिकी मानव मात्र के लिए?', 'स्व का सङ्गठन', 'जाग्रत अनुन्नत देश', 'देश की शक्ति ही निर्णायक तत्त्व' जस्ता प्रमुख कविताहरूलाई उनले यथार्थवादी-प्रगतिवादी कविता भएका छन् (पृ. ४३४) । साथै कँडेलले उक्त कविताहरूमा आर्थिक-राजनीतिक स्थितिबारे, साधन स्रोतको न्यायपूर्ण

वितरणबारे र पराधीन देशका स्वाधीनता र समृद्धिको उपायबारे समेत अपेक्षाकृत केही वस्तुवादी ढङ्गले चर्चा गरिएको तथ्य प्रस्तुत गरेका छन् ।

समालोचक कँडेलले यस लेखमा व्यथितको 'हमारा देश: हमारा स्वप्न' भित्रका कविताहरूको भाषाशैली र अलङ्कार प्रयोगमा कृत्रिमता नभएको तथ्य प्रस्तुत गर्दै उनले व्यथितका यी कविताचित्र कविता वा चित्रकाव्यका रूपमा जति सुन्दर छन् रस भावका दृष्टिले त्यत्तिकै सुन्दर र आह्लादकारी बन्न सकेका छैनन् भन्ने निष्कर्ष निकालेका छन् । विवरणात्मक एवम् विश्लेषणात्मक ढाँचाको यस लेखमा प्रभावपरक पद्धतिको प्रयोग बढी भएको छ ।

### ५.३.१.३ जीवनीकेन्द्री समालोचनाको विश्लेषण

समालोचक घनश्याम कँडेलको यस तेस्रो चरणका व्यावहारिक समालोचना अन्तर्गत दुईवटा लेख जीवनीकेन्द्री भएकाले तिनको यहाँ बेग्लाबेग्लै विश्लेषण गरिएको छ ।

#### क) समालोचक शरदचन्द्र शर्मा र 'सानो चिनारीः नरदेव पाण्डेको'

प्रस्तुत समालोचना २०६१ सालको 'सुनकोसी-५' मा जम्मा चार (८४-८७) पृष्ठमा प्रकाशित भएको देखिन्छ । यस लेखमा समीक्षक कँडेलले समालोचक शरद्चन्द्र शर्माको सङ्क्षिप्त जीवनी प्रस्तुत गर्दै शर्माको 'सानो चिनारीः नरदेव पाण्डेको' नामक पुस्तकको सङ्क्षिप्त परिचय दिएका छन् ।

शरद्चन्द्र शर्मा भट्टराई (१९८७-२०५९) को लेखकीय यात्रा निबन्धबाट सुरू भएको भन्दै समालोचक कँडेलले शर्माको उल्लेखनीय योगदान भने समालोचनाका क्षेत्रमा नै रहेको निष्कर्ष निकालेका छन् । यसैगरी उनले शर्माका समालोचनालाई प्रारम्भिक र प्रौढ दुई श्रेणीमा बाँडेका छन् र शर्माका सुरूसुरूका समालोचनाहरूलाई प्रारम्भिक समालोचना अन्तर्गत समेटेका छन् भने 'नेपाली साहित्यको इतिहास' (माध्यमिक काल, २०३७), 'प्राचीन गद्याख्यान' (२०४२), 'नेपाली वाङ्मयः केही खोजी, केही व्याख्या' (२०४४), 'कवि बाबुराम आचार्य र उनका कविता' (२०४७) त्यस्तै 'माध्यामिक नेपाली गद्याख्यान' (२०५०) जस्ता कृतिहरूमा शर्माका प्रौढ समालोचना समेटिएका छन् भन्ने कँडेलको विश्लेषण रहेको देखिन्छ । यसैगरी शर्माको 'सानो चिनारीः नरदेश पाण्डेको' पुस्तकलाई पनि कँडेलले शर्माको

प्रौढ समालोचना मानेका छन् । आकार र प्रकारका दृष्टिल यो पुस्तक सानो भए पनि खोजपूर्ण छ र परिचेय व्यक्तिको योगदान एवम् तत्सम्बन्धी सामग्रीको अप्राप्यता समेतलाई ध्यानमा राख्ता यो कृति निकै उपयोगी पनि छ भन्ने निष्कर्ष कँडेलले निकालेका छन् ।

निष्कर्षमा यस जीवनीकेन्द्री समालोचनाले समालोचक शरद्चन्द्र शर्माका बारेमा र माध्यमिककालीन समालोचक नरदेव पाण्डेका बारेमा अध्ययन गर्न थप सामग्री प्रदान गरेको छ भने यस लेखले कँडेलको जीवनीपरक समालोचनालेखन सामर्थ्यलाई समेत प्रस्तुत गरेको देखिन्छ ।

**(ख) तोत्रराज पाण्डे र 'गीता-प्रवचन' को नेपाली अनुवाद**

प्रस्तुत लेख जीवनीकेन्द्री प्रभावपरक समालोचनाअन्तर्गत पर्दछ । 'तोत्र प्रेम वृत्तान्त' (२०६४) नामक पुस्तकमा जम्मा तीन (१३-१५) पृष्ठमा प्रकाशित भएको यस लेखमा कँडेलले तोत्रराज पाण्डेको सङ्क्षिप्त जीवनीलाई प्रस्तुत गरेका छन् । साथै उनले पाण्डे अनुवादित 'गीता-प्रवचन' को अति सङ्क्षिप्त चर्चा गरेका छन् ।

कँडेलको तेस्रो चरणका समालोचना लेखहरूमध्ये आयामका दृष्टिले सबैभन्दा छोटो यो लेख उनको समालोचना यात्राको निरन्तरतामात्र बनेको देखिन्छ ।

### ५.३.१.४ 'नेपाली समालोचना' सँग सम्बद्ध समालोचना

'नेपाली समालोचना' (२०५५) समालोचक कँडेलको सम्पादित पुस्तकाकार कृति हो । यसमा नेपाली साहित्यका अठार जना विशिष्ट समालोचकहरूका प्रतिनिधि अठारवटा समालोचनाहरूको सम्पादन गर्ने काम समालोचक कँडेलबाट भएको देखिन्छ । भूमिका खण्डसमेत गरी जम्मा २५५ पृष्ठमा विस्तारित प्रस्तुत समालोचना कृतिमा घनश्याम कँडेलले सम्पादकका तर्फबाट बीस पृष्ठमा समीक्षात्मक लामोलेख लेख्नाका साथै अठार जना समालोचक र उनीहरूका अठारवटा समालोचनाहरूका बारेमा सङ्क्षिप्त टिप्पणी समेत प्रस्तुत गरेका छन् । कँडेलका उपर्युक्त कार्यहरूको अनुशीलन बेग्लाबेग्लै उपशीर्षकमा गर्नु उपयुक्त हुने देखिन्छ ।

### (क) समालोचनाः नेपाली समालोचना

प्रस्तुत ग्रन्थको पहिलो सामग्री नेपाली समालोचनाको ऐतिहासिक सिंहावलोकनसँग सम्बन्धित छ । यसलाई कँडेलले 'समालोचनाः नेपाली समालोचना' शीर्षक दिएका छन् । कँडेलले सम्पादकका हैसियतले लेखेको प्रस्तुत लेख 'क' देखि 'न' सम्म जम्मा बीस पृष्ठमा विस्तारित छ । यस लेखमा कँडेलले समालोचनाको परिचय दिने क्रममा समालोचनाको सैद्धान्तिक स्वरूप प्रस्तुत गर्दै नेपाली समालोचनाको परम्परा र प्राप्तिलाई औल्याएका छन् ।

नेपाली साहित्यमा 'समालोचना' शब्दको प्रयोग अङ्ग्रेजी साहित्यका 'क्रिटिसिज्म' को समानार्थीका रूपमा गरिन्छ भन्दै कँडेलले अङ्ग्रेजीमा 'क्रिटिसिज्म' कै नजिक-नजिकका अर्थमा 'एप्रिसिएसन', 'रिभ्यू', 'ओपिनियन', जस्ता शब्दहरू पनि प्रयोग हुन थालेको बताएका छन् । 'एप्रिसिएसन' भन्नाले प्रचलन अनुसार कृतिबारे प्रशंसात्मक अभिव्यक्ति, त्यसका गुणपक्षको बढी चर्चा भन्ने बुझिने, 'रिभ्यु', 'पुस्तक समीक्षा' वा कुनै कृतिबारे परिचयात्मक टिप्पणीका अर्थमा प्रयोग हुने, 'ओपिनियन' ले 'मन्तव्य' वा कुनै कृतिबारे व्यक्त रायलाई बुझाउने भएकाले उनले 'समालोचना' को नजिकको सम्बन्ध 'क्रिटिसिज्म' सँग नै बढी भएको निष्कर्ष निकालेका छन् । यस लेखमा विभिन्न विद्वानहरूका समालोचनासम्बन्धी विभिन्न परिभाषा प्रस्तुत गरेपछि समालोचक कँडेल (२०५५:ग) यस्तो निष्कर्षमा पुगेको पाइन्छः "वास्तवमा समालोचना एकातर्फ साहित्यकारका कृतिको सहृदयतापूर्वक गरिने व्याख्या र पूर्वाग्रहविहीन भएर त्यसबारे गरिने निर्णय हो भने अर्कातर्फ कृतिका जङ्गलभित्र प्रवेश गर्ने क्रममा पाठकको मार्ग निर्देशक पनि हो" ।

समालोचक कँडेलले मोतीराम भट्टको 'कवि भानुभक्ताचार्यको जीवन-चरित्र' (१९४८) बाट नेपाली समालोचना परम्परा प्रारम्भ भएको र प्रथम चरणको प्रारम्भ उक्त समालोचनाकृतिले गरेको भन्दै वि.सं. १९९८ सम्म प्रथम चरण विस्तार भएको र यस चरणमा भट्टपछि राममणि आ.दी सूर्यविक्रम ज्ञवाली विशेष उल्लेख्य रहेको तथ्य प्रस्तुत गरेका छन् । यस्तै वि.सं. १९९९ देखि वि.सं. २००६ सम्मको समयावधि द्वितीय चरणको भन्दै उनले यस चरणमा राकृष्ण शर्मा, यदुनाथ खनाल, बाबुराम आचार्यलाई प्रमुख स्तम्भ मानेका छन् । यसैगरी वि.सं. २००७ देखि वि.सं. २०२४ सम्मको समयावधिलाई कँडेलले तेस्रो चरण मानेका छन् र यस चरणमा ईश्वर बराल, कृष्णचन्द्रसिंह प्रधान र तारानाथ

शर्माको विशेष चर्चा गरेका छन् । कँडेलले नेपाली समालोचनाको चौथो चरण वि.सं. २०२५ बाट प्रारम्भ भएर २०४६ मा अन्त्य हुनुपर्ने र वि.सं. २०४७ बाट पाचौं चरण प्रारम्भ भएर हालसम्म विस्तारित हुनुपर्ने विचार प्रकट गरेका छन् (पृ. न)

निष्कर्षमा समालोचक कँडेलको प्रस्तुत लेख बढी वस्तुवादी, तथ्यपरक एवम् विवरणात्मक र विश्लेषणात्मक किसिमको देखिन्छ । यस लेखले नेपाली समालोचनाका बारेमा अधिकारिक धारणा प्रस्तुत गरेको छ । नेपाली समालोचनाका अध्येताहरूलाई यस लेखले महत्वपूर्ण सामाग्री प्रदान गर्ने देखिन्छ ।

### (ख) समालोचकहरूका समालोचनाकारिताको सङ्क्षिप्त परिचयात्मक प्रस्तुति

समालोचक घनश्याम कँडेलले 'नेपाली समालोचना' मा प्रस्तुत गरेका नेपाली साहित्यका अठार जना विशिष्ट समालोचकका बारेमा यहाँ बेग्लाबेग्लै परिचयात्मक टिप्पणी गरिएको छ ।

### १. बाबुराम आचार्य

समालोचक घनश्याम कँडेलले यस लेखमा बाबुराम आचार्य (१९४४-२०२९) को व्यक्तित्व र कृतित्त्वका बारेमा चर्चा गर्दै समालोचकका रूपमा आचार्यको विशेषता औंल्याएका छन् । साथै उनले बाबुराम आचार्यको 'हाम्रा आदिकवि भानुभक्त' शीर्षकको समालोचना लेखको समीक्षा पनि गरेका छन् ।

कँडेलले आचार्यलाई मूलतः इतिहासकार हुन् भन्दै आचार्यका ऐतिहासिक कार्यको चर्चा गरेका छन् । उनले आचार्यका पुस्तककार दुई समालोचनात्मक कृति 'तुलनात्मक सुन्दरकाण्ड' (२००२) र 'पुराना कवि र कविता' (२००३) का बारेमा सङ्क्षिप्त परिचय प्रस्तुत गरेका छन् । नेपाली साहित्यको ऐतिहासिक, शोधखोजपरक समालोचना गर्ने आचार्यको भाषाशैली सहज र सरल भएको तथ्य कँडेलले प्रस्तुत गरेका छन् ।

### २. यदुनाथ खनाल

समालोचक कँडेलले यस लेखमा यदुनाथ खनालको व्यक्तित्वका पाटाहरूको चर्चा गरेका छन् । खनालमा संस्कृत र अङ्ग्रेजीको राम्रो ज्ञान थियो भन्दै कँडेलले खनालका दुई

कृति ‘समालोचनाको सिद्धान्त’ (२००३) र ‘साहित्यिक चर्चा’ (२०३४) को सङ्क्षिप्त टिप्पणी गरेका छन् । ‘समालोचनाको सिद्धान्त’ (२००३) नेपाली समालोचना परम्परामा सैद्धान्तिक समालोचनाको पहिलो पुस्तक हो र यसरी सचेतताका साथ सैद्धान्तिक समालोचनाको थालनी गर्ने पहिला व्यक्ति यदुनाथ खनाल नै हुन् भन्ने कँडलेको निष्कर्ष रहेको पाइन्छ (पृ. १०) ।

### ३. हृदयचन्द्रसिंह प्रधान

प्रस्तुत लेखमा कँडेलले निबन्ध, उपन्यास, कथा, एकाङ्की र कविता लखेनका साथै व्याकरणका क्षेत्रमा समेत कलम चलाउने हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) नेपालीका नाउँ चलेका समालोचक हुन् भनेका छन् (पृ.१७) । प्रधानको पहिलो समालोचनात्मक रचना ‘हाम्रो अवस्थाः हाम्रो साहित्य’ शीर्षकमा १९९५ सालमा ‘शारदा’ (वर्ष ४, अङ्क ६-७) मा छापिएको थियो भन्दै उनले ‘केही नेपाली नाटक’ (२००२(, ‘साहित्य : एक दृष्टिकोण’ ( २००४), ‘भानुभक्तः एक समीक्षा’ (२०१३) र ‘नेपाली काव्य र उसका प्रतिनिधि कवि’ ( २०२१ जस्ता कृतिहरू प्रधानका समालोचनासम्बन्धी पुस्तकाकार कृति हुन् भनेका छन् । प्रधानका सबैजस्ता समालोचनात्मक लेखहरूमा धेरथोर जे जति भए पनि यथार्थवादी र प्रगतिवादी दृष्टि पाइन्छ भन्ने कँडेलको निष्कर्ष रहेको छ ।

### ४. रत्नध्वज जोशी

प्रस्तुत लखेमा कँडेलले रत्नध्वज जोशी (१९७) पद्यात्मक कविता-लेखनबाट नेपाली साहित्यमा प्रवेश गरेका भए पनि उनी समालोचनामा प्रसिद्ध बन्न पुगेको तथ्य प्रस्तुत गरेका छन् । वि.सं. १९९९ मा ‘साहित्यको पथमा’ शीर्षकको समालोचनालेख प्रकाशित गरेर समालोचनाका क्षेत्रमा प्रवेश गरेका जोशीको कतिपय समालोचनामा परम्परा प्रतिको मोहले गर्दा नयाँ प्रवृत्तिका रचनाहरूको राम्रो मूल्याङ्कन हुन नसकेको तथ्य कँडेलले प्रस्तुत गरेका छन् ।

### ५. रामकृष्ण शर्मा

यस लेखमा वर्मामा जन्मेर पिता गङ्गालाल सैनिक सेवाबाट निवृत्त भएपछि पितासँगै कालिम्पोङमा आएर बसोबास गर्ने रामकृष्ण शर्मा (१९७८-२०४३) नेपाली

साहित्यका प्रखर समालोचक हुन् भन्दै कँडेलले 'सप्त शारदीय' (२०२४), 'दश गोर्खा' (२०२६) र 'टेबुल गफ नौ बैठक' (२०२७) जस्ता कृतिहरू शर्माका समालोचनासङग्रह हुन् भनेका छन् (पृ. ५३) । कँडेलले शर्माको 'सूक्तिसिन्धु' एक स्वतन्त्र दृष्टिकोण र थप कुरा शीर्षकको समालोचनाका बारेमा पनि सङ्क्षिप्त टिप्पणी गरेका छन् ।

अङ्ग्रेजी साहित्य र त्यसका प्रमुख समालोचनात्मक मान्यताहरूका मर्मज्ञ तथा स्वच्छन्दतावादी साहित्य-सिद्धान्तबाट विशेष प्रभावित रामकृष्ण शर्माको नेपाली समालोचनाका परम्परामा विशिष्ट स्थान रहेको निष्कर्ष कँडेलले निकालेका छन् ।

## ६. ईश्वर बराल

समीक्षक कँडेलले यस लेखमा ईश्वर बराल (१९८०-२०५४) को बहु-आयामिक व्यक्तित्वको चर्चा गरेका छन् । यसैगरी उनले बरालका सम्पादित र मौलिक दुई खालका समालोचनाकृतिहरूको उल्लेख गरेका छन् । साथै बरालको 'नेपाली निबन्धको गति प्रकृति' शीर्षकको लेखका बारेमा पनि सङ्क्षिप्त चर्चा गरेका छन् ।

बरालले सैद्धान्तिक तथा व्यावहारिक दुवै प्रकृतिका समालोचना लेखेका छन् भन्दै कँडेलले बरालका सैद्धान्तिक प्रकृतिका समालोचनामा पूर्वीय एवम् पाश्चात्य साहित्यशास्त्रीय सिद्धान्तहरूको चर्चा गरिएको छ भने व्यावहारिक प्रकृतिका समालोचनामा कृतिको समीक्षाका क्रममा ती सिद्धान्तहरूका पनि आवश्यकता अनुसार प्रयोग गरिएको पाइन्छ भन्ने निष्कर्ष निकालेका छन् ।

## ७. कृष्णचन्द्रसिंह प्रधान

प्रस्तुत लेखमा कँडेलले समालोचक प्रधान (१९८२) को चर्चा गर्दै उनका सम्पादित र मौलिक गरी दुई खालका समालोचनाकृति प्रकाशित भएको उल्लेख गरेका छन् । प्रधानको भूमिका लेखनका बारेमा पनि कँडेलले विशेष चर्चा गरेका छन् ।

प्रधानको 'नेपाली साहित्यमा हास्यव्यङ्ग्य : प्राप्ति र पर्यवेक्षण' शीर्षकको समालोचनाका बारेमा कँडलेले सङ्क्षिप्त टिप्पणी गरेका छन् । यसमा प्रधानले हास्यव्यङ्ग्य आकृतिजन्य कायिक अभिव्यक्तिले बोध गराउने र अर्थजन्य व्यञ्जनावृत्तिले सङ्केत गर्ने दुई

बेग्लाबेग्लै शब्दहरूको योग हो भनेका छन् भन्दै कँडेलले हास्यको कारकतत्त्व विपरीतता हो र व्यङ्ग्यको विसङ्गति भन्ने निष्कर्ष निकालेका छन् (पृ. ८६) ।

कृष्णचन्द्रसिंह प्रधानका समालोचनाहरूको अध्ययन गर्दै समीक्षक कँडलले प्रधानले साहित्यका सैद्धान्तिक आधारलाई समातेर भन्दा आफ्नै ज्ञान, अनुभव र बुझाइका आधारमा कृतिलाई केलाउँछन् भन्ने निष्कर्ष निकालेका छन् ।

## ८. डी.पी. अधिकारी

समालोचक कँडेलले यस लेखमा पत्रात्मक शैलीमा लेखिएका समीक्षात्मक लेखहरूबाट समालोचनाका क्षेत्रमा २०१३ सालतिर प्रवेश गर्ने डी.पी. अधिकारी (१९८३) का अहिलेसम्म समालोचनासम्बन्धी दुईवटा सङ्ग्रह 'यथार्थवादी समालोचना' (२०१६) र 'नेपाली साहित्य र आलोचना' (२०३२) प्रकाशित भएका पाइन्छन् भन्दै कँडेलले अधिकारीका यिनै कृतिका आधारमा उनका समालोचनात्मक विशेषता औल्याएका छन् । साथै उनले अधिकारीको 'नेपाली उपन्यास र जनजीवन' शीर्षकको फुटकर समालोचनाको समीक्षा समेत गरेका छन् । अधिकारीका समालोचनाहरूको अध्ययन गर्दै कँडेलले उनका सैद्धान्तिक र व्यावहारिक दुई खालका समालोचनाहरू भएको निष्कर्ष निकालेका छन् ।

## ९. इन्द्रबहादुर राई

अङ्ग्रेजी भाषा र साहित्यका विद्वान एवम् नेपालीका विशिष्ट लेखक इन्द्रबहादुर राई (१९८४) हुन् भन्दै कँडेलले यसलेखमा राईका सम्पादित एवम् मौलिक दुवै किसिमका समालोचनाहरूको सङ्क्षिप्त चर्चा गरेका छन् । साथै उनले राईको 'तीनघुम्ती' 'अस्तित्त्ववादी वरण' शीर्षकको समीक्षाको टिप्पणी समेत गरेका छन् ।

समालोचक कँडेलले राईका समालोचनाकृतिहरूको अध्ययन गर्दै उनका समालोचनामा प्रसङ्गवश कृतिकारको पनि चर्चा पाइन्छ तापनि उनका समालोचना मूलतः कृतिमै केन्द्रित हुन्छन् भन्ने निष्कर्ष निकालेका छन् ।

## १०.	शरदचन्द्र शर्मा भट्टराई

यस लेखमा कँडेलले साहित्यक लेखनलाई नै आफ्नो जीवनको ध्येय बनाएर त्यसैमा समर्पित शरद्चन्द्र शर्मा भट्टराई (१९८७-२०५९) ले केही निबन्धहरू पनि लेखेको पाइन्छ तापनि उनी मूलतः समालोचक हुन् भन्ने निष्कर्ष निकालेका छन् । साथै उनले शर्माका सम्पादित एवम् मौलिक समालोचनाकृतीका नामोल्लेख गर्दै शर्माको 'वीरचरित्र' सम्मको नेपाली गद्याख्यानः एक सर्वेक्षण' शीर्षकको फुटकर समालाचनाको सङ्क्षिप्त टिप्पणी समेत गरेका छन् ।

शर्माका समालोचनाको अध्ययन गर्दै कँडेलले प्राचीन तथा माध्यमिक कालीन नेपाली साहित्यसित सम्बन्धित सत्यतथ्यको खोजी र सरल भाषामा वर्णनात्मक किसिमले तिनको प्रस्तुति उनका समालाचनाहरूमा भएको निष्कर्ष निकालेका छन् ।

## ११.	(डा.) केशवप्रसाद उपाध्याय

अत्यन्त सरल, शिष्ट एवम् निश्छल प्रकृतिका केशवप्रसाद उापधयाय (१९९०) ले राम्रा निबन्ध लेखेर निबन्धकारका रूपमा समेत आफूलाई चिनाएका भए पनि मूलतः उनी समालोचक हुन् भन्ने घनश्याम कँडेलको दुष्टिकोण रहेको छ । उनले यस लेखमा उपाध्यायका समालोचनाकृतिहरूको नाम उल्लेख गर्दै उपाध्यायको 'सुखान्त-दुःखान्त नाट्यकलाका आलोकमा 'प्रह्लाद' नाटकको अध्ययन' शीर्षकको फुटकर समालोचनाको सङ्क्षिप्त मूल्याङ्कन गरेका छन् ।

उपाध्यायका कृतिहरूको अध्ययन गर्दै कँडेलले यस लेखमा कुनै कृतिका बारेमा होस् वा कृतिकारका बारेमा होस उपाध्याय सम्यक् अध्ययन नगरी र स्पष्ट धारणा नबनाई समालोचना गर्न बस्दैनन् भन्ने निष्कर्ष निकालेका छन् ।

## १२.	तारानाथ शर्मा

यस लेखमा शर्माका व्यक्तित्वका विभिन्न पाटाहरूतर्फ सङ्केत गर्दै समीक्षक कँडेलले मूलतः उनी समालोचक हुन्, उनका सम्पादित र मौलिक पुस्तकाकार समालोचनाकृतिहरूले उक्त कुरको पुष्टि गर्दछन् भन्ने दृष्टिकोण व्यक्त गरेका छन् । उनले

शर्माको 'गोपालप्रसाद रिमालका नाटकहरू' शीर्षकको फुटकर समालोचनाको पनि सङ्क्षिप्त चर्चा गरेका छन् ।

समालोचक घनश्याम कँडेलले तारानाथ शर्मा (१९९१) का समालोचनाकृतिहरूको अध्ययन गर्दै शर्माका समालोचना जति वौद्धिक छन् उत्तिकै संवेगात्मक पनि छन् जसले गर्दा उनको निर्णय कहिले काँही वस्तुवादी र तथ्यपरक भन्दा बढी प्रभावपरक पनि हुने निष्कर्ष निकालेका छन् ।

## १३. गोविन्द भट्ट

यस लेखमा कँडेलले साहित्यलाई स्वान्तः सुखको विषय नमानेर नेपाली समाज र इतिहासको अभिन्न अङ्ग र गम्भीर सामाजिक कार्यकलाप मान्ने गोविन्द भट्ट (१९९४) समालोचनालाई पनि सामाजिक कर्तव्य र नैतिक उत्तरदायित्व ठान्छन् भन्दै उनले भट्टको 'साहित्यमा विश्वदृष्टिकोणको प्रश्नबारे' शीर्षकको फुटकर समालोचनाको सङ्क्षिप्त विश्लेषण गरेका छन् ।

## १४. ठाकुर पराजुली

यस लेखमा अत्यन्त सरल, शालीन र आत्मप्रदर्शन गर्न नरुचाउने ठाकुर पराजुली (१९९७) का सम्पादित र मौलिक पुस्तकाकार समालोचनाकृतिहरू प्रकाशित भएका छन् भन्दै समालोचक कँडेलले पराजुलीको मौलिक समालोचनाकृति 'नेपाली साहित्यको परिक्रमा' (२०४५) विशेष महत्वपूर्ण प्राप्ति हो भनेका छन् (पृ. १७६) । यस्तै कँडेलले पराजुलीको 'समका वौद्धिक अवधारणा र उनका कविता' शीर्षकको फुटकर समालोचनाको अध्ययन एवम् विश्लेषण गरेका छन् । यसरी पराजुलीका समालोचनाको अध्ययन गर्दै कँडेलले कुनै सिद्धान्त वा वादविशेषको आग्रह र तत्सम्बन्धी ज्ञानप्रदर्शन विना नै कृतिको विश्लेषण, मूल्याङ्कन र मर्मोद्घाटन गर्न समालोचक पराजुली सक्षम छन् भन्ने निष्कर्ष निकालेका छन् ।

## १५. मोहनराज शर्मा

नेपाली भाषा-साहित्यका क्रियाशील लेखक मोहनराज शर्मा (१९९७) ले नेपाली साहित्यका धेरै विधामा सफलता प्राप्त गर्दै आएका भएपनि नाटक र समालोचनामा उनको

विशेष प्रसिद्धि रहेको तथ्य समीक्षक कँडेलले यस लेखमा उद्घाटन गरेका छन् । शर्माका सम्पादित र मौलिक दुवै खालका पुस्तकाकार समालोचनाकृतिहरू प्रकाशित भएका छन् भन्दै कँडेलले शर्माको 'कविताको संरचना' शीर्षकको समालोचनाको सङ्क्षिप्त टिप्पणी गरेका छन् । समालोचक शर्माका कृतिहरूको अध्ययन गर्दै उनले शर्माका समालोचनामा कृतिको मूल्याङ्कन कृतिबाहिरका सिद्धान्त र मनोगत धारणाका आधारमा नभएर कृति भित्रकै सामग्रीका आधारमा गरिएको पाइन्छ भन्ने निष्कर्ष निकालेका छन् ।

### १६. घटराज भट्टराई

यस परिचयात्मक लेखमा कँडेलले सम्पादित र मौलिक पुस्तकाकार समालोचनाकृतिहरू प्रकाशित गर्ने घटराज भट्टराई (१९९९) ले आफ्नो समालोचनात्मक लेखनका माध्यमबाट नेपाली साहित्यकारहरूका जीवनी, व्यक्तित्व र कृतित्त्वबारे उपयोगी जानकारी गराएका छन् भन्ने दृष्टिकोण प्रस्तुत गरका छन् । साथै उनले भट्टराईको 'शम्भुप्रसाद ढुङ्ग्यालको निबन्धकारिता' शीर्षकको बारेमा सङ्क्षिप्त टिप्पणी गरेका छन् । भट्टराईका समालोचनाहरूको अध्ययन गर्दै कँडेलले उनलाई जीवनीपरक र अन्वेषणपरक समालोचक भन्न सकिने तथ्य प्रस्तुत गरेका छन् ।

### १७. वासुदेव त्रिपाठी

प्रस्तुत लेखमा समालोचक कँडेलले नेपाली एवम् संस्कृतका विद्वान तथा अङ्ग्रेजी साहित्यमा पनि राम्रो ज्ञान भएका वासुदेव त्रिपाठी (१९९९) साहित्यकार र समालोचक दुवै भए पनि मूलतःउनी समालोचक हुन् भन्दै उनका सम्पादित र मौलिक पुस्तकाकार समालोचनाकृति र सैद्धान्तिक एवम् व्यावहारिक समालोचनाहरूका बारेमा सङ्क्षिप्त चर्चा गरेका छन् । साथै उनले त्रिपाठीको 'कवि-शिरोमणि लेखनाथ पौड्यालको कविता-यात्राः एक चर्चा' शीर्षकको समालोचनाको टिप्पणी समेत गरेका छन् । समीक्षक कँडलले त्रिपाठीका समालोचनाहरूको अध्ययन गर्दै उनका समालोचना प्राज्ञिक-भाषा, लामा-लामा संश्लिष्ट वाक्य एवम् सघन अभिव्यक्ति र विचारोत्तेजक प्रस्तुतिले गर्दा पनि अरुका समालोचनाहरूभन्दा पृथक रहेको निष्कर्ष निकालेका छन् ।

## १८. दयाराम श्रेष्ठ

यस परिचयात्मक लेखमा समीक्षक कँडेलले समालोचक श्रेष्ठका बारेमा सङ्क्षिप्त चर्चा गरका छन् । श्रेष्ठले 'गोरखापत्र' मा २०१८-०१९ सालतिर अङ्ग्रेजी साहित्यका भिक्टोरियाकालीन कविता टेनिसनबारे लेख लेखेर समालोचनाका क्षेत्रमा प्रवेश गरेका हुन् भन्दै कँडेलले उनका सम्पादित र मौलिक पुस्तकाकार समालोचनाकृतिहरू र प्रशस्त फुटकर समालोचनाहरू प्रकाशित भएको तथ्योद्घाटन गरका छन् । साथै उनले श्रेष्ठको 'इन्द्रबहादुर राईका कथामा वस्तु यथार्थ र वस्तुता' शीर्षकको समालोचनालेख बारे टिप्पणी समेत गरेका छन् ।

समालोचक कँडेलले श्रेष्ठका समालोचनाहरूको अध्ययन गर्दै उनका प्रारम्भिक-समालोचनाहरू बढी प्रभावपरक भए पनि पछिल्ला समालोचना वस्तुपरक, विश्लेषणपरक र विषय अनुरूप अनुसन्धानपरक पनि छन् भन्ने निष्कर्ष निकालेका छन् ।

## ५.३.१.५ विविध

समालोचक घनश्याम कँडेलको तेस्रो चरणको व्यावहारिक समालोचनामा विविध अन्तर्गत् 'रश्मि' का आलोकमा' (२०६२) शीर्षकको समालोचनालेखको यहाँ विश्लेषण गरिएको छ ।

समीक्षक कँडेलको प्रस्तुत 'रश्मिका' आलोकमा' शीर्षकको लेख 'शरदचन्द्र भट्टराईको इतिवृत्त' (२०६४) नामक पुस्तकमा जम्मा सात (१५४-१६०) पृष्ठमा प्रकाशित भएको देखिन्छ । यस लेखमा शरद्चन्द्र भट्टराईले गरेको वीरचरित्र पूर्वसम्मको नेपाली गद्याख्यानको एक सर्वेक्षणका बारेमा घनश्याम कँडेलले विस्तृत चर्चा गर्दै शर्माका समालोचनात्मक विशेषता औंल्याएको देखिन्छ ।

'रश्मि' (नेपालीसाहित्यको समालोचनाप्रधान पत्रिका) को 'वाङ्मय विशेषाङ्क' मा शरद्चन्द्र भट्टराईका प्रकाशित लेखहरूबाट यो समीक्षात्मक लेख तयार भएको भन्ने स्वयम् कँडेलको स्वीकारोक्ति पाइन्छ (पृ. १५५) । यस लेखको शीर्षकले पनि उपर्युक्त कुराको सङ्केत गरेको देखिन्छ ।

यस लेखलाई कँडेलले पाँच उपशीर्षकमा पूर्णता दिएका छन् । गद्याख्यानको पृष्ठभूमिका सन्दर्भमा मानव विकाससँगै यसको सुरूवात भएको र कथा भन्ने-सुन्ने परम्परा सर्वप्राचीन हो भन्ने शर्माको दृष्टिकोणलाई कँडेलले यस लेखमा उद्‌घाटन गरेका छन् । यसैगरी नेपाली गद्याख्यानको आरम्भ र विकासका सन्दर्भमा शक्तिवल्लभ अर्ज्यालको 'महाभारत विराटपर्व' (१८२७) लाई नमानेर ईश्वर बरालले उल्लेख गरेको १६५८ सालको 'स्वस्थानी व्रतकथा' लाई नै शर्माले नेपाली गद्याख्यानको आरम्भ विन्दु मानेको तथ्योद्‌घाटन कँडेलले यस लेखमा गरेका छन् । यस्तै नेपाली गद्याख्यानको स्रोत पौराणिक विषयसँग सम्बद्ध भए पनि वा पुराणेत्तर विषयसँग सम्बद्ध भए पनि अधिकांश रचनाहरूको स्रोत संस्कृत हो भने केही रचनाहरूको स्रोत अरबीफारसी हो भन्ने शर्माको तथ्यको कँडेलले यस लेखमा उद्‌घाटन गरेको देखिन्छ । नेपाली गद्याख्यानको सन्तोषजनक विकास नहुनुमा तत्कालीन सर्जकको ध्यान पद्यतर्फ केन्द्रित हुनु र तत्कालीन शासनव्यवस्था अनुदार हुनुलाई शर्माले मुख्य कारक तत्त्व मानेको चर्चा समीक्षक कँडेलले यस लेखमा गरेका छन् ।

निष्कर्षमा कँडेलले यस लेखमा नेपाली गद्याख्यानको अवस्थालाई प्रस्तुत गरेका छन् साथै उनले नेपाली गद्याख्यानको अपेक्षाकृत विकास नहुनुमा अनेक कारकतत्त्वले अवरोध गरेको निष्कर्ष निकालेका छन् । यस लेखले एकातिर नेपाली गद्याख्यानको ऐतिहासिक अवस्थाको अध्ययनमा सघाउ पुऱ्याएको छ भने अर्कातिर समालोचक कँडेलको समालोचकीय सामर्थ्यलाई समेत प्रस्तुत गरेको छ ।

### ५.३.२ सैद्धान्तिक समालोचनाको विश्लेषण

समालोचक घनश्याम कँडेल (२००२) को यस तेस्रो चरण (२०५५-हालसम्म) मा 'नाटक शिक्षण' शीर्षकको सैद्धान्तिक समालोचना २०५६/०५७ सालको 'वाङ्मय' अनुसन्धानमूलक पत्रिका (वर्ष ९, अङ्क ९) मा जम्मा बाह्र (५२-६३) पृष्ठमा प्रकाशित भएको देखिन्छ । पाँच उपशीर्षक र अन्य उप-उपशीर्षकमा सङ्गठित यस लेखमा पूर्वीय र पाश्चात्य दुवै जगत्‌का नाट्य सामग्रीहरूलाई आधार मानेर नाटकको सिद्धान्तलाई गम्भीरतापूर्वक प्रस्तुत गरिएको देखिन्छ । साथै यस लेखमा पाश्चात्य जगतमा देखापरेका नाट्य साहित्यका नव-नव सिद्धान्तहरूको विकासक्रम, प्रवृत्ति र परम्पराको समेत सर्वेक्षणात्मक (ऐतिहासिक) अध्ययन एवम् मूल्याङ्कन भएको देखिन्छ ।

प्रस्तुत 'नाटक शिक्षण' लेखमा कँडेलले नाटकसम्बन्धी पूर्वीय र पाश्चात्य विद्वानहरूले दिएका विभिन्न सैद्धान्तिक परिभाषाहरूलाई समावेश गर्दै नाटक श्रव्य वा पाठ्यभन्दा बढी दृश्यविधा भएकाले यो अनुकरणमूलक विधा हो भने रङ्गमञ्चीय कला हो भन्ने निष्कर्ष निकालेका छन् ।

कँडेलले यस लेखमा पूर्वीय र पाश्चात्य नाट्यसिद्धान्तलाई विशेष महत्वकासाथ प्रस्तुत गरेका छन् । पूर्वीय नाट्यसिद्धान्त भन्नु नै संस्कृत नाट्यसिद्धान्त भएकाले भरतको 'नाट्यशास्त्र' संस्कृत नाट्यसिद्धान्तको विशदकोशका रूपमा देखापर्छ भन्दै कँडेलले संस्कृत नाट्यसिद्धान्त अन्तर्गत भरतको 'नाट्यशास्त्र' को गहनरूपमा चर्चा गरेका छन् । इन्द्र आदि देवताले ब्रहमासित दृश्य र श्रव्य दुवै विशेषता भएको खेल्न सकिने कुरा भनेको र ब्रहमाले ऋग्वेदबाट पाठ, सामवेदबाट गीत, यजुर्वेदबाट अभिनय र अथर्ववेदबाट रस लिएका पञ्चमवेदका रूपमा नाटकको रचना भएको भन्ने तथ्य यस लेखमा कँडलले प्रस्तुत गरेका छन् । यसैगरी भरतले 'नाट्यशास्त्र' मा नाटकका लागि अत्यावश्यक तत्त्व वस्तु, नेता र रसलाई मानेका छन् भन्दै उनले उक्त तत्त्वका बारेमा चर्चा गरेका छन् । 'वस्तु' भन्नाले कथावस्तु भन्ने बुझिन्छ साथै 'नेता' चरित्रबोधक शब्द हो भन्दै कँडेलले प्रेक्षक वा पाठकका मनमा अवस्थित स्थायीभावको विभाव, अनुभाव तथा सञ्चारीभावका संयोग बाट विशेष प्रकारको अनुभूतिका रूपमा हुने अभिव्यक्ति वा भावातिरेकको स्थिति 'रस' हो भन्ने निष्कर्ष निकालेका छन् (पृ. ५३) । यसैगरी उनले उपर्युक्त वस्तु, नेता र रसका विभिन्न अवस्था अनुसार भेद-उपभेद हुन सक्ने सङ्केत गर्दै 'नाट्यशास्त्र' मा वस्तु, नेता र रसका अतिरिक्त नाट्योक्ति, अभिनय, भाषा, गीत, वृत्ति, नाट्यालङ्कार, लास्याङ्ग, नान्दी, भरतवाक्य जस्ता तत्त्वको पनि नाट्यतत्त्वका रूपमा चर्चा भएको उल्लेख गरेका छन् ।

समालोचक कँडेलले यस लेखमा पाश्चात्य नाट्यसिद्धान्तका बारेमा विस्तारमा चर्चा गरेका छन् ग्रिसेली दुःखान्त नाटककारहरू एस्किलस, सोफोक्लिज र युरिपाइडिजका विभिन्न प्रकृतिका नाटकहरूको अध्ययनबाट नै एरिस्टोटलले नाट्यसिद्धान्त प्रतिपादन गरेका हुन् भन्ने कँडेलको स्पष्ट धारणा रहेको पाइन्छ (पृ. ५५) । समीक्षक कँडेलले काव्य र नाट्यसम्बन्धी एरिस्टोटलको सैद्धान्तिक ग्रन्थ 'काव्यशास्त्र' को विशेष चर्चा गरेका छन् । उनले दुःखान्त नाटकसम्बन्धी एरिस्टोलको धारणालाई यसरी प्रस्तुत गरेका छन्: "दुःखान्त

नाटक कुनै गम्भीर, स्वयममा पूर्ण र निश्चित आयामयुक्त कार्यको त्यस्तो अनुकरण हो, जसका विभिन्न भागमा विभिन्न ढङ्गद्वारा बनाइएका भाषाको प्रयोग गरिन्छ, जुन समाख्यानात्मक नभएर प्रदर्शनात्मक रूपमा हुन्छ र जसले करुणा एवम् त्रासका माध्यमद्वारा यी मनोभावहरूको विरेचन गर्छ" ।

एरिस्टोटलको दु:खान्त नाटकसम्बन्धी उपर्युक्त मान्यता एवम परिभाषाको आधारमा पछिल्ला नाट्यचिन्तकहरूले दु:खान्त नाटकसम्बन्धी विभिन्न मान्यताहरू प्रस्तुत गर्दै आएपनि मूलत: १९ औं शताब्दी उत्तरार्द्धका नाट्यकृतिहरूमा एरिस्टोटलका नाट्यमान्यताहरूको खासै प्रभाव नपरेको कँडेलको विश्लेषण रहेको छ । यस समयमा प्रतिपादित नव-नव मान्यता र प्रवृत्तिहरूले एरिस्टोटल र उनका अनुयायीहरूका मान्यता भङ्ग हुन पुगेको तथ्य कँडलले यस लेखमा प्रस्तुत गरेका छन् ।

प्रस्तुत समीक्षामा घनश्याम कँडेलले नेपाली नाटक र नाटककारका बारेमा सर्वेक्षणात्मक अध्ययन एवम् विश्लेषण गरेका छन् । नेपाली नाट्यपरम्परालाई उनले तीन कालमा बाँडेर अध्ययन गरेका छन् (पृ. ६१) । ती तीन काल हुन्: प्राथमिक काल (वि.सं. १८५५-१९४१), माध्यमिक काल (वि.सं. १९४२-१९८५) र आधुनिक काल (वि.सं. १९८६ देखि यता हालसम्म) । कँडेलले प्राथमिक काल अन्तर्गत शक्तिवल्लभ अर्ज्यालको 'हास्य कदम्ब' (वि.सं. १८५५) र भवानीदत्त पाण्डलेको 'मुद्राराक्षस' (वि.सं. १९८२ तिर) यी दुई नाटककार र नाटकका बारेमा सङ्क्षिप्त चर्चा गरेका छन् । माध्यमिककालीन नाट्य परम्परालाई पुन: दुई चरणमा बाँड्न सकिने भन्दै कँडेलले पूर्व माध्यमिक काल र उत्तरमाध्यमिक काल नामकरण गरेका छन् । पूर्वमाध्यमिक कालका प्रमुख नाटककार मोतीराम भट्टलाई मान्दै उनले पहलमानसिंह स्वाँरलाई उत्तरमाध्यमिक कालका महत्वपूर्ण नाटककार भनेका छन् । नेपाली नाट्यपरम्परामा माध्यमिक कालको दोस्रोचरण (उत्तरमाध्यमिक काल) को विशेष महत्व छ भन्दै कँडेलले स्वाँरको 'अटलबहादुर' (१९६२) नाटकलाई प्रथम मौलिक र दु:खान्त नाटक भनेका छन् (पृ. ६१) । यसैगरी उनले बालकृष्ण सम (१९५७-२०३८) को 'मुटुको व्यथा' (१९८६) नाटकलाई आधुनिक युगको प्रथम मौलिक र प्रथम आधुनिक दु:खान्त नाटक भनेका छन् र समलाई प्रथम आधुनिक नाटककार मानेका छन् । कँडेलले समका कतिपय नाटकहरूलाई शेक्सपियरका कतिपय नाटकसँग तुलना

गरेका छन् । आधुनिक नेपाली नाट्यपरम्पराको प्रथम चरणको थालनी र विकास समले गरेका हुन् भन्दै कँडेलले गोपालप्रसाद रिमाल र उनको 'मसान' (२००३) नाटकले दोस्रोचरण (यथार्थवादी चरण) को थालनी गरेको निष्कर्ष निकालेका छन् । यसैगरी तेस्रोचरण मूलतः प्रयोगवादी एवम् समसामयिक नाटकको चरण हो भन्ने कँडेलको टिप्पणी रहेको देखिन्छ ।

निष्कर्षमा कँडेलको प्रस्तुत सैद्धान्तिक समालोचना विवरणात्मक एवम् विश्लेषणात्मक किसिमको ऐतिहासिक समालोचना हो । यस समालोचनामा पूर्वीय नाट्यसिद्धान्तको विस्तृत चर्चा गरिएको छ भने पाश्चात्य नाट्यसिद्धान्त र नाट्यमान्यताहरूको गम्भीर अध्ययन एवम् विश्लेषण गरिएको छ । कँडेलको प्रस्तुत समालोचनालेख तथ्यपरक एवम् विश्वसनीय र आधिकारिक सैद्धान्तिक समालोचना हो ।

### ५.३.३ घनश्याम कँडेलका तृतीय चरणका समालोचनाहरूको प्रवृत्तिगत वैशिष्ट्य

विभिन्न पत्र-पत्रिका र पुस्तकहरूमा छरिएर जम्मा नौवटा समालोचनात्मक लेखहरू कँडेलको यस तेस्रो चरण (२०५५-हालसम्म) मा प्रकाशित भएका छन् । यसैगरी उनको सम्पादित पुस्तकाकारकृति 'नेपाली समालोचना' (२०५५) पनि यस्तै चरणमा प्रकाशित भएको छ । कँडेलका यस तेस्रो चरणका अधिकांश समालोचनाहरू व्यावहारिक किसिमका छन् । यस चरणमा प्रकाशित जम्मा नौवटा फुटकर समालोचनामध्ये एउटा समालोचनालेखमात्र सैद्धान्तिक समालोचना हो भने बाँकी आठवटा लेखहरू व्यावहारिक समालोचना हुन् । यसैगरेर उनको 'नेपाली समालोचना' (२०५५) पनि व्यावहारिक समालोचना अन्तर्गत पर्दछ ।

समालोचक कँडेलको यस तेस्रो चरणको 'प्रतिशोध नाटक-परम्परा र भीमनिधि तिवारीको नाट्यकारिता' (२०५५/०५६) शीर्षकको लेख धेरै मात्रामा वस्तुपरक र निर्णयात्मक किसिमको देखिन्छ । 'आधुनिक नेपाली कवितामा युगबोध' (२०५७) शीर्षकको समालोचनामा कँडेलले आधुनिकताका बारेमा व्यक्त गरेको विचार विशेष महत्वपूर्ण देखिन्छ । 'महाकाव्य र पृथ्वी महाकाव्य' (२०५९) शीर्षकको समीक्षामा कँडेलले महाकाव्य सम्बन्धी सैद्धान्तिक धारणा प्रस्तुत गरेका छन् र (डा.) ओमवीरसिंह बस्न्यातको 'पृथ्वी महाकाव्य' को सङ्क्षिप्त विश्लेषण गरका छन् । कृतिपरक अध्ययनका लागि यो लेख

उपयोगी देखिन्छ । 'कवयित्री गोमा र उनको 'अञ्जु' खण्डकाव्य' (२०६०) शीर्षकको लेखमा कँडेलले गोमाको नारीत्वको धेरै प्रशंसा गरेका छन् । यो लेख प्रभावपरक समालोचनामा आधारित छ । 'कवि व्यथित र 'हमारा देशः हमारा स्वप्न' का कविता' (२०६०) शीार्षकको लेखमा कँडेलको विश्लेषणात्मक प्रवृत्ति पाइन्छ । 'समालोचक शरद्चन्द्र शर्मा र सानो चिनारीः नरदेव पाण्डेको' (२०६१) शीर्षककोलेखमा कँडेलले शरद्चन्द्र शर्माको चर्चा गर्दै उनको समालोचकीय विशेषता औंल्याएका छन् । 'रश्मि' का आलोकमा' (२०६२) शीर्षकको लेखमा पनि उनले शरद्चन्द्र शर्मा भट्टराईको समालोचकीय सामर्थ्यकै गुणगान गर्ने काम गरेका छन् । 'तोत्रराज पाण्डे र 'गीता-प्रवचन' को नेपाली अनुवाद' शीर्षकको समीक्षाले कँडेलको समालोचना यात्रालाई निरन्तरता मात्र दिएको छ । यसैगरी वि.सं. २०५५ सालमा कँडेलको 'नेपाली समालोचना' पुस्तकाकारकृति प्रकाशित भएको छ । यो उनको व्यावहारिक समालोचना हुनाका साथै यस चरणकै प्रतिनिधि ग्रन्थ हो ।

उपयुर्क्त व्यावहारिक समालोचनाका अतिरिक्त उनको 'नाटक शिक्षण' (२०५६/०५७) शीर्षकको एउटा सैद्धान्तिक समालोचना पनि प्रकाशित भएको छ । यस लेखमा कँडेलले पूर्वीय र पाश्चात्य नाट्यसिद्धान्तलाई वस्तुगत रूपमा प्रस्तुत गरेका छन् ।

निष्कर्षमा समालोचक घनश्याम कँडेल (२००२) को तेस्रो चरण (२०५५-हालसम्म) का समालोचना पूर्वीय तथा पाश्चात्य सिद्धान्तमा आधारित छन् भने कतिपय नितान्त प्रभाववादी किसिमका छन् । कँडेलको यस चरणका सैद्धान्तिक समालोचनाको तुलनामा व्यावहारिक समालोचनाहरू परिमाणात्मक एवम् गुणात्मक दृष्टिले अधिक र उत्कृष्ट छन् ।

# परिच्छेद छ

## उपसंहारः सारांश तथा निष्कर्ष

### ६.१ सारांश

समालोचक घनश्याम कँडेलको परिचय, उनका कृतिहरूको अध्ययन, समालोचनाको विधागत प्रकृति, समालोचनाका विभिन्न सिद्धान्त र प्रणालीहरूको अध्ययन र तिनका आधारमा नेपाली समालोचना साहित्यमा कँडेलको योगदानको विश्लेषणात्मक मूल्याङ्कन गर्ने उद्देश्य लिएर यो शोधकार्य सम्पन्न गरिएको छ ।

यस शोधपत्रको प्रथम परिच्छेदमा शोधको परिचय प्रस्तुत गरिएको छ भने द्वितीय परिच्छेदमा घनश्याम कँडेलको जीवनीका प्रमुख पक्षलाई नियाल्दै उनको साहित्य सिर्जनासम्बन्धी विवरणात्मक अध्ययन गरिएको छ । वि.सं. २००२ मा जन्मेका कँडेल भारतको बनारसबाट प्रकाशित हुने 'नौलो नेपाली' पत्रिकामा २०१८ सालमा 'साहित्यमा उपयोगितावाद' शीर्षकको लेख प्रकाशित गरी सार्वजनिक भएका भए पनि उनको उक्त लेख हाल उपलब्ध नभएकाले २०२६ सालको 'हाम्रो संस्कृति' (शुभविवाह विशेषाङ्क) पत्रिकामा प्रकाशित 'विवाहः दुई अन्तर्दृष्टि' शीर्षकको लेख नै कँडेलको प्रथम प्राप्त रचना हो । प्राध्यापन पेसालाई नै मुख्य व्यवसाय बनाएका भए पनि उनको व्यक्तित्व बहु आयामिक छ । प्राध्यापन कार्यका अतिरिक्त विभिन्न संघ-संस्थाहरूमा कार्यरत कँडेल कवि, कथाकार, निबन्धकार, सम्पादक, प्रकाशक, भूमिकालेखक, अनुवादक जस्ता विभिन्न व्यक्तित्वका धनी हुँदा-हुँदै पनि उनी मुलतः समालोचक हुन् । उनको पहिलो प्राप्त समालोचना, 'देवकोटामा रोमान्टिकता र उनको लक्ष्मी निबन्धसङ्ग्रह' हो । यो समालोचना २०२८ साल माघ महिनाको 'झिल्का' साहित्य सङ्गालो (वर्ष १, अङ्क १) मा प्रकाशित भएको छ ।

प्रस्तुत शोधको तेस्रो परिच्छेदमा समालोचनाको विधागत प्रकृति प्रस्तुत गरिएको छ । यस अन्तर्गत समालोचनाको सैद्धान्तिक स्वरूप प्रस्तुत गर्नाका अतिरिक्त विश्वसाहित्यमा प्रचलित व्यावहारिक समालोचनाका प्रमुख पद्धतिहरू- जीवनीपरक, मनोवैज्ञानिक, समाजपरक, आदिमतापरक, शैलीवैज्ञानिक, संरचनावाद, विनिर्माणवाद आदिको समेत विशेष चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा नेपाली समालोचना परम्परामा घनश्याम कँडेलको आगमन र उनको समालोचना यात्राको अध्ययन गरिएको छ । 'समालोचना' सिर्जनाको अनुवर्ती रूप भए पनि नेपाली समालोचना सिर्जनात्मक लेखनको सवासय वर्ष पछि मात्र लेख्न थालिएको तथ्य उपर्युक्त अध्ययनबाट स्पष्ट भएको छ । मोतीराम भट्टले लेखेको 'कवि भानुभक्ताचार्यको जीवन चरित्र' (१९४८) कृति नै नेपाली समालोचनाको प्रारम्भ विन्दु हो । यसरी १९४८ सालबाट प्रारम्भ भएको नेपाली समालोचना विभिन्न घुम्ती वा मोडहरू पारगर्दै आजसम्म निरन्तर अगाडि बढिरहेको छ । झण्डै सवासय वर्ष (११७ वर्ष) लामो नेपाली समालोचनालाई मूलतः चार चरणमा बाँडेर अध्ययन गरिएको छ । नेपाली समालोचनाको प्रथम चरण (१९४८-१९९८) मा प्रभावपरक, जीवनीपरक, प्रशंसापरक एवम् गुणग्राही समालोचनाहरू लेखिएका छन् । यस प्रथम चरणको नेतृत्व मोतीराम भट्ट र सूर्य विक्रम ज्ञवालीले गरेका छन् । नेपाली समालोचनाको दोस्रो चरण (१९९९-२००५) मा थोरै मात्रामा वस्तुपरक एवम् खोजमूलक र धेरै मात्रामा प्रभाववादी समालोचनाहरू लेखिएका छन् । यस दोस्रो चरणको नेतृत्व रामकृष्ण शर्मा, यदुनाथ खनाल र बाबुराम आचार्यले गरेका छन् । नेपाली समालोचानाको तेस्रो चरण (२००६-२०२४) मा व्याख्यात्मक वस्तुगत मूल्याङ्कन पद्धति भने अपेक्षाकृत न्यून मात्रामै रहेको छ । यो तेस्रो चरण चिन्तनपरक स्थापना र विधासिद्धान्तको वरणमा भने विशेष महत्वपूर्ण देखिन्छ । यस चरणमा ईश्वर बराल, कृष्णचन्द्रसिंह प्रधान र तारानाथ शर्मा विशेष प्रसिद्धि प्राप्त समालोचक भएको तथ्य उपर्युक्त अध्ययनबाट स्पष्ट भएको छ । नेपाली समालोचनाको अपेक्षाकृत विकास चौथो चरण (२०२५-हालसम्म) मा भएको छ । यस चरणमा एकल सिद्धान्तमा आधारित समालोचनाका साथै बहुलसिद्धान्तमा आधारित बहुलवादी समालोचनाहरू पनि प्रशस्त मात्रामा प्रकाशित भएका छन् । त्यसैले यो चौथो चरण समालोचनाका विभिन्न सिद्धान्त र पद्धतिको एकल वा बहुल प्रयोगको चरण हो । यस चरणमा धेरै समालोचकहरू क्रियाशील देखिन्छन् । घनश्याम कँडेल (२००२) यसै चौथो चरणका सक्रिय समालोचक हुन् । नेपाली समालोचना साहित्यमा झण्डै चार दशक (३७ वर्ष) लामो समयावधि पूरा गरिसकेका कँडेलको पहिलो समालोचना 'देवकोटामा रोमान्टिकता र उनको लक्ष्मी निबन्ध सङ्ग्रह' (२०२८) हो यस पछि उनका ३४ वटा फुटकर समालोचना र ३ वटा पुस्तकाकार समालोचना प्रकाशित भएका छन् ।

प्रस्तुत शोधपत्रमा कँडेलको समालोचना यात्रालाई जम्मा तीन चरणमा बाँडेर अध्ययन गरिएको छ । उनको प्रथम चरण (२०२८-२०३९)मा जम्मा नौवटा फुटकर समालोचनाहरू प्रकाशित भएकाछन् । यी समालोचनाहरू सैद्धान्तिक र व्यावहारिक गरी मूलतः दुई किसिमका छन् । उनका यी व्यावहारिक समालोचनाहरू निबन्ध, कथा? उपन्यास, नाटक र कविता विधासँग सम्बन्धित छन् । अन्य विधाका तुलनामा उपन्यास विधासँग सम्बन्धित समालोचनाहरू कँडेलको यस प्रथम चरणमा अधिक छन् । व्याख्यात्मक, तुलनात्मक र निर्णयात्मक पद्धति अङ्गालिएका भए पनि उनका यी समालोचनाहरू पूर्ण वस्तुवादी नभएर प्रभाववादी किसिमका छन् ।

कँडेलको समालोचना यात्राको दोस्रो चरण (२०४०-२०५४) को समय पुस्तकाकार समालोचनाकृतिहरू प्रकाशनका दृष्टिले पनि महत्वपूर्ण छ । उनको समालोचाना यात्राको सबैभन्दा उर्वरकाल (विकासकाल) पनि यही चरण हो । यस चरणमा उनका दुईवटा पुस्तकाकार समालोचनाकृतिहरू र सत्रवटा फुटकर समालोचनाहरू प्रकाशित भएका छन् । वि.सं. २०४० मा प्रकाशित 'केही अन्वेषण: केही विश्लेषण' नै कँडेलको यस दोस्रो चरण ( २०४०-२०५४) को आरम्भिक कृति हो । यस कृतिमा कविता, नाटक, उपन्यास र कथाविधासँग सम्बन्धित जम्मा आठवटा समालोचनालेखहरू सङ्कलित छन् । यी मध्ये उपन्यासकेन्द्री एउटा लेख बाहेक अन्य सातवटा लेखहरू सर्वप्रथम यही पुस्तकमा प्रकाशित भएका हुन् । यी लेखहरू सिद्धान्तलाई पृष्ठधार मानेर लेखिएका व्यावहारिक समालोचना हुन् र यी बढी मात्रामा वस्तुवादी किसिमका छन् । कँडेलको यस दोस्रो चरणमा प्रकाशित अर्को समालोचनाकृति 'पाश्चात्य यथार्थवादी नाटक' (२०४६) हो । यो मूलतः सैद्धान्तिक समालोचनाकृति भएकाले यसमा यथार्थवाद, यथार्थवादी नाटक, यथार्थवादका सन्दर्भमा अन्यवाद (स्वच्छन्दतावाद, प्रतीकवाद, अभिव्यञ्जनावाद, अतियथार्थवाद, अस्तित्त्ववाद-विसङ्गतिवाद आदि) र अन्य वादसँग सम्बन्धित नाटकजस्ता विभिन्न विषयको सैद्धान्तिक अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । पाश्चात्य यथार्थवादी नाटकको सैद्धान्तिक अध्ययनमा सामग्रीको अभाव भइरहेका सन्दर्भमा २०४६ सालमा यसको प्रकाशन हुनु महत्वपूर्ण मानिन्छ । यसैगरी कँडेलको यस दोस्रो चरणमा प्रकाशित कतिपय फुटकर समालोचनाहरू पनि विशेष उल्लेखनीय छन् । यस चरणका समालोचनाहरू पनि सैद्धान्तिक

र व्यावहारिक दुवै किसिमका छन् । सैद्धान्तिक समालोचनाका तुलनामा व्यावहारिक समालोचनाहरू परिमाणात्मक रूपमा बढी भए पनि गुणात्मक रूपमा भ्रूण्डै समान स्तरका छन् । कँडेलको यस चरणका अधिकांश समालोचनाहरू वस्तुवादी वा यथार्थवादी किसिमका छन् ।

कँडेलको समालोचना यात्राको तेस्रो चरण (२०५५-हलसम्म) मा जम्मा नौवटा फुटकर समालोचना र एउटा सम्पादित पुस्तकाकार समालोचनाकृति प्रकाशित भएको छ । वि.सं. २०५५ मा प्रकाशित 'नेपाली समालोचना' नै यस तेस्रो चरण (२०५५ यता) को आरम्भिक कृति हो । यस कृतिमा कँडेलले सम्पादकका तर्फबाट 'समालोचनाः नेपाली समालोचना' शीर्षकमा नेपाली समालोचनाको ऐतिहासिक सर्वेक्षण गर्नाका अतिरिक्त नेपाली साहित्यका अठार जना विशिष्ट समालोचकहरूका प्रतिनिधि अठारवटा समालोचनाहरूको सम्पादन समेत गरेका छन् । कँडेलको यो कार्य स्नातक तहको पाठ्यक्रमको अभावपूर्तिका लागि भएको भए पनि यसले स्नातकोत्तर तहको तेस्रोपत्रलाई समेत सघाउ पुऱ्याएबाट यसको वैशिष्ट्य, आवश्यकता र महत्व स्पष्ट भएको छ । कँडेलको यस तेस्रो चरणका सैद्धान्तिक समालोचनाका तुलनामा व्यावहारिक समालोचनाहरू परिमाणात्मक एवम् गुणात्मक दुवै दृष्टिले उच्च र सवल छन् । यस चरणका केही समालोचनाबाहेक धेरै समालोचना वस्तुवादी किसिमका छन् । यस्ता समालोचनाहरूले कँडेललाई यथार्थवादी समालोचकका रूपमा चिनाएका छन् ।

## ६.२ निष्कर्ष

नेपाली समालोचना साहित्यमा समालोचक घनश्याम कँडेलको योगदानका बारेमा गरिएको प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षहरूलाई संश्लिष्ट रूपमा निम्न बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ ।

१. सन् १९४५ जुन ५ तारिक धादिङ जिल्लाको बेनीघाट गा.वि.स. वडा नं. एकमा जन्मेका घनश्याम कँडेलको औपचारिक शिक्षा भारतको बनारसमा प्रारम्भ भएको भए पनि त्यसको पूर्ण प्राप्ति भने नेपालमा भएको हो । उनले २०२६ सालमा त्रि.वि.बाट अङ्ग्रेजी विषयमा एम.ए. उत्तीर्ण गरेका छन् भने २०३१ सालमा प्राइवेट रूपमै नेपाली विषयमा एम.ए. प्रथम श्रेणीको प्रथमस्थान प्राप्त गरेका हुन् ।

२. प्राध्यापन कार्यका अतिरिक्त कवितालेखन, समालोचनालेखन, निबन्धलेखन, भूमिकालेखन, कथालेखन, सम्पादन एवम् प्रकाशनजस्ता विभिन्न विधामा क्रियाशील कँडेल मूलतः समालोचक हुन् ।

३. 'देवकोटामा रोमान्टिकता र उनको लक्ष्मी निबन्ध सङ्ग्रह' शीर्षकको लेख 'झिल्का' (२०२८, वर्ष १, अङ्क १) मा प्रकाशित गरी समालोचनाका क्षेत्रमा क्रियाशील कँडेलका हालसम्म (२०६५ भदौसम्म) जम्मा तीनवटा पुस्तकाकार समालोचनाकृति र ३५ वटा फुटकर समालोचनाहरू प्रकाशित भएका छन् ।

४. कँडेलले सैद्धान्तिक र व्यावहारिक दुवै किसिमका समालोचना लेखेका छन् । उनको 'पाश्चात्य यथार्थवादी नाटक' (२०४६) मूलतः सैद्धान्तिक समालोचनाकृति हो भने 'केही अन्वेषण : केही विश्लेषण' (२०४०) र 'नेपाली समालोचना' (सम्पा २०५५) उनका व्यावहारिक समालोचनाकृति हुन् ।

५. उनका सैद्धान्तिक समालोचनामा पूर्वीय एवम् पाश्यचात्य साहित्यशास्त्रीय सिद्धान्तहरूको चर्चा गरिएको छ भने व्यावहारिक प्रकृतिका समालोचनामा कृतिको समीक्षाका क्रममा ती सिद्धान्तहरूको पनि आवश्यकता अनुसार प्रयोग गरिएको पाइन्छ ।

६. कँडेलका सुरु-सुरुतिरका समालोचनाहरू प्रभाववादी किसिमका छन् भने पछिल्ला अधिकांश समालोचनाहरू वस्तुवादी / यथार्थवादी छन् ।

७. सैद्धान्तिक समालोचनाका तुलनामा उनका व्यावहारिक समालोचनाहरू परिमाणात्मक एवम् गुणात्मक दुवै दृष्टिले उच्च र विशेष महत्वपूर्ण तथा उपयोगी छन् ।

८. तीनवटा पुस्तकाकार समालोचनाग्रन्थहरू र झण्डै तीन दर्जन जति फुटकर समालोचनाहरूले एकातिर नेपाली समालोचनाको भण्डारलाई परिमाणात्मक दृष्टिले समृद्ध बनाउने काम गरेका छन् भने अर्कातिर गुणात्मक दृष्टिले पनि यिनले नेपाली समालोचनालाई यसका यथास्थितिबाट माथि उठाउने काम गरेका छन् र अभावको पूर्ति समेत गरेका छन् ।

९. कँडेलका समालोचनाहरू परिमाणात्मक रूपमा थोरै (न्यून) भए पनि गुणात्मक रूपमा उच्च छन् ।

१०. कँडेलले पूर्वीय एवम् पाश्चात्य सैद्धान्तिक र व्यावहारिक समालोचना वस्तुवादी ढाँचामा लेखेका छन् अतः उनी पूर्वीय एवम् पाश्चात्य सैद्धान्तिक र व्यावहारिक समालोचक हुनाका साथै यथार्थवादी समालोचक हुन् ।

११. उपर्युक्त बुँदाहरूले नेपाली समालोचनाका क्षेत्रमा घनश्याम कँडेलको योगदानलाई समेत स्पष्ट पारेका छन् ।

## सम्भावित शोध-शीर्षकहरू

१. घनश्याम कँडेलका समालोचनामा यथार्थवादका तुलनामा अन्यवादको प्रयोग,

२. घनश्याम कँडेलको साहित्यसिर्जना र समालोचनाको तुलनात्मक अध्ययन,

३. नेपाली साहित्यका प्रमुख समालोचकका सन्दर्भमा घनश्याम कँडेल,

## सन्दर्भग्रन्थसूची


अधिकारी, रविलाल, (२०५१), **नेपाली समालोचनाको रूपरेखा,** पोखरा : विन्देश्वरी छापाखाना

अब्राम्स, एम.एच.,(१९९३), **अ ग्लोसरी अफ लिटरेरी टर्मस**, वेङ्गलोर : प्रिज्म बुक्स

अवस्थी, महादेव, (२०६३), "नेपाली साहित्यका प्रमुख समालोचक", सम्प्रेषण (वर्ष ३, अङ्क ३) पृ.७३-८४

कँडेल, घनश्याम, (२०२८), "देवकोटामा रोमान्टिकता र उनको लक्ष्मी निबन्ध सङ्ग्रह", **झिल्का** (वर्ष १ अङ्क १) पृ.५-१४

______________, (२०३०), "मैनाली युग सन्धिका कथाकार" **रूपरेखा** (वर्ष १४, अङ्क ७, पू.१५१) पृ.१७-२३

______________, (२०३०), "अनुराधा : एक विवेचना" **निर्झर,** पृ. ४७-६०

______________, (२०३४), "पश्चिमका केही महत्वपूर्ण साहित्यिक प्रवृत्तिहरू" **मधुपर्क**, (वर्ष १०, अङ्क ७) पृ. ३५-५०

______________, (२०३५), "भानुभक्तको आदिकवित्व : एक छलफल" **भानुदर्शन** (वर्ष ५, अङ्क १) पृ.७३-८१

______________, (२०३५), "ध्वनि सिद्धान्त र यसको व्यापकता" **कस्तूरी** (वर्ष ८, अङ्क ८), पृ.५१-५८

______________, (२०३७), "साहित्यकार पहलमानसिंह स्वार" वाङ्मय (वर्ष १, अङ्क १),पृ.१०-१३

______________, (२०३८), "मनोविश्लेषण-सिद्धान्त र साहित्य-सृजना" **रैबारे** (वर्ष २, अङ्क २, पृ.६), पृ.२३-२७

______________, (२०३९), "आज रमिता छः यथार्थ अङ्कनको विशिष्ट प्रयत्न" **जुही** (वर्ष २, अङ्क १)

______________, (२०४०), **केही अन्वेषण : केही विश्लेषण,** काठमाडौं ।

______________, (२०४१), "नेपाली साहित्यका श्रेष्ठ कवि" **शृङ्खला** (वर्ष ७, पू.१३) पृ.२९-३३

_____________, (२०४३), "प्रयोगधर्मी नयाँ नाटक वैकुण्ठ एक्सप्रेस" **गरिमा** (अङ्क १०, पू.४६) पृ.१२-१७

_____________, (२०४४), "कवि किसान र उनको काव्यसाधना" **चिनारी** (वर्ष ११)

_____________, (२०४६), **पाश्चात्य यथार्थवादी नाटक,** काठमाडौं

_____________, (२०४६), **कृष्णप्रसाद पराजुली र उनको शोककाव्य कथा आँसुको,** काठमाडौं : व्यथा प्रकाशन

_____________, (२०४८), "देवकोटा : केही स्फुट विचार" **भावना** (वर्ष १, अङ्क १), पृ.६८-७०

_____________, (२०४९), **गुनकेसरी : नारी -चरित्रका विविध पक्षको अभिव्यक्ति,** काठमाडौं : उन्नयन प्रकाशन

_____________, (२०५०), **पाश्चात्य सन्दर्भमा हास्य-व्यङ्ग्य र साहित्यकार पिंडालीको 'खै खै',** काठमाडौं : उन्नयन प्रकाशन

_____________, (२०५२), "पारिजातको औपन्यासिक यात्राका उकाली - ओरालीहरू" **हाम्रो प्रयास** (वर्ष २, अङ्क १), पृ.३४-३७

_____________, (२०५३), "वन-बालामा प्रकृति प्रयोग" **गरिमा** (वर्ष ४, अङ्क ६), पृ. **५०-५३**

_____________, (२०५४), **तिवारीका प्रतिशोध नाटक,** काठमाडौं : तिवारी साहित्य समिति

_____________, (२०५५), **नेपाली समालोचना,** काठमाडौं : साझा प्रकाशन

_____________, (२०५९), "महाकाव्य र पृथ्वी महाकाव्य" भानु (वर्ष ३९, पू.८३) पृ.७-१०

_____________, (२०६०), **कवयित्री गोमा र उनको 'अञ्जु' खण्डकाव्य**, काठमाडौं : नारी स्वावलम्बी समाज

_____________, (२०६२), **'रश्मि'का आलोकमा,** काठमाडौं : श्रीमती कमला शर्मा

_____________, (२०६४), **तोत्रराज पाण्डे र 'गीता प्रवचन'को नेपाली अनुवाद,** काठमाडौं : नारी स्वावलम्बी समाज

खनाल, यदुनाथ (२०२३), **समालोचनाको सिद्धान्त,** दो.सं., काठमाडौं : साझा प्रकाशन

गौतम, कृष्ण (२०५०), **आधुनिक आलोचना : अनेक रूप अनेक पठन**, काठमाडौं : साझा प्रकाशन

घिमिरे, माधवप्रसाद (सम्पा) (२०३९), **पच्चीस वर्षका खण्डकाव्य**, काठमाडौं : ने.प्र.प्र

थापा, पुष्पा, (२०२८), **नेपाली समालोचना साहित्यमा कृष्ण गौतमको योगदान**, अप्रकाशित शोधपत्र, त्रि.वि. काठमाडौं

नेपाल, शैलेन्दुप्रकाश (२०५६), "'उच्यालोतिर' मा एकदृष्टि" **सगर** (वर्ष ४, अङ्क १-२) पृ. २६-३४

न्यौपाने, दीपक (२०६०), **घनश्याम उपाध्याय कँडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर

पाण्डेय, ताराकान्त (२०५६), **प्रगतिवाद र कविता**, काठमाडौं : शीला योगी

प्रधान, कृष्णचन्द्रसिंह (२०२५), **साझा समालोचना**, ललितपुर : साझा प्रकाशन

बन्धु, चूडामणि, (२०४०), "अमेरिकाली संरचनावादको पृष्ठभूमि र मान्यता" **रश्मि** (वर्ष १, अङ्क १) पृ. १-८

बराल, ऋषिराज, (२०५६), **उपन्यासको सौन्दर्यशास्त्र,** काठमाडौं : साझा प्रकाशन

बराल, कृष्णहरि र नेत्र एटम, (२०५८), **उपन्याससिद्धान्त र नेपाली उपन्यास,** काठमाडौं : साझा प्रकाशन

मिलेट, केट (१९६९), **सेक्सुअल पोलिटिक्स,** न्युयोर्क : डवल डे एण्ड कम्पनी

लम्साल, रामहरि, (२०५३), **धादिङ जिल्लाका साहित्यकारहरूको परिचय र मूल्याङ्कन,** अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., काठमाडौं

वेलेक, रेने र अस्टिन वारेन, (१९९६), **थ्यौरी अफ लिटरेचर,** लनडन : पेन्गिन बूक्स

शर्मा, गोपीकृष्ण, (२०५६), "आधुनिक नेपाली समालोचना शिक्षण" वाङमय (वर्ष ९, पू. ९) पृ.१६-२९

शर्मा, तारानाथ (२०२७), **नेपाली साहित्यको इतिहास,** काठमाडौं : सहयोगी प्रकाशन

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ, (२०४९), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, काठमाडौं : साझा प्रकाशन

शर्मा, मोहनराज (२०४८), **शैली विज्ञान,** कोठमाडौं : ने.प्र.प्र

शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल, (२०५२), **शोधविधि**, काठमाडौं : साभ्का प्रकाशन

शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल, (२०६१), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

शर्मा, रामकृष्ण (२०२४), **सप्त शारदीय**, ललितपुर : जगदम्वा प्रकाशन

श्रेष्ठ, दयाराम, (२०६१), **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ** दो.सं. काठमाडौं : त्रिकोण प्रकाशन

सुवेदी, राजेन्द्र (२०४३), **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि**, काठमाडौं : साभ्का प्रकाशन

सुवेदी, राजेन्द्र (२०६१), **नेपाली समालोचना : परम्परा र प्रवृत्ति**, वाराणसी : भूमिका प्रकाशन

हडसन, विलियम हेन्री (१९७९), **एन इन्ट्रडक्सन टु द स्टडी अफ लिटरेचर**, लुदियाना : कल्याणी पब्लिसर्स

क्षेत्री, शान्ति (सन् १९९२), **नेपाली समालोचना साहित्यमा रामकृष्ण शर्माको योगदान**, सिक्किम : त्रिनेत्र प्रकाशन

त्रिपाठी, वासुदेव (२०४९), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (भाग १**), दो.सं. काठमाडौं : साभ्का प्रकाशन

त्रिपाठी, वासुदेव (२०४९), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (भाग २**), दो.सं. काठमाडौं : साभ्का प्रकाशन